# पहिलो अध्याय
# शोधपरिचय

## १.१ शोधशीर्षक

प्रस्तुत शोधपत्रको शीर्षक **साहित्यकार दामोदर पुडासैनी 'किशोर'को जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन** रहेको छ ।

## १.२ शोध-प्रयोजन

प्रस्तुत शोधकार्य त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिक शास्त्र सङ्काय नेपाली केन्द्रीय विभागअन्तर्गत स्नातकोत्तर तह दोस्रो वर्षको परिपूर्तिका लागि दसौं पत्रको प्रयोजनार्थ सम्पन्न गरिएको छ ।

## १.३ समस्याकथन

वि.सं. २०१९ सालमा बागमती अञ्चलको काठमाडौं जिल्लाअन्तर्गत जीतपुर फेदी गा.वि.स-२ मा जन्मी हाल ग्वंगःबु, नयाँबसपार्कमा बसोवास गरिरहेका दामोदर पुडासैनी 'किशोर'को साहित्य-यात्राको सुरुवात वि.सं. २०३४ सालदेखि भएको जानकारी पाइएको छ । वि.सं. २०३४ सालमा 'जनजागृति' साप्ताहिकमा प्रकाशित 'शहीद' शीर्षकको कविता नै उनको पहिलो प्रकाशित रचना हो । हालसम्म उनका '**आफन्तका अनुहारहरू**' (२०४९), **आँखाको खोजीमा** (२०६२), **आकारको खोजीमा** (२०६३) र '**आलोकित आयाम**' (२०६३) गरी चारवटा कवितासङ्ग्रहका साथै **यात्राका प्रेमिल तरङ्गहरू** (२०६५) नियात्रा-सङ्ग्रह लगायत विभिन्न पत्रपत्रिकाहरूमा फुटकर रूपमा कथा, कविता, गजल, हाइकु, तान्का, मुक्तक, गीत, निबन्ध र लेखहरू प्रकाशित रहेका छन् ।

नेपाली साहित्यका विभिन्न विधाहरूमध्ये पनि नेपाली कविता-जगत्मा उनको व्यक्तित्व अत्यन्त सक्रिय देखिएको छ । उनका सम्पूर्ण कविताहरू मुक्त लयमा लेखिएका छन् । यसरी साहित्य-साधनामा निरन्तर जुटिरहेका पुडासैनीको नेपाली साहित्यमा हालसम्म सामान्य चर्चा-परिचर्चा बाहेक समग्र जीवनी, व्यक्तित्व र कृतित्वको व्यवस्थित एवम् प्रामाणिक अध्ययन-विश्लेषण भएको पाइँदैन । त्यसैले दामोदर पुडासैनी 'किशोर'का जीवनी व्यक्तित्व र कृतित्वका विभिन्न पक्षको अनुशीलन गर्ने उद्देश्य राखी यो शोधकार्य गरिएको हो । यस सन्दर्भमा प्रस्तुत शीर्षकका बारेमा समस्याहरू निम्नानुसार छन्-

(क) दामोदर पुडासैनी 'किशोर'को जीवनीका मुख्य पक्षहरू के-के हुन्?

(ख) दामोदर पुडासैनी 'किशोर'को व्यक्तित्वका विविध पाटाहरू के-कस्ता छन् ?

(ग) दामोदर पुडासैनी 'किशोर'को कृतित्व को स्थिति कस्तो छ?

## १.४ शोधकार्यको उद्देश्य

वि.सं. २०३४ सालदेखि हालसम्म दामोदर पुडासैनी 'किशोर'का पाँचवटा पुस्तकाकार कृति र थुप्रै फुटकर रचनाहरू प्रकाशित भइसकेका र उनी एकजना सक्रिय साहित्य सर्जक रहेको कुरा स्पष्टै छ । तीन दशकभन्दा बढी समयदेखि नेपाली साहित्यका क्षेत्रमा निरन्तर साधनारत यिनै सर्जक 'किशोर'को जीवनी र व्यक्तित्वका विभिन्न पक्ष र पाटाहरूको अध्ययन गर्दै उनका कृतित्वको मूल्याङ्कन गर्नु प्रस्तुत शोधकार्यको उद्देश्य रहेको छ ।

## १.५ पूर्वकार्यको विवरण र समीक्षा

दामोदर पुडासैनी 'किशोर' नेपाली साहित्यका समसामयिक धाराका विशिष्ट प्रतिभा हुन् । 'किशोर' कवि, कथाकार, निबन्धकार, हाइकुकार, गीतकार, नियात्राकार, मुक्तककार हुन् तापनि यिनका बारेमा सामान्य चर्चा तथा नामको उल्लेख बाहेक जीवनी, व्यक्तित्व र कृतित्वको समग्र रूपमा अध्ययन विश्लेषण र मूल्याङ्कन भएको छैन । साहित्यका सबैजसो विधामा निरन्तर रूपमा साधनारत प्रतिभाका बारेमा व्यवस्थित अध्ययन गर्नु महत्त्वपूर्ण कार्य हो । यहाँ दामोदर पुडासैनी 'किशोर'का बारेमा हालसम्म केही पुस्तक र पत्रपत्रिकाहरूमा गरिएका चर्चा परिचर्चाहरूको विवरणात्मक समीक्षा कालक्रमिक रूपमा प्रस्तुत गरिएको छ ।

हरिराज भट्टराई (२०५०) ले 'आफन्तका अनुहारहरू' शीर्षकको लेखमा कवि 'किशोर'लाई राष्ट्रनिर्माण वा समाज उत्थानका लागि समर्पित कविका रूपमा लिएका छन् । यो लेख कवि 'किशोर'को प्रथम कवितासङ्ग्रह **आफन्तका अनुहारहरू** (२०४९) मा मात्र केन्द्रित रहेको हुँदा यसभन्दा पछिका अन्य सिर्जनाहरूको विशेषता यसमा समेटिएको छैन । प्रस्तुत लेख एउटै कविता-कृतिमा मात्र केन्द्रित भएकाले उनको समग्र मूल्याङ्कन यसमा हुन सकेको छैन ।

रामदयाल राकेश (२०५१) ले 'आफन्तका अनुहारहरू अवलोकन गर्दा' शीर्षकको समालोचनामा कवि 'किशोर'लाई राष्ट्रवादी, जीवनवादी र मानवतावादी कविका रूपमा लिएका छन् । यहाँ **आफन्तका अनुहारहरू** (२०४९) कवितासङ्ग्रहभित्रका कविताहरूले समेटेको विषयवस्तु, भाषाशैली आदिका बारेमा सङ्क्षिप्त विवेचना गरिएको छ । यसरी हेर्दा यो लेख पनि एउटामात्र कृतिमा आधारित भएको हुँदा उनको कवित्वको समग्र मूल्याङ्कन हुन सकेको छैन ।

कृष्ण प्रधान (२०५३)ले **'आफन्तका अनुहार**' मा कवि 'किशोर'का चेतनागत मूल्य र मान्यताहरू शीर्षकको लेखमा कवि 'किशोर'लाई २०४०, को दशकका मानवीय उद्बोधन र राष्ट्रबोधका भावनाले ओतप्रोत युवाकवि भन्दै उनका कवितामा निम्न-मध्यमवर्गीय जीवनस्तरको आर्थिक पीडा व्यक्त भएको बताएका छन् । यो मूल्याङ्कन **आफन्तका अनुहारहरू** (२०४९) कविता-सङ्ग्रहभित्रका कविताहरूको

सापेक्षतामा रहेर मात्र गरिएकाले दामोदर पुडासैनी 'किशोर'का कवितामा निहित चेतनागत मूल्य र मान्यताको मूल्याङ्कन समष्टिमा हुन सकेको छैन ।

उज्ज्वल जी.सी. (२०६०) ले 'अर्थात् दामोदर पुडासैनी जस्ता' शीर्षकको लेखमा कवि 'किशोर'-लाई एक सरल, भद्र, मृदुभाषी, इमानदार एवम् स्वाभिमानी बहुमुखी व्यक्तित्वका रूपमा लिएका छन् । यो लेख मुख्यतः उनको जीवनीका केही मुख्य पक्षमा केन्द्रित रहेको हुँदा यहाँ समग्र मूल्याङ्कन भने हुन सकेको छैन ।

दिनेश आचार्य (२०६२) ले 'निराशाका तुवाँलोबीच आशाका कविता' शीर्षकको लेखमा कवि 'किशोर'लाई आशावादी कविका रूपमा चिनाएका छन् । यो मूल्याङ्कन **आँखाको खोजीमा** (२०६२) कवितासङ्ग्रहमा आधारित भई गरिएको हुँदा यहाँ उनका समग्र पक्षको मूल्याङ्कन हुन सकेको छैन ।

दिवा चेम्जोङ (२०६२) ले अन्नपूर्ण पोष्ट पत्रिकाको पुस्तक परिचय स्तम्भमा दामोदर पुडासैनी 'किशोर'को **आँखाको खोजीमा** (२०६२) कवितासङ्ग्रहको सामान्य परिचय दिएका छन् । उनले उक्त सङ्ग्रहभित्र रहेका कविताहरूको विषयवस्तुका आधारमा कवि 'किशोर'लाई आशावादी कवि भनेका छन् । यो केवल पुस्तक परिचयमात्र भएकाले उनको कवित्वको विशेष चर्चा यसमा गरिएको छैन ।

रामदयाल राकेश (२०६२) ले 'कवि पुडासैनी आँखाको खोजीमा' शीर्षकको लेखमा कवि 'किशोर'-लाई प्रजातन्त्रमा आस्था राख्ने आशावादी कविका रूपमा चिनाएका छन् । यो लेख **आँखाको खोजीमा** (२०६२) कवितासङ्ग्रहमा केन्द्रित भई लेखिएको हुँदा कवि 'किशोर'को समग्र कवित्वको मूल्याङ्कन हुन सकेको छैन ।

कृष्णबहादुर बस्नेत (२०६२) ले 'आँखाको खोजीमाभित्रको अस्तित्ववादी भावदृष्टि' शीर्षकको समालोचनात्मक लेखमा कवि 'किशोर'लाई देशको वर्तमान समय र सन्दर्भको चित्रण गरी नेपालका ग्रामीण जनजीवन शैलीमा केन्द्रित कविता रचना गर्ने कविका रूपमा लिएका छन्; साथै उनलाई एक यथार्थवादी र अस्तित्ववादी कविका रूपमा पनि चिनाइएको छ ।

खगेन्द्र गिरी, 'कोपिला' (२०६२) ले 'आँखाको खोजीमा भावनाको उडान' शीर्षकको लेखमा **आँखाको खोजीमा** कवितासङ्ग्रहका कविताहरूका आधारमा कवि 'किशोर'लाई समाजमा दिनदिनै घटिरहेका सूक्ष्म विषयवस्तुभित्रको गहिरो कुरालाई केलाउन सक्षम कवि भनेका छन् । यो लेख उपर्युक्त कवितासङ्ग्रहमा मात्र सीमित भएको हुँदा उनको समग्र मूल्याङ्कन हुन सकेको छैन ।

ध्रुव मधिकर्मी (२०६२) ले '**आँखाको खोजीमा** कवि दामोदरका कविताहरू' शीर्षकको लेखमा **आँखाको खोजीमा** (२०६२) कवितासङ्ग्रहको मोटामोटीमा विवेचना गरेको भए पनि कवि 'किशोर'को कवित्व, कृतित्वको पूर्णरूपमा अध्ययन भने हुन सकेको छैन ।

ध्रुव मधिकर्मी (२०६२) ले 'कवि पुडासैनी र कवितामा स्थानीय रंग' शीर्षकको लेखमा कवि 'किशोर'का केही कवितामा प्रयोग भएका विषयवस्तु, विम्ब र प्रतीकका आधारमा कवि 'किशोर'लाई आञ्चलिक कविका रूपमा लिएका छन् । यस लेखले केही कवितामा प्रयोग भएका विषयवस्तु, विम्ब र प्रतीकलाईमात्र समेटेको हुँदा समग्र भाव, शिल्पशैलीगत पक्षको भने समग्र मूल्याङ्कन हुन सकेको छैन ।

लक्ष्मणप्रसाद गौतम (२०६३) ले 'युगीन पीडा बोधको प्रस्तुतिः **आँखाको खोजीमा'** शीर्षकको लेखमा कवि 'किशोर'लाई मानवीय संवेदनाका कविका रूपमा चिनाएका छन् । यो लेख पूर्ण रूपमा **आँखाको खोजीमा** (२०६२) कवितासङ्ग्रहभित्रका कविताहरूको विषयगत भाव विश्लेषणमामात्र केन्द्रित रहेको छ । यसरी एउटैमात्र कविता-कृतिको विश्लेषणमा केन्द्रित उक्त लेखले कवि 'किशोर'को समग्र कवित्वको मूल्याङ्कन गर्न सकेको छैन ।

हरि चालिसे (२०६३) ले '**आँखाको खोजीमा** हिंड्दा हिंड्दै' शीर्षकको लेखमा कवि 'किशोर'को जीवनी र व्यक्तित्वसँग सम्बन्धित केही मुख्य जानकारी दिए पनि **आँखाको खोजीमा** (२०६२) कवितासङ्ग्रहलाईमात्र केन्द्र मानी कृतित्वको सङक्षिप्त स्वरूप प्रस्तुत गरिएको हुँदा कवि 'किशोर'को जीवनी, व्यक्तित्व र कृतित्वको अपेक्षित मूल्याङन हुन सकेको छैन ।

बालाकृष्ण अधिकारी (२०६३) को 'किशोर' **आँखाको खोजीमा** आए' शीर्षकको लेख मुख्यगरी **आँखाको खोजीमा** (२०६२) कवितासङ्ग्रहमा नै केन्द्रित भएको हुँदा यसले कविको कवित्वको समग्र मूल्याङ्कन गर्न सकेको छैन ।

यशोदा अधिकारी (२०६४) ले 'कवितामा विश्वव्यापीकरणको प्रयास' शीर्षकको लेखमा कवि 'किशोर'का पछिल्ला दुई कवितासङ्ग्रहमा मात्र आधारित भएर केही टिप्पणी गर्दै विश्वका कला, संस्कृति, भौगोलिक अवस्था आदिलाई यथार्थमा रचना गरेर कवितामा विश्वव्यापीकरण भित्र्याएका कवि 'किशोर'-लाई नेपाली वाङ्मयका एक महत्त्वपूर्ण हस्तिका रूपमा लिएकी छिन् । यहाँ पनि उनको समग्र कृतित्वको मूल्याङ्कन हुन सकेको छैन ।

सरिता शशी (२०६४) ले '**आलोकित आयाम**भित्र रमाउँदा' शीर्षकको लेखमा स्वदेशमा मात्र नभएर विदेशमा रहँदा पनि देशकै बारेमा सोचिरहने र साहित्य सिर्जनामा विदेशमा भएका प्रकृति, सौन्दर्य र कला आफ्नो देशमा पनि कमी नभएको बताउने कवि 'किशोर'लाई देशप्रेमी कवि भनेकी छिन् ।

सुदर्शन अधिकारी (२०६४) ले '**आकारको खोजीमा**' शीर्षकको लेखमा कवि 'किशोर'को कवित्वको समग्र मूल्याङ्कन नगरी **आकारको खोजीमा** (२०६३) कवितासङ्ग्रहका केही कविताका आधारमा उनलाई प्रेमका कवि भनेका छन् ।

बालाकृष्ण अधिकारी (२०६४) ले 'दामोदर पुडासैनीको सङ्क्षिप्त जीवनी' शीर्षकको लेखमा कवि 'किशोर'का जीवनीका महत्त्वपूर्ण पक्षहरूलाई प्रस्तुत गरेका छन् तापनि यसमा व्यक्तित्व र कृतित्वको पक्ष समेटिएको छैन ।

कुमार कोइराला (२०६४) ले 'दामोदरका कविताको विवक्षा' शीर्षकको समीक्षात्मक लेखमा कवि दामोदर पुडासैनी 'किशोर'का प्रकाशित चारैवटा पुस्तकाकार कविता-कृतिको विषयवस्तुगत विवेचना गरेका छन् साथै भाषाशैलीबारे पनि सङ्क्षिप्त जानकारी दिएका छन् । यसरी एउटै लेखमा समग्र कवितासङ्ग्रहहरूको अध्ययन गरी मोटामोटीमा कवित्वका विशेषतामाथि प्रकाश पारिएको भए पनि यस लेखमा उनका अन्य साहित्यिक विधा (कथा, निबन्ध आदि) का रचनाहरूको बारेमा चर्चासम्म पनि गरिएको छैन तर पनि यो लेखले कवि 'किशोर'का कवित्व बारेका केही महत्त्वपूर्ण सूचनाहरू प्राप्त गरेको हुँदा प्रस्तुत शोधका लागि यो उपयोगी सामग्री रहेको छ ।

शीला तिवारी (२०६४) ले साहित्यकार दामोदर पुडासैनी 'किशोर'को '**आकारको खोजीमा**' शीर्षकको लेखमा **आकारको खोजीमा** (२०६३) कवितासङ्ग्रहभित्रका कविताको सामान्य चर्चा गर्दै कवि 'किशोर'का कविता देशप्रेमले भरिएका सरल र मन छुने खालका छन् भनेकी छिन् ।

लुमडी आचार्य (२०६४) को **केही स्रष्टा केही सिर्जना** भन्ने समीक्षासङ्ग्रहभित्र 'कवि दामोदर पुडासैनीको **आकारको खोजीमा** को सिंहावलोकन' शीर्षकको समीक्षात्मक लेख छापिएको छ । यहाँ उनले कवि 'किशोर'लाई मूलतः प्रकृति, मान्छे, उसको सामूहिक नैतिक दायित्व र समकालीन परिस्थितिप्रति सचेत पार्दै आजको दिशाहीन मान्छेलाई व्यङ्ग्यात्मक झटारो हानी पराइ भूमिको भ्रमणलाई रसिलो र सुखद बनाउँदै त्यहाँका विविध परिवेशलाई कवितामा समेट्न सफल कविका रूपमा लिएका छन् । यसमा एउटामात्र कवितासङ्ग्रहलाई आधार मानी समीक्षा गरिएको हुँदा 'किशोर'का कृतिहरूको समग्र मूल्याङ्कन हुन सकेको छैन ।

धिरज गिरी 'कल्पित' (२०६४) ले '**आकारको खोजीमा** छन् एक 'किशोर'' शीर्षकको लेखमा **आकारको खोजीमा** (२०६३) कवितासङ्ग्रहको मात्र छोटकरीमा समीक्षा गरेका छन् ।

श्रीओम (२०६४) ले 'नियात्रात्मक कवितासङ्ग्रह' नामक लेखमा **आकारको खोजीमा** र **आलोकित आयाम** (२०६३) कवितासङ्ग्रहलाई आधारमानी कवि 'किशोर'लाई नियात्रा काव्यकारका रूपमा लिएका छन् । यो मूल्याङ्कन सर्सर्ति हेरेर गरिएको हुँदा यहाँ उनको कवित्वको समग्र मूल्याङ्कन हुन सकेको छैन ।

सरिता शशी (२०६४) ले '**आकारको खोजीमा** कवितासङ्ग्रह पल्टाउँदा' शीर्षकको लेखमा कवि 'किशोर'लाई धार्मिक, सामाजिक, सांस्कृतिक शैलीमा देखा परेका विकृति-विसङ्गतिलाई आधार बनाई चोटिलो शक्ति प्रहार गर्दै यात्राका अवधिमा देखिएका-भोगिएका र आफूलाई प्रभाव पारेका संस्कार

व्यवहार र प्रवृत्तिलाई मूल विषय बनाई कविता सिर्जना गर्ने प्रखर कविका रूपमा चिनाएकी छिन् । यहाँ उनका कवितामा समेटिएका धेरैजसो विषयको सङ्केत गरिएको भए पनि समग्र मूल्याङ्कन भने हुन सकेको छैन ।

मोहन दुवाल (२०६४) ले 'दामोदरका साहित्यिक सिर्जना' शीर्षकको लेखमा कवि 'किशोर'को जन्मदेखि लिएर वि.सं. २०६४ सालसम्मको सामान्य परिचय दिँदै उनका चारैवटा कवितासङ्ग्रहहरूको बारेमा छोटो परिचय पनि प्रस्तुत गरेका छन् तर पनि उनको सम्पूर्ण पक्षको समष्टि मूल्याङ्कन भने हुन सकेको छैन ।

अमृत भादगाउँले (२०६४) ले एस.एम.एस. कवि शीर्षकको लेखमा कवि 'किशोर'लाई एस.एम.एस. कवि भनेका छन् । यहाँ गरिएको टिप्पणी उनको साहित्य सम्प्रेषणको एउटा पद्धतिमामात्र केन्द्रित भएको हुँदा समग्र मूल्याङ्कन हुन सकेको छैन ।

मोहन बास्तोला (२०६४) ले "किशोर'का नियात्राकाव्य **आकारको खोजीमा** र **आलोकित आयाम'** शीर्षकको लेखमा आफूले देखेका-भोगेका अनि अनुभूति गरेका विविध शृङ्खलाहरूलाई रोचक पारामा विम्ब प्रतीकसहित विभिन्न मुलुकका भौगोलिक र सामाजिक विषयवस्तुलाई काव्यिक रूप दिएर सर्जकहरूलाई देश-देशान्तर घुमाउने चलाखी भएका कविका रूपमा 'किशोर'को परिचय दिएका छन् । यो टिप्पणी **आकारको खोजीमा** र **आलोकित आयाम** कवितासङ्ग्रहमामात्र आधारित भएर गरिएको हो ।

व्याकुल पाठक (२०६४) ले 'यात्राकविता' नामक लेखमा कवि 'किशोर' विदेश-यात्रालाई कवितामा उतार्ने सम्भवतः प्रथम नेपाली साहित्यकार हुन् भनेका छन् । यहाँ पनि उनको समग्र मूल्याङ्कन हुन सकेको छैन ।

बालाकृष्ण अधिकारी (२०६४) ले '**आकारको खोजीमा** 'किशोर'' शीर्षकको लेखमा नेपाली साहित्यमा शरदकुमार राईद्वारा थालनी गरिएको नियात्रा कवितालेखन कलालाई कुशल काव्यशिल्पी कवि 'किशोर'ले  अनुकरण गर्दै थप नवीन, आकर्षक, मर्मस्पर्शी, आञ्चलिकतायुक्त बनाएर प्रस्तुत गरेको कुरा व्यक्त गरेका छन् । त्यस्तै कवितामा प्रयोग भएका परिवर्तन, स्वतन्त्रता, विश्वबन्धुत्व, प्रकृतिप्रेमजस्ता विषयवस्तुतर्फ पनि सङ्केत गरेका छन् । यस लेखले कवि 'किशोर'का पछिल्ला दुई कवितासङ्ग्रहलाईमात्र आधार बनाएको हुँदा यसबाट उनको समग्र कवित्वशक्ति भने बुझ्न सकिँदैन ।

दिपक लोहनी (२०६४) ले 'प्रकृति, प्रेम, हाइकु र 'किशोर'' शीर्षकको लेखमा । पुडासैनीलाई मोवाइलमार्फत् हाइकु एस.एम.एस. पठाउने कार्यको थालनीकर्ता मान्दै यौनवादी र तत्कालीन अवस्थाको राजनीतिक परिवेश र नेताहरूलाई हाइकुमा समावेश गर्ने सशक्त स्रष्टा मानेका छन् । यो लेख केवल

मोवाइल हाइकुको विषयमा मात्र केन्द्रित भएको हुँदा यसले पुडासैनीको समग्र कवित्वको मूल्याङ्कन गर्न सकेको छैन ।

शीतविन्दु (२०६४) ले 'व्यक्तित्व र कृतित्वकासन्दर्भमा साहित्यकार दामोदर पुडासैनी 'किशोर'-का कृतिहरूको विश्लेषण' शीर्षकको समालोचनामा कवि 'किशोर'का जन्मका केही पक्ष कोट्याउँदै, व्यक्तित्व र कृतित्वको पक्षमा केही महत्त्वपूर्ण जानकारी दिएका छन् । यहाँ उनका सबैजसो कविताका विशेषताहरूलाई बुँदागत रूपमा समेट्ने प्रयास गरिएको छ साथै उनका चारैवटा कवितासङ्ग्रहको निकै सङ्क्षिप्त विवेचना पनि प्रस्तुत भएको छ । तीन दशकभन्दा बढी समयसम्म निरन्तर सिर्जनारत एउटा सशक्त साहित्यकारको जीवनी, व्यक्तित्व र कृतित्वको समग्र मूल्याङ्कन एउटा समालोचनात्मक लेखमा सम्भव नभए पनि उपर्युक्त लेखमा गरिएको प्रयास महत्त्वपूर्ण रहेको छ । यसले प्रस्तुत शोधपत्रलाई निकै उपयोगी जानकारी दिएको छ ।

दिपक लोहनीले 'कवि दामोदरका यात्रा अनुभूति र छली कविताहरू' शीर्षकको लेखमा कवि 'किशोर'लाई अत्यधिक देश-विदेश घुम्ने एकमात्र कविका रूपमा लिँदै उनका कवितामा स्वदेशप्रेम, परिवारसुख, निम्नमध्यमवर्गका पीडा र अनुभूतिका साथै प्रेमको रोमान्टिक प्रस्तुति विषयवस्तुका रूपमा रहेको सङ्केत गरेका छन् । यहाँ पनि कवि 'किशोर'को कृतित्वको समग्र अध्ययन खड्किएको छ ।

सुदर्शन अधिकारी (२०६५) ले '**आलोकित आयाम**' शीर्षकको लेखमा कवि 'किशोर'को **आलोकित आयाम** (२०६३) कवितासङ्ग्रहभित्रका केही कविताहरूको विषयवस्तुका आधारमा उनलाई स्वतन्त्रताका पक्षपाती कविका रूपमा लिएका छन् ।

राजकुमार बानियाँ (२०६५) ले '**आलोकित आयाममा** 'किशोर'' शीर्षकको लेखमा 'किशोर'का पछिल्ला दुई कवितासङ्ग्रहका कविताका आधारमा 'किशोर'लाई कवितामार्फत् पाठकलाई मानसिक-यात्रा गराउने एडभन्चरस कविता सर्जकका रूपमा लिएका छन् । यसमा पनि कविको कवित्वको समग्रता समेटिएको छैन ।

छविरमण सिलवाल (२०६५) ले 'एस.एम.एस. हाइकुका एक्ला व्यक्तित्व' शीर्षकको लेखमा दामोदर पुडासैनी 'किशोर'लाई नेपाली साहित्यमा एस.एम.एस. मार्फत् हाइकु पठाउने एक्ला र पहिला व्यक्तिका रूपमा लिएका छन् । यहाँ उनको समग्र कवित्वका बारेमा मूल्याङ्कन हुन सकेको छैन ।

## १.६ अध्ययनको औचित्य र महŒव

तीन दशकभन्दा लामो साहित्यिक-यात्रा पूरा गरिसकेका दामोदर पुडासैनी 'किशोर'का बारेमा फुटकर रूपमा गरिएका सामान्य टिप्पणी र समीक्षा बाहेक समग्र अध्ययन-अनुसन्धान नभएको कुरा माथि गरिएको पूर्वकार्यहरूको सर्वेक्षणले प्रस्ट पारेको छ । त्यसैले उनका विषयमा सर्वप्रथम गरिने समग्र

अध्ययन अनुसन्धान औचित्यपूर्ण छ भन्ने कुरा प्रष्ट हुन्छ । यस शोधकार्यबाट शोधनायक पुडासैनीको जीवनी, व्यक्तित्व र कृतित्वका बारेमा समग्र अध्ययन गरी एउटा प्रवन्ध नै निर्माण भएकाले उनका बारेमा अध्ययन गर्न चाहने सबैका लागि यो एक उपयोगी सामग्री भएका आधारमा पनि यस शोधपत्रको औचित्य रहेको कुरा प्रस्ट हुन्छ ।

## १.७ शोधकार्यको सीमाङ्कन

दामोदर पुडासैनी 'किशोर' कवि, कथाकार, निबन्धकार, गजलकार आदिका रूपमा परिचित एक साहित्यिक व्यक्तित्व हुन् । वि.सं. २०३४ सालदेखि औपचारिक रूपमा साहित्यिक क्षेत्रमा प्रवेश गरेका पुडासैनीका हालसम्म (२०६५) प्रकाशित पुस्तकाकार पाँच कृति र अन्य फुटकर रचनाहरूको मोटामोटी पहिचान गर्दै उनको जीवनी, व्यक्तित्व र कृतित्वका अध्ययनमा नै प्रस्तुत शोधपत्र सीमित रहेको छ । कुनै खास कृतिको सूक्ष्म रूपमा कृतिपरक अध्ययन र मूल्याङ्कन भने यसमा गरिएको छैन । यो नै यस शोधपत्रको सीमा हो ।

## १.८ सामग्रीसङ्कलन र शोधविधि

प्रस्तुत शोधपत्र तयार गर्ने क्रममा आवश्यक पर्ने सामग्रीसङ्कलनका लागि मुख्यतः पुस्तकालयीय विधिको प्रयोग गरिएको छ । शोधनायक व्यक्ति जीवित नै भएको हुँदा उनीसँगको प्रत्यक्ष भेटघाट र अन्तर्वार्ताका माध्यमबाट आवश्यक जानकारी लिनुका साथै उनका परिवारसँग सम्पर्क गरी पुडासैनीका विविध पक्षका सम्बन्धमा आवश्यक जानकारीसमेत लिई सामग्रीसङ्कलन गरिएको छ ।

यस शोधमा सामग्रीको अध्ययनको क्रममा वर्णनात्मक एवम् विवरणात्मक पद्धति अपनाइएको छ । यसका साथै जीवनीपरक र प्रभावपरक समालोचना प्रणालीका आधारमा कृतित्वको विवेचना गरिएको छ । कृति वा रचनाको विवेचनाका क्रममा भने तत् तत् विधाहरूमा स्थापित विधातात्त्विक मान्यतालाई नै आधार बनाइएको छ ।

## १.९ शोधपत्रको रूपरेखा

प्रस्तुत शोधपत्रको संरचनालाई सुसङ्गठित र व्यवस्थित रूपमा प्रस्तुत गर्नका लागि यस शोधपत्रलाई निम्नलिखित पाँच अध्यायमा विभाजन गरिएको छ ।

पहिलो अध्यायः यस अध्यायको शीर्षक **शोधपरिचय** रहेको छ ।

दोस्रो अध्याय : यस अध्यायको शीर्षक **दामोदर पुडासैनी 'किशोर'को जीवनीको अध्ययन** रहेको छ ।

तेस्रो अध्याय : यस अध्यायको शीर्षक **दामोदर पुडासैनी 'किशोर'को व्यक्तित्वको अध्ययन** रहेको छ ।

चौथो अध्याय : यस अध्यायको शीर्षक **दामोदर पुडासैनी 'किशोर'का कृतित्वको अध्ययन** रहेको छ ।

पाँचौ अध्याय : यस अध्यायको शीर्षक **उपसंहारः सारांश तथा निष्कर्ष** रहेको छ ।

माथिका पाँच अध्यायलाई आवश्यकतानुसार विभिन्न शीर्षक र उपशीर्षकमा विभाजनसमेत गरिएको छ । अनि शोधपत्रका अन्त्यमा सन्दर्भग्रन्थसूची एवम् परिशिष्ट पनि प्रस्तुत गरिएको छ ।

# दोस्रो - अध्याय

## दामोदर पुडासैनी 'किशोर'को जीवनीको अध्ययन

### २.१ जन्म, जन्मस्थान र पृष्ठभूमि


दामोदर पुडासैनी खस ब्राह्मण जातिअन्तर्गत पुडासैनी थरका पुर्खाका सन्तान हुन् । पुडासैनीहरू देशका विभिन्न ठाउँहरूमा छरिएर रहेका भए पनि उनीहरूको मूलथलो धादिङ्ग जिल्लाको भिल्टुङ्गलाई मानिन्छ भने अरू केहीले पुडासैनीहरूको पुर्ख्यौली थलो अछाम जिल्लाको पुडासेन गाउँ हो भन्ने धारणा पनि राख्दछन् भन्ने कुरा शोधनायक पुडासैनीले व्यक्त गरेका छन् ।

भिल्टुङ्गमा रहेका पुडासैनीहरूमध्येकै एक परिवार नुवाकोट जिल्लाको भ्याङ्ली गा.वि.स.मा बसाइँ सरे तर तिनीहरूमध्येकै एक जना पुडासैनी बसाइँ सरेर हालको नागार्जुनस्थित ठूलागाउँमा बस्न थाले । यसरी ठूलागाउँबाट गोलढुङ्गा हुँदै हरिचरण पुडासैनीको परिवार काठमाडौं जिल्लाको पाँचमानेमा आई बस्न थाले भन्ने जानकारी दामोदर पुडासैनीबाट प्राप्त भएको छ ।

पाँचमानेमा रहेका हरिचरण पुडासैनीका चार छोराहरूमध्ये तीन छोराहरू जीतपुर फेदी गा.वि.मा पुनः बसाइँ सरे । यिनै हरिचरण पुडासैनीका महिला छोरा हरिप्रसाद पुडासैनी तथा बुहारी तुलसा पुडासैनीको कोखबाट वि.सं. २०१९ साल जेठ १८ गते कान्छो छोराका रूपमा दामोदर पुडासैनीको जन्म भएको हो भन्ने कुरा शोधनायक पुडासैनी आफैले बताएका छन् । यिनको न्वारनको नाउँ लेखनाथ पुडासैनी हो र पछि साहित्य सिर्जनामा लागेपछि दाजु घनश्याम पुडासैनीले 'किशोर' नाउँ राखिदिएपछि यही 'किशोर' नाउँले साहित्य क्षेत्रमा कलम चलाइरहेका बुझिन्छ ।

दामोदर पुडासैनीको जन्म काठमाडौं जिल्लाको उत्तरपश्चिम स्थित जीतपुर फेदी गा.वि.स. मा भएको हो । यो एक ऐतिहासिक स्थल हो । यहाँका बासिन्दाहरूले नेपाल र भोटबीच युद्ध भइरहेका बेलामा चिनियाँ फौजहरूलाई परास्त गरी नेपालीले जितेका हुँदा यसलाई जीतपुर भन्न थालिएको हो (पुडासैनी २०६१:३) ।

दामोदर पुडासैनीको वंशावलीलाई तालिकामा यसरी देखाइएको छ ।




माथि दिइएको वंशावली तालिकामा हेर्दा दामोदर पुडासैनी स्व. रामनारायण पुडासैनीका पाँचौ पुस्तामा पर्ने कान्छो सन्तानका रूपमा देखिएका छन् ।

## २.२ मातापिता र बाल्यावस्था

माता तुलसा पुडासैनी र पिता हरिप्रसाद पुडासैनीका कान्छो छोराका रूपमा दामोदर पुडासैनीको जन्म भएको हो । यिनका बाबुका दुई पत्नी भएकामा यिनी जेठी पत्नीतर्फका सन्तान हुन् । यिनका मातापिता मुख्य गरी कृषि पेसासँग सम्बद्ध थिए । हजुरबुबा वैद्य भएकाले बुबामा पनि यसको राम्रो प्रभाव थियो । त्यसैले उनको घरमा टाढादेखिका विरामीहरू धाउँथे । यसरी कृषि र वैद्य पेसालाई

अघि बढाएका हरिप्रसाद पुडासैनीको परिश्रमप्रति विश्वास गर्ने मध्यम-वर्गीय परिवार रहेको कुरा शोधनायक पुडासैनीले बताएका छन् ।

हरिप्रसाद पुडासैनीका दुई पत्नी र तिनबाट जन्मेका दश सन्तानका कारण परिवार ठूलो थियो । परिवारमा अनेकौं समस्याहरू पनि थिए तर हरिप्रसाद पुडासैनी अध्ययनशील, परिश्रमी, सत्सङ्गत गर्ने र सत्कार्यमा लाग्ने व्यक्ति भएकाले छोराछोरीहरूको शिक्षा-दीक्षामा सजग थिए भन्ने कुरा शोधनायकका दाइ घनश्याम पुडासैनीले बताएका छन् ।

दामोदर पुडासैनी परिवारको कान्छो छोरा भएको हुँदा उनको बाल्यकाल मायालु वातावरणमा बितेको थियो । कृषि कार्यमा बुबा -आमा, दाजु र दिदीहरूको बढी संलग्नता रहने भएकाले उनलाई त्यसतर्फ कुनै चिन्ता नभएको कुरा उनी बताउँछन् । दामोदर आफूलाई सानैदेखि लजालु स्वभाव भएको, कम बोल्ने र एकान्तप्रिय व्यक्तिका रूपमा चिनाउँछन् । उनी साथीहरूसँग विभिन्न खेलमा बरालिनुको सट्टा विभिन्न पुस्तकहरू पढ्ने स्वभाव भएका लगनशील विद्यार्थी हुन् । सानो उमेर देखिनै कुनै पनि नयाँ कुराहरू ध्यान दिएर सुन्ने र सुनेको पढेको कुरा ठीक हो होइन भनेर तार्किक रूपमा विश्लेषण गर्ने बानी दामोदर पुडासैनीको थियो भन्ने कुरा दाइ श्रीहरि पुडासैनीसँगको भेटवार्तावाट जानकारी भएको हो ।

## २.३ दाजुभाइ र दिदीबहिनीहरू

हरिप्रसाद पुडासैनीका दुई पत्नीमध्ये जेठी पत्नी तुलसा पुडासैनीको कान्छो छोराका रूपमा दामोदर पुडासैनीको जन्म भएको हो । उनकी आमाको कोखबाट सावित्री, हरिमाया, कमला, श्रीहरि र घनश्याम गरी तीन दिदी, दुई दाजुहरूको जन्म भएको थियो । त्यस्तै गरी कान्छी आमा हरिमायाको तर्फबाट रामहरि, रमा र एक अर्को नाम नखुलेकी दिदी सहित एक दाजु र दुई दिदीहरू तथा अम्बिका नामकी एक बहिनीको जन्म भएको जानकारी उनको पारिवारिक स्रोतबाट प्राप्त भएको छ ।

दामोदर पुडासैनीका दाजु रामहरिको वि.स. २०३१ सालमै स्वर्गारोहण भइसकेको छ भने उनकी पत्नी विष्णु अहिले पनि देवरहरूको रेखदेखमा नै रहेकी छिन् । त्यस्तै अर्की एक दिदीको पनि पहिले नै मृत्यु भइसकेको छ । उनका सबै दिदीबहिनीहरू घर-गृहस्थीमा नै व्यस्त रहेको कुरा शोधनायकबाट जानकारी भएको छ ।

दामोदर पुडासैनीका दाजुभाइ सबैले अध्ययन र जागिर दुवैलाई उत्तिकै महत्त्वकासाथ अघि बढाएको देखिन्छ । उनका जेठा दाजु घनश्याम पुडासैनी एउटा सफल स्रष्टाका रूपमा कविता, गीत, कथा, समालोचना जस्ता विधामा सक्रिय देखिन्छन् । उनले उद्योग मन्त्रालयमा शाखाअधिकृतको पदभार सम्हाल्दै जीतपुर उच्च माध्यमिक विद्यालय जीतपुर फेदीमा र ग्रामीण आदर्श बहुमुखी क्याम्पस, नेपालटार बालाजुमा नेपाली विषयको प्राध्यापनसमेत गर्दछन् ।

दामोदर पुडासैनीका अर्का दाजु श्रीहरि पुडासैनी पनि छिटफुट रूपमा साहित्य सिर्जना गर्दछन् । भूमिसुधार मन्त्रालयमा शाखाअधिकृतका रूपमा कार्यरत श्रीहरि पुडासैनी योगशिक्षा र योगाभ्यासमा विशेष दक्षता प्राप्त गरेका व्यक्तित्वका रूपमा चिनिन्छन् ।

यस्ता दाजुका भाइ दामोदर पुडासैनी 'किशोर' हाल महालेखा परीक्षकको कार्यालय, बबरमहलमा लेखापरीक्षण अधिकारीका रूपमा कार्यरत रहेका छन् । हालै उनको निर्देशक पदमा बढुवा पनि भइसकेको छ ।

## २.४ शिक्षा-दीक्षा

साहित्य, शिक्षा र कलामा सौखिन बाबुका छोरा दामोदर पुडासैनीको प्रारम्भिक शिक्षा बाबु तथा दाजु र दिदीहरूको समीपबाट सुरु भएको हो । घरबाट नै अध्ययन प्रारम्भ गरेका दामोदर पुडासैनीको औपचारिक अध्ययन एकैपटक कक्षा तीन, खडवालकोट प्राथमिक विद्यालय फेदी बजारबाट सुरु भएको हो । यसरी एकैपटक कक्षा तीनमा भर्ना भए पनि उनको पढाइ तीक्ष्ण भएका कारण सोहीसाल प्रथम स्थानमा उत्तीर्ण भएको बताउँछन । यसरी सुरु भएको औपचारिक अध्ययनको क्रम कक्षा दशसम्म नै कहिले प्रथम र कहिले द्वितीय हुँदै अघि बढेको जनाउँछन् । कक्षा पाँचसम्म खडवालकोट प्राथमिक विद्यालयमा अध्ययन गरेका दामोदरले कक्षा दशसम्मको अध्ययन ग्रामसेवा माध्यमिक विद्यालय धर्मस्थलीबाट वि.स. २०३६ सालमा दोस्रो श्रेणीमा प्रवेशिका परीक्षा उत्तीर्ण गरी माध्यमिक शिक्षा पूरा गरेको बताउँछन् ।

प्रवेशिका परीक्षा उत्तीर्ण गरेपछि पुडासैनीले अध्ययन र सरकारी सेवालाई समान रूपमा अघि बढाउँदै उच्चशिक्षा अध्ययनको लागि वि.सं. २०३६ साल श्रावणदेखि सरस्वती बहुमुखी क्याम्पस लेखनाथ मार्ग लैनचौरमा प्रवीणता प्रमाणपत्र तह व्यवस्थापन सङ्कायमा भर्ना भई अध्ययन सुरु गरे । वि.सं. २०३६ साल असोज महिनादेखि शिक्षा मन्त्रालयमा सहलेखापाल (अस्थायी) पदवाट सरकारी सेवामा प्रवेश भएको कुरा शोधनायक पुडासैनीले बताएका छन् । विहान क्याम्पस धाउनु र दिउँसो कार्यालयमा व्यस्त हुनुले उनको जीवन सङ्घर्षपूर्ण ढङ्गबाट अघि बढेको देखिन्छ । देशको तत्कालीन राजनीतिक परिस्थितिले गर्दा समयमा नै परीक्षा हुन नसकेकाले वि.सं. २०३९ सालमा मात्र प्रवीणता प्रमाणपत्र तह पूरा गरेको बताउँछन् ।

वि.सं. २०३८ सालमा दामोदरले नेपाल लोकसेवा आयोगद्वारा लिइएको खरिदार पदको परीक्षा उत्तीर्ण गरी जागिरका साथै अध्ययनमा लाग्दा वि.सं. २०४५ सालमा स्नातक तह व्यवस्थापन सङ्कायबाट दोस्रो श्रेणीमा पूरा गरेको बताउँछन् ।

जागिर र अध्ययनलाई समानुपातिक रूपमा अघि बढाउने क्रममा २०४५ पछिका वर्षहरूमा सरकारी सेवामा नै बढी व्यस्त रहनुपरेका कारण २०६० सालमा आएरमात्र व्यवस्थापन सङ्कायमा स्नातकोत्तर तह उत्तीर्ण गरेको कुरा शोधनायक आफै बताएका छन् ।

यसरी नै अध्ययन र जागिर दुवैलाई अघि बढाएका पुडासैनीले वि.सं. २०५९ सालदेखि जनप्रशासन क्याम्पसमा जनप्रशासनमा स्नातकोत्तर तहको अध्ययन पनि सुरु गरेको बताउँछन् । यसरी हेर्दा अध्ययन र जागिर दुवैलाई सँगै अघि बढाएका पुडासैनी लगनशील विद्यार्थीका रूपमा चिनिन्छन् ।

## २.५ उपनयन र विवाह

साहित्यकार दामोदर पुडासैनी 'किशोर'को उपनयन घरमा गरिएको थिएन । उनको उपनयन जीतपुर फेदी स्थित तारकेश्वर महादेवको मन्दिरमा भएको थियो । उनीसँग उनका भाइ (काकाका छोरा केशव पुडासैनीको पनि उपनयन कार्य सम्पन्न भएको थियो ।

उनको विवाह वि.सं २०४१, साल फागुन २५ गते चितवन जिल्ला भरतपुर नगरपालिका वडा नं. ११ निवासी शशिधर ढकाल र कुस्मी ढकालकी छैठौं पुत्री पार्वती ढकालसँग परम्परागत वैदिक विधि अनुसार नै सम्पन्न भएको कुरा शोधनायक पुडासैनीबाट थाहा भएको छ ।

दामोदर पुडासैनीका सन्तानका रूपमा हाल एक छोरा प्रवेश पुडासैनी र एक छोरी प्रसून पुडासैनी गरी दुई जना रहेका छन् । छोरा प्रवेश पुडासैनी हाल संयुक्त राज्य अमेरिकाको ओक्लोहामा राज्यमा सिभिल इन्जिनियरिङ विषयमा स्नातक गर्दैछन् भने छोरी प्रसून पुडासैनी वृहस्पति विद्यासदन नक्शालमा कक्षा दशमा अध्ययनरत भएको जानकारी शोधनायकबाट प्राप्त छ ।

## २.६ पेसा

दामोदर पुडासैनीका दुई दाजुहरू सरकारी सेवामा आबद्ध भइसकेकाले उनलाई पनि विद्यालय अध्ययन गर्दादेखि नै सरकारी सेवामा प्रवेश गरी देश र जनताको सेवा गर्ने उत्कट अभिलाषा थियो । यस अनुसार उनले प्रवेशिका परीक्षा उत्तीर्ण गर्ने वित्तिकै वि.सं. २०३६ साल असोजदेखि शिक्षामन्त्रालयमा सह-लेखापाल (अस्थायी) पदमा रही कार्य प्रारम्भ गरेको बताएका छन् । लगनशील एवम् परिश्रमी विद्यार्थी भएका कारण विहान क्याम्पसमा अध्ययन गर्नु र दिउँसो कार्यालयमा गई आफ्नो जिम्मेवारी इमानदारीपूर्वक पूरा गर्नु उनको दैनिकी बन्दै गएको बताउँछन् ।

वि.सं. २०३८ सालमा उनले लोकसेवा आयोगद्वारा लिइएको खरिदार पदको परीक्षामा सफलता हासिल गरी वि.सं. २०३८ साल असार ७ गतेदेखि औषधि व्यवस्था विभाग थापाथलीमा सरकारी कर्मचारीका रूपमा स्थायी सेवा प्रारम्भ गरेका थिए ।

वि.सं. २०३९ सालमा प्रमाणपत्र तह उत्तीर्ण गरेपछि लोकसेवा आयोगद्वारा लिइएको लेखापाल पदको परीक्षामा सफलता हासिल गरी महालेखा परीक्षकको कार्यालयमा पदस्थापना भए । यसपछि २०४०, साल असार १ गतेदेखि सो कार्यालयमा लेखापरीक्षण अधिक्षकको रूपमा कार्यरत रहेको कुरा उनी स्वयंले बताएका छन् ।

पुडासैनीले वि.सं. २०५० सालमा लोकसेवा आयोगद्वारा लिइएको लेखापरीक्षण अधिकारी पदको परीक्षामा सफलता हासिल गरेपछि महालेखा परीक्षकको कार्यालयमा रही शिक्षा, कृषि, स्वायत्त संस्था, निर्माण, निजी सचिवालय सञ्चालन, महिला, परराष्ट्र  जस्ता विविध क्षेत्रका लेखापरीक्षण गरेको अनुभव व्यक्त गर्दछन् ।

यसरी क्रमैसँग सफलता हात पार्दै अघि बढेका पुडासैनी सामान्य प्रशासन मन्त्रालयले २०६४ फागुन २२ गते प्रकाशित गरेको सूचना अनुसार निर्देशक पदमा बढुवा भएको थाहा पाइन्छ ।

यसरी जागिरको समयमा पनि अध्ययन कार्यलाई अघि बढाइरहेका पुडासैनीले  विभिन्न विषयमा तालिम लिने कार्य पनि गरेका छन् । सेवा प्रवेश तालिम, सेवाकालीन तालिम र विषयगत तालिमहरूमा उनी स्वदेश तथा विदेशमा सहभागी भएका छन् । उनले आफू एउटा सफल प्रशिक्षकको कार्य गर्दै आएको भन्दै डेनिस सरकारद्वारा स्थानीय विकास प्रशिक्षण केन्द्रमा सञ्चालित ‘प्रशिक्षक प्रशिक्षण तालिम’मा उत्तम प्रशिक्षकको उपाधि हासिल गरेको बताएका छन् । यसका साथै उनी तालिम प्रशिक्षण दिने कार्य पनि निरन्तर रूपमा गर्दै आएको बताउँछन् ।

## २.७ भ्रमण

दामोदर पुडासैनी ‘किशोर’को स्वभाव बाल्यकालदेखि नै भ्रमणप्रिय रहेको थियो । फुर्सदको समयमा अध्ययन वा नयाँ स्थानहरूको भ्रमण उनकालागि चाखका कुराहरू हुन् । क्याम्पसमा अध्ययन गर्दा वि.सं.२०३९ कार्तिक महिनामा साथीहरूकासाथ लुम्बिनीदेखि पूर्वका सबै अञ्चलहरू र भारतको दार्जिलिङ, खर्साङ, कालिम्पोङ, सिलीगुढी जस्ता क्षेत्रको भ्रमणले उनलाई भ्रमणप्रति बढी उत्साहित बनाएको कुरा आफैंले बताएका छन् ।

वि.सं. २०३६ सालदेखि हालसम्म निरन्तर रूपमा सरकारी सेवामा संलग्न रही आएका उनले सरकारी कामका क्रममा नेपाल अधिराज्यका ६५ भन्दा बढी जिल्ला र विदेशी दुई दर्जनभन्दा बढी देशहरूको भ्रमण पूरा गरेका छन् ।

सरकारी कामका क्रममा वि.सं. २०४०, साल भाद्र महिनामा उनले सर्वप्रथम परवानीपुर कृषिकेन्द्र (बारा), रामपुर कृषिकेन्द्र (चितवन), राष्ट्रिय गहुँबाली विकास कार्यक्रम (भैरहवा) को भ्रमणका साथै लेखापरीक्षण र निरीक्षण गरेका थिए भन्ने जानकारी शोधनायक पुडासैनीबाट प्राप्त भएको छ ।

यसपछि लेखापरीक्षण र निरीक्षणको क्रममा देशका विभिन्न जिल्लाहरूको भ्रमण गर्ने क्रमलाई अघि बढाई रहे । वि.सं. २०५० सालमा लेखापरीक्षण अधिकारी पदमा बढुवा भएपछि लेखापरीक्षण टोलीप्रमुखको हैसियतले उनले अनेकौं जिल्लाको भ्रमण गरेको अनुभव रहेको बताउँछन् ।

विदेशी मुलुकको भ्रमणको क्रममा सर्वप्रथम सन् २००१ मा उनले थाइल्याण्ड तथा जापानको भ्रमण गरेका थिए । महालेखा परीक्षकको कार्यालयको परराष्ट्र निर्देशनालयमा रहेर विदेश स्थित नेपाली दूतावास तथा नियोगहरूको लेखापरीक्षण र निरीक्षण गरेको लामो अनुभव सँगाल्ने क्रममा संयुक्त राज्य अमेरिका, संयुक्त अधिराज्य, बेलायत, रूस, फ्रान्स, जर्मनी, बेल्जियम, नेदरल्याण्ड, स्विजरल्याण्ड, इजिप्ट, जोर्डन, अस्ट्रिया, संयुक्त अरब इमिरेट्स, पाकिस्तान, भारत, श्रीलङ्का, म्यानमा, बंगलादेश, चीन-जस्ता देशहरूको सफल भ्रमण पूरा गरेको जानकारी शोधनायक पुडासैनीले दिएका छन् ।

## २.८ बसोबास र दिनचर्या

साहित्यकार दामोदर पुडासैनी 'किशोर'को जन्म जीतपुर फेदी गा.वि.स.मा भएको हो । उनको बाल्यकाल आफ्नै जन्मस्थानमा बितेको थियो । प्रवेशिका परीक्षा उत्तीर्ण गरेपश्चात् उनी गाउँ र सहर दुवैतिर बस्दै आएको बताउँछन् । बिदाका दिनहरू गाउँमा बिताउने र अन्य दिनहरूमा काठमाडौं सहरमा अध्ययन र जागिरमा धाउने क्रम नै उनको दैनिकी बनेको उनले बताएका छन् ।

यसरी कहिले गाउँ र कहिले सहर दुवैतर्फ बसाइ गरेका पुडासैनी वि.सं. २०४६ सालदेखि ग्वंगः बुँःनयाँ बसपार्कमा बसोबास गर्नथालेको बताउँछन् ।

सरकारी सेवामा दत्तचित्त भई लाग्नु, साहित्य सिर्जनामा तल्लीन हुनु, साहित्यिक तथा सामाजिक संघ-संस्थाहरूमा सक्रिय रूपमा सहभागिता जनाउनु जस्ता कार्यहरू दामोदर पुडासैनीको दैनिकी भएका छन् । फुटकर रचनाहरू सिर्जना गर्ने र कृतिहरू प्रकाशनमा ल्याउने कार्य पनि उनको दिनचर्या भएको छ । त्यस बाहेक साहित्यिक तथा सामाजिक संघ-संस्थाहरूले आयोजना गरेका विविध साहित्यिक र सामाजिक कार्यक्रममा प्रमुख अतिथि, विशिष्ट अतिथि, अतिथि आदिको भूमिका निर्वाह गर्दै आएको देखिएको छ । जागिरका क्रममा सरकारी कार्य सञ्चालनार्थ स्वदेश तथा विदेशको भ्रमण गर्नु पनि उनको अर्को पाटो भएको छ । उनले साहित्यिक कार्यक्रममा पुस्तक विमोचन, कविगोष्ठी साथै कविगोष्ठीमा नयाँ प्रयोगहरू जस्तै रोपाइँ कविगोष्ठी, कृष्णलीला कविगोष्ठी, एस.एम.एस कविगोष्ठी, पुरस्कार वितरण जस्ता विभिन्न कार्यक्रममा सहभागी भई सक्रिय भूमिका निर्वाह गरेको कुरा शोधनायक पुडासैनीसँगको भेटवार्ताबाट जानकारी भएको छ ।

## २.९ रुचि र स्वभाव

बाल्यकालदेखि नै एकान्तप्रेमी, अध्ययनशील, इमानदारी दामोदर पुडासैनी 'किशोर' ७ कक्षा पढ्दादेखि नै कविता तथा लेख रचना लेखन कार्यमा संलग्न रही आएका छन् । पारिवारिक जिम्मेवारीमा कम चासो भए पनि उनी सानैमा एक्लै कोठामा बसेर लेखिरहने गर्दथे । आफूलाई राम्रो नलागेको वस्तु वा मान्छेप्रति नै पनि वास्ता नगर्ने उनको बानी रहेको थाहा भएको छ । आज्ञाकारी, इमानदारीता, आत्मविश्वासीपन र सामाजिक सेवा गर्नुपर्छ भन्ने सोचाइ भएका दामोदरको सादा जीवन र उच्च विचार रहेको कुरा उनका आफ्नै दाजुहरू घनश्याम पुडासैनी र श्रीहरि पुडासैनीले बताएका छन् । धुम्रपान, मद्यपान जस्ता नराम्रा बानीबाट टाढै रहेका पुडासैनी शाकाहारी खानामा रुचि लिन्छन् । खासगरी मीठो मसिनोभन्दा पनि सरल सन्तुलित आहारप्रति नै रुचि रहेको उनी बताउँछन् ।

साहित्य सिर्जना गर्नु, स्वदेशी विदेशी साहित्यकारहरूका कृतिहरू अध्ययन गर्नु, साहित्यका बारेमा समकालीन साहित्यकारहरूसँग चर्चा परिचर्चा गर्नु दामोदर पुडासैनीका रुचिका विषय हुन् । साहित्यकार तन मन दुवैमा सफा सुघ्घरी हुनुपर्छ भन्ने सोचाइ राख्ने पुडासैनीले भूपि शेरचन, लक्ष्मीप्रसाद देवकोटा, बालकृष्ण सम, जस्ता नेपाली साहित्यकार र लर्ड वायरन, सेली, टाल्सटाय, गोर्की, अरून्धतीराय, ओहन पामुक जस्ता विदेशी साहित्यकारका साहित्यिक रचना पढ्न हुरुक्क हुने कुरा बताएका छन् ।

गाउँ -गाउँमा गएर ग्रामीण परिवेशका सुख-दुःखमा भिज्दै साहित्य सिर्जना गर्दै त्यहींकै नाचगान र सांस्कृतिक क्रियाकलापमा सहभागी हुनुमा दामोदर पुडासैनीको अत्यन्तै चाख भएको बताउँछन् ।

## २.१० लेखनमा प्रेरणा र प्रभाव

दामोदर पुडासैनीका बाबु हरिप्रसाद पुडासैनी विभिन्न भाषाका ज्ञाता थिए । साहित्य कला र सङ्गीतमा उनको गहिरो झुकाव र अध्ययनसमेत थियो । आफ्ना सन्ततिहरू साहित्य कलामा लागून् भन्ने ध्येयले उनले छोराछोरीलाई नयाँ-नयाँ सिर्जनाहरू सुनाउने गर्दथे । बुबाकै प्रेरणा स्वरूप दामोदरले पनि साहित्यिक लेखन आरम्भ गरेको बताउँछन् । उनी जन्मेको स्थान जीतपुर फेदीको प्राकृतिक अनुपम छटा र सौन्दर्यशाली दृश्य, वन जङ्गल र सोझा गाउँलेहरूको असल व्यवहार आदिबाट पनि आफूलाई साहित्यमा लाग्ने प्रेरणा प्राप्त भएको बताएका छन् । दुई दाजुहरू घनश्याम पुडासैनी र श्रीहरि पुडासैनीको साहित्यिक प्रेरणालाई पनि उनले सम्झिइरहन्छन् ।

दामोदर पुडासैनी अरू सबैका कृति र सिर्जनाहरूको अध्ययन गर्ने तर सिर्जनामा मौलिकपन हुनुपर्छ भन्ने मान्यता राख्ने साहित्यकार हुन् । उनी अरूको छायाँमा लेख्न रुचाउँदैनन् । अरूले बनाएको बाटोमा डोरिन नचाहने पुडासैनी बेग्लै बाटो र पाटो बनाई अघि बढ्नुपर्दछ भन्ने मान्यता राख्दछन् ।

## २.११ लेखन आरम्भ र सिर्जनाकर्म

दामोदर पुडासैनी 'किशोर'ले सानो उमेरदेखि नै लेखनारम्भ गरेको देखिन्छ । उनले सात वर्षको उमेरमा 'वसन्त' (२०२६ तिर) शीर्षकको कविता लेखेर आफ्नो सिर्जनायात्रा सुरु गरेका हुन् । वि.सं. २०२६/२७ सालदेखि नै उनका कविता, कथा, निबन्धहरू रेडियो नेपालको बालकार्यक्रमबाट प्रसार हुँदै आएका देखिन्छन् ।

सात वर्षको उमेरमा 'बसन्त' शीर्षकको कविता लेखी अघि बढेका दामोदर पुडासैनी 'किशोर' वि. स. २०३४ सालमा 'जनजागृति' पत्रिकामा 'शहीद' शीर्षकको कविता प्रकाशित भएपछि मात्र नेपाली साहित्यमा सार्वजनिक रूपमा देखा परेका हुन् । यही 'शहीद' कविता नै उनको प्रथम प्रकाशित रचना हो । रेडियो नेपालको ग्रामीण कार्यक्रम, साहित्य संसार, युवा कार्यक्रम, महिला कार्यक्रम, विदेशमा बस्ने नेपालीहरूका लागि कार्यक्रम, रेडियो मस्को, विभिन्न पत्रपत्रिका आदिमा उनका कविता, गीत, कथा निबन्ध प्रकाशित र प्रसारित हुँदै आएको देखिन्छ ।

पुडासैनीको हालसम्मको सिर्जनाकार्य हेर्दा उनको कलम नेपाली साहित्यका बहुविधामा चलेको देखिन्छ । कविता, निबन्ध, गजल, कथा हाइकु जस्ता विधाहरू उनका प्रिय रहेका छन् ।

दामोदर पुडासैनीले वि. स. २०६० सालदेखि नेपालमा तरङ्गीय साहित्य (इ-लिटरेचर) को प्रचलन सुरु गरेको बताउँछन् । नेपालमा मोवाइल भित्रिएपछि उनले मोवाइलमार्फत् साहित्य प्रक्षेपण काम गरिरहेका छन् । यस अर्थमा दामोदरलाई नेपाली साहित्यमा तरङ्गीय साहित्यका प्रवर्तकको रूपमा लिइन्छ । मोवाइल फोन मै देशभरका साहित्यकारहरूका रचनाहरू भेला गराई वि.सं. २०६३ असोज ९ गते र वि.सं. २०६४ असोज ९ गते मोवाइल साहित्य गोष्ठी पनि सञ्चालन गरिसकेको बताउँछन् ।

## २.१२ मान, सम्मान र पुरस्कार

दामोदर पुडासैनीले विद्यार्थी जीवनदेखि नै विभिन्न पुरस्कारहरू प्राप्त गर्दै आएका छन् । विद्यालयमा हुने अतिरिक्त क्रियाकलापहरूमा सधैँ भागलिने गरेको र खाली हात फर्कनु नपरेको अनुभव उनी सुनाउँछन् । सात वर्षको उमेरदेखि कविता लेख्न सुरु गरेका उनले हालसम्म पनि आफ्नो साहित्यिक लेखनलाई अनवरत रूपमा अगाडि बढाइरहेका छन् । सरकारी सेवामा सेवारत भए पनि आफ्नो साहित्यिक सेवा र लेखनलाई जीवनको अभिन्न अङ्ग मान्ने दामोदर पुडासैनीको सहित्यिक योगदानको कदर गर्दै विभिन्न संघ -संस्थाले मान, पदवी तथा पुरस्कारद्वारा उनलाई सम्मानित गरेका छन् जसको विवरण यस प्रकार छ

क) जीतपुर फेदी गा.वि.स. काठमाडौंबाट प्रशंसा पत्र

ख) ग्रामसेवा मा.वि.मा. टोपी चोर खेलमा द्वितीय प्रमाण पत्र २०३२/३/९

ग) महालेखा परीक्षकको अठचालीसौं, र उनन्पचासौं वार्षिकोत्सवमा आयोजित कवि गोष्ठीमा सहभागी प्रमाणत्र २०६३/६४

घ) जनपद सेवा पदक, वि.सं. २०५३

ङ) गद्धी आरोहण रजत महोत्सव पदक, वि.सं. २०५३

च) हाम्रो मझेरी राष्ट्रिय सम्मान, २०६३

छ) सिम्पल आर्टस् सम्मान, (नयाँ बानेश्वरः २०६३)

ज) तन्नेरी प्रतिभा सम्मान (तन्नेरी प्रकाशन काठमाडौंः २०६३)

झ) राष्ट्रिय नागरिक समाज स्वर्ण सम्मान (राष्ट्रिय नागरिक समाज नेपालः २०६४)

ञ) साहित्य प्रतिभा सम्मानः २०६४

ट) भूपि स्मृति थाक पुस्तकालय प्रशंसापत्र, २०६४

ठ) म्याग्दी पुस्तकालय प्रशंसापत्र, २०६४

यसरी दामोदर पुडासैनी'किशोर' नेपाली साहित्य सेवामा तीनदशकभन्दा अगाडिदेखि साधनारत सशक्त प्रतिभा हुन् । स्वदेश तथा विदेश जहाँ रहे पनि साहित्यिक सेवामा अटुट रूपमा लागिरहने पुडासैनी नेपाली साहित्यको समृद्धिकोलागि निरन्तर क्रियाशील रहँदै आएका छन् ।

## २.१३ जीवनका स्मरणीय विशेष घटनाक्रम

जिन्दगीलाई सुख र दुःखको सङ्गम भनिन्छ । जीवनमा सुख र दुःखका घटनाहरू घुमिरहनु स्वाभाविक हो । जुनसुकै व्यक्तिको जीवनमा सुख र दुःख बराबर आइरहन्छन् । दामोदर पुडासैनीको जीवनमा पनि केही यस्ता घटनाहरू रहेका छन् जसलाई उनी विशेष रूपमा सम्झिइरहन्छन् । यस्ता घटनाहरूलाई यसरी लिन सकिन्छ-

मेहनतपछि प्राप्त गरेका सफलतालाई विशिष्ट घटनाक्रमका रूपमा मान्ने दामोदर पुडासैनीले विद्यालयमा पढ्दा प्रथम तथा द्वितीय स्थान हासिल गरी प्रमाणपत्र प्राप्त गर्दा, जागिरका क्रममा क्रमशः विभिन्न पदको लागि दिइएको परीक्षामा सफल हुँदा स्वदेश तथा विदेशका विभिन्न क्षेत्रमा भ्रमण गर्दाका रमणीय परिवेशलाई विशेष घटनाक्रमका रूपमा लिएका छन् ।

मातापिता, दाजु, दिदीहरूबाट सदैव माया स्नेह पाइरहनु, पार्वती ढकालसँगको विवाह, छोराछोरीको जन्म आदिले पनि जीवनका मोड-मोडमा सकारात्मक असर गरेको बताउँछन् ।

वि.सं. २०५७ सालमा आमा एक्कासि बेहोस भई नौ दिनसम्म बेहोस अवस्थामानै रहेको र शिक्षण अस्पतालको डाक्टरले बाँच्ने आसा छैन भने पनि टाउकोको ऐक्स-रे गर्ने क्रममा आमाले "बाबु" भनेर बोलाउनु भएको क्षणमा जीवनको सबैभन्दा खुशीको अनुभूति भएको कुरा पुडासैनी आफैले बताएका छन् ।

वि.सं. २०५८ सालमा जापानबाट स्वदेश फर्कंदा बाबु हरिप्रसाद पुडासैनीको स्वर्गारोहण भएको ६ दिन भइसकेको खबर काठमाडौं आएपछि थाहा पाउँदा जिन्दगीमाथि नरमाइलो बज्रपात भएको अनुभूति व्यक्त गरेका छन् ।

वि.सं. २०६१ असारमा महालेखा परीक्षकको कार्यालयको वार्षिक उत्सवको उपलक्ष्यमा कार्यालयले अघिल्लो दिन ६ महिनाको तलब बराबरको पुरस्कार र सम्मान पत्र दामोदर पुडासैनीलाई प्रदान गरिने निर्णय भयो धेरैतिरबाट बधाइ पनि प्राप्त भयो भोलिपल्ट उनलाई प्रदान गर्ने पुरस्कारको चेक र प्रशंसापत्र च्याति अरूलाई नै प्रदान गरिएको क्षणलाई जीवनको दु:खपूर्ण क्षणको रूपमा लिंदै दु:ख प्रकट गरेका छन् ।

महालेखा परीक्षकको कार्यालयमा आफ्नै पहलमा वि.सं. २०६३ देखि कविता महोत्सव मनाउन थालिएकोमा खुशी भए पनि वि.सं. २०६४ को कविता महोत्सवमा आफूले लेखेको 'बबरमहल' शीर्षकको कवितामा निहित भावकै कारणले निरङ्कुशता र भ्रष्टाचारपूर्ण कार्यालयमा ठूलो उथल पुथल ल्यायो । त्यसैको परिणाम स्वरूप वि.सं २०६५ मा महालेखामा आयोजित कविता कार्यक्रममा कार्यालय बाहिरका कविहरूलाई प्रतिबन्ध लगाईयो । त्यतिमात्र होइन कविहरूलाई, स्वतन्त्रता नभई तोकिएको विषयमामात्र कविता लेख्नुपर्छ भन्दै आफूलाई उक्त समितिमा नराख्ने निर्णय गरिएको क्षणलाई उनी दु:खपूर्ण रूपमा सम्झिइरहन्छन् ।

यसरी दु:ख र सुखपूर्ण क्षणलाई काखी च्याप्दै अगाडि बढिरहेका दामोदर पुडासैनी 'किशोर' दु:खका क्षणहरूलाई सुखमा बदल्दै अघि बढिरहेका छन् । आफूमाथि भएका पक्षपातपूर्ण व्यवहारलाई बेलामौकामा उदाङ्गो रूपमा चित्रण गर्दै आफ्नो साहित्य सिर्जनालाई अघि बढाइरहेको कुरा उनी आफैले बताएका छन् ।

# तेस्रो अध्याय

## दामोदर पुडासैनी 'किशोर'को व्यक्तित्वको अध्ययन

### ३.१ शारीरिक र स्वभावजन्य व्यक्तित्व

कुनै पनि व्यक्तिको व्यक्तित्व भन्नु नै उसको परिचय र वैभव हो । यो व्यक्तिविशेषको निजीपन पनि हो । त्यसैले प्रत्येक व्यक्तिका व्यक्तित्वमा विभिन्नता पाइन्छ । कुनै पनि व्यक्तिको व्यक्तित्वलाई आन्तरिक र बाह्य गरी दुई पक्षबाट हेर्न सकिन्छ । बाह्य वा शारीरिक व्यक्तित्वलाई जो सुकैले पनि झुलुक्क हेर्न सकिन्छ भने आन्तरिक व्यक्तित्व थाहा पाउन उसको स्वभाव र क्रियाकलापसँग परिचित हुनु आवश्यक हुन्छ ।

दामोदर पुडासैनी 'किशोर'को व्यक्तित्वलाई पनि आन्तरिक र बाह्य दुवै कोणबाट हेर्न सकिन्छ । शारीरिक रूपमा उनलाई हेर्दा ५ फिट ६ इन्च उचाई भएको, हृष्टपुष्ट र फूर्तिलो शरीर देखिन्छ । गहुँगोरो वर्ण, केही बाटुलो तर लाम्चिलो अनुहार, बाक्लो तर छोटो केश भएको बान्किलो शिर, चौडा निधार, ओजस्वी अनुहार, मिलेका दन्तलहर झुलुक्क हेर्दा गम्भीर जस्तो देखिए पनि स्वभाव भने फरासिलो रहेको छ । ४६ वर्ष पार गरिसकेका दामोदर पुडासैनीमा अत्यन्त जोश, जाँगर र क्रियाशीलता भेटिन्छ ।

दामोदर पुडासैनी एक निडर, विवेकशील, सचेत, चिन्तनशील र परिपक्व व्यक्तिका रूपमा देखा पर्छन् । बाहिरबाट हेर्दा गम्भीर स्वभावका देखिए पनि उनी अत्यन्त सहयोगी, मिलनसार, स्वाभिमानी र परिश्रमी छन् । उनका दाजु घनश्याम पुडासैनी "उनमा मर्न जा भने पनि जान सक्ने" आज्ञाकारिता रहेको बताउँछन् । उनी कार्यरत महालेखा परीक्षकको कार्यालय बबरमहलका नायव महालेखा परीक्षक खेमप्रसाद दाहालले उनलाई साधारण, समन्वयवादी, आफूमा निहित असल गुण र विचारहरू अरूलाईसमेत सम्प्रेषण गर्नुपर्दछ भन्ने विचार बोकेका इमानदार कर्मचारीका रूपमा लिएका छन् । फुर्सदका समयमा लेख्ने र अध्ययन गर्ने बानी भएका दामोदर पुडासैनी साहित्यिक सिर्जनालाई औधि माया गर्ने बताउँछन् ।

### ३.२ राष्ट्रसेवक व्यक्तित्व

दामोदर पुडासैनीको साहित्येतर व्यक्तित्वमध्येको सबैभन्दा महत्त्वपूर्णव्यक्तित्व राष्ट्रसेवक व्यक्तित्व हो । वि.सं. २०३६ साल असोजदेखि शिक्षा मन्त्रालयको अस्थायी सहलेखापालबाट जागिरे जीवन सुरु गरेका दामोदर पुडासैनी २०३८ साल असार ७ गतेदेखि लोकसेवा आयोगद्वारा लिइएको खरिदार पदको परीक्षा पास गरी स्थायी रूपमा सरकारी सेवामा प्रवेश गरेका हुन् । २०४०, सालमा लेखापरीक्षण अधिक्षक र २०५० सालमा लोकसेवा आयोगबाटै लेखापरीक्षण अधिकारी पदमा नियुक्त भएका पुडासैनी हालसम्म सोही पदमा महालेखा परीक्षकको कार्यालय बबरमहलमा कार्यरत छन् । नेपालको निजामती

प्रशासनका काम, कर्तव्य र अधिकारप्रति पूर्णतः प्रतिबद्ध भई जनता र देशको सेवा गरिरहेका पुडासैनी खरिदारदेखि अधिकृत तहसम्मको र अस्थायीदेखि स्थायीसम्मको प्रशासकीय जिम्मेवारी सफलतापूर्वक वहन गरेको बताउँछन् ।

नेपालको कर्मचारीतन्त्रमा चाकरी, चाप्लुसी र घूसखोरीको विकराल रोग लागेको परिप्रेक्ष्यमा उनी आफू उदार र उत्तरदायित्वपूर्ण कार्यदक्षता प्रस्तुत गर्दै आफ्नो मातहतका कर्मचारीहरूलाई डर, धम्की र बाध्यताको सिकार नबनाई सरल, नम्र, सहयोगी र समन्वयात्मक अवधारणाबाट संस्थागत सहकारिता गर्न सकिन्छ भन्ने मूल सिद्धान्तमा विश्वास राख्ने बताउँछन् । कर्मचारी प्रशासनलाई विकृतिको सञ्जाल मान्ने उनले नेपालको विद्यमान कर्मचारी प्रशासनतन्त्रसँग असन्तुष्टि व्यक्त गर्दछन् । आफूले देखेभोगेका विकृति -विसङ्गतिप्रति विद्रोह गर्न पनि नडराउने पुडासैनीको राष्ट्रसेवक व्यक्तित्व समयानुकूल, कुशल, प्रभावशाली, व्यावहारिक, उत्तरदायित्वपूर्ण र सक्षम रहेको छ ।

## ३.३ सामाजिक व्यक्तित्व

मानिस सामाजिक प्राणी भएकाले उसको समाजसँग घनिष्ठ सम्बन्ध रहेको हुन्छ । त्यसैले गर्दा उसले गर्ने हरेक क्रियाकलाप समाजसँग सम्बन्धित रहेका हुन्छन् ।

सानैदेखि बाबुको प्रेरणाबाट दुःखी, गरीबहरूको सेवा गर्नतर्फ लागेको बताउने दामोदर पुडासैनीले सामाजिक क्षेत्रमा संलग्न भएर व्यक्तिगत तथा सामूहिक रूपमा सामाजिक विकास कार्यमा सक्रियता देखाएका छन् ।

साहित्यका अतिरिक्त सामाजिक कार्यमा पनि उत्तिकै दत्तचित्त भई संलग्न रहेका पुडासैनी विभिन्न सामाजिक संघ-संस्थासँग आबद्ध रहेका छन् । राष्ट्रसेवक जस्तो महत्त्वपूर्ण जिम्मेवारी सम्हाल्दै देश र जनताको सेवामा समर्पित पुडासैनीको साहित्य सिर्जनाले पनि समाजलाई ठूलो योगदान पुर्‍याइरहेको छ । समाजमा परिआएका हरेक कार्यहरूमा सक्रिय रूपमा सहभागी बन्दै आएका दामोदर पुडासैनी ‘किशोर’ हालसम्म मुख्यतःनिम्नलिखित संघ-संस्थासँग आबद्ध रहेका छन् :

१. सल्लाहकार, एकता परिवार, ग्वँगःबुँ
२. सल्लाहकार, ग्वँगःबुँ बसपार्क वातावरणीय सुधार संस्था
३. सल्लाहकार, रामघाट युवाक्लव
४. सल्लाहकार, जनज्योति पुस्तकालय

## ३.४ संस्थागत तथा व्यवस्थापकीय व्यक्तित्व

दामोदर पुडासैनीको साहित्येतर व्यक्तित्वको अर्को प्रमुख पाटो संस्थागत तथा व्यवस्थापकीय व्यक्तित्व पनि हो । देशको पूर्वदेखि पश्चिमसम्मका विभिन्न संघ-संस्थाहरूमा संरक्षक, सल्लाहकार,

कार्यकारी सदस्य आदिको रूपमा कार्यगरी आफ्नो कुशलता प्रदर्शन गर्ने पुडासैनी पदमा मात्र नबसी तत् तत् स्थानहरूमा स्थलगत रूपमै पुगी साहित्यिक क्रियाकलापहरूमा सक्रिय सहभागिता जनाइरहेका खबर बेला-बेलामा पत्रपत्रिका, रेडियो र टेलिभिजनबाट जानकारी भइरहेको छ ।

देशका विभिन्न साहित्यिक संस्थाका साहित्यकारहरूसँग अन्तरक्रिया, उनीहरूको संस्थालाई पुस्तक तथा अन्य सहयोग जुटाइरहने, भूमिका देखिदिने र प्रकाशनमासमेत सहयोग गरिदिने स्वभावले दामोदर पुडासैनी 'किशोर'को संस्थागत र व्यवस्थापकीय व्यक्तित्व सशक्त बन्न पुगेको छ ।

यसरी संस्थागत तथा व्यवस्थापन कार्यमा सक्रिय रहँदै आएका पुडासैनी हालसम्म निम्नलिखित संस्थाहरूसँग सम्बद्ध रहेका छन्:

१. संस्थापक तथा संरक्षक, दामोदर पुडासैनी प्रतिभा पुरस्कार कोष
२. संरक्षक, हाम्रो मझेरी साहित्यिक प्रतिष्ठान, भरतपुर, चितवन
३. संरक्षक, जनमत साहित्यिक पत्रिका, बनेपा, काभ्रेपलाञ्चोक
४. संरक्षक, गुराँस साहित्यिक पत्रिका, बाग्लुङ्ग
५. संरक्षक, वनिता त्रैमासिक, विराटनगर
६. संरक्षक, कैलाश साहित्यिक पत्रिका, खोलेसिमल, चितवन
७. संरक्षक, सिन्धुली साहित्य प्रतिष्ठान, सिन्धुली
८. वरिष्ठ सल्लाहकार, हाम्रो मझेरी राष्ट्रिय साहित्यिक पत्रिका, चितवन
९. वरिष्ठ सल्लाहकार, प्रभात सिर्जना पत्रिका, चितवन
१०. सल्लाहकार, साहित्य सम्बर्द्धन केन्द्रीय समिति, सुदूर पश्चिमाञ्चल, धनगढी, कैलाली,
११. सल्लाहकार, तन्नेरी द्वैमासिक साहित्यिक पत्रिका, काठमाडौं
१२. सल्लाहकार, चैतन्य ज्योति, साहित्यिक पत्रिका, नयाँ बानेश्वर
१३. महासचिव, शिवपुरी साहित्य समाज काठमाडौं
१४. कार्यकारी सदस्य, उपन्यास समाज नेपाल
१५. प्रधान सम्पादक, सहकार्य स्मारिका, सामुदायिक प्रहरी ग्वँग:बुँ

यसरी लगभग डेढ दर्जन जति संघ-संस्थासँग सम्बद्ध भई आएका दामोदर पुडासैनीको संस्थागत तथा व्यवस्थापकीय व्यक्तित्व निकै सशक्त रूपमा अघि बढिरहेको छ ।

## ३.५ पुरस्कार संस्थापक व्यक्तित्व

राष्ट्रको सर्वाङ्गीण विकासका लागि साहित्यिक संरक्षण, सम्बर्द्धन गर्ने, नेपाली वाङमयका क्षेत्रमा उत्कृष्ट योगदान पुर्‍याउने, वरिष्ठ वाङमय सेवीहरूलाई सम्मान तथा पुरस्कार प्रदान गर्ने, भाषा, साहित्य

कला, सङ्गीत, शिक्षा र संस्कृति सम्बन्धी उत्कृष्ट कृतिहरू प्रकाशन गर्ने जस्ता पवित्र उद्देश्य लिएर वि.सं. २०६३ साल असार २५ गते आफ्नै नाउँबाट दामोदर पुडासैनी प्रतिभा पुरस्कार कोषको स्थापना गरेका हुन् । हाल यस पुरस्कार कोषका अध्यक्षमा चितवनका साहित्यकार पुष्प अधिकारी अञ्जलि रहेका छन् । यसरी आफ्नै नामबाट साहित्यिक र सामाजिक क्षेत्रको समुन्नतिका लागि पुडासैनीको उल्लेख्य योगदान देखिन्छ ।

दामोदर पुडासैनी प्रतिभा पुरस्कार कोषले नेपाली भाषा र साहित्यमा क्षेत्रमा विशिष्ट योगदान पुऱ्याउने वरिष्ठ साहित्यकारलाई हरेक वर्ष सम्मान तथा पुरस्कार वितरण गर्ने उद्देश्यले रु.२५,०००/- राशिको अक्षयकोष स्थापना गरेको छ तर संरक्षकले हरेक वर्ष सो कोषभन्दा अलगै रकम व्यवस्था गरी पुरस्कार र सम्मान प्रदान गर्दै आएका छन् । यस अनुसार स्रष्टा सम्मानमा प्रमाणपत्र, दोसल्ला र माला पहिऱ्याइन्छ भने पुरस्कृत स्रष्टाहरूलाई यी सबैको अतिरिक्त रु. ५००१/- नगदसमेत प्रदान गरिन्छ ।

यसरी दामोदर पुडासैनी प्रतिभा पुरस्कार कोषले हालसम्म पुरस्कार र सम्मान प्रदान गरेका स्रष्टाहरूको विवरण तल दिए वमोजिम छः-

वि.सं. २०६४ सम्मान

१. भवानी घिमिरे (काठमाडौं)
२. बद्रीबहादुर कार्की (दोलखा)
३. गंगा सुवेदी (मोरङ्ग)
४. कृष्णा देवी शर्मा श्रेष्ठ (नवलपरासी)

पुरस्कार

क) वियोगी बुढाथोकी (काठमाडौं)
ख) सिर्जन अविरल (चितवन)

वि.सं. २०६५ सम्मान

१. राजेन्द्र थापा (काठमाडौं)
२. गोवर्द्धन पूजा (चितवन)

वि.सं. २०६५ पुरस्कार

इन्द्रकुमार विकल्प (पर्वत)

यसैगरी यस दामोदर पुडासैनी प्रतिभा पुरस्कार कोषले पुस्तक प्रकाशनको कार्य पनि गर्दै आएको छ । यस पुरस्कार कोषद्वारा प्रकाशित कृति यसप्रकार छन् :

१. लुमडी आचार्यः 'केही स्रष्टा केही सिर्जना' समीक्षासङ्ग्रह( २०६४)
२. बद्रीबहादुर कार्की, 'आकृतिका आवाजहरू' कवितासङ्ग्रह (२०६४)

३. बद्रीबहादुर कार्की, 'आवाजका आकृतिहरू' (२०६५)

४. बद्रीबहादुर कार्की, 'उकुसमुकुस मनहरू' कवितासङ्ग्रह (२०६५)

आफ्नै नाउँद्वारा पुरस्कार कोषको स्थापना गरी नेपाली भाषा, साहित्य, कला, सङ्गीत र शिक्षाको क्षेत्रमा दामोदर पुडासैनीले निरन्तर रूपमा योगदान दिइरहेका छन् । यसरी हेर्दा उनको पुरस्कार संस्थापक व्यक्तित्व पनि सशक्त देखा परेको छ ।

## ३.६ पारिवारिक भूमिकाजन्य व्यक्तित्व

परिवारमा कान्छो छोराका रूपमा जन्म लिएका दामोदर पुडासैनी 'किशोर'का दुवै आमा तर्फबाट हेर्दा पाँच दिदी र तीन दाजुका साथै एक बहिनी पनि रहेकी छन् । कान्छो छोरा भएकाले बाबु-आमा र दिदी दाजुहरूको स्नेहपूर्ण मायालु वातावरणमा नै उनको बाल्यकाल बितेको थियो । यस्तो वातावरणमा हुर्केका पुडासैनी सानैदेखि इमानदार, कर्तव्यनिष्ठ, आज्ञाकारी, परिश्रमी, लगनशील, मिलनसार, सरसफाइप्रति ध्यान दिने एकान्तप्रेमी भएको कुरा उनका दाजुहरू घनश्याम पुडासैनी र श्रीहरि पुडासैनीले बताएका छन् ।

आफ्ना सन्तान र दाजुहरूका सन्तानबीच कुनै फरक व्यवहार नगर्ने दामोदर पुडासैनी छोराहरूसँग मित्रवत् व्यवहार गर्दछन् भन्ने कुराको जानकारी उनका दाजुहरूलेनै दिएका छन् । यसरी दाजुको अभिभावकत्वमा रहेर अघि बढेका पुडासैनी हालसम्म पनि दाजुहरूको अभिभावकत्व स्वीकार गरिरहेकोमा दाजुहरू घनश्याम पुडासैनी र श्रीहरि पुडासैनी उनीप्रति खुशी व्यक्त गर्दछन् । कोमल हृदय भएका आत्मीय र जस्तोसुकै सुख-दुःखमा पनि यथोचित साथ दिने दामोदर पुडासैनी जस्तो मान्छे पति पाउँदा आफू भाग्यमानी रहेको कुरा श्रीमती पार्वती पुडासैनीले बताएकी छिन् ।

यसरी हेर्दा मातापिताका असल पुत्र, दाजुहरूका आज्ञाकारी भाइ, श्रीमतीको असल पति तथा छोराछोरीका असल अभिभावक पुडासैनी साथीहरूबीच पनि लोकप्रिय रहेका छन् । यसबाट के बुझिन्छ भने उनले पारिवारिक भूमिका र अभिभावकको दायित्वलाई सफलतापूर्वक निर्वाह गरेका छन् ।

## ३.७ साहित्यिक व्यक्तित्व

दामोदर पुडासैनीको व्यक्तित्वका विविध पाटाहरूमध्ये साहित्यिक व्यक्तित्व नै महत्त्वपूर्ण पाटो हो । उनी आफू साहित्यकार हुनुमा आफ्नो पारिवारिक वातावरण र विशेष गरी बाबुको प्रेरणा र प्रोत्साहन साथै आफ्नै जन्मस्थान जीतपुर फेदीको प्राकृतिक रमणीयताले मुख्य भूमिका खेलेको बताउँछन् ।

दामोदर पुडासैनी 'किशोर' विशेष गरी कविकै रूपमा परिचित छन् तर पनि उनको साहित्यिक यात्रा कवितामा मात्र सीमित छैन । उनले साहित्यका बहुविधा जस्तै कविता, गजल, कथा, नियात्रा,

मुक्तक, हाइकु, गीतमा कलम चलाएका छन् । उनले सर्वप्रथम सिर्जना गरेको कविता 'वसन्त' शीर्षकको भए पनि यो हालसम्म अप्रकाशित अवस्थामा नै रहेको छ भन्ने कुरा शोधनायकबाट जानकारी भएको छ ।

दामोदर पुडासैनीको साहित्यिक व्यक्तित्वका पनि अनेक पाटाहरू भएकाले तिनको अध्ययन बेग्ला-बेग्लै उपशीर्षकमा गर्नु उपयुक्त देखिन्छ ।

### ३.७.१ कवि व्यक्तित्व

वि.सं.२०३४ सालको 'जनजागृति' पत्रिकामा 'शहीद' शीर्षकको कविता प्रकाशित गरी नेपाली साहित्यमा कविका रूपमा सार्वजनिक भएका कवि 'किशोर'को कवित्वलाई स्पष्ट पार्ने प्रतिनिधि कवितासङ्ग्रहहरू **'आफन्तका अनुहारहरू'** (२०४९) **'आँखाको खोजीमा'** (२०६२), **'आकारको खोजीमा'** र **'आलोकित आयाम'** (२०६३) गरी चार कृति प्रकाशित छन् ।

२०४०, को दशकमा उदाएका सचेत मानवीय उद्‌बोधन र राष्ट्रबोधका भावनाले ओतप्रोत भएका युवाकवि 'किशोर'का कवितामा देश र खासगरी निम्न-मध्यमवर्गीय जीवन स्तरको यथार्थिक भाव पीडामा अभिव्यक्त भएका छन् । अभाव, सामाजिक, भौगोलिक, आर्थिक मानसिक अनेक पीडाहरू भोगिरहेका निम्न-मध्यमवर्गको समान स्वर समेटेर कवि किशोरका कविता रचिएका छन् (प्रधान, २०५३:६९) ।

कवि 'किशोर' कवितामा युगचेतना, समाजचेतना र जीवनचेतना प्रभावपूर्ण रूपमा अभिव्यक्ति दिने कवि हुन् । उनले कवितामा मानवीय संवेदना र समकालीन चेतनाको अझै बढी अभिव्यक्ति दिएका छन् । वर्तमान समयको सङ्गतिहीनता, हत्या, आतङ्क, सन्त्रास, युगीन विडम्बना, प्रजातान्त्रिक चेतना, मानवीय मूल्यहीनता, अन्याय अत्याचार, शोषण आदिको जीवन्त र प्रभावपूर्ण चित्रण यिनका कवितामा भेट्न सकिन्छ (गौतम, २०६३: ८०) ।

स्वतन्त्रताको वकालत गरी लेखिएका उनका कवितामा पारिवारिक विघटन नहोस् भन्ने सद्‌भावना पनि रहेको छ । कवयित्रीहरूको विवशता र युवकका महत्त्वाकांक्षालाई मुखर गरी लेखिएका उनका कवितामा राष्ट्र निर्माण वा समाज उत्थानको लागि समर्पित हुन आव्हान गरिएको छ । (भट्टराई, २०५०: ख) ।

नेपाली साहित्यमा विदेशी विषय र परिवेशले महत्त्वपूर्ण खण्ड ओगटेको वर्तमान परिस्थितिमा नियात्रा र यात्रा संस्मरणमा मात्र भेटिइने विदेशी जन-जीवनलाई कृतिगत रूपमै काव्यात्मक अभिव्यक्ति दिने काम कवि पुडासैनीले गरेका छन् । उनका यस्ता खाले कविता विदेशी भूमिमा नै रहेर तत्कालै लेखिएका छन् जसले गर्दा ती मौलिक पनि छन् (मधिकर्मी, २०६४:४३) ।

कवि पुडासैनी आफ्ना कतिपय कवितामा नेपालको दुर्गम र विकट क्षेत्रका जन-जीवन, निरीहता भित्रको बचाई, गरिबी, दूर्दशा, द्वन्द्वको चपेटामा परेर विथोलिएको मानवीय संवेदनालाई काव्यात्मक रूपमा प्रस्तुति दिएका छन् । यसरी हेर्दा उनका कवितामा स्थानीयताको रङ्ग पनि भेटिन्छ त्यसैले कवि पुडासैनीलाई क्षेत्रीय कविको रूपमा पनि लिन सकिन्छ (मधिकर्मी, २०६४: ४४) ।

कवि पुडासैनीका सिर्जना समाजलाई अग्रगतिमा उभ्याउने कार्यमा धाप दिन, जनमानसका सुख दुःखका यथार्थताहरूलाई च्याप्प समातेर जीवन र जगतलाई अँध्यारोबाट उज्यालोतिर उन्मुख हुने मार्ग प्रशस्त गर्न एवम् जस्तोसुकै परिस्थिति र प्रभावलाई टपक्क टिपेर उपयुक्त ढङ्गले प्रक्षेपण गर्न सफल भएका छन् (शीतविन्दु, २०६४: ५३) ।

दामोदर पुडासैनी 'किशोर'का सबै कविताहरू गद्य लयमा लेखिएका छन् तापनि शैलीगत वैशिष्ट्यले गर्दा लयात्मकताको निर्वाह गरेको छ । कवि 'किशोर'ले कविताको फुटनोट दिने तथा सन्दर्भसूची दिने प्रयोगसमेत आफ्ना कविताहरूमा गरेका छन् ।

दामोदर पुडासैनी 'किशोर' कविताका अन्य उपविधाहरू गजल, मुक्तक र हाइकु लेखनमा पनि उत्तिकै सशक्त रूपमा देखा परेका छन् । आफ्ना मनमा उर्लिएका कोमलदेखि अतिकठोर भावलाई पनि सुक्ष्मता, कोमलता, हार्दिकता र पवित्रता जस्ता गुणहरूले भरिपूर्ण बनाएर गजलमा प्रस्तुत गर्न सकिने हुनाले नै होला यिनी पनि यस विधाबाट अलग हुन सकेका छैनन् ।

गजलकार पुडासैनीका गजलहरू 'पुष्पाञ्जलि', 'आगमन', 'कैलाश', 'प्रहरी' जस्ता पत्रिकाका साथै **गजलयात्रा, गजलदीप** जस्ता राष्ट्रिय गजलसङ्ग्रहहरूमा प्रकाशित भएका छन् । हालसम्म पनि फुटकर गजलकारकै रूपमा परिचित पुडासैनीको **गजलसङ्ग्रह**१ प्रकाशोन्मुख अवस्थामा रहेको कुरा शोधनायक पुडासैनीले बताएका छन् ।

यिनका गजलहरू रदिफ र काफियाको सुन्दर संयोजनमा निर्मित भएका छन् । उनका गलजहरूमा प्रेम र शृङ्गारिक कुराहरूसँगै समसामयिक राजनीतिक विकृति-विसङ्गति, मान्छेका पीडा व्यथाका साथै देखे-भोगेका कुरालाई विषय बनाइएको छ । यहाँ विभिन्न प्राकृतिक विम्बहरूको सहज प्रयोग भेटिन्छ । गजलकार पुष्प अधिकारी अञ्जलिका अनुसार यिनका गजलहरूमा राष्ट्रप्रेम, सामाजिक घटनाका साथै प्रेम-प्रणय भावहरू समेटेर जीवन-जगत्का सम्बन्धमा अभिव्यक्ति दिइएको पाइन्छ । यसैगरी यिनका गजल असल मानवीय संस्कार, राजनीतिमा सुधारको चाहना तथा शृङ्गारिक भावमा केन्द्रित रहेका छन् ।

दामोदर पुडासैनी 'किशोर'ले कविता, गजलका साथै मुक्तक लेखनमा पनि आफ्नो कलम दौडाइरहेका छन् । हालसम्म मुक्तकको कुनै सिङ्गो पुस्तकाकार कृति प्रकाशित नभए पनि उनका

मुक्तकहरू 'युगभाका' 'कैलाश', 'त्रिवेणी', 'अन्नपूर्ण पोष्ट', कालीको सुसेलीजस्ता पत्र-पत्रिकाहरूमा प्रकाशित अवस्थामा छरिएर रहेका छन् ।

यसरी फुटकर रूपमै मुक्तक लेखनमा सक्रिय पुडासैनीका मुक्तकमा विविध क्षेत्रका संवेदनशील भावहरू अभिव्यक्त भएका छन् । पुडासैनीले आफ्ना मुक्तकहरूमा कहीं प्रेमिकासँगको गुनासो व्यक्त गरेका छन् त कहीं देशप्रेमको अभिव्यक्ति दिएका छन् । उनका मुक्तकमा राजनीतिक नेताहरूप्रति व्यङ्ग्य पनि रहेको छ साथै देशको परिवर्तित राजनीतिक अवस्थाप्रति सचेत हुनको लागि आग्रह पनि गरिएको छ ।

यसरी उनले कविता, गजल र मुक्तकका साथै हाइकु लेखनमा पनि आफूलाई सक्रिय बनाउँदै आएका छन् । हालसम्म फुटकर हाइकु लेखककै रूपमा परिचय कमाएका पुडासैनीका हाइकुहरू 'अक्षरमाला', 'हेटौंडा सन्देश', 'हाम्रो मझेरी', जस्ता पत्र-पत्रिकाहरूमा प्रकाशित भएका छन् यद्यपि उनको **हाइकुसङ्ग्रह**१ प्रकाशोन्मुख अवस्थामा रहेको कुरा उनी आफैले बताएका छन् ।

बीसौं शताब्दीको सुरुको दशकमा जर्मनीका स्रष्टाहरूले प्रारम्भ गरेको एस.एम.एस काव्य परम्परालाई नेपाली साहित्यमा सर्वप्रथम दामोदर पुडासैनी 'किशोर'ले २०६३ भदौ ९ गतेको मोवाइल कवि गोष्ठी मार्फत् भित्र्याएका छन् (लेकाली, भूमिका २०६४:?) । यसरी वर्तमान समयको व्यस्त मानव समाजलाई थोरै समयमा नै साहित्यिक रसपान गराउन सक्नु पुडासैनीको छुट्टै विशेषता हो । पुडासैनीका विचारमा "हाइकु थोरै समयमा धेरै कुरा बुझ्नुपर्ने, थोरै समयमा अत्यधिक अभिव्यक्ति गर्नुपर्ने वर्तमान परिप्रेक्ष्यमा आगोको एउटा फिलिङ्गो हो ।"

उनका हाइकुमा प्रकृति र जीवनको तादात्म्य पाइन्छ । प्रमुख रूपमा प्रेमको अभिव्यक्ति गरिएका उनका हाइकुमा देशप्रेमका साथै, सामाजिक विकृति-विसङ्गतिमाथि व्यङ्ग्य पनि व्यक्त भएको छ । समालोचक लक्ष्मणप्रसाद गौतमले उनका हाइकुलाई प्रणयपरक विषयका भन्दछन् भने रामदयाल राकेशले विहानै हाइकु पठाएर ब्युँझाउने पुडासैनीले परम्परागत क्रम ५,७,५ लाई निरन्तरता दिए पनि त्यसमा प्राकृतिक विम्बको सुन्दर प्रतिपादन भएको कुरा व्यक्त गर्दै पुडासैनीको मोवाइल हाइकु अभियानलाई गतिशील कदम भन्दै प्रशंसा गरेका छन् ।

यसरी नयाँ-नयाँ प्रयोगमा जुटिरहने पुडासैनीको हाइकु सिर्जन कार्य लेखनमा मात्र सीमित नरही मोवाइलबाट अझै द्रुत गतिमा अघि बढिरहेको छ । कविताका लघुत्तम रूप मुक्तक, हाइकुदेखि लिएर फुटकर रूपसम्मको सिर्जना गरेका कवि पुडासैनीको कवि व्यक्तित्व निकै सशक्त देखा परेको छ । प्रेम, समसामयिक विषयसन्दर्भ यथार्थिक र व्यङ्ग्यात्मक किसिमले प्रस्तुत हुने उनका गजल मुक्तक एवम् हाइकुहरू पनि उनको कवि व्यक्तित्वलाई थप सबलता प्रदान गर्न सक्षम छन् ।

### ३.७.२ कथाकार व्यक्तित्व

दामोदर पुडासैनी 'किशोर' कविका साथै कथाकार पनि हुन् । उनको कलम कथा लेखनका क्षेत्रमा पनि त्यत्तिकै सशक्त देखा पर्दछ। वि.सं. २०३४/३५ सालतिरबाट कथा लेखन कार्य प्रारम्भ गरेका पुडासैनीले आफ्नो पहिलो कथा 'अम्बाको बोट' शीर्षकमा रहेको बताएका छन् । जीवन भोगाइका क्रममा अनुभव गरेका अनुभूतिलाई कथात्मक स्वरूप दिन रुचाउने पुडासैनीले आफ्ना अधिकांश कथाहरू अप्रकाशित रहेको कुरा बताएका छन् ।

लामा कथामाभन्दा छोटा लघुकथामा कलम चलाउने पुडासैनीका कथाहरू नेपालका विभिन्न चर्चित पत्र-पत्रिकाहरूमा फुटकर रूपमा प्रकाशित भएका छन् । त्यस्ता कथाहरू हुन् 'एउटा कथा लेखिनु अघि' (मिर्मिरे, वि.सं.२०४५), 'सुनचरी' (ध्वनि, वि.सं.२०४६), 'निरीक्षण' (मिर्मिरे, वि.सं. २०४८), 'ओत' (जनमत, २०५०) आदि ।

यसरी फुटकर कथाकारका रूपमा परिचित पुडासैनीको हालसम्म कुनै प्रकाशित पुस्तकाकार कथाकृति छैन तर पनि **समानान्तर रेखाहरू** शीर्षकको कथासङ्ग्रह प्रकाशोन्मुख अवस्थामा रहेको कुरा उनकै अभिव्यक्ति एवम् विभिन्न माध्यमबाट जानकारीमा आएको छ ।

दामोदर पुडासैनीका कथाहरूमा समसामयिक परिवेशको चित्रणका साथै समाजको यथार्थ प्रस्तुति पाइन्छ । सामाजिक विकृति-विसङ्गतिप्रति व्यङ्ग्य, नेपालका कर्मचारीमा भेटिने भ्रष्टाचारी प्रवृत्तिको उदाङ्गो चित्रण, इमानदार कर्मचारीमाथिको थिचोमिचो, राजनीतिक परिस्थिति आदि विविध विषयलाई पुडासैनीले आफ्ना कथामा अत्यन्त सुललित र लालित्यपूर्ण भाषाको प्रयोग गरी सटिक अभिव्यक्ति दिएका छन् ।

यसरी दैनिक जीवनमा आफूले देखे-भोगेका घटनाहरूलाई कथात्मक रूप प्रदान गर्न सक्ने पुडासैनीको कथाकार व्यक्तित्व फुटकर रूपमै पनि सशक्त देखा पर्दछ ।

### ३.७.३ निबन्धकार व्यक्तित्व

साहित्यका सबैजसो विधामा कलम चलाउने दामोदर पुडासैनीको अर्को महत्त्वपूर्ण साहित्यिक पाटो नियात्रा निबन्ध लेखन हो । नियात्राकार व्यक्तित्वलाई स्पष्ट पर्ने प्रतिनिधि सङ्ग्रहका रूपमा उनको **यात्राका प्रेमिल तरङ्गहरू** (२०६५) नियात्रासङ्ग्रह प्रकाशित भएको छ साथै **नियात्रासङ्ग्रह**$_{१}$ प्रकाशोन्मुख अवस्थामा रहेको जानकारी शोधनायक पुडासैनीले दिएका छन् ।

पुडासैनीका नियात्रामा आफ्नै कवितासङ्ग्रहहरू **आकारको खोजीमा** र **आलोकित आयाम** लेखनकै सन्दर्भलाई विषयको रूपमा लिइएको छ । आफूले घुमेका युरोप, अमेरिका र एसियाका विभिन्न सुन्दर

सहरहरूका स्थानीय रङ्गको प्रस्तुति गरिएका यी नियात्राहरूमा त्यहाँको सौन्दर्य र भव्यतालाई चित्रण गर्दै त्यसलाई कुनै न कुनै रूपमा आफ्नो देशको सौन्दर्यसँग समन्वय गर्ने काम उनले गरेका छन् ।

पुडासैनीका फुटकर निबन्धहरू 'जनमत', 'विमोचन' 'गरिमा', 'ज्ञानगंगा', 'श्रद्धा' जस्ता पत्र-पत्रिकाहरूमा प्रकाशित भएका छन् । समालोचक गोविन्दराज भट्टराईका अनुसार उनका नियात्रा अमेरिका र युरोपका देशहरूलाई समेटेर मिश्रित संस्कृतिमा उत्सुकता जगाउने खालका इमानदारी साथ साहित्यिक शैलीमा प्रस्तुत भएका छन् ।

यसरी दामोदर पुडासैनी 'किशोर'को यात्रानिबन्ध लेखनले उनलाई निबन्धकार व्यक्तित्वका रूपमा चिनाएको छ । आफ्नो साहित्यिकयात्रामा विभिन्न देशका परिवेशलाई समेटेर यात्रात्मक अनुभूति प्रस्तुत गर्ने पुडासैनीको व्यक्तित्वका विभिन्न पटाहरूमध्ये नियात्राकार व्यक्तित्व पनि एक महत्त्वपूर्णव्यक्तित्वका रूपमा देखिएको छ ।

### ३.७.४ भूमिका लेखक व्यक्तित्व

एउटा सफल लेखक बन्नुभन्दा एउटा सफल भूमिकाकार बन्नु कठिन काम हो भन्ने भनाई पाइन्छ । एउटा सफल भूमिका लेखकमा राम्रोसँग अध्ययन गर्ने, गहिराईमा पुगेर चिन्तन - मनन गर्ने र राजहाँसभैं निष्पक्ष ढङ्गबाट अभिव्यक्ति दिने क्षमता हुनुपर्दछ भन्ने मान्यता छ । साहित्यकार दामोदर पुडासैनी 'किशोर' पनि आफ्नो भूमिका लेखक व्यक्तित्वमा उल्लेखित पक्षलाई अझै उज्यालो ढङ्गले अघि बढाइरहेका पाइन्छन् । उनले लेखेका भूमिकामा कृतिगत चर्चामात्र नभई त्यससम्बन्धमा समकालीन विश्वजनित सिर्जनाहरू, समकालीन अन्य कृतिहरू र उनका ठोस तर्कहरूसमेत समेटिएका छन् । उनले हालसम्म लेखेका भूमिका संलग्न रहेका कृतिहरूको सङ्ख्या हेर्दा एक दर्जनभन्दा बढी देखिन्छ । त्यस्ता लेखक र कृतिहरू यस प्रकार छन् :

१. नीला तुलाचनको 'नारी जागृति' कवितासङ्ग्रह (वि.सं.२०५५)
२. पुष्प अधिकारी अञ्जलिको 'मनमित्रको मन' गजलसङ्ग्रह (वि.सं. २०६२)
३. पुष्प अधिकारी अञ्जलिको 'एक अञ्जुली घाम' मुक्तकसङ्ग्रह (वि.सं. २०६३)
४. दुर्गाबहादुर शाह बाबाको 'समयले कोरेका रेखाहरू' (वि.सं.२०६३)
५. नीला तुलाचनको 'थकाली व्याकरण' (वि.सं.२०६३)
६. स्व. पार्वती श्रेष्ठको 'अधुरो जीवनको अमूल्य पाइला' कवितासङ्ग्रह (वि.सं. २०६३)
७. पुष्प अधिकारी 'अञ्जलिको स्वप्निल नयन' गजलसङ्ग्रह (वि.सं. २०६४)
८. पुष्पलता आर्चायको 'जयन्ती नियोग बैंक', उपन्यास (वि.सं.२०६४)
९. लुमडी आचार्यको 'केही स्रष्टा केही सिर्जना' समीक्षासङ्ग्रह (वि.सं.२०६४)
१०. माधव निर्दोष (सम्पा.) पत्रसन्देश (पत्रसङ्ग्रह वि.सं.२०६४)

११. बद्रीबहादुर कार्कीको 'मानव ज्ञान र असल व्यवहार' (वि.सं.२०६४)

१२. बद्रीबहादुर कार्कीको 'आकृतिका आवाजहरू' कवितासङ्ग्रह (वि.सं. २०६४)

१३. सात लेखकको 'सप्तरङ्गी फूलहरू' मुक्तकसङ्ग्रह (वि.सं.२०६४)

१४. दिनेश विक्रम थापाको 'समय रक्तस्नान गरिरहेछ कवितासङ्ग्रह (वि.सं.२०६४)

१५. युवराज सफलको 'छताछुल्ल मनका व्याथाहरू' खण्डकाव्य (वि.सं.. २०६५)

१६. सिन्धुलीका सुसेलीहरू गीतिसङ्ग्रह (वि.सं. २०६५)

माथि उल्लेखित कृतिहरूका सम्बन्धमा दामोदर पुडासैनी 'किशोर'ले भूमिका लेखनको क्रममा आफूमा निहित सैद्धान्तिक ज्ञान, अनुभव र प्रतिभाको प्रयोग गरी क्रमशः यसरी भूमिका लेखनलाई अघि बढाएका छन् ।

'नारी जागृति' नामक कवितासङ्ग्रहको भूमिकामा पुडासैनीले १२ वर्षको कलिलो उमेरदेखि नै समाजसेवामा अग्रसर नीला तुलाचनका कविताहरूमा गाउँ -गाउँमा व्याप्त गरिबीको चित्रण, नारीहरूको उत्पीडन, दूषित वातावरणको चिन्ता र भ्रष्ट नेताहरू माथिको तीखो व्यङ्ग्य व्यक्त भएको बताएका छन् ।

'मनभित्रको मन' गजलसङ्ग्रहभित्रका सम्पूर्ण गजलहरू शास्त्रीय मान्यतानुसार लेखिएका र तिनमा प्रेम, सामाजिक, राजनीतिक, सांस्कृतिक विसङ्गतिप्रतिको व्यङ्ग्यपूर्ण अभिव्यक्तिलाई सरल सरस श्रतिमाधुर्यपूर्ण, गेयगुणयुक्त, विविधताले ओतप्रोत गराई प्रस्तुति दिएका छन् भन्दै पुडासैनीले प्रशंसा गरेका छन् ।

'एक अञ्जुली घाम' मा अञ्जलिलाई सरलता, सहजता र उचित विम्बको छनोट गर्ने एक स्रष्टाका रूपमा लिँदै उक्त सङ्ग्रहलाई समयको एउटा बकपत्र मानेका छन् ।

'समयले कोरेका रेखाहरू' विविध रचनाहरूको सङ्ग्रहमा सङ्कलित लेख दर्शनपूर्ण, नियात्रामूलक यथार्थपरक रहेका छन् भन्दै तिनमा व्यङ्ग्यपूर्ण शैलीको प्रयोग गरिएको बताएका छन् ।

थकाली व्याकरणमा पुडासैनीले तुलाचनलाई रीष्ट्रिय भाषालाई जोगाउने एक सफल प्रयास गरेकोमा शुमकामना व्यक्त गरेका छन् ।

'अधुरो जीवनको अमूल्य पाइला' कवितासङ्ग्रहका कवितामा सहरी जीवनप्रति अवाकपन, ग्रामीण जीवनप्रतिको सरलता साथै जीवनका अन्य यथार्थ भोगाइलाई विषयको रूपमा लिएको देखिन्छ भन्दै यिनै कविताका आधारमा पार्वतीलाई अनेक उपमाले सम्बोधन गरेका छन् ।

‘स्वप्निल नयन’ गजलसङ्ग्रहमा अञ्जलिलाई आँखाको पहिचान गरी संसारलाई स्पष्ट नियाल्दै संसारलाई नै सुकिलो बाटोमा हिंडाउने कवि भनेका छन्

‘जयन्ती नियोग बैंक’ उपन्यासलाई नेपाली साहित्याकाशको नौलो शैली, शिल्प र विषयमा प्रस्तुत सफल उपन्यासका रूपमा लिएका छन् ।

‘केही स्रष्टा, केही सिर्जना’ साहित्य-समीक्षासङ्ग्रहमा आचार्यलाई पुडासैनीले सिर्जना र स्रष्टाप्रतिको सचेततालाई धेरैभन्दा धेरै आत्मसात गरी समीक्षा लेखनमा सिर्जनामात्र नभई स्रष्टाको परिवेश र परिस्थितिलाईसमेत सन्दर्भ मिलाएर छर्लङ्ग बनाउने एक कुशल समीक्षकका रूपमा लिएका छन् ।

पत्र सन्देश सम्पादित कृतिमा एक स्रष्टा (कपिल अज्ञात) ले अर्की स्रष्टा (पुष्पलता आचार्य) लाई लेखेका पत्रहरू रहेका छन् । यसको भूमिकामा पुडासैनीले विश्वका महान् व्यक्तिहरूको प्रेमपत्रको सम्बन्धलाई दृष्टान्त प्रस्तुत गर्दै कपिल अज्ञातका पत्रहरूलाई तिनै महान् व्यक्तिका पत्रसँग तुलना गरेका छन् ।

‘मानव ज्ञान र असल व्यवहार’ नामक कृतिलाई स्रष्टाको जीवन भोगाइको क्रममा अनुभूत भएका चिन्तनहरूको अभिव्यक्तिका रूपमा लिएका छन् ।

‘आकृतिका आवजहरू कवितासङ्ग्रहभित्रका कवितामा गाउँ, सहर, पहाड र तराई समग्र राष्ट्रको दु:खाई अभिव्यक्त गर्ने समयुगीन सन्दर्भहरू रहेको बताएका छन् ।

‘सप्तरङ्गी फूलहरू’ मुक्तकसङ्ग्रहको भूमिकामा पुडासैनीले चतुष्पदीय संरचनामा मुक्तक सिर्जना गर्ने सात युवा स्रष्टाहरूको सिर्जनालाई प्रशंसा गर्दै यस सङ्ग्रहलाई भर्खरै उदाएको इन्द्रेणीको संज्ञा दिएका छन् ।

‘समय रक्तस्नान गरिरहेछ’ कवितासङ्ग्रहभित्रका कवितालाई पुडासैनीले ‘मरुन् फाइभ’ नामक विश्वप्रसिद्ध गीतिव्याण्डका गीतसँग तुलना गरेका छन् । यहाँ थापालाई निर्भिक स्रष्टाका रूपमा लिई कवितामा स्थानीय रङ देखा पर्दछ भनेका छन् ।

‘छताछुल्ल मनका व्यथाहरू’ खण्डकाव्यको भूमिकामा पुडासैनीले युवराजलाई झ्याउरे छन्दमा मनका भावनालाई सरल र साझो रूपमा प्रस्तुत गर्ने स्रष्टा भनेका छन् । यस खण्डकाव्यमा प्रेममा धोका खाएपनि सधैँ मित्रभाव र सकारात्मक परिवेशलाई अँगाली अघि बढ्ने प्रेमका साथै राजनीतिक विषय पनि समेटिएको बताएका छन् ।

यसरी लगभग डेढ दर्जन जति विभिन्न विधाका कृतिहरूको भूमिका लेखनकार्य सम्पन्न गरिसकेका पुडासैनी निरन्तर भूमिका लेखन कार्यमा जुटिरहेको देखिन्छ । यस दृष्टिबाट हेर्दा दामोदर पुडासैनीको भूमिका लेखक व्यक्तित्व सफल रूपमा अघि बढिरहेको देखिन्छ ।

## ३.८ साहित्येतर लेखकीय व्यक्तित्व

दामोदर पुडासैनी 'किशोर'को लेखकीय व्यक्तित्व साहित्यिक क्षेत्रमा मात्र सीमित नभई साहित्येतर विविध क्षेत्रका विषयलाई समेटेर अघि बढेको छ । यसरी हेर्दा उनका लेखहरू विशेष गरी दुई किसिममा देखा परेका छन् आर्थिक लेख र अन्य लेख ।

पुडासैनीका यस्ता साहित्येतर लेखहरू 'गोरखापत्र', 'लेखापरीक्षण पत्रिका', 'नेपाल बैंक पत्रिका', 'मिर्मिरे', 'शिवपुरी सन्देश'जस्ता पत्र-पत्रिकाहरूमा प्रकाशित भएका छन् ।

उनका आर्थिक लेखहरूमा विभिन्न विषय समेटिएका छन् । यी लेखहरूमा विभिन्न उद्योग र तिनको विकासको पहल, देशको बजेटको चर्चा, उद्योगको महत्त्व आदि विषयमाथि निकै गहकिला उपयोगी तर्क राखेका छन् त्यस्तै गरी उनका अन्य लेखहरूमा नेपाली संस्कृति, नारीवर्गको स्थिति, गरिबीको समस्या, भ्रातृत्व र मैत्रीपूर्ण सम्बन्ध-जस्ता विषयलाई समेटिएको छ । उनले यी लेखहरूमा संस्कृतिको महत्त्व उजागर गरेका छन् । नारीवर्गको महिमा गाउँदै नारीलाई सम्मान गर्नुपर्ने, उचित शिक्षा-दीक्षा दिनुपर्ने कुरामा पनि जोड दिएका छन् ।

यी विविध विषय-सन्दर्भलाई नियालेर भन्नुपर्दा दामोदर पुडासैनी 'किशोर'को साहित्येतर लेखकीय व्यक्तित्व पनि सबल रहेको देखिन्छ ।

# चौथो अध्याय

## दामोदर पुडासैनी 'किशोर'का कृतित्वको अध्ययन

### ४.१ दामोदर पुडासैनी 'किशोर'का रचनाहरूको विवरण

वि.सं. २०२६/२७ सालतिरको 'वसन्त' शीर्षकको कविताबाट साहित्य सिर्जनामा निरन्तर रूपमा लागिरहेका पुडासैनीको प्रथम प्रकाशित रचना 'शहीद' शीर्षकको कविता हो जुन वि.सं. २०३४ सालको 'जनजागृति' साप्ताहिक पत्रिकामा प्रकाशित भएको हो । यसैगरी उनको पहिलो पुस्तकाकार कृति **आफन्तका अनुहारहरू** (२०४९) कवितासङ्ग्रह हो । हालसम्म उनका चारवटा कवितासङ्ग्रह र एउटा नियात्रासङ्ग्रह प्रकाशित भइसकेका छन् । उनका प्रशस्त फुटकर रचनाहरू विभिन्न पुस्तक र पत्रपत्रिकाहरूमा प्रकाशित भएका छन् । कथा, कविता, हाइकु र नियात्राका अन्य कृतिहरू भने प्रकाशोन्मुख अवस्थामा रहेका छन् ।

उनका प्रकाशित तथा प्रकाशोन्मुख दुवै किसिमका पुस्तकाकार कृतिहरू र फुटकर रचनाहरूका साथै साहित्येतर लेखहरूको विवरण तल प्रस्तुत गरिएको छ ।

### ४.१.१ प्रकाशित रचनाहरूको विवरण

दामोदर पुडासैनी 'किशोर'का हालसम्म प्रकाशित भएका पुस्तकाकार कविता-कृति, नियात्रा-सङ्ग्रह र फुटकर रचनाहरूको विवरण सूची यसप्रकार छ ।

#### ४.१.१.१ प्रकाशित पुस्तकाकार कृति

दामोदर पुडासैनी 'किशोर'का प्रकाशित पुस्तकाकार कृतिका रूपमा चारवटा कवितासङ्ग्रहहरू र एउटा नियात्रासङ्ग्रह रहेका छन् । जसको रचनाकाल र प्रकाशित मितिसहित क्रमशः यसप्रकार प्रस्तुत गरिएको छ ।

| कृति | रचना काल | प्रकाशित मिति |
|---|---|---|
| (क) आफन्तका अनुहारहरू (कवितासङ्ग्रह) | २०३९-२०४९ | २०४९ |
| (ख) आँखाको खोजीमा (कवितासङ्ग्रह) | २०५०-२०६२ असार | २०६२ साउन |
| (ग) आकारको खोजीमा (कवितासङ्ग्रह) | २०६२ भाद्र-आश्विन २६ | २०६३ माघ |
| (घ) आलोकित आयाम (कवितासङ्ग्रह) | २०६२ फागुन १९-चैत्र १७ | २०६३ माघ |
| (ङ) यात्राका प्रेमिल तरङ्गहरू (नियात्रासङ्ग्रह) | | २०६५ |

### ४.१.१.२ प्रकाशित फुटकर रचनाहरू

प्रकाशित रूपमा चारवटा कविता-कृति र एउटा नियात्रासङ्ग्रह लिएर देखा परेका पुडासैनीका धेरैजसो रचनाहरू फुटकर रूपमा छरिएर रहेको देखिन्छ । 'गोरखापत्र', 'मिर्मिरे', 'गरिमा', जनमत, 'कैलाश', 'पुष्पाञ्जलि', जस्ता पत्र-पत्रिकाहरूमा उनका अनेकौं रचनाहरू प्रकाशित भएका छन् जसको विवरण विधा-उपविधागत रूपमा छुट्टाछुट्टै निम्नानुसार देखाइएको छ ।

(क) **दामोदर पुडासैनीका प्रकाशित फुटकर कविताहरू**

| क्र.सं. | शीर्षक | प्र. पत्रिका | प्र. मिति | वर्ष अङ्क पूर्णाङ्क | प्र. स्थान | कैफियत |
|---|---|---|---|---|---|---|
| १. | मुटु नै चुँडिन्छ | कुरौटे | २०३८ | १/२ | काठमाडौं | |
| २. | तिमी यसरी आउनु | झंकार | २०४०, असार | २५/३ | काठमाडौं | |
| ३. | कान्ला र पाटाहरू | झंकार | २०४१, वैशाख | २६/१ | काठमाडौं | |
| ४. | विश्वः भुस्सा र मडारिदो बादल बन्दै गैरहेछ हामीहरू परेवाका जोडीहरू उडाउँदै जाऊँ | प्रारम्भिक ग्रामीण कवि गोष्ठी | २०४१, माघ | | काठमाडौं | आ. अ. कविता सङ्.मा.सङ्कलित |
| ५. | शिशु बिल्कुल शिशु छः तिमी केवल योजनाको आशामा नअल्मलिनु | मिर्मिरे | २०४४, कार्तिक | पूर्णाक ६७ | काठमाडौं | |
| ६. | आफन्तका अनुहारहरू | मधुपर्क | २०४५, वैशाख | २१/१२/२३९ | काठमाडौं | आ. अ. कविता सङ्.मा.सङ्कलित |
| ७. | तानसेन | सामयिक सँगालो | २०४५, असार | | काठमाडौं | |
| ८. | देश, समाज र बस्तीहरू | विश्व सन्देश | २०४६, भदौ | ८/४ | काठमाडौं | आ. अ. कविता सङ्.मा.सङ्कलित |
| ९. | प्रवेश | जनमत | २०४७ | पूर्णाङ्क १३ | बनेपा | |
| १०. | चारखालका सुब्बासाहेब | जनमत | २०४८ | ८/४-६ | | आ. अ. कविता सङ्.मा.सङ्कलित |
| ११. | मेरो देश एउटै गहरो बाँच्न खोज्छ | नेपाली समसामयिक कविताहरू | २०४८ | | | |
| १२. | यसरी घरबार चल्दैन | मधुपर्क | २०४९, कार्तिक | २५/६/२८१ | काठमाडौं | आ. अ. कविता सङ्.मा.सङ्कलित |
| १३. | अरू कुराहरू यथावत रहेनन् भने | गरिमा | २०४९ | १०/९/११८ | ललितपुर | आ. अ. कविता सङ्.मा.सङ्कलित |
| १४. | भागवण्डा | जनमत | २०५० | ४६ | बनेपा | आ. अ. कविता सङ्.मा.सङ्कलित |
| १५. | व्याथा | विवेक | २०४९ | ११/२४ | - | |
| १६. | खाते | उपसना | २०५० | - | काठमाडौं | |
| १७. | चमेरो समय | गरिमा | २०५१ | १२/८/१४० | ललितपुर | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| १८. | परिवेश | मिर्मिरे | २०५१ | २९/९/११४ | काठमाडौं | |
| १९. | चाहना | कान्तिपुर कोसेली | २०५१, फागुन | - | - | |
| २०. | भर्खरैप्राप्त समाचार | गरिमा | २०५२ | १३/११/१५८ | ललितपुरं | |
| २१. | गाउँ | मधुपर्क | २०५२ | २८/६/३१७ | काठमाडौं | |
| २२. | पुष्पशिला | जनमत | २०५२, असार | १२/५-६ | बनेपा काभ्रे | |
| २३. | तलाथप्ने तयारीमा | गोरखापत्र | २०५२, असार १० | - | काठमाडौं | |
| २४. | उत्तरकाली | मिर्मिरे | २०५२ | २४/११ | काठमाडौं | |
| २५. | दृष्टि र सृष्टि | जनमत | २०५३ | १३/७-९ | बनेपा, काभ्रे | |
| २६. | धुन्चे | मधुपर्क | २०५३ | २९/१०/३३३ | काठमाडौं | |
| २७. | अस्पतालको वार्डमा | मिर्मिरे | २०५३ | २५/९/१३६ | काठमाडौं | |
| २८. | दामोदर पुडासैनी | जनमत | २०५५, असार | १५/५-६ | बनेपा | |
| २९. | काठमाडौं धाउनेहरूलाई | मिर्मिरे | २०५५ | २७/४/१५५ | काठमाडौं | |
| ३०. | खचाखच बसमा यात्रा गर्दा | जनमत | २०५६, पुस | १६/११-१२ | बनेपा | |
| ३१. | पोखरा | शिवपुरी सन्देश | २०५८, असार | ९/-/२२ | - | आँखाको खो.क. सङ्मा सङ्कलित |
| ३२. | भोजको तयारी | मनोभाव | २०५८, चैत | ७/-/२८ | - | आँखाको खो.क. सङ्मा सङ्कलित |
| ३३. | निसिजाबाहरू | मिर्मिरे | २०५८, चैत | ३०/१२/१९९ | काठमाडौं | आँखाको खो.क. सङ्मा सङ्कलित |
| ३४. | आमा | गोरखापत्र | २०५८, चैत्र १० | | काठमाडौं | आँखाको खो.क. सङ्मा सङ्कलित |
| ३५. | मिरमिरेमा | वंशदर्पण स्मारिका | २०५९ | | काठमाडौं | आँखाको खो.क. सङ्मा सङ्कलित |
| ३६. | फुजियामा ! सायोनारा !!! | गरिमा | २०५९, माघ | २१/२ | ललितपुर | आँखाको खो.क. सङ्मा सङ्कलित |
| ३७. | इकेवाना | जनमत | २०५९, भाद्र | १९-७-८/८५ | बनेपा | आँखाको खो.क. सङ्मा सङ्कलित |
| ३८. | बन्द देश | चैतन्य ज्योति | २०५९ | ६/-/५ | काठमाडौं | आँखाको खो.क. सङ्मा सङ्कलित |
| ३९. | हाचीओजिमा भ्वालेन्टाइन डे | जनमत | २०५९, भाद्र | १९-७-८-/८५ | बनेपा | आँखाको खो.क. सङ्मा सङ्कलित |
| ४०. | सुरक्षाको खोज | गोरखापत्र | २०५९, असोज | - | काठमाडौं | आँखाको खो.क. सङ्मा सङ्कलित |
| ४१. | चालिसौं ग्रीष्मपछि | मिर्मिरे | २०५९, असोज | ३१/६/२०५ | काठमाडौं | आँखाको खो.क. सङ्मा सङ्कलित |
| ४२. | आँखाहरू | नाद-विन्दु | २०५९ | ४/४ | काठमाडौं | आँखाको खो.क. सङ्मा सङ्कलित |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ४३. | नाटक | कल्पतरु | २०५९/६० | १/२-३ | काठमाडौं | आँखाको खो.क. सङ्‌मा सङ्कलित |
| ४४. | लोग्ने स्वास्नी | दायित्व | २०६० | १७-४५ | काठमाडौं | आँखाको खो.क. सङ्‌मा सङ्कलित |
| ४५. | तुवाँलोभित्रको उपत्यका | अन्नपूर्ण पोष्ट | २०६०,जेठ | २/४५ | काठमाडौं | आँखाको खो.क. सङ्‌मा सङ्कलित |
| ४६. | तीन टुक्रा | स्पेस टाइम | २०६०, साउन ३ | ३/२५६ | काठमाडौं | |
| ४७. | प्याजपत्रेघर | गोरखापत्र | २०६०, कार्तिक २९ | - | काठमाडौं | आँखाको खोजीमा सङ्कलित |
| ४८. | चौरालीमा | जनमत | २०६०, कार्तिक | पूर्णाङ्क ९३ | बनेपा | आँखाको खोजीमा सङ्कलित |
| ४९. | परम्परा | गुञ्जन | २०६० | ७-९ | पोखरा | आँखाको खोजीमा सङ्कलित |
| ५०. | समर्पण | गोरखापत्र | २०६१, जेठ २० | - | काठमाडौं | आँखाको खोजीमा सङ्कलित |
| ५१. | झरी | दायित्व | २०६१, वैशाख | १८-/४८ | काठमाडौं | आँखाको खोजीमा सङ्कलित |
| ५२. | आकृति | मधुपर्क | २०६१, चैत | ३७/११/४३० | काठमाडौं | आँखाको खोजीमा सङ्कलित |
| ५३. | - | कौशिकी कविता पात्रा | २०६२ | ६/६ | काठमाडौं | |
| ५४. | गन्तव्य | अभिव्यक्ति | २०६२, वैशाख | ३६-१२२ | काठमाडौं | आँखाको खोजीमा सङ्कलित |
| ५५. | आशक्ति | शिवपुरी सन्देश | २०६२, वैशाख | ११/२८ | | आँखाको खोजीमा सङ्कलित |
| ५६. | अछाम | जनमत | २०६२, जेठ | २२/५ | बनेपा | आँखाको खोजीमा सङ्कलित |
| ५७. | गधाहरू | दायित्व | २०६२, असार | १९-५२ | काठमाडौं | आँखाको खोजीमा सङ्कलित |
| ५८. | बादलमाथिको यात्रामा | गरिमा | २०६२, साउन | २३/८/२७२ | काठमाडौं | आँखाको खोजीमा सङ्कलित |
| ५९. | परिधानमा लुकेकी पोखरा | स्वाजन सन्देश | २०६२ | २/२ | काठमाडौं | |
| ६०. | शून्यता | प्रहरी | २०६२, भदौ | ४७/३ | काठमाडौं | आँखाको खोजीमा सङ्कलित |
| ६१. | आमन्त्रण | अन्नपूर्ण पोष्ट | २०६२ भदौ ४ | - | काठमाडौं | आँखाको खोजीमा सङ्कलित |
| ६२. | तिम्रो अनुपस्थितिमा | मधुपर्क | २०६२, असोज | ३८/५/४३६ | काठमाडौं | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ६३. | कविता-गाउँमा पुग्दा | शिवपुरी सन्देश | २०६२, फागुन | ११-३१ | काठमाडौं | |
| ६४. | आकारको नयाँ खोज | मिर्मिरे | २०६२, फागुन | ३४/११/२४६ | काठमाडौं | आकारको खोजीमा सङ्कलित |
| ६५. | विलय | गोरखापत्र | २०६२, फागुन | - | काठमाडौं | आँखाको खोजीमा सङ्कलित |
| ६६. | आग्रह | कल्पतरू | २०६२ | ४/-१४ | काठमाडौं | आकारको खोजीमा सङ्कलित |
| ६७. | ताजमहल | अयन | २०६२, चैत | १/४/४ | | आकारको खोजीमा सङ्कलित |
| ६८. | हस्तान्तरण | दिव्याकाश | २०६२ | १-/१ | काठमाडौं | आँखाको खोजीमा सङ्कलित |
| ६९. | विलय | नाद-विन्दु | २०६२ | ७/-/७ | काठमाडौं | |
| ७०. | विश्वास | नेपाल समाचारपत्र | २०६२, माघ २२ | - | | आकारको खोजीमा सङ्कलित |
| ७१. | उत्सर्ग | अभिव्यक्ति | २०६२, फागुन | ३६-/१२७ | काठमाडौं | आकारको खोजीमा सङ्कलित |
| ७२. | उद्देश्य | हाम्रो मझेरी | २०६२/६३ | ६/३/२६ | चितवन | आकारको खोजीमा सङ्कलित |
| ७३. | मान्छे उभिएको ठाउँ | जनज्याति सा. सदन | २०६२/६३ | | नवलपरासी | आकारको खोजीमा सङ्कलित |
| ७४. | छिट्टे | समकालीन सा. | २०६३, जेठ | ६/२ | काठमाडौं | आकारको खोजीमा सङ्कलित |
| ७५. | उडान | जनमत | २०६३, असार | २३/५-६ | बनेपा | आकारको खोजीमा सङ्कलित |
| ७६. | यो देशमा | कलाश्री | २०६३ | १/१ | काठमाडौं | आँखाको खोजीमा सङ्कलित |
| ७७. | नाङ्गो | अन्नपूर्ण पोष्ट | २०६३, असार १७ | - | काठमाडौं | आकारको खोजीमा सङ्कलित |
| ७८. | टिपेक्स र टिप्पणी | पुनर्जागरण | २०६३, असार २७ | - | काठमाडौं | |
| ७९. | पहाडमा | दिव्याकाश | २०६३ | १/-/१२ | काठमाडौं | |
| ८०. | बाचा | अभिव्यक्ति | २०६३, भाद्र | ३७/-/१३० | काठमाडौं | आकारको खोजीमा सङ्कलित |
| ८१. | पानी परेको रातमा | पुनर्जागरण | २०६३, भदौ १३ | २५/१४ | काठमाडौं | आकारको खोजीमा सङ्कलित |
| ८२. | शिखर | मधुपर्क | २०६३, असोज | ३९/५/४४८ | काठमाडौं | |
| ८३. | कविता-अभियान | शिवपुरी सन्देश | २०६३, असोज | १२/-/३३ | काठमाडौं | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ८४. | भसाई बगैंचामा | अभिव्यक्ति | २०६३, पुस | ३७/-१३२ | काठमाडौं | |
| ८५. | मृत्युदण्डको शृङ्खला | पुनर्जागरण | २०६३, पुस | - | काठमाडौं | |
| ८६. | धुन्चे | मालिका | २०६३ | १०/-/१० | कैलाली | |
| ८७. | समाधि | दिव्याकाश | २०६३ | २/-/३ | काठमाडौं | आकारको खोजीमा सङ्कलित |
| ८८. | परदेशमा भेटिएको देश | वैश्वानर वार्ता | २०६३ | ९/-/१३ | काठमाडौं | आकारको खोजीमा सङ्कलित |
| ८९. | बाटोको उपस्थिति | गुराँस | २०६३, माघ - फागुन | २/९ | बाग्लुङ | आकारको खोजीमा सङ्कलित |
| ९०. | शिलालेख | हाम्रो मझेरी | २०६३, भाद्र | ६/२/३५ | चितवन | आकारको खोजीमा सङ्कलित |
| ९१. | शिशिर | हाम्रो मझेरी | | ७/१/३८ | चितवन | |
| ९२. | बोगम्बरा | हाम्रो मझेरी | साउन-भदौ | ७/३/३९ | चितवन | आकारको खोजीमा सङ्कलित |
| ९३. | कुहिरोको रूपान्तरण | प्रभात सिर्जना | २०६३ | २/४/९ | चितवन | |
| ९४. | जङ्गल$_{२}$ | शिवपुरी सन्देश | २०६३, माघ-चैत्र | १२/-/३५ | काठमाडौं | |
| ९५. | सन्देश | तन्नेरी | २०६३ | २८/१ | काठमाडौं | आकारको खोजीमा सङ्कलित |
| ९६. | खोच | हाम्रो मझेरी | माघ-फागुन | ७/५/४१ | चितवन | |
| ९७. | चरम आनन्द | हाम्रो मझेरी | | ८/२/४३ | चितवन | |
| ९८. | जङ्गल १,३,४, | जनमत | २०६४, असार | २४/६/१२२ | बनेपा काभ्रे | |
| ९९. | जङ्गल ६ | कैलाश | | अङ्क -१५ | चितवन | |
| १००. | समाहित | वनिता | २०६४ | ९/-२९/ | काठमाडौं | |
| १०१. | जङ्गल ८ | हेटौंडा सन्देश | २०६४ | ५/२४९ | मकवानपुर | |
| १०२. | जङ्गल ९ | आगमन | २०६४, असार | २/४ | काठमाडौं | |
| १०३. | बबरमहल | बिसौनी | | ३/२ | कास्की | |
| १०४. | कन्डक्टर | नवआलोक | | ४/३/२० | रामेछाप | आकारको खोजीमा सङ्कलित |
| १०५. | कविता | कैलाश | | अङ्क-१४ | चितवन | आकारको खोजीमा सङ्कलित |
| १०६. | जिन्दगीको हिसाव | अविरल | २०६४ | १/४ | बर्दिया | |
| १०७. | आमाको गीत | चैतन्य ज्योति | | ८-१५ | काठमाडौं | |
| १०८. | तस्विर र समय | गरिमा | २०६४, कार्तिक | २५/११ | ललितपुर | |
| १०९. | चरा | नागार्जुन | २०६४ | ६/३/१९ | काठमाडौं | |
| ११०. | युगको फैलावट | शारदा | २०६४, कार्तिक | १/१० | काठमाडौं | |
| १११. | भ्रान्तिमा अल्मलिएको | चैतन्य ज्योति | २०६४ | ९/-१६ | काठमाडौं | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | क्रान्ति | | | | | |
| ११२. | लाज | कौशिकी | २०६४ | ९/३/२५ | काठमाडौं | |
| ११३. | सरकारी गाडी | पुनर्जागरण | २०६४, असार १२ | | - | |
| ११४. | उकाली ओरालीमा मृत्यु | पुनर्जागरण | २०६४ | २६/२१ | - | |
| ११५. | परिवर्तन | लोकतान्त्रिक विमर्श | २०६४, पुस | - | - | |
| ११६. | फूलमाथि खन्याइएको आगो | राजाधानी | २०६४, पुस १४ | - | काठमाडौं | |
| ११७. | जङ्गल ११ | तन्नेरी | २०६४ | २९/१ | काठमाडौं | |
| ११८. | चित्र | नाद-विन्दु | २०६४ | ९/-/९ | काठमाडौं | |
| ११९. | मृत्यु | तन्नेरी | २०६४ | २९/२ | काठमाडौं | |
| १२०. | जोमसोम | रचना | २०६४ | ४७/-९६ | काठमाडौं | |
| १२१. | जङ्गल | हेटौंडा सन्देश | २०६४, चैत | ६/९७ | मकवानपुर | |
| १२२. | केही टुक्रा | युगभाका | २०६४ | १/२ | काठमाडौं | |
| १२३. | क्रान्तिको रंग | पुनर्जागरण | २०६४,चैत २६ | २६/४१ | - | |
| १२४. | जङ्गल १२ | नयाँ विमर्श | २०६५, वैशाख २७ | १/८ | - | |
| १२५. | नाघ्दै पहाडका शृङ्खलाहरू | पुनर्जागरण | २०६५, जेठ २८ | २६/४९ | काठमाडौं | |
| १२६. | जङ्गल १३ | गोरखापत्र | २०६५ असार २८ | | | |

### ख) दामोदर पुडासैनी 'किशोर'का प्रकाशित गजलहरूको विवरण

| क्र.सं | शीर्षक | प्र.पत्रिका र कृति | प्र.मिति | वर्ष अङ्क पूर्णाङ्क | प्र.स्थान |
|---|---|---|---|---|---|
| १. | | प्रहरी | २०६२, फागुन | ४७/६ | काठमाडौं |
| २. | | पुष्पाञ्जलि | | ३-११ | चितवन |
| ३. | | आगमन | | १/३ | काठमाडौं |
| ४. | | पुष्पाञ्जलि | | ३-१२ | चितवन |
| ५. | | पुष्पाञ्जलि | | पू. १७ | चितवन |
| ६. | | पुष्पाञ्जलि | | ४/-१५ | चितवन |
| ७. | | गजलदीप गजलसङ्ग्रह | २०६३, असार | हाम्रो मझेरी प्रकाशनमाला. ५ | चितवन |
| ८. | | गजलयात्रा | २०६४,जेठ | हाम्रो मझेरी प्रकाशनमाला ८ | चितवन |
| ९. | | कैलाश | २०६४ | अङ्क-१२ | चितवन |
| १०. | | अन्नपूर्ण पोष्ट | २०६४,जेठ २६ | | काठमाडौं |
| ११. | | ई समकालीन नेपाली गजल | २०६४,असार | | पर्वत |
| १२. | | गोरखापत्र | २०६४, भदौ १ | | काठमाडौं |

| | | | | | |
|---|---|---|---|---|---|
| १३. | | गजल यात्राका सहयात्रीहरू संयुक्त गजलसङ्ग्रह | २०६५, बैशाख | | पोखरा |
| १४. | | गुराँस | २०६५ | ४-१२ | बागलुङ्ग |

## ग) दामोदर पुडासैनी 'किशोर'का मुक्तकहरूको विवरण

| क्र.सं | शीर्षक | प्र.पत्रिका | प्र.मिति | वर्ष अङ्क पूर्णाङ्क | प्र.स्थान |
|---|---|---|---|---|---|
| १. | तीन मुक्तक | त्रिवेणी | २०६१ | ३ | काभ्रे |
| २. | | कैलाश | | १८ | चितवन |
| ३. | | कालीको सुसेली | २०६४ | - | पर्वत |
| ४. | दुई मुक्तक | अन्नपूर्ण पोष्ट | २०६४/५/८ | - | काठमाडौं |
| ५. | केही टुक्रा | युगभाका | २०६४ | १/२ | काठमाडौं |

## घ) दामोदर पुडासैनी 'किशोर'का गीत र हाइकुहरूको विवरण

| क्र.सं | शीर्षक | विधा | प्र.पत्रिका | प्र.मिति | वर्ष अङ्क पूर्णाङ्क | प्र.स्थान |
|---|---|---|---|---|---|---|
| १. | - | गीत | नव आलोक | २०६२/६३ | ५:१, पू.२२ | रामेछाप |
| २. | हाइकुहरूबाट देश र हामी (१५ वटा) | हाइकु | लेकाली | २०४५ | | काठमाडौं |
| ३. | | हाइकु | हाम्रो मझेरी | | ६/४/३६ | चितवन |
| ४. | | हाइकु | विजयादशमी शुभकामना कार्ड | २०६४ | | |
| ५. | दुई हाइकु | हाइकु | हेटौंडा सन्देश | २०६४/६/२६ | ५/३०४ | हेटौंडा |
| ६. | दुई हाइकु | हाइकु | जनमत अर्द्ध साप्ताहिक | २०६४/१/२४ | २६/५ | नेपालगञ्ज |
| ७. | दुई हाइकु | हाइकु | जनमत अर्द्ध साप्ताहिक | २०६४/१/३१ | ३६/७ | नेपालगञ्ज |
| ८. | दुई हाइकु | हाइकु | जनमत अर्द्ध साप्ताहिक | २०६४/२/७ | २६/९ | नेपालगञ्ज |
| ९. | दुई हाइकु | हाइकु | जनमत अर्द्ध साप्ताहिक | २०६४/२/१४ | २६/११ | नेपालगञ्ज |
| १०. | दुई हाइकु | हाइकु | जनमत अर्द्ध साप्ताहिक | २०६४/२/२८ | २६/१५ | नेपालगञ्ज |
| ११. | दुई हाइकु | हाइकु | जनमत अर्द्ध साप्ताहिक | २०६४/३/४ | २६/१६ | नेपालगञ्ज |
| १२. | दुई हाइकु | हाइकु | जनमत अर्द्ध साप्ताहिक | २०६४/३/११ | २६/१७ | नेपालगञ्ज |
| १३. | दुइ हाइकु | हाइकु | जनमत अर्द्ध साप्ताहिक | २०६४/३/११ | २८/१९ | नेपालगञ्ज |
| १४. | तीन हाइकु | हाइकु | जनमत अर्द्ध साप्ताहिक | २०६४/३/३२ | २६/२१ | नेपालगञ्ज |
| १५. | हाइकु | हाइकु | हाइकु र हाइजिन | २०६४ | | ललितपुर |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| १६. | चार हाइकु | हाइकु | जनमत अर्द्ध साप्ताहिक | २०६४/५/७ | २६/२२ | नेपालगञ्ज |
| १७. | हाइकुहरू | हाइकु | हेटौंडा सन्देश | २०६४/१२/२३ | ६/११७ | मकवानपुर |
| १८. | हाइकु | हाइकु | हेटौंडा सन्देश | २०६४/६/२६ | ५/३०४ | मकवानपुर |
| १९. | केही हाइकुहरू | हाइकु | हेटौंडा सन्देश | २०६४/११/२५ | ६/९१ | मकवानपुर |
| २०. | पुडासैनीका हाइकुहरू | हाइकु | राजधानी | २०६४/२/४ | | काठमाडौं |

### (ङ) दामोदर पुडासैनी 'किशोर'का प्रकाशित कथाहरूको विवरण

| क्र.सं | शीर्षक | प्र.पत्रिका | प्र.मिति | वर्ष अङ्क पूर्णाङ्क | प्र.स्थान |
|---|---|---|---|---|---|
| १. | एउटा कथा लोखिनु अघि | मिर्मिरे | २०४५ | पूर्णाङ्क ७५ | काठमाडौं |
| २. | सुनचरी | ध्वनि | २०४६, पुस | २५/९ | |
| ३. | गन्तव्य | मिर्मिरे | २०४७ | पूर्णाङ्क ८५ | |
| ४. | निरीक्षण | मिर्मिरे | २०४८ | पूर्णाङ्क ९० | काठमाडौं |
| ५. | घर | जनमत | २०४९, असार | ९/५-६/५८-५९ | वनेपा |
| ६. | परम्परा | मिर्मिरे | २०४८, माघ | पूर्णाङ्क ९२ | काठमाडौं |
| ७. | ओत | जनमत | २०५०, असोज | १०/९/७४ | वनेपा |
| ८. | दुर्गम जिल्लाको जागिर | समकालीन साहित्य | २०५० | ३/२/१० | काठमाडौं |
| ९. | जुत्ता | नवमाधुरी | २०६४, असोज | ३/३ | पर्वत |

### (च) दामोदर पुडासैनी 'किशोर'का प्रकाशित नियात्राहरूको विवरण

| क्र.सं | शीर्षक | प्र.पत्रिका | प्र.मिति | वर्ष अङ्क पूर्णाङ्क | प्र.स्थान | कैफियत |
|---|---|---|---|---|---|---|
| १. | भर्जिनियाको बसाइ वासिङ्गटनको घुमाई | | २०६२, साउन | | चितवन | |
| २. | चर्को घाममा पनि शीतलता दिने इजिप्ट | समकालीन सा. | २०६३, भदौं | ६/५ | | |
| ३. | दिनको अलेक्जेन्ड्रिया रातको पिरामिड सुमसुम्याउदै | जनमत | २०६३, माघ | ११८ | वनेपा | |
| ४. | छोरा तिमी यसलाई वलात्कार गर | विमोचन | २०६३ फागुन | २५/१० | काठमाडौं | |
| ५. | अमेरिकामा उडुस आतङ्क | विमोचन | २०६३ माघ | २५/९ | काठमाडौं | |
| ६. | यहाँको साहुजी साँच्चै गधा हो | ज्ञानगंगा | २०६३ | ५-१९ | काठमाडौं | |
| ७. | उडुस आतङ्क र वच्चा विहीन आमा | जनमत | २०६४ असार | २४/६ | वनेपा | यात्राका प्रेमिल तरङ्गहरूमा सङ्कलित |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ८. | अमेरिकामा दुई दिन | गरिमा | २०६३ साउन | २४/८/२८४ | ललितपुर | |
| ९. | तालदेखि नदीसम्मका तरङ्गहरू | श्रद्धा | २०६४ वैशाख | १/१ | काठमाडौं | यात्राका प्रेमिल तरङ्गहरूमा सङ्कलित |
| १०. | फ्रान्सबाट स्वीट्जरल्याण्डको यात्रा | विमोचन | २०६४ जेठ | २६/३ | काठमाडौं | |
| ११. | वंगलादेश र विजयादशमी | विमोचन | २०६४साउन | २६/५ | | |
| १२. | लुभ्रमा लुकामारी खेल्दा | कैलाश | | अङ्क१३ | चितवन | यात्राका प्रेमिल तरङ्गहरूमा सङ्कलित |
| १३. | इतिहास र सिर्जनामा खोजिएको यथार्थता | कालीको सुसेली | २०६५ | अङ्क १ | पर्वत | यात्राका प्रेमिल तरङ्गहरूमा सङ्कलित |
| १४. | समुद्रमुनि भेटिएको देश | मिर्मिरे | २०६५ वैशाख | ३७/१/२७२ | काठमाडौं | यात्राका प्रेमिल तरङ्गहरूमा सङ्कलित |

**(छ) दामोदर पुडासैनी 'किशोर'का प्रकाशित भूमिकाको विवरण**

| क्र.सं | शीर्षक | प्र.कृति | प्र.मिति | प्र.स्थान |
|---|---|---|---|---|
| १. | नीलाका बारेमा | नारी जागृति | | काठमाडौं |
| २. | भित्री मन खोज्दै नयाँ उचाइमा पुगेका गजलकार पुष्प अधिकारी अञ्जली भूमिकामा दोस्रो हस्ताक्षर | मन भित्रको मन गजलसङ्ग्रह | २०६२, पुस | चितवन |
| ३. | समयका शक्तिशाली साक्षी पुष्प अधिकारी अञ्जली | एक अन्जुली घाम मुक्तकसङ्ग्रह | २०६३, असार | चितवन |
| ४. | सरलता र विविधताको एउटै लखाकी - 'समयले कोरेका रेखाहरू' | समयले कोरेका रेखाहरू कविता सङ्ग्रह | २०६३, साउन | काठमाडौं |
| ५. | शुभ-कामना नीलाका पाइलाहरूलाई | थकाली व्याकरण | २०६३ | काठमाडौं |
| ६. | पार्वती श्रेष्ठको नयाँ रूप 'अधुरो जीवनको अमूल्य पाईला' | अधुरो जीवनको अमूल्य पाइला कवितासङ्ग्रह | २०६३ | काठमाडौं |
| ७. | स्वप्निल नयनभित्र डुबेका अञ्जली | स्वप्निल नयन गजलसङ्ग्रह | २०६४ | चितवन |
| ८. | उपन्यास विधामा नयाँ खुटकिलाः नियोग बैंक | नियोग बैंक उपन्यास | २०६४, जेठ | काठमाडौं |
| ९. | प्रकाशकीय (सचेत अध्ययनका सिर्जनाहरू) | केही स्रष्टा केही सिर्जना सा. समीक्षासङ्ग्रह | २०६४ | काठमाडौं |
| १०. | पत्र सन्देशमा पुष्पलता | पत्रसन्देश | २०६४, भदौ | काठमाडौं |
| ११. | अँध्यारोबाट उज्यालो खोज्ने कदम | मानव ज्ञान र असल व्यवहार | २०६४, पुस | काठमाडौं |
| १२. | आकृतिक आवाजहरूमा मिसिएका धूनहरू | आकृतिका आवाजहरू | २०६४, पुस | काठमाडौं |

| | | | | |
|---|---|---|---|---|
| १३. | रक्तस्नानमा पोखिएका समयका छिटाहरू | समय रक्तस्नान गरिरहेछ कवितासङ्ग्रह | २०६४,फागुन | काठमाडौं |
| १४. | सप्तरङ्गी फूलहरू सुँघेर | सप्तरङ्गी फूलहरू मुक्तकसङ्ग्रह | २०६४ | सिन्धुली |
| १५. | सुकिलो बनोस् युवराजको यात्रा | छताछुल्ल मनका व्याथाहरू (खण्डकाव्य) | २०६५,वैशाख | सिन्धुली |

(ज) **दामोदर पुडासैनी किशोर'का प्रकाशित साहित्येतर लेखहरूको विवरण**

| क्र.सं. | शीर्षक | प्र. पत्रिका | प्र. मिति | वर्ष अङ्क पू | प्र. स्या |
|---|---|---|---|---|---|
| १. | नेपालमा औषधि व्यवस्थापन | गोरखापत्र | २०४०, असोज १२ | ८३/१४५ | काठमाडौं |
| २. | नेपालमा लेखापरीक्षण | नेपाल बैंक पत्रिका | २०४०, मंसिर | १३/२/१४६ | काठमाडौ |
| ३. | नेपालमा सडक यातायातको स्थिति | गोरखापत्र | २०४०, फागुन ३, | ८३/२२३ | काठमाडौं |
| ४. | नेपालः सिमेन्ट उद्योगतिर सकारात्मकतातिर | गोरखापत्र | २०४०, फागुन ३ | ८३/२७७ | काठमाडौं |
| ५. | नेपालमा जलस्रोतका तीन क्षेत्रः उपयोग र योजना | गोरखापत्र | २०४०,, फागुन १० | ८३/२८४ | काठमाडौं |
| ६. | सातसूत्रीय आर्थिक कार्यक्रमको व्यापकता | नेपाल बैक पत्रिका | २०४०, फागुन | १३/५/१४९ | काठमाडौं |
| ७. | शिक्षित बेरोजगार कर्जा व्यवस्थाः आजको आवश्यकता | नेपाल बैक पत्रिका | २०४०, चैत्र | १३/६/१५० | काठमाडौं |
| ८. | नेपालमा जुट उद्योगको विकास | गोरखापत्र | २०४०, चैत्र १९ | ८३/३२३ | काठमाडौं |
| ९. | हाम्रो संस्कृतिमा दशैं र दुर्गापूजा | मिर्मिरे | - | पूर्णाङ्क ४३ | काठमाडौं |
| १०. | नेपालको आर्थिक विकासमा प्राथमिकता क्षेत्र कर्जा कार्यक्रमको प्रभावकारिता | नेपाल बैंक पत्रिका | २०४१, असार | १३/९/१५३ | काठमाडौं |
| ११. | देशको सर्वाङ्गीण विकासमा आर्थिक वर्ष २०४१,/४२ को बजेटका प्रयासहरू | नेपाल बैंक पत्रिका | २०४१, कार्तिक | १४/१/१५७ | काठमाडौं |
| १२. | आत्मनिर्भरताको पाइलामा कागज उद्योग | गोरखापत्र | २०४१, कार्तिक १५, | ८४/१७३ | काठमाडौं |
| १३. | छालाजन्य उद्योग विस्तारको सम्भावना | गोरखापत्र | २०४१, मंसिर २१ | - | काठमाडौं |
| १४. | नेपालमा जडीबुटी सदुपयोगका प्रयासहरू | गोरखापत्र | २०४१,, माघ ७, | ८४/२५४ | काठमाडौं |
| १५. | चिनी उद्योगमा आत्मनिर्भरता | गोरखापत्र | २०४१, चैत १६ | ८४/३२२ | काठमाडौं |
| १६. | नेपालमा बैकिङ्ग विकासमा संस्थागत प्रयासहरू | नेपाल बैंक पत्रिका | २०४१,, चैत | १४/६/१६२ | काठमाडौं |
| १७. | नारीवर्गका गौरवमय गरिमा र बालकल्याणमा उनीहरूको दायित्व | मिर्मिरे | २०४१, | पूर्णाङ्क ४८ | काठमाडौं |
| १८. | अन्तराष्ट्रिय जगतः भ्रातृत्वको जगेर्ना र मित्रताको विकास-श्री ५ वीरेन्द्र | मिर्मिरे | २०४१, | पूर्णाङ्क ५० | काठमाडौं |

| | | | | | |
|---|---|---|---|---|---|
| १९. | नेपालमा श्रमशक्तिको सदुपयोग | मिर्मिरे | २०४२ | अङ्क ५२ | काठमाडौं |
| २०. | नेपालमा खनिज सम्पदा सदुपयोगका प्रयास | गोरखापत्र | २०४२, बैशाख २७ | ८५/४ | काठमाडौं |
| २१. | आत्मनिर्भरताको दिशामा कपास खेती र कपडा उद्योग | गोरखापत्र | २०४२, जेठ २१ | ८५/२९ | काठमाडौं |
| २२. | आत्मनिर्भरताको अग्रसर सुर्ती बाली र चुरोट उद्योग | गोरखापत्र | २०४२, असार १०, | ८५/५० | काठमाडौं |
| २३. | कृषि क्षेत्रका आधारभूत साधनहरूको आवश्यकता र उपलब्धि | गोरखापत्र | २०४२, असार , | १४/९/१६४ | काठमाडौं |
| २४. | बैंकको विवेचना र बैंकिङ्ग विकासमा आर्थिक वर्ष २०४२/४३ को बजेट | गोरखापत्र | २०४२, साउन | १४/१०/१६५ | काठमाडौं |
| २५. | बनजङ्गलको संरक्षण आजको आवश्यकता | नेपाल बैंक पत्रिका | २०४२, असोज २ | ८५/१३६ | काठमाडौं |
| २६. | समाज सेवाको सन्दर्भमा नारी समानता र सहभागिता | गोरखापत्र | २०४२, असोज १९ | ८५/१४३ | काठमाडौं |
| २७. | नेपालमा जुट उद्योगको विकास | गोरखापत्र | २०४२, कार्तिक १३ | ८५/१७४ | काठमाडौं |
| २८. | प्रसंग प्रफुल्लप्रद दशैंको: परिचय प्रतिष्ठित नारी शक्तिको | मिर्मिरे | २०४२, कार्तिक | अङ्क ५५ | काठमाडौं |
| २९. | आर्थिक समुन्नतिको लागि विश्वबैंकका प्रयास र नेपालको सम्वन्ध | नेपाल बैंक पत्रिका | २०४३, जेठ | १५/८/१७६ | काठमाडौं |
| ३०. | नेपालमा रबर उद्योगको महत्त्व | गोरखापत्र | २०४३, असार १४ | ८६/५३ | काठमाडौं |
| ३१. | विकासमुखी बजेट : एक चर्चा | गोरखापत्र | २०४३, साउन ३ | ८६/७३ | काठमाडौं |
| ३२. | अन्तराष्ट्रिय वित्तीय व्यवस्थापनमा समानताको आवश्यकता, वित्तीय संस्थाहरूको विकास र अन्तराष्ट्रिय मुद्रा कोषसँग नेपालको सम्पर्क | | २०६४, पुस १४ | १२/-/३४ | काठमाडौं |
| ३३. | कर्जातर्फ बद्दो निर्भरता : केही समस्या र केहीं सकारात्मकता | लेखा परीक्षण | २०४४, पुस १४ | ६/१ | काठमाडौं |
| ३४. | जनसङ्ख्या वृद्धि प्रस्फुटित प्रभाव र नियोजित प्रयास | पञ्चायत दर्पण | . २०४४/४५ | १८/३ | ललितपुर |
| ३५. | आर्थिक विकासको सन्दर्भमा आन्तरिक स्रोतको परिचालन र बाह्य व्यापारको सन्तुलन | लेखापरीक्षण | २०४४, असार | ५/३ | काठमाडौं |
| ३६. | सर्वाङ्गीण समुन्नतिमा अग्रसर बजेट | गोरखापत्र | २०४५, असार २८ | ८८/६८ | काठमाडौं |
| ३७. | सर्वाङ्गीण विकासमा विकेन्द्रीकरण: विगतको प्रयास र वर्तमानको जोगोमेसो | पञ्चायत दर्पण | २०४५/४६ | १९/१ | ललितपुर |

| | | | | | |
|---|---|---|---|---|---|
| ३८. | विकासका लागि नयाँ अन्तराष्ट्रिय अर्थव्यवस्था | लेखापरीक्षण | २०४६, बैशाख १ | ७/२ | काठमाडौं |
| ३९. | नेपालमा कृषि अनुसन्धान सम्बन्धमा देखिएका केही कुराहरू | लेखापरीक्षण पत्रिका | २०४७ | ८/-/४ | काठमाडौं |
| ४०. | कृषिक्षेत्रः लगानी अनुसारको उपलब्धि खोई? | गोरखापत्र | २०४८, असार १७ | ९१/५६ | काठमाडौं |
| ४१. | कृषिजन्य निर्यात व्यापारमा प्रोत्साहन अपरिहार्य | गोरखापत्र | २०४८, कार्तिक११ | ९१/१७२ | काठमाडौं |
| ४२. | कृषिप्रसार कार्यक्रमः सिंहावलोकन आवश्यकता | गोरखापत्र | २०४८, मंसिर १३ | ९१/२०१ | काठमाडौं |
| ४३. | नेपालको अर्थव्यवस्थाः विद्यमान समस्या र सुधारका सम्भावनाहरू | लेखापरीक्षण पत्रिका | २०४९, बैशाख १ | ९/२ | काठमाडौं |
| ४४. | कृषि विकासको परिप्रेक्ष्यमा बागबानीको भूमिका | गोरखापत्र | २०४९, असार १६ | ९२/५६ | काठमाडौं |
| ४५. | कृषिमा नयाँ थालनी महिला कृषकलाई प्रोत्साहन | गोरखापत्र | २०४९, साउन २० | ९२/९१ | काठमाडौं |
| ४६. | विश्वव्यापी गरीबी सजगताको खाँचो | मिर्मिरे | २०५० | पूर्णाङ्क १० | काठमाडौं |
| ४७. | अर्थव्यवस्थामा देखापरेका समस्या र समाधानका उपायहरू | लेखापरीक्षण. पत्रिका | २०५०, बैशाख | ११/१ | काठमाडौं |
| ४८. | योजनाको सक्रिय कार्यान्वयनको खाँचो | गोरखापत्र | २०५०, असोज ४ | ९३/१४८ | काठमाडौं |
| ४९. | योजनाबद्ध विकाससम्बन्धी समस्याहरूको सन्दर्भमा आठौं योजना | लेखापरीक्षण पत्रिका | २०५१, बैशाख १ | १२/१ | काठमाडौं |
| ५०. | वातावरणीय लेखापरीक्षण पर्यावरणीय संरक्षण नयाँ आयाम | लेखापरीक्षण पत्रिका | २०५३, असार १५ | १४/४३ | काठमाडौं |
| ५१. | जापानमा सार्वजनिक निर्माणको लेखा परीक्षणः एक सिंहावलोकन | लेखापरीक्षण पत्रिका | २०५८ | १९/-/५३ | काठमाडौं |
| ५२. | सडक क्षेत्रमा लगानी किन भैरहेछ : बालुवामा पानी | लेखापरीक्षण. पत्रिका | २०५९ | २०/-/५५ | काठमाडौं |
| ५३. | आर्थिक विकासको परिप्रेक्ष्यमा बसाइ सराइका असरहरू | लेखापरीक्षण. पत्रिका | २०६१, पौष | २२//६० | काठमाडौं |
| ५४. | शक्तिपृथकीकरण सन्तुलन र नियन्त्रण | शिवपुरी सन्देश | २०६२ | २३/-/६१ | काठमाडौं |
| ५५. | महिलालाई हेर्नुहोस् ज्यान जोखिममा पार्नुहोस् | लेखापरीक्षण. पत्रिका | २०६३, पुस | ४/१ | काठमाडौं |

(झ) **दामोदर पुडासैनी 'किशोर'का प्रकाशित अन्तर्वार्ताहरूको विवरण**

| क्र.सं | शीर्षक | प्र.पत्रिका | प्र.मिति | वर्ष अङ्क पूर्णाङ्क | प्र.स्थान |
|---|---|---|---|---|---|
| १. | म साहित्यमा शैलीगत नवीनता र विषयगत नवीनताको पक्षमा छु | कैलाश | | २/४/९ | चितवन |
| २. | म संसारको सबैभन्दा सन्तुष्ट प्रेमी हुँ | गुराँस | | २/२/७ | बागलुङ्ग |
| ३. | जीवनभन्दा सिर्जना ठूलो हो : पुडासैनी | अन्नपूर्ण पोष्ट | २०६२, माघ ८ | ४/२६३ | काठमाडौं |
| ४. | म नेपाललाई हर नेपालीको मन मन्दिरमा फकेको हेर्न चाहन्छु | प्रभात सिर्जना | २०६३ | २/३/८ | चितवन |
| ५. | ब्रह्माण्डको पछाडि रहस्य छिपेको छ | चैतन्य ज्योति | २०६३ | ८-/१३ | काठमाडौं |
| ६. | साहित्यबिना मानव जीवन निरस बन्छ | राजधानी | २०६३, भदौ ३ | ६/७६ | काठमाडौं |
| ७. | कवि दामोदर पुडासैनीसँग कुराकानी | पुनर्जागरण | २०६३साउन ९ | २४/१० | काठमाडौं |
| ८. | लेख्दा कर्मचारी भन्ने बिर्सन्छु | विमोचन | २०६३, पुस ८ | २५/८ | काठमाडौं |
| ९. | जीवन र जगतको धेरै भन्दा धेरै खोज अनुसन्धानको लागि साहित्यमा लागेको हुँ | दीपज्योति आवाज | २०६४,जेठ | १/१६ | काठमाडौं |
| १०. | साहित्यकार समाजका आँखामात्र नभई विद्यमान परिस्थतिका विसङ्गतिहरूको तीव्र विरोधी पनि हो | जनमत | २०६४,असार ३२ | २४/६ | वनेपा काभ्रे |
| ११. | साहित्यले वृहत परिवेश अँगालेको हुन्छ । | राजधानी | २०६४,साउन२६ | ७/६५ | काठमाडौं |
| १२. | दामोदर पुडासैनी 'किशोर' | लोकतान्त्रिक विमर्श साप्ताहिक | २०६४, मंसिर | १/३८ | काठमाडौं |
| १३. | सृष्टि र समाजको बर्खिलाप हुनेगरी लेखिएका रचनाहरूले उचाइ चढ्न सक्दैनन् | हाम्रो मझेरी | भाद्रं | ६/२/३५ | चितवन |
| १४. | प्रयोगले नयाँ रहस्यको नजिक पुग्न मद्दत पुऱ्याउँछ | नयाँ विमर्श साप्ताहिक | २०६५, जेठ ३ | १/१९ | |

## ४.१.१.३प्रकाशोन्मुख रचनाहरूको विवरण

दामोदर पुडासैनी 'किशोर'का केही रचनाहरू प्रकाशोन्मुख अवस्थामा रहेका छन् । ती प्रकाशोन्मुख कृतिहरूको विवरण शोधनायक पुडासैनीले दिएको जानकारी अनुसार यसप्रकार रहेको छ :

(क) भर्खरै प्राप्त समाचार कवितासङ्ग्रह

(ख) समानान्तर रेखाहरू कथासङ्ग्रह

(ग) कवितासङ्ग्रह$_2$

(घ) गजलसङ्ग्रह१

(ङ) हाइकुसङ्ग्रह१

(च) नियात्रासङ्ग्रह१

यसरी हेर्दा उनका प्रकाशित कृतिहरूको सङ्ख्याभन्दा प्रकाशोन्मुख कृतिहरूको सङ्ख्या बढी देखिन्छ ।

## ४.२ दामोदर पुडासैनी 'किशोर'को साहित्य-यात्रा

कुनै पनि साहित्यकारको कृतित्वको विश्लेषण र मूल्याङ्कनका लागि उसको साहित्यिक-यात्राप्रति सचेत रहनु आवश्यक नै हुन्छ । समयको गतिसँगै समाज र राष्ट्रिय-अन्तराष्ट्रिय राजनीति आदिका क्षेत्रमा परिवर्तन पनि आइरहन्छन् । अनि त्यसको प्रत्यक्ष-अप्रत्यक्ष प्रभाव साहित्यकारका रचनाहरूमा पर्नु स्वाभाविक हुन्छ । त्यस्तै जीवन-यात्राका क्रममा स्रष्टाले देखेभोगेका अनुभव र अनुभूतिले पनि उसको सिर्जनामा प्रभाव पारेको हुन्छ । वस्तुतः यिनै आधारमा साहित्यकारको साहित्ययात्रामा भिन्न-भिन्न प्रवृत्तिलाई आत्मसात गर्दै अघि बढेको हुन्छ ।

सानै उमेरदेखि नै साहित्य सिर्जनमा साधनारत रहेको बताउने कवि पुडासैनीले विभिन्न विधामा कलम चलाएका छन् । स्वान्तः सुखायलाईमात्र सिर्जनाको उद्देश्य नबनाई समाजलाई सकारात्मक परिवर्तनको दिशामा डोऱ्याउने साहित्य सिर्जना गर्नुपर्छ भन्ने मान्यता राखेर तीन दशकभन्दा लामो साहित्यिक-यात्रामा उनले नेपाली भाषा र साहित्यको श्रीवृद्धिमा महत्त्वपूर्ण योगदान दिएका छन् । साहित्यका सबैजसो विधामा कलम चलाए पनि उनी कविता विधामा बढी सक्रिय रहेका छन् । उनले कविताका लघुत्तम रूप मुक्तक, हाइकु हुँदै फुटकर रूपसम्मको सिर्जना गरेका छन् । त्यसैले उनको साहित्ययात्रा कविता विधाकै आधारमा अघि बढिरहेको छ ।

सात वर्षे उमेरदेखिनै साहित्य सिर्जनामा लागिरहेको बताउने पुडासैनीको साहित्ययात्राको औपचारिक थालनी भने २०३४ सालको 'जनजागृति' साप्ताहिक पत्रिकामा प्रकाशित 'शहीद' शीर्षकको कविताबाट भएको हो । यसरी २०३४ सालदेखि नेपाली साहित्य-जगत्मा कविका रूपमा देखा परेका पुडासैनी यसपछिका वर्षहरूमा पनि विभिन्न साहित्यिक र साहित्येतर लेखहरूको सिर्जना गर्दै आएका छन् यसै पृष्ठभूमिमा उनको साहित्यिक-यात्रामा देखापरेका प्रवृत्ति, शैली तथा भाषाप्रयोग र समयावधिका आधारमा उनको साहित्यिक-यात्रालाई यसरी विभाजन गरी अध्ययन गरिन्छ ।

(क( प्रथम चरण वि.सं. २०४३ - वि.सं २०४९

(ख) द्वितीय चरण वि.सं. २०५० देखि हालसम्म

### ४.२.१ प्रथम चरण (वि.सं. २०३४-२०४९) को साहित्य सिर्जना

सानै उमेरदेखि नै दामोदर पुडासैनी 'किशोर'को साहित्य-यात्राको आरम्भ भएको देखिए पनि औपचारिक साहित्य लेखनको थालनी वि.सं. २०३४ सालको 'जनजागृति' साप्ताहिक पत्रिकामा प्रकाशित 'शहीद' शीर्षकको कविताबाट भएको हो । यस चरणको अन्तिम समयविन्दु वि.सं. २०४९ हो । यस प्रथम चरणमा दामोदर पुडासैनी स्कुल पढ्दादेखिनै विभिन्न साहित्यिक प्रतियोगितामा सामेल हुँदै अघि बढेका देखिन्छन् । स्कुल पढ्दादेखि नै कविता-वाचनमा प्रथम तथा द्वितीय स्थान हासिल गरेका पुडासैनीको साहित्ययात्रा पनि कविता विधामा नै बढी केन्द्रित देखिन्छ ।

दामोदर पुडासैनी 'किशोर' आफ्नो साहित्य-यात्राको प्रथम चरणमा कविता विधालाई नै मुख्य सिर्जन क्षेत्र बनाएका छन् । समयावधिका दृष्टिले एक दशकभन्दा केही लामो समय ओगटेको यस चरणमा उनका फुटकर कविता, कथा, विभिन्न साहित्येतर लेखहरू र एउटा कवितासङ्ग्रह प्रकाशित भएका छन् । यीमध्ये फुटकर रचनाहरूको विवरण यस अगाडि नै दिईसकिएको छ ।

**आफन्तका अनुहारहरू** (२०४९) कवितासङ्ग्रह दामोदर पुडासैनी 'किशोर'को साहित्य-यात्राको प्रथम चरणमा प्रकाशित महत्त्वपूर्ण कवितासङ्ग्रह हो । यसभित्र विभिन्न विषय क्षेत्रलाई समेटेर लेखिएका ५० वटा कविताहरू सङ्गृहीत रहेका छन् । यही पुस्तकाकार कृति प्रकाशित भएपछि यसै कृतिका माध्यमबाट नेपाली साहित्यमा पुडासैनीको परिचय स्थापित भएको हो । यस सङ्ग्रहलाई प्रयोगवादी कवि मोहन कोइरालाले सङ्ग्रहको प्रकाशकीय लेख्ने क्रममा कविका विविध, समयका विविध भावनाको धेरै दिनको जतनले बटुलिएको एउटा नोटवुक वा गोप्य डायरी कविताका रूपमा लिएका छन् । कोइरालाको यस भनाइलाई आधार मान्दा पनि यस सङ्ग्रहका कवितामा कविका आफ्नै जीवन-भोगाई, अनुभूति, दुखाई, असन्तुष्टि, देशप्रेम आदि विविध विषयमाथिका अभिव्यक्ति भेट्न सकिन्छ ।

आफ्ना जीवनका विविध अनुभव, अनुभूतिलाई कवितात्मक स्वरूप दिएर प्रस्तुत गरेको उक्त कवितासङ्ग्रहका आधारमा यसलाई उनको साहित्य-यात्राको प्रथम चरणको मुख्य उपलब्धिका रूपमा लिन सकिन्छ ।

### ४.२.२ द्वितीय चरण (वि.सं. २०५० देखि हालसम्म) को साहित्य सिर्जना

दामोदर पुडासैनी 'किशोर'को साहित्य-यात्राको द्वितीय चरण वि.सं. २०५० देखि सुरु भई हालसम्म निरन्तर अघि बढिरहेको छ । देशको राजनीतिक परिवर्तनका साथै उनको उमेरको परिपक्वताले लेखकीय शिल्पमा पनि नवीनता सिर्जना गरेको छ । यस अवधिलाई उनका विभिन्न साहित्य-सिर्जनाका आधारमा उत्कर्षकाल मान्न सकिन्छ ।

दामोदर पुडासैनीका यस चरणमा तीन कवितासङ्ग्रह र एउटा नियात्रासङ्ग्रहका साथै अनेक फुटकर रचनाहरू प्रकाशित भएका छन् । यीमध्ये फुटकर रचनाको विवरण यस अघि नै दिइसकिएको छ भने पुस्तकाकार कृतिहरू **आँखाको खोजीमा** (२०६२) कवितासङ्ग्रह, **आकारको खोजीमा** (२०६३) कवितासङ्ग्रह, **आलोकित आयाम** (२०६३) कवितासङ्ग्रह र **यात्राका प्रेमिल तरङ्गहरू** (२०६५) नियात्रासङ्ग्रह हुन् ।

यस चरणको प्रथम प्रकाशित कविता-कृति **आँखाको खोजीमा** (२०६२) हो । यसभित्र पुडासैनीका ५१ वटा कविता सङ्गृहीत रहेका छन् । आफ्नो साहित्य-यात्राको अर्को खुड्किलो चढ्ने क्रममा देखा परेको यस सङ्ग्रहका कवितामा प्रथम चरणको कवितासङ्ग्रहका कवितामा प्रयोग गरिएको विषय, भाव र शैलीभन्दा फरक विषय र शैलीको प्रस्तुति दिएका छन् । युद्धकालीन समयको रक्तपातपूर्ण, सन्त्रासयुक्त, संवेदनशील अवस्थाको स्थानीय विम्बलाई सजीव चित्रमा उतार्न सफल प्रस्तुत सङ्ग्रहका कवितामा सुदूर पश्चिमका केही गाउँहरूको वीभत्स दृश्य भेट्न सकिन्छ । यस आधारमा भन्दा कवि पुडासैनीको साहित्य-यात्राको द्वितीय चरणको प्रथम कवितासङ्ग्रहमा पुडासैनीको युगीन समाज चेत बोकेको संवेदनशीलता प्रवृत्तिका रूपमा देखा परेको छ ।

साहित्य सिर्जनामा नयाँपनको आभास हुनुपर्छ भन्ने सोच राख्दै अघि बढिरहेका कवि पुडासैनीले आफ्नो साहित्य-यात्राको यसै चरणमा कविताका क्षेत्रमा विभिन्न प्रयोग गरेको पनि देखिन्छ । यसैले उनका हरेक सिर्जनाहरूमा नौलो प्रयोग र नयाँपन पाइन्छ । साहित्य सिर्जनामामात्र नभई देशका गाउँ गाउँ र कुना कुन्दरामा साहित्य सम्बर्द्धनका लागि पुगेका कवि 'किशोर'ले आयोजना गरेका रोपाइँ मैभ्कारो कविगोष्ठी, मकै कविगोष्ठी, कृष्णलीला कविगोष्ठी, एस.एम.एस. हाइकुगोष्ठी आदिले उनको साहित्ययात्राको यस चरणमा नौलो ऊर्जा थपेको देखिन्छ ।

यसरी साहित्य सिर्जनामा नयाँ-नयाँपनको खोजी गर्दै आघि बढिरहेका कवि 'किशोर'ले आफ्नो साहित्य-यात्राको उचाइमा पुग्दा नियात्राकाव्यको रचना गरेर अर्को नयाँपन नेपाली साहित्यलाई दिन सफल भएका छन् । कवि 'किशोर'का यस्ता नियात्राकाव्य हुन्- **आकारको खोजीमा** (२०६३) र **आलोकित आयाम** (२०६३) ।

कवितामा राष्ट्रियता, जागिरे जीवनको मानसिकता, मानवीय मूल्यको अवमूल्यन तथा संवेदनशीलता-जस्ता विषयलाई गम्भीर ढङ्गमा उठाउन सफल भएका कवि पुडासैनीले यसै चरणमा प्रकाशित **आकारको खोजीमा** र **आलोकित आयाम**, कवितासङ्ग्रहबाट अन्तरदेशीय कविका रूपमा आफूलाई परिचित गराएका छन् (मधिकर्मी, २०६४:४४) ।

कवि दामोदर पुडासैनी 'किशोर'को यसै चरणको अर्को उल्लेख्य कृति **यात्राका प्रेमिल तरङ्गहरू** (२०६५) नियात्रासङ्ग्रह हो । यसमा नियात्राकार पुडासैनीले आफूले सरकारी कामको क्रममा भ्रमण गरेका विदेशी मुलुकहरूको स्थानीय विम्बलाई सजीव रूपमा उतार्न सफल भएका छन् ।

यस चरणमा उनको फुटकर कविता, गजल, मुक्तक, हाइकु, कथा, भूमिका लेखनका साथै अन्य नयाँ-नयाँ साहित्यिक प्रयोगमा उल्लेख्य प्रगति भएको देखिन्छ ।

यसरी दामोदर पुडासैनी 'किशोर'को साहित्यिकयात्राको द्वितीय चरणलाई हेर्दा उनी आफूलाई विभिन्न विधामा प्रस्तुत गर्नका साथै साहित्यमा नवीनपनको खोजी गर्न सफल देखिन्छन् तापनि उनको प्रतिभा कविता विधामा नै विशेष फस्टाएको पाइन्छ । उनको साहित्ययात्राको प्रथम चरणमाभन्दा द्वितीय चरणमा क्रमशः परिष्कार परिमार्जन आएको, बौद्धिक उच्चता पनि अपेक्षाकृत रूपमा बढेको देखिन्छ । यी विविध आधारहरूलाई लिएर भन्नुपर्दा उनको साहित्ययात्राको द्वितीय चरण सङ्ख्यात्मक र गुणात्मक दुवै दृष्टिले उपलब्धिमूलक देखिन्छ ।

साहित्यमा नयाँपनको खोजी गर्दै अघि बढिरहेका पुडासैनीको प्रथम चरणका कविताहरूमा विम्ब र प्रतीकको प्रयोग, मानवीय कमजोरी र विकृतिको चित्रण गर्दै आफ्ना जीवन-भोगाइलाई सरल सहज शैलीमा प्रस्तुत गरेका छन् भने द्वितीय चरणका कविताहरूमा विम्ब र प्रतीकको प्रयोगमा वृद्धि, विषय क्षेत्रमा विस्तार भएकाले प्रथम चरणका कविताको तुलनामा यी केही क्लिष्ट लाग्दछन् । प्रथम चरणका कवितामा हार्दिक पक्ष ज्यादा पाइन्छ भने द्वितीय चरणका कवितामा विचार पक्षको वहुलता देखिन्छ । यात्राका अनुभूतिको काव्यिक प्रस्तुति भएका उनका पछिल्ला कवितासङ्ग्रह यस चरणका विशेष उल्लेख्य देखिन्छन् ।

## ४.३ दामोदर पुडासैनी 'किशोर'का प्रकाशित कृतिहरूको अध्ययन

सानै उमेरदेखि साहित्य सिर्जनामा लागिरहेका दामोदर पुडासैनी 'किशोर' नेपाली साहित्यमा औपचारिक रूपमा २०३४ सालको 'जनजागृति' पत्रिकामा प्रकाशित 'शहीद' शीर्षकको कविताबाट देखा परेका हुन् । उनका हालसम्म चारवटा कवितासङ्ग्रह र एउटा नियात्रासङ्ग्रह प्रकाशित भइसकेका छन् साथै फुटकर कविता, गजल, मुक्तक, हाइकु, कथा, निबन्ध, लेखहरू विभिन्न पत्र-पत्रिकामा प्रकाशित अवस्थामा छरिएर रहेका छन् । साहित्यकार पुडासैनीका प्रकाशित कृति र फुटकर रचनाहरूको अध्ययन उनकै साहित्य-यात्राका परिप्रेक्ष्यमा तल गरिएको छ ।

### ४.३.१ प्रथम चरण (२०३४-२०४९) का प्रकाशित रचनाहरूको अध्ययन

दामोदर पुडासैनीको साहित्य-यात्राको प्रथम चरणमा प्रकाशित कविता-कृति एउटा मात्र छ त्यो हो **आफन्तका अनुहारहरू** (२०४९) कवितासङ्ग्रह । यसबाहेक उनका यस चरणमा अन्य फुटकर कविता,

कथा, हाइकु आदि रचनाहरू विभिन्न पत्र-पत्रिकाहरूमा छरिएर रहेका छन् । यिनीहरूको अध्ययन क्रमशः तल प्रस्तुत गरिएको छ ।

### ४.३.१.१ 'आफन्तका अनुहारहरू' (२०४९) कवितासङ्ग्रहभित्र सङ्कलित कविताहरूको विवेचना

कवि दामोदर पुडासैनी 'किशोर'को **आफन्तका अनुहारहरू** नामक कवितासङ्ग्रह २०४९ सालमा पहिलोपटक प्रकाशित गद्य कविताहरूको सङ्ग्रह हो । यस सङ्ग्रहमा पूर्व प्रकाशित र अप्रकाशित गरी जम्मा ५० वटा कविताहरू सङ्गृहीत छन् । यहाँ कवितातत्त्वका आधारमा यस सङ्ग्रहभित्रका कविताहरूको प्रतिनिधिमूलक विवेचना गरिएको छ ।

**(क) शीर्षक-चयन**

उमेर 'छिप्पिएका अतृप्तिहरू' शीर्षकको कविता यस सङ्ग्रहभित्र सङ्कलित पहिलो कविता हो । यस कवितामा कविले आफ्ना जीवन-भोगाइप्रतिको असन्तुष्टि व्यक्त गरेका छन् । यस क्रममा कविले आफू समयानुसार परिवर्तन हुन नसकेकाले दुःख, अभाव र अतृप्तिको महसुस गर्नु परेको भाव अभिव्यक्त गरेका छन् । कविताको यही सारवस्तुका आधारमा प्रस्तुत कविताको शीर्षक-चयन गरिएको छ । संरचनात्मक दृष्टिले तीन पदको संरचनामा संरचित उक्त कविताको शीर्षक भावानुकूल सार्थक रहेको छ ।

'विसङ्गति' कवितामा कविले आजको वस्तुस्थितिबाट उब्जिएको विसङ्गतिबोधलाई प्रस्तुत गर्ने प्रयास गरेका छन् जसमा वास्तविकता छ, सत्यता छ र यथार्थता छ (राकेश २०५१:४४) । अतः कविताको शीर्षक-चयन यही मूलभावसँग सम्बद्ध भई सार्थक बनेको छ । एकपदीय संरचनामा संरचित उक्त कविताको शीर्षक अभिधार्थमै सशक्त बनेको छ ।

'भागवण्डा' कवितामा भौतिक सम्पत्तिमा भागवण्डा भए पनि मनहरूमा भागवण्डा हुनुहुँदैन भन्दै समानतामा जोड दिइएको छ । 'भागवण्डा' शीर्षकले एकातिर अभिधार्थमा परम्परित सम्पत्तिको विभाजनलाई बुझाएको छ भने लक्ष्यार्थमा वैचारिक विभिन्नतालाई जनाएको छ । त्यसैले यस कविताको शीर्षक लक्ष्यार्थमा बढी सफल बनेको छ । संरचनात्मक दृष्टिले हेर्दा यो शीर्षक पदको स्तरमा रहेको छ ।

'डाक्टरसाहेब ! देशलाई के रोग लागेको छ?' शीर्षकको कवितामा ग्रामीण महिलाहरूको आर्थिक सङ्घर्ष र अधिकांश नेपालीहरूको आर्थिक विपन्नता विरुद्धको युद्ध चित्रित भएको छ । (प्रधान, २०५३:७०) । देशमा व्याप्त आर्थिक विपन्नता साथै हाम्रा नेता र कर्मचारीका प्रवृत्तिलाई रोगको संज्ञा दिइएको प्रस्तुत कविताको शीर्षक व्यङ्ग्यार्थमा सार्थक भएको छ । संरचनात्मक दृष्टिले यो शीर्षक प्रश्नार्थक वाक्यस्तरीय रहेको छ ।

'युद्धको थालनी' कवितामा आर्थिक विपन्नता हटाउनको लागि प्रत्येक नेपालीको घर र आँगनबाट राम्रो कामको सुरुवात हुनुपर्छ भन्ने भाव व्यक्त भएको छ। युद्धलाई प्रतीकको रूपमा लिइएको प्रस्तुत कविताको शीर्षक भावअनुसार सार्थक रहेको छ। यो शीर्षक पदावलीको स्तरमा संरचित भएको छ 'चारखालका सुब्बासाहेब' कवितामा व्याङ्ग्यात्मक भाव अभिव्यक्त भएको छ। कर्मचारीतन्त्रको भ्रष्ट स्वरूपको पराकाष्ठालाई स्पष्ट्याउने यस कवितामा घुस्याहा कर्मचारीको अत्यन्त सजीव विम्ब उतारिएको छ (कोइराला, २०६४:२८)। पदावलीको स्तरमा संरचित उक्त कविता व्यङ्ग्यार्थमा सशक्त रहेको छ।

'जिन्दगी' शीर्षकको कवितामा वर्तमान जीवनभोगाइको विकृत-विसङ्गत अनुभवलाई चोटिलो शब्दमा व्यक्त गरिएको छ। शब्दस्तरको संरचनामा संरचित उक्त कविता भावअनुसार सार्थक रहेको छ।

'सिर्जना' कवितामा कविको देशभक्तिको भावना अभिव्यक्त भएको छ। देशविकास र निर्माणको क्रममा जुट्नको लागि आव्हान गर्दै आशावादी स्वर व्यक्त गरेको उक्त कविता एकपदीय संरचनामा संरचित छ।

'तिमी जुटिदिंदा' कवितामा देशमा व्याप्त भएको गरिबी र विपन्नताको समस्या सम्पूर्ण मिल्न सके समाधान हुन्छ भन्ने भाव रहेको छ। पदावलीको स्तरमा संरचित प्रस्तुत कविता भावअनुसार सार्थक रहेको छ।

'दौडा दौड छ' शीर्षकको कवितामा कविले आफ्नो जीवन-अनुभव व्यक्त गरेका छन्। यसमा आजको व्यस्त जीवनको सटिक चित्र उतारिएको छ। वाक्य स्तरीय संरचनामा संरचित प्रस्तुत कविताको शीर्षक अभिधार्थमै सार्थक रहेको छ।

'मुग्लिङ' कवितामा सहरिया जीवनको जीवन्त चित्र उतारिएको छ। मानवता हराउँदै गएको सहरिया जीवनको तीतो अनुभूति यसमा व्यक्त भएको छ। एकपदीय संरचनामा संरचित प्रस्तुत कविताको शीर्षक भावअनुसार सार्थक रहेको छ। 'कवयित्री' शीर्षकको कविता नारीहरूमाथिको समाजको हेराइलाई चित्रण गर्न सफल भएको छ। कसरी एउटी नारीभित्रको प्रतिभा समाजकै कारण तुहिन पुग्दछ त्यसको मर्मिक भाव यसले बोकेको छ। एकपदीय संरचनामा संरचित प्रस्तुत कविताको शीर्षक सार्थक रहेको छ।

'पर्ख केहीबेरपछि माया गरुँला' कवितामा कविको देशप्रेमको भावना झल्किएको छ। आफ्नो प्रेमभन्दा देशप्रेममा जोड दिएको यो कविता वाक्यस्तरीय संरचनामा संरचित भएको छ।

'कविता' शीर्षकको कवितामा कविको काव्यमान्यता छर्लङ्ग भएको छ। कवितामा देशप्रेमको भावना हुनुपर्छ भन्ने मान्यता बोकेको यो कविता एकपदीय संरचनामा संरचित भएको छ।

'आफन्तका अनुहारहरू' शीर्षकको कविता यस सङ्ग्रहको शीर्ष कविता हो । यसमा कविको आफन्त, आफन्तमामात्र सीमित नभई व्यापक बन्न पुगेको छ । पदावलीको संरचनामा संरचित प्रस्तुत शीर्षक भावअनुसार सार्थक रहेको छ ।

'पातहरू' शीर्षकको कवितामा देशभक्तिको भावना व्यक्त भएको छ । देशलाई रूख र प्रत्येक नागरिकहरूलाई पातको रूपमा लिइएको यो कविता लक्ष्यार्थमा सार्थक छ । यसको संरचना पदको स्तरमा रहेको छ ।

माथि प्रस्तुत गरिएका कविता बाहेक यस सङ्ग्रहभित्र रहेका अन्य कविताहरूमध्ये आवश्यकता र कर्तव्य, जीवनसङ्गीसँग, देश, समाज र वस्तीहरू, आजको काठमाडौं, स्वदेश र सिर्जना, बकैनाका फूलहरू जस्ता कविताहरूको शीर्षक संरचना पदावलीको स्तरमा रहेको छ । शुरुवात, निरर्थक, छिमेकी, स्वतन्त्रता, व्यथा, सहारा, जिजीविषा, कन्चनजङ्घा, बालक, रूप, युवा, लुम्बिनी, क्रम, मोह, वर्तमान, कविताहरूका शीर्षक एकपदको स्तरमा संरचित रहेका छन् भने गुइँठा र भूसले चुह्लो धुवाँउनु हुन्छ, देश परमुखापेक्षी बन्नु हुँदैन, अचेल कस्तो? सन्चै छ?, हाकिम हराएको र पाएको सूचना, विश्व भुस्सा र मडारिंदो बादल बन्दै गइरहेछः हामीहरू परेवाका जोडीहरू उडाउँदै जाऔं, हामी पैयौंका फूल फुल्नुपर्छ, बसाइँ सर्ने भएको छु, आकाश निरन्तर बर्सनुपर्छ,-जस्ता कविताहरूमा विभिन्न प्रकारका वाक्यस्तरको संरचनामा शीर्षक संरचित गरिएको छ । यी कविताका शीर्षक कहीं कविताको अभिधार्थसँग, कहीं लक्ष्यार्थसँग र कहीं व्यङ्ग्यार्थभावसँग सम्बन्धित भई सार्थक भएका छन् । यी कवितामा कविका जीवनभोगाइका अनुभूति, देशप्रेमका भावना र सामाजिक विकृति-विसङ्गतिप्रतिको व्यङ्ग्यात्मक भाव प्रस्तुत गरिएको छ ।

यसरी हेर्दा कवि दामोदर पुडासैनी 'किशोर'का कविताका शीर्षकले कुनै न कुनै रूपमा भावसँग तादात्म्य कायम राखी सार्थक बनेका छन् ।

**(ख) कथ्यविषय : भावविधान**

**आफन्तका अनुहारहरू** (२०४९) कवितासङ्ग्रहमा कवि दामोदर पुडासैनी 'किशोर'का ५० वटा कविताहरू सङ्गृहीत रहेका छन् । यस कृतिमा रहेका कविताहरूले कविको आफ्नो जीवन-अनुभव, देशप्रेम, देखेसुनेका र आफ्नो अन्तरङ्ग मनले ठहऱ्याएका र व्यक्त गर्न खोजेका कुराको प्रतिनिधित्व गर्दछन् (कोइराला, २०४९:?) ।

कविको जीवन-भोगाइप्रतिको अतृप्ति र असन्तुष्टि 'उमेर छिप्पिएका अतृप्तिहरू' शीर्षकको कवितामा यसरी व्यक्त भएको छ ।

साँच्चै विषवृक्ष हुँदोरहेछ
निष्क्रियता र अतृप्तिपछिको यो जीवन

कहिल्यै समयसापेक्ष घुल्न सकिन
कहिल्यै समाज सापेक्ष खेल्न सकिन
(आफन्तका अनुहारहरू पृ. २)

यस्तै वर्तमान समयमा देशका विभिन्न क्षेत्रमा भएका विकृति-विसङ्गतिको चिरफार 'विसङ्गति' कवितामा गरिएको छ । यस कवितामा कविले विसङ्गतिको चित्रलाई यसरी प्रस्तुत गरेका छन् -

साधुको मूल्याङ्कन गर्न
चोरहरूको समिति बनेको छ
इमानदारहरूको परीक्षा लिन
बेईमानहरूको सङ्गठन बनेको छ
असत्यलाई जानेरै पनि सत्य भन्नु पर्ने
कलुषितलाई बुझेरै पनि गुलामी गर्नुपर्ने
कस्तो जमाना आयो हजुर !

(पृष्ठ ३)

माथिका कविता-पङ्क्तिहरूमा मानव आचरणमा निहित विसङ्गतिको सजीव चित्र उतारिएको कुरा सजिलै बुझ्न सकिन्छ ।

राष्ट्रिय एकता र सम्बलका प्रयासलाई नै आघि सार्ने कवि 'किशोर'ले सम्पत्तिको खण्ड-खण्ड विखण्डन स्वीकार गरे पनि वैचारिक चेतना खण्डित हुन नहुने भावलाई 'भागवण्डा' कवितामा यसरी व्यक्त गरेका छन्-

थलो र सम्पत्तिमा जे जति भागवण्डा भए पनि
मनहरूमा भागवण्डा रोपिनु हुन्न
आँखाहरू भागवण्डाले छोपिनु हुन्न

(पृ. ११)

'डाक्टरसाहेब ! देशलाई के रोग लागेको छ?' शीर्षकको कविताले ग्रामीण महिलाहरूको आर्थिक सङ्घर्ष साथै नेपालीहरूको विपन्न आर्थिक अवस्थालाई यसरी प्रस्तुत गरेको छ-

नानीहरू लाम्टो चुसेर आमाको मुहार हेर्नुको साटो
ल्याक्टोजिन च्यापेर भोलिको सपना सजाउन बाध्य भएका छन्
तिनको लिटोमा

कहिले गहुँ छैन । कहिले भटमास छैन । कहिले चामल छैन र कहिले सबैथोक छैन

(पृ.२३-२४)

कमजोर आर्थिक अवस्था र विपन्नताको विरूद्धमा लाग्न हरेकमा जोश र जाँगरको अपेक्षा गर्ने कवि 'किशोर'ले यसै कवितामा आलस्य र आश्रय मनस्थितिलाई पटक्कै मन नपराई यस्तो अभिव्यक्ति दिएका छन् -

वर्षेनी देशलाई बान्ता भएजस्तो बाढी चल्छ
बर्षेनी पाखा र खोचहरूमा पेट दुखे झैं पहिरो चल्छ
केही त काम गर्ने जाँगर नभएर पनि हो

(पृ. २३)

'युद्धको थालनी' कविताले आर्थिक विपन्नताको, नैतिकताको र क्रान्तिको युद्धलाई सङ्केत गरेको छ । प्रत्येक घर-परिवार आँगनबाटै राम्रो कामको थालनी हुन सके थोपा-थोपाबाट समुद्र बन्न सक्ने यथार्थतालाई कविको चेतनाको अठोटले यसरी देखाएको छ (प्रधान, २०५३:७०) ।

हरेक शुरुवात आफ्नै घर आँगनबाट थालिनुपर्छ
चुचुरो टेक्ने अभियान हो, तर फेदीबाटै पाइलाहरू अघि सारिनुपर्छ ।
..........................................................
कतै टाढा गएर हैन आँगन र करेसाबाटै
शान्तिको लागि युद्धमा खटिरहेको छु ।

(पृ. २९-३०)

माथिका कविता-पङ्क्तिमा प्रत्येक नागरिक सक्रिय र सचेत भई निरन्तर कार्यमा जुटिरहे विकास अवश्य हुन्छ भन्ने कविको अठोट रहेको छ ।

सरकारी कर्मचारीहरूमा भएको घुस्याहा प्रवृत्तिलाई उदाङ्गो रूपमा चित्रण गर्दै कविले 'चारखालका सुब्बासाहेब' कवितामा उक्त प्रवृत्तिलाई यसरी प्रस्तुत गरेका छन् -

कुर्सी अगाडि आएका आगन्तुकहरूका अनुहार र हात छाम्छन्
केही नपाउन्जेल क्षणमै झर्कन्छन् ।
र आज काम नहुने घोषणा गर्छन्
भोलि फुर्सद छैन सुब्बा साहेब ! बरु चिया चमेना गर्नुहोस् यसले
भन्ने कानेखुसी पाएपछि क्षणमै फर्कन्छन्

र धन्दा नमान्नुहोस् म जसरी भए पनि
एकक्षणमै काम टुङ्ग्याउँछु भन्ने आश्वासन दिन्छन्

(पृ. ४०)

माथिका कविता-पङ्क्तिहरूमा हाम्रो देशका कर्मचारीहरूमा व्याप्त घुस्याहा प्रवृत्तिको सफल व्यङ्ग्यात्मक उद्घाटन भएको छ । आफै सरकारी कर्मचारी भएर प्रत्यक्ष रूपमा अनुभव गरेको घुस्याहा व्यवहारलाई कविले इमानदारीपूर्वक आफ्ना कवितामा अभिव्यक्त गरेका छन् ।

देशभित्र जुनसुकै ठाउँमा पनि जीवनको मूल्यगत सङ्क्रमणशील एवम् सङ्कटापन्न स्थिति व्याप्त रहेको आजको जिन्दगीको यथार्थ अनुभूतिलाई 'जिन्दगी' शीर्षकको कवितामा कविले यसरी व्यक्त गरेका छन्-

हरक्षण षड्यन्त्र
हरक्षण राजनीतिको आभास
हरक्षण मुखमा रामराम बगलीमा छुरामा पदार्पण
चाहे काठमाडौंमा बस या नेपालगन्जलाई छोऊ
चाहे इलामलाई खोज या बैतडीलाई धोऊ
जिन्दगी अनवरत भीरमा फलेको फर्सी बनिरहेछ
जिन्दगी अविरल शोषण, चाकडी र चुक्लीले पिल्सिरहेछ

(पृ.४८)

यी कविता-पङ्क्तिहरूले हामीले भोगिरहेको वर्तमान जीवनको सङ्कटापन्न स्थितिको कटु यथार्थलाई सरल भाषामा प्रस्तुत गरेका छन् ।

देशभक्तिसँग सम्बन्धित 'सिर्जना' कवितामा कविको देशप्रेमको भाव यसरी प्रकट भएको छ-

देश ज्योति हो हरेक आँखाको नानीको
देशबाट प्रत्येक मुटु जन्मन्छ चौराली र पाखामा
देशबाट सत्यम, शिवम् र सुन्दरम् जाग्रत हुन्छ क्षणक्षणमा
हो त्यसैले देश हरेक मुटुमा झुल्कन्छ

(पृ. ५०)

कवि 'किशोर'को 'बालक' शीर्षकको सूर्यमुखी कवितामा व्यक्त भएको 'सूर्य'लाई राजनीतिक वा सांस्कृतिक जुन स्वरूपमा पनि हेर्न सकिन्छ तर सूर्यप्रतिको कविको विशेष अनुराग आशक्ति रहेको कुरा यस कविताभित्रका पङ्क्तिहरूले स्पष्ट गर्दछन् (भट्टराई, २०५०:ख) । कविले यस कवितामा राखेको सूर्यप्रतिको आशक्ति यस्तो देखिन्छ -

अविरल सूर्यलाई धरती चखाउँदै
धरती नै सूर्यमय बनाउन सक्छौं

(पृ. ६१)

देशको बारेमा सोचिरहने कविको 'तिमी जुटिदिँदा' शीर्षकको कविताले कविको अनुभूतिमा निर्मित देशको सजीव चित्र यसरी प्रस्तुत गरेको छ -

तिमीले
हातमा दूधे बालक र पिठ्यूँमा भारी बोकेर
शहर गाउँ गर्ने धेरै ठूलीहरू देखेको हुनुपर्छ
तिमीले
जिन्दगीभर गोरु जोतेर मर्दा चारहातको कात्रोपनि नपाउने
असङ्ख्य ठूलेहरूलाई पनि देखेको हुनुपर्छ

(पृ. ६७)

माथिका कवितापङ्तिहरू गरिबी र विपन्नताको सङ्कटापन्न स्थितिलाई छर्लङ्ग पार्न सफल बनेका छन् ।

'दौडादौड छ' कविताको शीर्षक आफैमा जिन्दगीको विशेषता वहन गर्न सफल रहेको छ । व्यस्त जीवनको अनुभूति गरेका कविको जीवन चिन्तनले वर्तमान समयको समग्र मानव जीवनको नियतिलाई 'दौडादौड छ' कवितामा यसरी प्रस्तुति दिएको छ -

फिरन्ते जोगीजस्तो यो अहिलेको अवस्था
एउटा स्यानो तुम्बा बोकेर
चार गाउँ घुमेर
फेरि आफ्नै कुटीमा फर्कन
सधैं दौडादौड छ ।

(पृ. ८४)

लुम्बिनी शान्तिदूत गौतमबुद्धको जन्मस्थल भएकाले एउटा पवित्र तीर्थस्थलका रूपमा संसारभर प्रतिष्ठित एवम् पूजित हुनुपर्ने तर हाम्रो धार्मिक भावनालाई ठेस पुऱ्याउने खालका गतिविधिबाट आक्रान्त कविको अन्तरमनको अभिव्यक्ति 'लुम्बिनी' कवितामा व्यक्त भएको छ (राकेश: २०५१:४२) ।

कविले आफ्ना अन्तरमनको अभिव्यक्तिलाई प्रस्तुत कविताका निम्न पङ्क्तिहरूमा व्यक्त गरेका छन्-

अशुद्ध मनले लुम्बिनीलाई कुल्चन दिनुहुन्न
उचनीचको भावनाले
लुम्बिनीलाई ढाक्न र रङ्गाउन दिनुहुन्न

असङ्ख्य जनराशिको आस्थाका केन्द्र लुम्बिनीलाई
कसैले छड्के नजरले हेर्छ भने सोच्नुपर्छ
हामी नेपाली र बुद्धकोमात्र के कुरा
यस भावनाका सारा मान्छेहरूकै
मनमनमा भुत्ते खुकुरीले हानिएको छ

(पृ. ८६-८७)

व्यक्तिगत प्रेमलाई देशप्रेमसमक्ष गौण सम्भने कविको देशप्रतिको प्रगाढ परिपक्व भावनालाई तलका पङ्क्तिले छर्लङ्ग पार्दछन्:

मेरो पनि इच्छा छ
आऊ
यसबेला पहिले त देशकै सिउँदो खोलौं हामी दुवै
पर्ख
अनि केहीबेरपछि माया गरुँला

(पृ. १०२)

यसरी देशप्रेमलाई आफ्ना सिर्जनामा छताछुल्ल पोख्न सफल कवि 'किशोर'को 'आफन्तका अनुहारहरू' शीर्षकको कवितामा भने आफन्तकै अनुहारहरू विकृत, खण्डित, र जर्जर एवम् कुटिल बन्दै गएकोमा चेतनागत स्वर उठाउँछन्, कतै भत्काउन बल गर्छन्, भत्काउन नसक्दा पलायन र निराश पनि ओकल्छन् (प्रधान, २०५३:६९) । प्रस्तुत कवितामा कविको चेतना यसरी बोल्छ-

आफन्तका अनुहारहरूमा पनि
विराना रेखाहरू कोरिएका हुने रैछन्
.........................................
हरेक मनहरूमा एउटा पर्खाल ठडिएको छ

(पृ. १२२-२४)

देशप्रेम र देशभक्तिमा नै डुबिरहने कवि 'किशोर'का धेरै कवितामा देशकै बारेमा चिन्ता व्यक्त गरिएको छ । यस्तै देशप्रेमले ओतप्रोत एक अर्को कविता 'पातहरू'मा उनी यसरी प्रस्तुत हुन्छन्-

मान्छेका हातहरू जस्तै,
रुखका पातहरू पनि निरन्तर चल्नुपर्छ
हरेक दिन कुनै न कुनै पात पलाउने गर्नुपर्छ
मात्र एउटा मान्छेले देशको लागि सबै कुरा गर्न सक्दैन

र एउटा मान्छे नभै देश बन्न पनि सक्दैन

(पृ. १३३)

यसरी 'किशोर'को **आफन्तका अनुहारहरू** कवितासङ्ग्रहलाई हेर्दा उनले आफ्नै जीवन-भोगाइबाट सिर्जित अनुभूति, संवेदना आदि विविध विषयवस्तुको कवितात्मक अभिव्यक्ति गरेको देखिन्छ ।

**(ग) संरचना : बनोट**

**आफन्तका अनुहारहरू** (२०४९) कवितासङ्ग्रहमा सङ्गृहीत सम्पूर्ण कविताहरू शीर्षकबद्ध रहेका छन् । कविताहरूमा शैली र शब्दको मौलिकताका साथ विचारहरू सुगठित रूपमा प्रस्तुत भएका छन् । अनुच्छेद सङ्ख्यामा समानता छैन । धेरैजसो यस सङ्ग्रहका कविताहरू एकै अनुच्छेदमा निर्मित भएका छन् ।

पङ्क्तिका हिसाबले पनि यस सङ्ग्रहका कविता समान छैनन् । यस सङ्ग्रहमा रहेको अधिकतम ७५ पङ्क्तिमा संरचित 'हाम्री पैयौँका फूल फुल्नुपर्छ' शीर्षकको कविता हो भने न्यूनतम २१ पङ्क्तिमा 'व्यथा', 'जिन्दगी' र 'कन्चनजङ्घा' शीर्षकका तीन कविता संरचित भएका छन् । धेरैजसो लेख्य चिह्नहरूको प्रयोग गरिएको यस सङ्ग्रहमा ४३ वटा पूर्णविराम चिह्न, ७२ वटा प्रश्नवाचक चिह्न र ३८ वटा उद्गार चिह्नहरूका साथै अन्य कमा, उद्धरण, योजक आदि चिह्नहरूको प्रयोगले कविताको भावलाई बुझ्न सहयोग पुऱ्याएका छन् । यसरी संरचनात्मक दृष्टिले उनका यस सङ्ग्रहका कविताहरू मौलिक देखिन्छन् ।

**(घ) लयविधान**

कविता विधाको मुख्य विधागत परिचायकस्वरूप तत्त्व नै लयविधान हो (त्रिपाठी र अन्य, २०६०:१८) । लयकै कारण कविता अन्य विधाबाट सजिलै छुट्टिन्छ । **आफन्तका अनुहारहरू** कवितासङ्ग्रहका सम्पूर्ण कविताहरू गद्यमा संरचित भएकाले पङ्क्तिगत, वर्णगत समानता छैन । बद्धछन्दोविधानमा झैँ गद्य कवितामा लय व्यवस्थित नहुने हुँदा पाठकले आफै गति यति मिलाई लय व्यवस्थित गर्नुपर्ने देखिन्छ । कविताका पङ्क्तिहरूमा शब्दहरू द्वित्व भएर पनि आएका छन् । यस्ता शब्दहरूको प्रयोग धेरैजसो कविताका बीच-बीचमा भेटिन्छ । यस किसिमको प्रयोगले कवितामा लय सिर्जना गर्न मद्दत गरेको छ । यसको एउटा उदाहरण 'भागवण्डा' कवितामा देख्न सकिन्छ -

कतै भैंचालोले घर-घरमा पैरो गयो
कतै महँगीले मन-मनमा भूकम्प गयो
पैतृक सम्पत्ति त के थियो र एउटा नाम थियो बाबु बाजेको
त्यसको पनि भाइ-भाइमा भागवण्डा भयो

(पृ.१०)

यहाँ घर-घर, मन-मन, भाइ-भाइजस्ता द्वित्व भएर आएका शब्दले कवितामा अतिरिक्त लयात्मक सौन्दर्य थपेका छन् ।

कवितामा लय उत्पादन गर्न महत्त्वपूर्ण भूमिका खेल्ने शब्दालङ्कारको प्रयोगले पनि विवेच्य कवितासङ्ग्रहका कविता लयात्मक बन्न पुगेका छन् ।

'दौडा-दौड छ' कवितामा चार पटक प्रयोग भएको 'दौडा-दौड छ' भन्ने पूर्ण वाक्यबाट निर्मित पङ्क्तिले कवितालाई लयात्मक बनाएको छ ।

विवेच्य यस सङ्ग्रहका कवितामा अनुप्रास अलङ्कारका भिन्न-भिन्न रूपहरूको प्रयोग कविताका पङ्क्तिहरूमा जतातत‌ै भेट्न सकिन्छ । कवितालाई लयात्मक, श्रुतिमाधुर्य बनाउन अनुप्रास शब्दालङ्कारले अग्रणी भूमिका खेलेको यस्तो प्रवृत्ति प्रायः गद्य कविताहरूमा पाइन्छ । यसलाई विभिन्न उदाहरणबाट यसरी देखाइएको छ -

साधुको मूल्याङ्कन गर्न
चोरहरूको समिति बनेको छ
ईमानदारहरूको परीक्षा लिन
बेईमानहरूको सङ्गठन बनेको छ

(विसङ्गति पृ. ३)

भागवण्डा ठूला-ठूला महलहरूमा पर्खाल लगाएर हुनसक्छ
भागवण्डा विशाल फाँटहरूमा आली थपेर हुनसक्छ
भागवण्डा एउटा स्यानु झुपडीमा बार बाँधेर हुनसक्छ

(भागवण्डा, पृ. १०)

यी माथिका कविता-पङ्क्तिहरूमा क्रमशः प्रयोग भएका अन्तरअनुप्रास, आद्यानुप्रास, अन्त्यानुप्रास अलङ्कारले कवितामा लयात्मक सौन्दर्य थपेका छन् ।

यसरी हेर्दा कवि 'किशोर'का कवितामा लयको सिर्जना गर्नमा विभिन्न लेख्य चिह्नहरू र शब्दालङ्कारहरूको महत्त्वपूर्ण भूमिका देखिन्छ । यिनै उदाहरणका आधारमा कविले कवितालाई लयात्मक तुल्याउन पर्याप्त सिर्जनात्मक प्रयास गरेको देखिन्छ । त्यसैले उनका कवितामा लयात्मक सौन्दर्यको अनुभूति गर्न सकिन्छ ।

**(ङ) कथनपद्धति**

कथनपद्धति कवितामा कविले आफ्ना भोगाइ अनुभूति र भावनालाई प्रस्तुत गर्ने तरिका हो । कविले आफ्ना भावनालाई कुन स्थानमा रहेर प्रस्तुत गर्दछ त्यही आधारमा नै कथनपद्धति छुट्याउन

सकिन्छ । कवि दामोदर पुडासैनी 'किशोर'को **आफन्तका अनुहारहरू** कवितासङ्ग्रह उनको समग्र साहित्य-यात्राकै प्रथम कवितासङ्ग्रह हो । यस विवेच्य सङ्ग्रहका कविताहरूमा उनले मुख्यतः आफ्नै जीवन-भोगाईलाई विषयको रूपमा प्रस्तुत गरेका छन् । विवेच्च यस सङ्ग्रहमा कविले 'म' पात्रको आत्मालापीय अभिव्यक्तिका साथै 'म' पात्रको द्वितीय पुरुष 'तिमी'प्रति सम्बोधित कथनको प्रयोग पनि गरेका छन् । त्यस्तै गरी कहीं-कहीं तृतीय पुरुषको प्रयोग पनि भेटिन्छ । म पात्र कविको आत्मालापीय कथनको प्रयोग 'उमेर छिप्पिएका अतृप्तिहरू' शीर्षकको कविताका यी पङ्क्तिहरूमा भएको देखिन्छ-

सधैँ जूनलाई हेरेर
आकाश रिक्ततामा गुमाएको छु
मन परेका कुराहरू धेरै थिए
मन नपरेका कुराहरू अझ धेरै थिए
मन पर्नु र मन नपर्नुलाई
कहिल्यै एउटै लखाकीमा बाँध्न सकिन

(पृ. २)

माथिका कविता-पङ्क्तिहरूले कविको जीवन-भोगाइप्रतिको असन्तुष्टिलाई आत्मालापीय शैलीमा प्रस्तुत गरेका छन् । त्यस्तै प्रथम पुरुष आत्मालापीय शैलीको प्रयोग 'छिमेकी' शीर्षकको कविताका यी पङ्क्तिहरूमा भेट्न सकिन्छ-

जिजीविषाको नयाँ पालुवा बोकेर
शहरको सिकुवामा बास बस्न आएको छु
सपनाहरू शहरजत्तिकै
छरपुस्ट, वितत र झाँगिएका थिए गाउँघरमा
तर विपना
उराठ लाग्दो मरुभूमि र निर्जन धुवाँले चाटिरहेछ

(पृ. २६)

यहाँ कविले गाउँबाट सहर पस्दाको तीतो अनुभूतिलाई आत्मालापीय कथनढाँचाको शैलीमा प्रस्तुत गरेका छन् । जीवन-भोगाइका विभिन्न विषयलाई लिएर कवितात्मक अभिव्यक्ति प्रस्तुत गर्ने कवि 'किशोर'ले 'नयाँ वर्ष' शीर्षकको कवितामा जीवनप्रतिको निराशाजनक अभिव्यक्तिलाई आत्मालापीय शैलीमा यसरी प्रस्तुत गरेका छन्-

सिउँडीका काँडाहरूजस्तै
पुराना वर्षका दिनहरू

खुइलिँदै बोधो हुँदै
हराउँछन् भन्छन्
नयाँ वर्षमा पनि
आकाशमा कुनै सुकिलो बादल देखिने आस छैन
धरतीमा कुनै सुगन्धित वसन्त आउने विश्वास छैन

(पृ. ३६)

'कन्चनजङ्घा' शीर्षकको कवितामा कविले तृतीय पुरुषको प्रयोग गरी कन्चनजङ्घाको प्राकृतिक स्वरूपको मानवीय चित्रण यसरी प्रस्तुत गरेका छन्-

ऊ कैयौं रात तारासँग र
कैयौँ रात जूनसँग
हिउँको घुम्टो ओढेर लुकामारी खेल्छे

(पृ. ५९)

त्यस्तैगरी विवाहपछि प्रत्येक घरपरिवारमा देखिने पारिवारिक समस्यालाई केन्द्रविन्दु बनाई रचिएको 'यसरी घरबार चल्न सक्दैन शीर्षकका निम्न पङ्क्तिहरूमा प्रथम पुरुष म पात्रको द्वितीय पुरुष तिमीप्रति सम्बोधित कथनपद्धतिको प्रयोग भएको देख्न सकिन्छ -

दुई आँखाले जे देख्छन् त्यही बोल्ने गर्नुपर्छ
आज त चलेकै छ भोलिलाई पो सोच्नुपरेको छ
पालो सासू र बुहारी दुवैको आउँछ
त्यो तिमीले सोचेकी छ्यौ?
आमालाई भुलेर तिमीमा मात्र हराउन मेरो विवेकले दिंदैन
परिवार त्यागेर घरबार बनाउने कुरा त अझै गर्छ्यौ तिमी
त्यतिमै मात्र सीमित रहने हो भने
तिम्रो र मेरो घरबार कसैगरी पनि चल्दैन

(पृ. १२६)

यहाँ हाम्रो समाजमा विवाहपछि श्रीमतीले छुट्टै बस्नुपर्छ भन्दा श्रीमानले तिमी पनि भोलि सासू बन्नुपर्छ भन्दै घरपरिवारमा सबैसँग मिलेर बस्नुपर्छ नत्र तिम्रो र मेरो घरबार चल्न सक्दैन भनेर सम्झाएको विषयवस्तु प्रस्तुत गरिएको छ ।

यसरी हेर्दा विवेच्य सङ्ग्रहका कवितामा मिश्रित दृष्टिविन्दुको प्रयोग भेटिन्छ तर मुख्य रूपमा प्रथम पुरुष आत्मालापीय कथनपद्धतिको प्रयोग भएको देखिन्छ ।

**(च) विम्ब-प्रतीकयोजना**

कुनै कृतिमा मुख्य कथ्यअर्थका सहचर प्रतिच्छायाका रूपमा आउने अर्को सहवर्ती अर्थ विम्ब हो (त्रिपाठी र अन्य, २०६०:२०) भने कुनै अप्रस्तुत वस्तुको प्रतिनिधित्व गर्ने प्रस्तुत सजीव र निर्जीव वस्तु प्रतीक हो (लुइँटेल, २०६०:१२६) । विम्ब र प्रतीकले कवितालाई मूर्तता प्रदान गर्ने भएकाले कविहरूले विम्ब र प्रतीकलाई आ-आफ्नै ढङ्गले प्रयोग गरेका हुन्छन् ।

समाजमा व्याप्त विसङ्गति, आफ्ना जीवन-भोगाइका अनुभूति, देशप्रेमको भावना आदि विषयलाई लिएर रचिएका कवि पुडासैनीको विवेच्य कवितासङ्ग्रहभित्रका कवितामा पनि विम्ब र प्रतीकको प्रयोग सशक्त रूपमा भएको पाइन्छ । यस्तै विम्ब प्रयोग भएको 'आवश्यकता र कर्तव्य' कविताका पङ्क्तिलाई उदाहरणका रूपमा लिन सकिन्छ-

युद्धले थाकेको विश्व-जनराशिको अनुहारमा
पलाइरहेको कालो बादलको पसीनालाई
बुद्धका कोमल हात र सेता परेवाका प्वाँखहरूले शीतलता दिनु
हाम्रो आजको कर्तव्य भएको छ ।

(पृ. ५)

यसैगरी यिनका अन्य कविताहरूमा पनि विम्ब प्रयोग भेट्न सकिन्छ । 'छिमेकी' कवितामा प्रयोग भएको शहरको सिकुवा, 'युद्धको थालनी' कवितामा अस्थिपञ्जरहरूको पहाड, डाइनोसर युद्ध, 'नयाँ वर्ष' कवितामा सिउँडीका काँडाहरू, आलस्यको लहरा, 'सिर्जना' कवितामा आस्थाका पर्खाल, विश्वासका बाँध, पसीनाको तप्क्यान, 'कन्चनजङ्घा', कवितामा हिउँको घुम्टो-जस्ता विम्बहरूले कवितालाई सशक्त बनाएका छन् । यसैगरी उनका अन्य कवितामा एकजोडी दियो, जाग्रामको शङ्खघोष, पाइतालाका डोब, गोमनको फणा, अट्टालिकाको बिसौनी-जस्ता सशक्त भाव वहन गर्ने विम्बहरूको प्रयोग भएको छ ।

कवि दामोदर पुडासैनी 'किशोर'ले आफ्ना कविताहरूमा प्रतीकहरूको पनि प्रयोग गरेका छन् । जीवनभरी अटुट रूपमा साथ दिइरहने जीवनसाथीको खोजी गर्ने कविले 'जीवनसङ्गी' कवितामा सयपत्री, मखमली र गोदावरीलाई नारीको प्रतीकका रूपमा उभ्याएको कुरा तलका पङ्क्तिहरूमा अनुभव गर्न सकिन्छ -

एउटा शरत्मा मात्र सुवास छर्ने
सयौं सयपत्री मखमली र गोदावरीका हातहरू छोडेर
मैले तिम्रै मात्र जीवनभरको साथ रोजेको छु

(पृ. ७)

'नयाँ वर्ष' कवितमा कविले हाम्रो देशको परम्परित राजनीतिक व्यवस्था र त्यसले निम्त्याएको दु:खद परिस्थितिलाई प्रतीकात्मक रूपमा यसरी प्रस्तुत गरेका छन् -

भोटो उही पुरानै हो
खान्की उही साविककै हो
सरसङ्गत इष्टमित्रमा
न कुनै परिवर्तन आएको छ
नयाँ वर्ष, नयाँ बोतलको उही पुरानो रक्सीजस्तो
विनाक्रियाशीलता
मान्छेलाई अरू असल बनाउन बाँध्ने
तिलहरी झुन्डिएको छैन

(पृ. ३४-३५)

माथिका कविता-पङ्क्तिहरूमा 'भोटो', 'खान्की', 'नयाँ बोतल', 'पुरानो रक्सी,' 'तिलहरी' आदि प्रतीकहरूको प्रयोग भएको छ ।

यस्तै गरी 'लसुनको गन्ध र काँचो पिँडालु हाम्रो मायाको बारीमा', कवितामा कविले यसरी प्रतीकात्मक भाव व्यक्त गरेका छन्-

उनीहरूको मायाको बारीमा
अलिकति बुद्धले बास बसाएका छन्
जनकले अलिकति हलो जोतेका छन्
भीमसेन, भक्ति र बलभद्र अलिकति लडिरहेछन्
अभाव, अन्योल र असमर्थताको विरोधमा

(पृ. ६५)

माथिका पङ्क्तिमा 'बुद्धको बास', 'जनकको हलो जोताइ', 'भीमसेन', 'भक्ति' र 'बलभद्र', प्रतीकका रूपमा प्रयोग भएका छन् ।

यस्तै 'क्रम' शीर्षकको कवितामा पनि प्रतीकात्मक अभिव्यक्ति रहेको छ । जसलाई यी पङ्क्तिहरूले प्रस्ट पार्छन्-

सडक भरिएको छ कमिलाका ताँतीहरूले
कुनबेला थिचिने हुन् बुटहरूले उनीहरू
कुनबेला किचिने हुने टापहरूले उनीहरू

(पृ. ९०)

यहाँ 'कमिला', 'बुटहरू' र 'टापहरू' जस्ता सशक्त प्रतीकहरूको प्रयोग गरिएको छ ।

यसरी हेर्दा कवि पुडासैनीको विवेच्य कवितासङ्ग्रहका कविताहरूमा विम्ब र प्रतीकहरूको सफल प्रयोग भएको देखिन्छ ।

**(छ) भाषाशैली**

कवि दामोदर पुडासैनी 'किशोर'को कविता रचनाको आफ्नै मौलिक शैली छ । मौलिक शैलीद्वारा उनी आफ्ना जीवन-भोगाइका अनुभव, देशप्रेमका भावनालाई पाठकसामु सम्प्रेषण गर्न चाहने भएकाले उनका कवितामा सम्प्रेष्यता भेटिन्छ । विवेच्य सङ्ग्रहका कविता जनसामान्य पाठकका लागि

पनि बोध्य रहेका छन् साथै यिनमा हार्दिकताको पक्ष रहेको भेटिन्छ । कवि पुडासैनीको शैलीलाई लिएर यस सङ्ग्रहको प्रकाशकीय लेख्ने क्रममा कवि मोहन कोइरालाले निकै परिमार्जित, कुतूहलकारी विशेष शैलीको शिल्पगत चातुर्य रहेको कुरा व्यक्त गरेका छन् । कवि पुडासैनीको भावपक्ष जत्तिको विस्तृत एवं व्यापक छ कलापक्ष पनि सशक्त एवम् साहित्यिक पाराको छ । उनको भाषाशैलीमा उपमा- उपमेयको सुन्दर समन्वय पाइन्छ (राकेश, २०५१: ४३) ।

कवि 'किशोर'को भाषाशैलीमा उखान टुक्काको प्रयोग पनि भेटिन्छ जसले गर्दा उनको भाषाशैली सुमधुर बन्न पुगेको छ । उनले आफ्ना यस सङ्ग्रहका कवितामा संस्कृत, पाली र नेपाली भाषाबाट लिइएका प्रशस्तै उखान-टुक्काको प्रयोग गरेका छन् जसले गर्दा उनको भाषिक क्षमतालाई बुझ्न सकिन्छ । यसका केही साक्ष्यहरू यस्ता छन्-

यत्र नार्यस्तु पूज्यन्ते रमन्ते तत्र देवताका आदर्शहरू
स गच्छध्वं, सं वदध्वं, सं वो मनांसि जानाताम्
सर्वे भवन्तु सुखिन : (पृ. ८)
द्यौ शान्ति : पृथ्वी शान्ति : (पृ. २८)
नहि वेरेन वेरानि, सम्मन्तीध कुदाचनम् भन्ने
धम्मपदका गाथाहरूलाई (पृ. २९)
हरक्षण मुखमा रामराम बगलीमा छुरा (पृ. ४८)
ठाउँ न ठहर बूढीको रहर (पृ. ५८)

उपयुक्त लेख्य चिह्नको प्रयोगले पनि उनको भाषिक शैलीमा परिष्कार थपेको छ । यिनले कवितामा कतै प्रश्नात्मक, कतै सम्बोधनात्मक र कतै वर्णनात्मक शैलीको प्रयोग गरेका छन् । उनले

प्रयोग गरेका शब्दलाई स्रोतका आधारमा हेर्दा ठेट नेपाली, संस्कृत मूलका र आगन्तुक गरी विभिन्न स्रोतमा छुट्याउन सकिन्छ । यसरी विविध स्रोतका शब्दको प्रयोग गरे पनि उनको भाषिकविन्यास भने सरल सहज हुनुका साथै प्रभावकारी पनि देखिन्छ ।

### ४.३.१.२ पत्रपत्रिकामा प्रकाशित प्रथम चरणका फुटकर कविताहरूको अध्ययन

दामोदर पुडासैनी 'किशोर'को साहित्यिक-यात्राको यस प्रथम चरणमा सङ्ग्रहभित्र नपरेका कविताहरू प्राप्त तथ्यका आधारमा हेर्दा आधादर्जन मात्र प्रकाशित देखिन्छन् । जसको सूची ४.१.१.२ (क) मा प्रस्तुत गरिएको छ । यहाँ ती कविताको विधातत्त्वका आधारमा समग्र विवेचना गरिएको छ ।

**(क) शीर्षक-चयन**

विवेच्य फुटकर कविताहरूमध्येको प्रथम कविता 'मुटु नै चुँडिन्छ' हो जुन वि.सं. २०३८ सालमा 'कुरौटे' पत्रिकामा प्रकाशित छ । यस कवितामा आर्थिक अवस्था कमजोर भएका कारण कसरी एउटी आमाले आफ्नो सन्तान गुमाउन पुग्छे भन्ने मार्मिक घटना प्रस्तुत भएको छ । त्यसैले यस कविताको शीर्षक भावअनुसार सार्थक छ । संरचनात्मक दृष्टिले शीर्षक वाक्यात्मक संरचनामा संरचित भएको छ ।

'कान्ला र पाटाहरू' कवितामा वैचारिक विखण्डनको विरोध गरी एकताको लागि आव्हान गरिएको छ । त्यसैले यसको शीर्षक सार्थक रहेको छ । पदावलीको स्तरमा सो शीर्षक संरचित भएको छ ।

'शिशु विलकुल शिशु छः तिमी केवल योजनाको आशामा 'नअल्मलिनु' शीर्षकको कवितामा कविले बालकको भविष्य बारेमा चिन्ता व्यक्त गरी उसकी आमाको योजनामा असन्तोष व्यक्त गर्दै सुन्दर भविष्य निर्माणमा जुट्न आव्हान गरेका छन् । कविताको यही मूल भावसँग तादात्म्य गरेर राखिएको उक्त कविताको शीर्षक भावअनुसार सार्थक रहेको छ । वाक्यस्तरीय संरचनामा यो शीर्षक संरचित छ ।

'तानसेन' कवितामा तानसेनलाई मानवीकरण गरी नारीको स्वरूप प्रदान गरेर त्यहाँको स्थानीय भौगोलिक प्राकृतिक स्वरूपको यथार्थ चित्र प्रस्तुत गरिएको छ । एकपदीय संरचनामा संरचित प्रस्तुत कविताको शीर्षक भावानुकूल सार्थक रहेको छ ।

'मेरो देश एउटै गहरो बाँच्न खोज्छ' कविताले राष्ट्रिय एकताको भाव बोकेको छ । वाक्य स्तरीय संरचनामा संरचित प्रस्तुत कविताको शीर्षक सार्थक छ ।

'तिमी यसरी आउनु' कवितामा परिवर्तनको आशा गर्दै क्रान्तिको आव्हान गरिएको छ । विध्यर्थक क्रिया प्रयोग भएको वाक्यस्तरीय संरचनामा संरचित प्रस्तुत कविताको शीर्षक भावअनुसार सार्थक छ ।

(ख) **कथ्यविषय : भावविधान**

कवि दामोदर पुडासैनी 'किशोर'ले आफ्नो साहित्य-यात्राको प्रथम चरणका कविताहरूमा विविध विषयवस्तुको प्रयोग गरेका छन् । कुनै पनि कवि आफ्नो समाज, देशकाल परिस्थितिबाट छुट्टिएर रहन सक्दैन । त्यसकारण कवि 'किशोर'को कवितामा पनि मानवीय मूल्य, समाजमा व्याप्त विकृति-विसङ्गति आदिलाई अभिव्यक्त गरिएको पाइन्छ । उनका यस चरणका पत्रपत्रिकाहरूमा प्रकाशित फुटकर कविताहरूमा पाइने विषयवस्तु तथा भावगत प्रवृत्तिलाई विभिन्न उदाहरण प्रस्तुत गरेर प्रस्ट्याउने प्रयत्न गरिएको छ ।

(अ) **राष्ट्रिय एकताको अभिव्यक्ति**

कवि दामोदर पुडासैनी 'किशोर'का धेरैजसो कविताहरूमा राष्ट्रिय एकता, अखण्डता एवम् देशभक्तिका भावहरू छताछुल्ल भएर पोखिएका छन् । त्यस्तै राष्ट्रिय एकताको भाव व्यक्त भएको कविता 'मेरो देश एउटै गहरो बाँच्न खोज्छ' भित्र कविको भाव यसरी मुखरित भएको छ :

मेरो देश केवल
सबै जनताको एउटै पर्म बाँच्न खोज्छ
संयुक्त रूपको एउटै शिखर बाँच्न खोज्छ
फाँट-फाँट र इत्ला-इत्लाहरूमा विभाजन नभै
मेरो देश सधैँ एउटै फाँट बाँच्न खोज्छ
मेरो देश सधैँ एउटा गहरो बाँच्न खोज्छ

(नेपाली समसामयिक कविताहरू, २०४८, पृ. ११०)

प्रस्तुत कविता-पङ्क्तिहरूले कवि भित्रको देशप्रेमका साथै राष्ट्रिय एकताको भाव प्रस्तुत गरेका छन् । यहाँ प्रयोग भएका पर्म, शिखर, फाँट, गहरो आदि शब्दहरू एकताका प्रतीक हुन् ।

(आ) **प्रकृतिको मानवीकरण गर्दै स्थानीयताको चित्रण**

'तानसेन' कवितामा प्रकृतिको मानवीकरण गरिएको छ । यहाँ तानसेन जिल्लालाई एउटी नारीको स्वरूप दिँदै नारी जीवनका विभिन्न अवस्थासँग तानसेन जिल्लाको समय अनुसारको स्थानीय विम्बलाई झल्काइएको छ । यस कवितामा कविले तानसेन जिल्लामा मानवीय रूपको आरोप गर्दै भन्दछन्-

कतै भर्खर वैंस पाएजस्ती
कतै बतासे डाँडाको हावामा बहकिएजस्ती

कतै श्रीनगरको सल्लोमा सुसाएजस्ती
तानसेन

(सामयिक सँगालो, २०४५, पृ. ३६)

यसैगरी तानसेनको प्राकृतिक स्वरूपलाई चित्रण गर्ने क्रममा कविले दिनका विभिन्न प्रहरहरूमा देखिने तानसेनको भिन्न-भिन्न प्राकृतिक स्वरूपलाई तुलनात्मक शैलीमा यसरी प्रस्तुति दिन पुग्छन्-

झिसमिसेमै तपाइँ तानसेन पुग्नुभयो भने
ऊ भर्खर बैंस हराएकी एउटी अधवैंसेझैं बसेकी हुन्छे
बिहानै तपाइँ पुग्नुभयो भने
ऊ एउटी गुजुमुने बालिका झैं लाडे स्वरमा गिजिँदै हुन्छे
मध्यान्हमा तपाइँ पुग्नुभयो भने
ऊ एउटी युवतीको निधारको सिताराझैं सुहाएकी हुन्छे
साँझमा तपाइँ पुग्नुभयो भने
ऊ अलिकति चहकिला बत्ती बालेर
अलिकति न्यानो हावा बाँडेर
अनि धेरै आतिथ्य भाव प्रस्तुत गरेर झुकेकी हुन्छे

(पृ. ३७-३८)

माथिका कविता-पङ्क्तिहरूमा तानसेनको प्राकृतिक स्वरूपको विविधतालाई नारी जीवनको विभिन्न अवस्थासँग दाँजिएको छ ।

**इ) जीवन भोगाइका अनुभूतिप्रतिको दृष्टिकोण**

कवि दामोदर पुडासैनी 'किशोर'ले आफ्नो साहित्य-यात्राको प्रथम चरणका कवितामा धेरैजसो आफ्नै जीवन-भोगाइका अनुभूतिलाई प्रस्तुत गरेका छन् । कविले कुनै कवितामा जीवनप्रतिको आफ्नो दृष्टिकोण प्रस्तुत गरेका छन् भने कतै विसङ्गत जीवनको यथार्थ प्रस्तुति दिएका छन् ।

'शिशु विल्कुल शिशु छः तिमी केवल योजनाको आशामा नअल्मलिनु' शीर्षकको कवितामा बाल जीवनप्रतिको दृष्टिकोण यसरी प्रस्तुत गरेका छन् -

फूलले फूलकै बोटमा ढकमक्क फक्रनु पाउनु पर्छ
निःसन्देह फूलकै आकारमा पूर्ण फूल बन्न पाउनुपर्छ

(मिर्मिरे, कार्तिक, पूर्णाङ्क ६७, २०४४, पृ. ४५)

माथिका पङ्क्तिहरूले बालकमाथि अभिभावकहरूले राखेका पूर्ण हुन नसक्ने इच्छाको विरोध गर्दै बालकले स्वतन्त्र जीवन बाँच्न पाउनुपर्छ भन्ने स्वरलाई एउटा फूलको माध्यमबाट प्रस्तुत गरिएको छ ।

त्यस्तै गरी 'मुटु नै चुँडिन्छ' कवितामा सम्पन्न वर्गका मान्छेको संवेदना शून्य स्थितिको सटिक चित्र उतारिएको छ । जुन कुरा तलका पङ्क्तिबाट छर्लङ्ग हुन्छ-

आधा गाँस खाएर पालेकी सानी छोरी
ऊ पनि जिम्वालको गोरुलाई घाँस काट्न जाँदा
भीरबाट लडेर ठहरै भइछ,
जिम्वालले हाँस्दै खबर ल्यायो
अब तँलाई आफ्नो पेट मात्र भरे पुग्छ

(कुरौटे, १; २, २०३८ः पृ. ३३)

यी विभिन्न आधारहरमा हेर्दा कवि 'किशोर'का साहित्य-यात्राको प्रथम चरणका फुटकर कवितामा जीवन-भोगाइका अनुभूति, देशप्रेम, प्रकृतिचित्रण-जस्ता विभिन्न प्रवृत्तिका विषयवस्तुको सफल कवितात्मक प्रस्तुति भेट्न सकिन्छ ।

**(ग) संरचना : बनोट**

कवि दामोदर पुडासैनी 'किशोर'का यस प्रथम चरणका विवेच्य फुटकर कविताहरू सबै शीर्षकबद्ध रहेका छन् । कविता-पङ्क्तिका हिसाबले हेर्दा यी कविताहरू न्यूनतम ११ पङ्क्तिको 'मुटु नै चुँडिन्छ शीर्षकको कवितादेखि अधिकतम ४८ पङ्क्तिको 'तिमी यसरी आउनु' कविता रहेका छन् ।

प्रस्तुत कविताहरू कुनै अनुच्छेदमा विभाजित छन् भने कुनै एउटै अनुच्छेदमा संरचित रहेका । छन् । यसरी अनुच्छेद एउटै वा भिन्न-भिन्न भए पनि अनुच्छेदको सङ्ख्या र आकार भने एकनासको छैन ।

कवि दामोदर पुडासैनी 'किशोर' गद्य कवि हुन् । उनका कविताले छन्दको बन्धनमा रहनु परेको छैन । स्वतन्त्र भावलहरीमा छोटा-मझौला आयाममा गद्य लयात्मक अभिव्यक्ति दिनु उनको कवितात्मक विशेषता रहेको छ ।

उनका प्रथम चरणका फुटकर कविताहरूका कतिपय शीर्षकले कविताभित्रै पङ्क्तिहरूसँग तादात्म्य राखेको पाइन्छ । जस्तै 'मुटुनै चुँडिन्छ' कविताको शीर्षक कविताको अन्तिम पङ्क्तिसँग मिलेको छ । शीर्षक पनि पद, पदावली र वाक्यको संरचनामा संरचित भएका छन् यसरी संरचनात्मक तहमा कवि 'किशोर'को आफ्नो छुट्टै मौलिकता भेट्न सकिन्छ ।

(घ) **लयविधान**

कवि दामोदर पुडासैनी 'किशोर'का प्रथम चरणका फुटकर कविताहरू सबै गद्य लयमा नै संरचित छन् । यी कविताका पङ्क्तिहरूमा शब्दहरू द्वित्व भएर पनि आएका छन् । यस्ता शब्दहरूको प्रयोग कविताका बीचबीचका पङ्क्तिहरूमा भेटिन्छ । यस किसिमको प्रयोगले पनि कवितालाई लयात्मक बनाउन मद्दत पुगेको छ । यसको एउटा उदाहरण 'तिमी यसरी आउनु' कवितामा देख्न सकिन्छ -

तिमी विस्तारै-विस्तारै माथितिर उँभोलाग्नु
तिमी आफ्नो शहर छोडेर यतातिर आउँदा
बारीका कुलेसा-कुलेसा र खेतका इत्ला-इत्लामा नाघेर आउनु
(झंकार, २५:३, २०४०, पृ. २१)

माथिका पङ्क्तिमा पूर्ण द्वित्व भएर आएका विस्तारै-विस्तारै, कुलेसा-कुलेसा र इत्ला-इत्ला जस्ता शब्दले कवितामा अतिरिक्त लयात्मक सौन्दर्य थपेका छन् ।

गद्य कवितालाई लयात्मक तुल्याउन महत्त्वपूर्ण भूमिका खेल्ने शब्दालङ्कारको प्रयोग पनि यी कविताहरूमा भएको छ । 'तिमी यसरी आउनु' भन्ने कवितामा 'तिमी' शब्दको २१ पटकको पुनरावृत्तिले यस कवितालाई लयात्मक तुल्याउन महत्त्वपूर्ण भूमिका खेलेको छ ।

विवेच्य फुटकर कविताहरूमा अनुप्रास शब्दालङ्कारको प्रयोगले लयात्मक सौन्दर्य बढाएको छ । कवि पुडासैनीका अधिकांश कवितालाई लयात्मक बनाउन अनुप्रासका विभिन्न भेदहरूले महत्त्वपूर्ण भूमिका खेलेका छन् । यस्तै अनुप्रास प्रयोग भएको 'तानसेन' कविताका केही पङ्क्तिहरू तल दिइएको छ -

ऊ पर्वासमै प्रवासीलाई भेट्ने अभिलाषा पनि राख्न सक्छे
ऊ चण्डी भन्ज्याङ्मा पिपल बनेर बसेकी पनि हुन सक्छे
ऊ बेगनासमा बाडुल्की लागेर बसेकी हुन सक्छे
(सामयिक सँगालो, २०४५:पृ. ३७)

यहाँ आद्यानुप्रासको रूपमा 'ऊ' वर्णको पुनरावृत्ति भेटिन्छ भने 'बसेकी पनि हुन सक्छे' भन्ने वाक्यकै पुनरावृत्ति भएको छ साथै बीच-बीचमा प, ब, क, न आदि वर्णहरूको एकपटक वा अनेक पटकको आवृत्तिले पनि कविता अझै बढी लयात्मक बनेको छ ।

यसरी दामोदर पुडासैनीका यस चरणका फुटकर कवितामा शब्द, पदावली, वाक्य-जस्ता विभिन्न भाषिक एकाइहरूको पुनरावृत्ति, अन्य शब्दालङ्कार आदिको प्रयोगले मुक्त लयको सिर्जना गरेको पाइन्छ ।

## (ङ) कथनपद्धति

कथनपद्धति भनेको भनाइको तरिका हो । कवितामा कवि कुन स्थानमा रहेर कसरी आफ्ना विचार प्रस्तुत गर्दछ त्यही आधारमा नै कथनपद्धति छुट्याउन सकिन्छ । दामोदर पुडासैनी 'किशोर'का पत्रपत्रिकामा प्रकाशित यस चरणका विवेच्य कविताहरूमा प्रथम पुरुष 'म' पात्रको द्वितीय पुरुष 'तिमी'प्रति सम्बोधित आज्ञार्थक कथनपद्धतिका साथै तृतीय पुरुष दृष्टिविन्दुको प्रयोग भएको छ ।

प्रथम पुरुष 'म' पात्रको तिमीप्रतिको सम्बोधित आज्ञार्थक कथनपद्धतिको प्रयोगका रूपमा 'तिमी यसरी आउनु' शीर्षकको कविताका निम्न पङ्क्तिलाई लिन सकिन्छ :

तिमी आउनमा कुनै साइत पर्खनु पर्दैन
रात रहँदैमा हिंडे पनि हुन्छ
प्रात नबित्दैमा हिंडे पनि हुन्छ
तिमी बिस्तारै बिस्तारै माथितिर उँभो लाग्नु
तिमी आफ्नो शहर छाडेर यतातिर आउँदा
बारी कुलेसा कुलेसा र खेतका इत्ला इत्ला नाघेर आउनु

(सामयिक सँगालो, २०४०, पृ..२१)

यहाँ कविले तिमी भनेर क्रान्तिलाई सम्बोधन गर्दै जुनसुकै बेला पनि तिमी आउन सक्छौ भनेर क्रान्तिको आव्हान गरेका छन् ।

'तानसेन' शीर्षकको कविताका निम्न पङ्क्तिमा तानसेन जिल्लाको मानवीकरण गर्दै तृतीय पुरुष कथनपद्धतिमा त्यसको सौन्दर्य चित्रण यसरी गरिएको छ

कतै भर्खर वैंश पाएजस्ती
कतै वतासे डाँडाको हावामा वहकिएजस्ती
कतै श्रीनगरको सल्लोमा सुसाएजस्ती
तानसेन

(सामयिक सँगालो,२०४५, पृ. ३६)

यहाँ कविले तानसेन जिल्लाको प्राकृतिक सौन्दर्यको चित्रण गरेका छन् ।

यसरी हेर्दा उनका यस चरणका विवेच्य कवितामा प्रथम पुरुष 'म'को द्वितीय पुरुष 'तिमी'प्रति सम्बोधित आज्ञार्थक कथनपद्धतिका साथै तृतीय पुरुष दृष्टिविन्दुको प्रयोग भएको छ ।

### (च) विम्ब-प्रतीकयोजना

कवि दामोदर पुडासैनी 'किशोर' विम्ब र प्रतीकको सघन प्रयोग गर्ने कवि हुन् यद्यपि उनका प्रथम चरणका फुटकर कविताहरूमा त्यति धेरै विम्ब र प्रतीकको प्रयोग भेटिदैन । यिनका धेरैजसो कविताका शीर्षक नै प्रतीकात्मक अर्थका वाहक बनेका छन् । 'तिमी यसरी आउनु' कवितामा प्रयोग भएको 'तिमी' सशक्त प्रतीक हो भने यसै कविताभित्र प्रयोग गरिएका 'कमिला', 'गड्यौला', 'झूसिल्किरा', 'मुसा', 'झाडी', 'जाल' आदि पनि प्रतीकात्मक अर्थका संवाहक हुन् । त्यस्तै 'शिशु केवल शिशु छः तिमी केवल योजनाको आशामा नअल्मलिनु' कवितामा पटक-पटक प्रयोग भएको 'फूल' शब्दले एउटा सुनौला जीवनको अर्थ बोकेको छ भने 'शिखरहरू' जीवनको प्रगति वा सफलताको प्रतीकका रूपमा आएको छ । यसरी हेर्दा कवि पुडासैनीका यस चरणका फुटकर कवितामा सरल र सामान्य विम्ब प्रतीकको संयोजन गरिएको भए पनि तिनमा गहन भाव लुकेको भेट्न सकिन्छ । सरलताभित्र पनि गहनता भेटिनु यस चरणका कविताको विम्ब-प्रतीक प्रयोगगत विशेषता हो ।

### (छ) भाषाशैली

कविताका अन्य तत्त्वहरूजस्तै भाषाशैली पनि एक महत्त्वपूर्ण तत्त्व हो । भाव अभिव्यक्तिको एक सशक्त माध्यम नै भाषा हो भने शैली भाषिक माध्यमबाट भाव प्रस्तुत गर्ने तरिका हो । भाषिक दृष्टिले दामोदर पुडासैनी 'किशोर'का यस चरणका फुटकर कविताहरूमा मौलिक तत्सम शब्दहरूको प्रयोग भएको छ । उनका यी कवितामा प्रयुक्त शब्दहरू सरल प्रकारका रहेका छन् । वैभव, स्वागत, केवल, बस्ती, निर्मल, आली, प्वाँख, ताँती-जस्ता प्रशस्तै संस्कृत स्रोतका शब्दको प्रयोग भएका यी कवितामा गहरो, ड्याङ, कान्ला, इत्ला जस्ता ठेट नेपाली शब्दको प्रयोगले भाषिक सौन्दर्य बढाएको छ ।

यस चरणका फुटकर कवितामा आज्ञार्थक, इच्छार्थक र सामान्य वाक्यको प्रयोग गर्नुका साथै शैली वर्णनात्मक रहेको छ । कविताका पङ्क्तिहरू पनि साह्रै छोटादेखि लिएर लामा-लामा पनि रहेका छन् । यी फुटकर कविताहरूमा लेख्य चिह्नहरूको प्रयोग अत्यन्त न्यून रहेको छ । निष्कर्षमा भन्दा कवि पुडासैनीका यस चरणका फुटकर कविताको भाषाशैलीगत विशेषता सरल र सम्प्रेष्य भईकन पनि गहन भाव व्यक्त गर्न सक्नु रहेको देखिन्छ ।

## ४.३.१.३ पत्रपत्रिकामा प्रकाशित प्रथम चरणका फुटकर कथाहरूको अध्ययन

दामोदर पुडासैनीको साहित्य-यात्राको तीनदशक लामो समयावधिसम्म पनि कुनै कथा-कृति प्रकाशित भएको छैन तर पनि **'समानान्तर रेखाहरू'** नामक कथासङ्ग्रह प्रकाशोन्मुख अवस्थामा रहेको छ ।

पुडासैनीको साहित्य-यात्राको प्रथम चरणमा विभिन्न पत्र-पत्रिकाहरूमा छरिएर रहेका कथाहरूको सङ्ख्या उपलब्ध तथ्यका आधारमा आधा दर्जनभन्दा बढी देखिन्छ; जसको विवरण अगाडि नै दिइसकिएको छ । कथाकारका अनुसार उनका अझै बढी कथा प्रकाशित भएका छन् तर विविध कारणले प्राप्त हुन सकेका छैनन् । यहाँ यिनै प्राप्त कथाहरूको अध्ययन कथाको विधातत्त्वका आधारमा गरिएको छ ।

### (क) **शीर्षक-चयन**

दमोदर पुडासैनी 'किशोर'का प्रथम चरणका विवेच्य कथाहरूमध्ये 'एउटा कथा लेखिनु अघि' कथा प्राप्त कथाहरूमध्ये प्रथम प्रकाशित कथा हो । यस कथामा कथावाचक 'म' पात्रको वैवाहिक जीवन सुरु हुने क्रममा विकसित घटनाक्रमलाई लिएर एउटा कथाको सिर्जना भएको छ । यसको शीर्षकमा नै रहेको कथा शब्दले विवाहपछिको जीवनका घटनाहरूलाई सङ्केत गरेको छ त्यसैले यसको शीर्षक मूल कथ्यसँगको सम्बन्धका दृष्टिले सार्थक छ ।

'सुनचरी' एक प्रतीकात्मक शीर्षक भएको कथा हो । यहाँ पढेका केटी ठीक हुँदैनन्, त्यस्ता केटी विवाह गर्नु हुँदैन भन्दै दाइँजोसहित दुलही भित्र्याउनु पर्छ भन्ने परम्परागत मानसिकतामाथि प्रहार गरी आफ्नो योग्यता साथै मन मिल्ने जीवन साथी रोजेर विवाह गर्नुपर्छ भन्ने विषय कथ्यका रूपमा आएको छ । यहाँ पढेकी सुशील कन्यालाई सुनचरीको रूपमा लिइएकाले यस कथाको शीर्षक पात्रको विशेषताको प्रतीकात्मक रूपमा सार्थक भएको छ ।

'गन्तव्य' कथामा २०४७ सालको परिवर्तनको लागि भइरहेको क्रान्ति र त्यसमा बलिदान दिएका सहिदहरूको अवस्था चित्रण गर्दै क्रान्तिप्रति वेवास्ता गर्ने कुनै एक कर्मचारीमा क्रान्तिको दृश्यले परिवर्तित मानसिकतामा पुऱ्याई क्रान्तिमा सामेल भएको कथा छ । यसरी हेर्दा कथाको घटनाक्रमसँग शीर्षकले तादात्म्य राखेकाले शीर्षक सार्थक बनेको छ ।

'निरीक्षण' कथाले सरकारी निरीक्षण प्रणालीका विकृति विसङ्गतिजन्य यथार्थलाई स्पष्ट रूपमा चित्रण गरेको छ । यहाँ घुस्याहा कर्मचारीले एउटा सुधो कर्मचारीलाई कसरी यातना दिन्छन् भन्ने तीतो यथार्थ प्रस्तुत गर्दै घुस्याहा प्रवृत्तिमाथि व्यङ्ग्य प्रहार गरिएको छ । त्यसैले यसको शीर्षक कथ्यअनुसार सार्थक भएको छ ।

'घर' कथाले एउटा सामान्य कर्मचारी र उसको घर बनाउने इच्छामाथिको तुसारापातलाई चित्रण गर्दै घर-सम्पत्ति नभएको मान्छेलाई आफ्नै दाजुभाइ, इष्टमित्र, साथीहरू कसैले पनि सहयोग नगरी पछि फर्केर हिँडेको स्थितिको चित्रण गर्दै मानव जातिमाथि नै प्रश्न उठाइएको छ । सम्पन्नताको प्रतीकका रूपमा आएको घरले यस कथाको कथ्यवस्तुसँग सोझो सम्बन्ध राखेको हुँदा शीर्षक सार्थक छ ।

'परम्परा' शीर्षकको कथाले देशमा व्याप्त रहेको राजनीतिक विकृतिको पर्दाफास गर्दै कुनै पार्टीका सक्रिय सदस्यकोमात्र काम सम्पन्न हुने तर सामान्य जनताले आफ्नो काम गराउन कुनै दलबाट सिफारिस बनाउन नसक्दा पाउनु पर्ने दुःखको तीतो यथार्थलाई व्यङ्ग्यात्मक रूपमा प्रस्तुत गरिएको छ । आफन्तवादले जरो गाडेको हाम्रो जस्तो देशका सरकारी संयन्त्र पनि सामान्य जनताको पक्षमा छैनन् भन्ने कथ्यवस्तुलाई यस 'परम्परा' शीर्षकको कथाले सार्थक रूपमा उठाएको छ ।

**(ख) कथावस्तु**

कथावस्तु नै कथाको वृहत्तम तत्त्व, घटक वा अवयव हो । यसले कथाका संरचनाको सबैभन्दा स्थूल र सबल तत्त्वको बोध गराउँछ (श्रेष्ठ, २०६०:९) । दामोदर पुडासैनी 'किशोर'का यस प्रथम चरणका कथाहरूको कथावस्तु झिनो, मसिनो र पातलो रहेको देखिन्छ तर पनि कथाहरूले कथा पढिसकेपछि पाठकमा एउटा न एउटा प्रभाव छोड्छन् । कथामा प्रयोग भएका कथावस्तु हाम्रै नेपाली समाजका उज्याला-अँध्यारा पक्षबाट लिइएका छन् । यी कथाहरूमा नेपाली समाज र नेपाली समाजमा व्याप्त विसङ्गतिको चित्रण गर्दै समाजका विविध पक्षलाई समेटिएको पाउन सकिन्छ ।

आफ्ना जीवन-भोगाईलाई कवितात्मक स्वरूपमा प्रस्तुत गर्ने दामोदर पुडासैनी 'किशोर'ले आफ्ना कथाहरूमा पनि आफ्नो जीवन-भोगाइका अनुभूतिलाई कथात्मक रूपमा प्रस्तुत गरेका छन् । त्यस्तै एउटा कथा हो 'एउटा कथा लेखिनु अघि' यसमा कथाकारले आफ्नो विवाहको विषयलाई अघि सारेर त्यसबेला आफूमा उत्पन्न भएका विविध भावको कथात्मक प्रस्तुति दिएका छन् ।

'सुनचरी' कथाले पनि कथाकारकै जीवन-भोगाइसँग तादात्म्य राख्दछ यद्यपि यसले सम्पूर्ण-चेतनशील युवा-युवतीका जीवनको प्रतिनिधित्व गरेको छ । यहाँ एउटी पढे-लेखेकी शिक्षित नारीलाई सुनचरीसँग तुलना गर्दै प्रत्येकले आफ्नो विवाहमा दाइँजोको विरोध गरी सुनचरीजस्तै नारीलाई दुलहीको रूपमा भित्र्याउनु पर्छ भन्ने कथावस्तुलाई प्रस्तुत गरिएको छ ।

सधैँजसो एकनास तवरले कार्यालय धाइरहने कर्मचारीमा एक्कासि परिवर्तन देखापरी बीच बाटोबाटै क्रान्तिमा सामेल भएको कथावस्तुलाई 'गन्तव्य' शीर्षकको कथाले समेटेको छ ।

'निरीक्षण' कथाले घुस्याहा कर्मचारीको प्रवृत्तिलाई नङ्ग्याउँदै तिनकै कारण सोझा कर्मचारीले पाउनु परेको पीडालाई कथ्यविषयको रूपमा लिएको छ ।

निम्न-आय भएको व्यक्तिले परिवारबाट टाढिएपछि घरको खोजी गर्दागर्दै कसरी आफ्नो अस्तित्व समाप्त गर्दछ भन्ने विषयलाई लिएर 'घर' कथाको सिर्जना भएको छ ।

राजनीतिक दलमा कार्यरत नभएकै कारण एउटा सामान्य नागरिकले आफ्नो काम गराउन खोज्दा कर्मचारीबाट अस्वीकृत भएको कटु यथार्थलाई 'परम्परा' शीर्षकको कथाले विषय बनाएको छ ।

यसरी उनका कथामा कुनै एउटा मात्र विषयवस्तु पाइने नभई विषयवस्तुगत विविधता भेटिन्छ । यिनका कथामा मुख्य गरी नेपाली समाज र सामाजिक राजनीतिक व्यवस्था नै कथावस्तुको स्रोत बनी आएका छन् ।

(ग) **पात्रविधान**

दामोदर पुडासैनी 'किशोर'का यस चरणका कथाहरूमा प्रथम र तृतीय पुरुष दुवै दृष्टिविन्दु केन्द्रमा रहेका नारी र पुरुष पात्रहरूको प्रयोग गरिएको छ । यी पात्रहरू निम्न-मध्यमवर्गीय र उच्चवर्गीय रहेका छन् । उनका कथाका पात्रहरू नेपाली समाजबाट टिपिएका छन् र ती सजीव पनि छन् । उनका कथाका पात्रहरूमा जीवनप्रति वितृष्णाभाव पाइँदैन उनीहरूमा जीवनप्रतिको सचेतता पनि पाइन्छ भने केही पात्रहरूले निराश हुनुका साथै मृत्युको स्थिति पनि भोग्नु परेको छ ।

'एउटा कथा लेखिनु अघि कथामा 'म' र 'पारु' प्रमुख पात्रका रूपमा रहेका छन् तर कथा म पात्रकै केन्द्रीयतामा अघि बढिरहेको छ । यहाँ 'म' पात्रपारुसँगको भावी दाम्पत्य जीवनको सफलताको कल्पनामा डुबिरहेको छ साथै पारुलाई पनि आफ्नो कदममा साथ दिन आग्रह गरिरहेको छ । यहाँ प्रयोग भएका म पात्रका साथीहरू, पारुकी भाउजु, सहायक पात्रका रूपमा देखिन्छन् भने पारुका आमा, बाबु र दाजु गौण रहेका छन् ।

'सुनचरी' कथामा विभिन्न विचारका धेरैथरी पात्र भए पनि मुख्य पात्र माइला बाजे र उनका छोरा रहेका छन्; जसले दाइँजो प्रथाको विरोध गरी विवाहमा पढे-लेखेकी असल कन्यालाई दुलहीका रूपमा भित्र्याएका छन् । यहाँ सुनचरी भन्ने पात्र दुलहीको प्रतिनिधि पात्र हो ।

'गन्तव्य' कथाको प्रमुख पात्र 'ऊ' हो । अरू पात्रका रूपमा छिमेकी, कार्यालयका कर्मचारी, पिउन आदि रहेका छन् । प्रमुख पात्र 'ऊ' गतिशील पात्र हो जसले आफ्नो गन्तव्यलाई बीच बाटो मै मोड्न सफल भएको छ ।

'निरीक्षण' कथाका सम्पूर्ण पात्र प्रतिनिधि पात्रका रूपमा रहेका छन् । यहाँ आएका दुई जनामध्ये एक कर्मचारी कर्तव्यपरायण र अर्को फाइदा अनुसार चल्ने स्वभावको छ भने हाकिम र वडालेखापालले घुस्याहा कर्मचारीको प्रतिनिधित्व गर्दछन् । यहाँ इमानदार कर्मचारी घुस्याहा प्रवृत्तिबाट थिचिएको छ ।

'परम्परा' शीर्षकको कथामा प्रयोग भएका म, भाइ र भिनाज्यू तीनै जना प्रतिनिधि पात्र हुन् । 'म' पात्रले सामान्य मतदाता नागरिकको प्रतिनिधित्व गर्दछ भने भिनाज्यू र भाइले राजनीतिक दलका कार्यकर्ताको प्रतिनिधित्व गर्दछन् ।

यसरी हेर्दा दामोदर पुडासैनीका कथामा धेरैजसो पात्रहरू प्रतिनिधिमूलक चरित्रका देखिन्छन् । कथाकार पुडासैनीले आफ्ना कथामा पुरुष पात्रको तुलनामा स्त्री पात्रको प्रयोग निकै कम गरेका छन् । थोरै पात्रको प्रयोग भए पनि सशक्त पात्रको प्रयोग गरी समाजको यथार्थ स्थिति चित्रण गर्नु सक्नु उनको पात्रविधानगत विशेषता हो ।

(घ) **द्वन्द्वविधान**

कथा विधालाई उत्कर्षमा पुऱ्याउने प्रमुख तत्त्व द्वन्द्व हो । कथामा द्वन्द्वको महत्त्वपूर्ण भूमिका रहेको हुन्छ । कथामा विभिन्न प्रकारका द्वन्द्व रहेका हुन्छन् । उनका कथामा व्यक्ति-व्यक्तिबीच, व्यक्ति र समाजका बाह्य विसङ्गतिबीच द्वन्द्व पाइन्छ तर द्वन्द्वका प्रस्ट र ठूला घटनाहरू भने उनका कथाहरूमा पाइँदैनन् ।

'एउटा कथा लेखिनु अघि' कथाको म पात्रभित्र आन्तरिक द्वन्द्व देखा पर्दछ । उसको मनमा पारुसँगको भावी दाम्पत्य जीवनलाई लिएर द्वन्द्व सिर्जना भएको छ । 'निरीक्षण' कथामा पात्र-पात्रबीच द्वन्द्व देखिन्छ । यहाँ एकथरी घुस्याहा कर्मचारी र अर्कोथरी कर्तव्यपरायण इमानदार कर्मचारीकाबीचमा द्वन्द्व देखा पर्दछ । अन्त्यमा घुस्याहा कर्मचारीले सोझो कर्मचारीमाथि कारवाही गरेपछि द्वन्द्वको समाप्ति भएको छ ।

'सुनचरी' कथामा व्यक्ति र समाजका सांस्कृतिक विसङ्गतिबीच द्वन्द्व देखा परेको छ । यहाँ माइलाबाजे र उनका छोराको दाइँजो विरोधी क्रियाकलाप र दाइँजो प्रथालाई अँगाल्ने परम्परित समाजबीच द्वन्द्व देखाई दाइँजो विरोधी शक्तिको विजय देखाइएको छ ।

'गन्तव्य' कथाको 'ऊ' पात्रमा केही आन्तरिक द्वन्द्वका कारण उसले आफ्नो गन्तव्यलाई मोड्न सफल भएको छ ।

'परम्परा' शीर्षकको कथामा म, भिनाज्यु र भाइ तीनै जनामा आपसी द्वन्द्व रहेको छ । 'म' पात्र एउटा सामान्य मतदाता हो भने भिनाज्यू र भाइ राजनीतिक दलका कार्यकर्ता भएका कारण यी दुई बीचमा द्वन्द्वको चर्को रूप देखिन्छ ।

यसरी दामोदर पुडासैनी 'किशोर'का फुटकर कथाहरूमा द्वन्द्वका ठूला-ठूला घटनाहरू नदेखिए पनि गहिरिएर हेर्दा उनका कतिपय कथामा द्वन्द्व पक्ष सबल नै देखिन्छ । कथामा रहेका सत्पात्रहरू सत्कार्य

गर्छन् सत्कार्यमा लाग्छन् तर कहिले काहीं उनीहरूका अगाडि परिस्थिति प्रतिकूल बनेर देखापर्छ । तत्कालीन राजनीतिक अवस्था, सामाजिक कुसंस्कार र तत्कालीन शासनवर्ग नै यसका बाधक बनेर देखा पर्छन् । उनका कथामा द्वन्द्वको चर्को रूप देख्न नसकिएका कारण यो पक्ष त्यति सबल बन्न सकेको छैन ।

### (ङ) उद्देश्य

जनुसुकै साहित्यकारले आफ्ना साहित्यिक रचनाको सिर्जना गर्दा केही न केही उद्देश्य अवश्य राखेको हुन्छ । कथाकार दामोदर पुडासैनीले पनि आफ्ना कथाहरू मार्फत् नेपाली समाजमा रहेका विभिन्न सामाजिक सांस्कृतिक समस्याहरूको यथार्थ चित्रण गर्ने काम गरेका छन् । सोझा-सीधा कर्मचारी र जनताले, घुस्याहा कर्मचारी र सामन्त वर्गका कारण भोग्नु परेको पीडा प्रस्तुत गरी समाजका विभिन्न क्षेत्रमा रहेका विकृति-विसङ्गतिको उदाङ्गो चित्र प्रस्तुत गर्नु नै उनका कथाको उद्देश्य रहेको देखिन्छ ।

समाजमा रहेको दाइँजो प्रथाको विरोध गर्दै स्वस्थ्य दाम्पत्य जीवन सञ्चालनको लागि सुझाव दिनु सुनचरी कथाको प्रमुख उद्देश्य हो ।

देशको परिवर्तित सामाजिक राजनीतिक अवस्थाप्रति सचेत भई सम्पूर्ण नागरिक सकारात्मक परिवर्तन ल्याउने दिशामा अग्रसर हुनुपर्छ भन्ने उद्देश्यमा 'गन्तव्य' कथाको सिर्जना भएको छ । देशका सम्पूर्ण जनताले समान हक अधिकार पाउनुपर्छ, राजनीतिक दलको कार्यकर्ता नभएकै कारण कुनै पनि नागरिक अन्यायमा पर्नु हुँदैन, पाउनुपर्ने सुविधा बिना कुनै अवरोध पाउनुपर्छ भन्ने उद्देश्य राखेर 'परम्परा' कथाको सिर्जना भएको छ । दामोदर पुडासैनीका यस प्रथम चरणका कथाहरूले सामाजिक यथार्थको धरातलमा रहेर धेरैजसो नेपालीले भोग्नुपरेका पीडालाई प्रस्तुत गर्दै त्यसको अन्त्यको चाहना राखेका छन् । समतामूलक र न्यायपूर्ण समाजको परिकल्पना यिनका कथाको उद्देश्य रहेको छ । यस चरणका कथाहरूले मानव अधिकारबाट बन्चित रहेका नेपालीहरूको जीवनको जटिलतालाई प्रस्तुत गर्दै सामाजिक सांस्कृतिक उन्नयनका लागि सबैलाई सचेत बनाउने पवित्र उद्देश्य राखेका छन् ।

### (च) परिवेश

दामोदर पुडासैनीका यस चरणमा कथाहरू वि.सं. २०४२/४३ सालदेखि २०४६/४७ सालसम्मको सामाजिक राजनीतिक परिवेशमा सिर्जना गरिएका छन् । समाजमा ब्याप्त पीडा र मर्मलाई चित्रण गर्ने क्रममा उनका कथाले तत्कालीन सामाजिक आर्थिक राजनीतिक भेदभावपूर्ण अवस्थाको सजीव चित्र उतारेका छन् ।

उनका यस चरणका कथाहरूमा केही सहरिया परिवेशको चित्रण भए पनि बढी ग्रामीण परिवेशमा नै आधारित रहेका छन् । परम्परागत धर्म र संस्कारमा बाँचेको नेपाली समाजका विरुद्ध अगाडि बढ्न खोज्ने सामाजिक परिवेशको चित्रण कथामा पाइन्छ ।

यसरी कथाभित्र ग्रामीण एवम् सहरिया जन-जीवनका पात्रहरू आफ्नो हक-अधिकारका लागि सचेत हुँदै सामाजिक परम्पराको परिवर्तनमा क्रान्तिको पृष्ठभूमि तयार भइरहेको स्थितिको सङ्केत प्रस्तुत कथाहरूले दिएका छन् ।

**(छ) भाषाशैली**

दामोदर पुडासैनीका यस चरणका कथाहरूमा वर्णनात्मक शैलीको प्रयोग पाइन्छ । सरल, सहज र सुबोध भाषाशैलीका माध्यमबाट सामाजिक यथार्थको चित्रण गर्ने काम कथामा भएको छ । यहाँको भाषाशैली स्वाभाविक छ ।

पुडासैनीका विवेच्य कथाहरू रैखिक ढाँचामा लेखिएका छन् । कुनै कथामा प्रथम पुरुषीय कथन-पद्धति अँगालेर कथाकारले आफ्नै कथा भनिरहेका छन् भने कुनै कथामा तृतीय पुरुषीय कथनपद्धतिका माध्यमबाट आफूले देखेका कुरा व्यक्त गरेका छन् ।

यी कथाहरूमा विविध स्रोतका शब्दहरूको प्रयोग भएको छ । जस्तै सुरक्षा, कालान्तर, तथापि, विजय कन्या, स्वागत, स्वीकार-जस्ता संस्कृत मूलका शब्दका साथै ग्रेड, ग्यालेन, क्वाटर, अफिस, सिट, रोड जस्ता अङ्ग्रेजी भाषाबाट आएका आगन्तुक शब्दको प्रयोग भएको छ । यसबाहेक हिन्दी र बङ्गाली भाषाबाट आएका तौलिया र लुङ्गी-जस्ता आगन्तुक शब्दको पनि प्रयोग भएको छ ।

यसरी नेपाली समाजभित्र प्रचलित विभिन्न किसिमका शब्दहरूको प्रयोगका साथै कथाकारले आफ्ना कथाहरूमा ओठ मुख सुक्नु, खुट्टा मल्नु-जस्ता टुक्काका साथै गाइँगाइँ, गुइँगुइँ, जुरुक्क, खनखन ड्याम्म-जस्ता अनुकरणात्मक शब्दहरूको प्रयोग पनि गरेका छन् ।

यसरी हेर्दा यिनका कथामा विभिन्न स्रोतका फरक-फरक किसिमका शब्दहरूको प्रयोग देखिन्छ । उनको लेखन शैली प्रथम पुरुष र तृतीय पुरुष प्रधान रहेको छ । रैखिक ढाँचाको प्रयोगमा लेखिएका यी कथामा प्रयोग गरिएको भाषा स्वाभाविक छ भने शैली वर्णनात्मक अँगालिएको छ ।

### ४.३.२ द्वितीय चरण (२०५० देखि हालसम्म) का प्रकाशित कृतिहरूको विवेचना

दामोदर पुडासैनीको साहित्य-यात्राको द्वितीय चरणको प्रारम्भ वि.सं. २०५० देखि भएको मानिएको छ । उनका यस चरणमा प्रकाशित भएका पुस्तकाकार कृतिहरू तीनवटा कवितासङ्ग्रह र एउटा नियात्रासङ्ग्रह रहेका छन् । ती हुन्- **आँखाको खोजीमा** (२०६२) कवितासङ्ग्रह, **आकारको खोजीमा**

(२०६३) कवितासङ्ग्रह, **आलोकित आयाम** (२०६३) कवितासङ्ग्रह र **यात्राका प्रेमिल तरङ्गहरू** (२०६५) **नियात्रासङ्ग्रह** । यी बाहेक उनका यस चरणमा अन्य फुटकर कविता, गजल, मुक्तक, हाइकु, गीत, कथा, नियात्रा आदि रचनाहरू विभिन्न पत्र-पत्रिकाहरूमा छरिएर रहेका छन् । यिनीहरूको अध्ययन विधाको आधारमा क्रमशः तल प्रस्तुत गरिएको छ ।

### ४.३.२.१ 'आँखाको खोजीमा' (२०६२) कवितासङ्ग्रहभित्र सङ्कलित कविताहरूको विवेचना

कवि दामोदर पुडासैनी 'किशोर'को **आँखाको खोजीमा** नामक कवितासङ्ग्रह वि.सं. २०६२ सालमा प्रकाशित भएको गद्य कविताहरूको सङ्ग्रह हो । यस सङ्ग्रहभित्र पूर्व प्रकाशित र अप्रकाशित गरी जम्मा ५१ वटा कविताहरू सङ्गृहीत छन् । यहाँ पनि कवितातत्त्वका आधारमा नै यस सङ्ग्रहभित्रका कविताहरूको विवेचना गरिएको छ ।

**(क)　शीर्षक-चयन**

'अछाम' शीर्षकको कविता यस सङ्ग्रहभित्र सङ्कलित पहिलो कविता हो । यहाँ कविले तत्कालीन समयको युद्धको वातावरण र त्यसले देशका विभिन्न ठाउँहरूमा पुऱ्याएको क्षति साथै प्रभावलाई अछाम जिल्लाको स्थानीय विम्बका माध्यमबाट जीवन्त रूपमा प्रस्तुत गरेका छन् । एकपदीय संरचनामा संरचित प्रस्तुत शीर्षकले युद्धग्रस्त सम्पूर्ण क्षेत्रको प्रतिनिधित्व गर्नका साथै तत्कालीन समयको अछाम जिल्लाको वीभत्स चित्र प्रस्तुत गरेको हुँदा यो शीर्षक अत्यन्त सार्थक देखिन्छ ।

'विद्रोह' कवितामा वर्तमान समयले विचलित अवस्थालाई हेर्न नसकेर पनि टुलुटुलु हेर्नु परेको बाध्यतालाई प्रस्तुत गरिएको छ (बस्नेत, २०६२:११३) । यस कविताले कविभित्रको समाज परिवर्तनको चाहनालाई व्यक्त गरेको छ । विद्रोहको चर्को स्वरूप देखा नपरे पनि भावगत विद्रोह भएको हुँदा यो शीर्षक सार्थक छ । यसको संरचना एकपदीय रहेको छ ।

'हस्तान्तरण' कवितामा कविको अन्तर मनमा निहित देशभक्ति वा राष्ट्रप्रेमको भाव अभिव्यक्त भएको छ । देशको वर्तमान सङ्कटग्रस्त अवस्थामा पिताका आदर्शलाई भावी सन्ततिमा हस्तान्तरण गर्ने कवि भावलाई यहाँ प्रस्तुत गरिएको छ । पदको स्तरमा संरचित प्रस्तुत शीर्षक भावअनुसार सार्थक देखिन्छ ।

'आँखाको खोजीमा' यस सङ्ग्रहको प्रमुख कविता हो । यसै शीर्षकबाट नै समग्र सङ्ग्रहको नामकरण गरिएको छ । यहाँ सत्य, न्याय, विवेक, स्नेह, सुविचार-जस्ता सकारात्मक कुराहरूको खोजी गरिएको छ; जुन आँखाको माध्यमबाट व्यक्त भएको छ । यस्ता विविध सकारात्मक प्रवृत्तिको प्रतीकको रूपमा कविले 'आँखा' शब्दको प्रयोग गरेका छन् । पदावलीको संरचनामा संरचित प्रस्तुत कविताको शीर्षक प्रतीकात्मक रूपमा अत्यन्त सशक्त र सार्थक बनेको छ ।

'बादलका पहाडहरू' कवितामा युद्धकालीन समयमा देशमा जताततै काटाकाट मारामार चलिरहेको र मान्छेहरू सन्त्रस्त बन्दै गइरहेको परिस्थितिको यथार्थ चित्र प्रस्तुत गरिएको छ । बादलका पहाडहरूले देशका विभिन्न गाउँहरूलाई सङ्केत गरेको छ । यसरी प्रतीकात्मक रूपमा शीर्षक-चयन गरिए पनि भाव सहजै बुझ्न सकिन्छ । पदावलीको स्तरमा संरचित प्रस्तुत कविताको शीर्षक प्रतीकात्मक रूपमा सार्थक रहेको छ ।

'उत्तर' कवितामा कविको देशप्रतिको चिन्ताभाव व्यक्तभएको छ । यहाँ युद्धको अवस्थामा प्रत्येक नेपालीले भोग्नुपरेको समस्याको यथार्थतालाई उजागर गरी यस्तो समस्या निम्त्याउने शक्ति के हो भन्ने बारेमा चिन्ता गर्दै उत्तरको अपेक्षा राखिएको हुँदा यो शीर्षक भावअनुसार सार्थक रहेको छ । यो एक पदीय संरचनामा संरचित रहेको छ ।

'चित्र' कवितामा वर्तमान समयको वास्तविक चित्र उतारिएको छ । यहाँ जनताले भोग्नु परेका दुःख, पीडा र बाध्यतालाई स्पष्ट रूपमा देखाइएको छ । यस कविताले देशको यथार्थ स्थितिको विम्बन गर्न सकेको हुँदा यो शीर्षक सार्थक रहेको छ । यो एकपदीय संरचनामा संरचित शीर्षक हो ।

'बादलमाथिको यात्रामा' कविताले युद्धका समयमा भएका घटना, द्वन्द्व र युद्धले देश खण्डहर भएको, खोलाहरूमा रगत बगेको र मानिसहरू जीवन रक्षाका खातिर पलायन हुँदै गइरहेको यथार्थ स्थितिलाई देखाएको छ । यही कविताको भावलाई प्रतीकात्मक रूपमा प्रस्तुत गरेको हुँदा यो शीर्षक सार्थक रहेको छ । यसको संरचना पदावलीको स्तरमा रहेको छ ।

'झरी' कविता देशको समसामयिक स्थिति खोतलेर लेखिएको कविता हो । यहाँ झरीलाई मातृभूमिको रुवाईसँग दाँज्दै जनताको बेहाल स्थितिको चित्रण गरिएको छ । यसरी मातृभूमिको आँसुको प्रतीकका रूपमा उभ्याइएको शीर्षक 'झरी' निकै सार्थक रहेको छ । एकपदीय संरचनामा यो शीर्षक संरचित छ ।

'असारे गाउँमा' कविताले मानो खाई मुरी उब्जाउने समयमा पनि गाउँमा कुनै काम गर्न नसक्ने अवस्था रहेको विकराल स्थितिको सङ्केत गरेको छ । मेलापात र खेताला जान पनि मन डराइरहेका छन् । गरा, सुर्का, छेऊ, कुना खन्ने हातहरू, छुपुछुपु हिलोमा धान रोप्ने ती कोमल हातहरू, कोमल मनहरू, हिलो छयाप्दै रोपाँइमा गाइने ती सुरिला भाकाहरू बन्द भइरहेका छन् (चालिसे, २०६३:२) भन्दै युद्धकालीन समयमा घर गाउँमा परेको प्रभावलाई यस कवितामा सजीव रूपमा उतारिएको छ । कविताको यही भावसँग प्रत्यक्ष रूपमा सम्बद्ध रहेको पदावलीका संरचनामा संरचित प्रस्तुत शीर्षक सार्थक रहेको छ ।

'अग्नियुद्ध' कविता यौनमूलक विषयमा आधारित रहेको छ । यहाँ प्रयोग भएको 'अग्नि' यौनको प्रतीकात्मक स्वरूप हो । नरनारी बीचको यौन सम्बन्धलाई अग्नियुद्धको प्रतीक मार्फत् प्रस्तुति दिइएको यस कविताको शीर्षक प्रतीकात्मक रूपमा सार्थक रहेको छ ।

'चालिसौं ग्रीष्मपछि' कवितामा कविले आफू सरकारी कर्मचारी भएर देखे-भोगेका विकृति-विसङ्गतिका साथै जीवन भोगाइका क्रममा व्यहोर्नुपरेका तीता-मीठा अनुभवहरू मार्फत् वर्तमान सङ्कटग्रस्त मानव जीवनको यथार्थतालाई झल्काएका छन् । कविताको यही भावसँग प्रत्यक्ष सम्बन्धित भएको हुँदा प्रस्तुत शीर्षक सार्थक रहेको छ । पदावलीको स्तरमा शीर्षकीय संरचना संरचित भएको छ ।

'आँखाहरू' कवितामा वर्तमान समयको सङ्कटग्रस्त संवेदनाहीन दया, माया, शून्य, मान्छे, मान्छे भएर बाँच्न नपाएका कुराहरू, रवाफ र थिचोमिचोबाट ग्रसित भई जीवन व्यतीत गर्नुपरेको तीतो सत्यलाई प्रस्तुत गरिएको छ । यहाँ 'आँखाहरू' मानवताको प्रतीकका रूपमा आएका छन् तर ती आँखाहरू द्वन्द्वको चपेटामा पर्नु परेको बाध्यात्मक वर्तमान जीवनको नियतिलाई यहाँ देखाइएको छ । यसैले प्रतीकात्मक अर्थमा यो शीर्षक अत्यन्त सार्थक रहेको छ ।

'सुरक्षाको खोज' कवितामा देशमा चलिरहेको हत्या, हिंसा र आतङ्कलाई आफ्ना आँखाले देखेका कविले भाइ-भाइको काटाकाट र मारामारको अवस्थाले सिर्जिएको देशको वास्तविक चित्र उतार्दै मानवताको रक्षा गर्ने शक्तिमाथि प्रश्न उठाइएको छ । पदावलीको संरचनामा संरचित प्रस्तुत शीर्षक कविताको भावअनुसार सार्थक रहेको छ।

'रूख फेदको विद्यालय' कविता यस सङ्ग्रहभित्रको एक उत्कृष्ट कविता हो । यहाँ बालबालिकाको मनोविज्ञान नबुझेका व्यक्तिहरू विद्यालयमा शिक्षक बनेका छन् र तिनीहरूले बालबालिकाप्रति नकारात्मक व्यवहार प्रदर्शन गरेका हुन्छन् भन्ने शिक्षा क्षेत्रमा विद्यमान रहेको विसङ्गत अवस्थालाई व्यङ्ग्यात्मक रूपमा चित्रण गरिएको छ । कविताको यही व्यङ्ग्यात्मक भावसँग सम्बद्ध प्रस्तुत कविताको शीर्षक सार्थक रहेको छ । पदावलीको स्तरमा यो शीर्षक संरचित रहेको छ ।

'निसिजाबाहरू' कविता कविले आफ्नो जापान भ्रमणका क्रममा लेखेका यस सङ्ग्रहभित्र संङ्गृहीत पाँचवटा कविताहरूमध्ये एक उल्लेख्य कविता हो । यहाँ प्रयोग भएको निसिजाबाले जापानी सुन्दरीलाई बुझाउँछ भन्ने कुरा सङ्ग्रहभित्रकै पादटिप्पणीबाट थाहा हुन्छ । कवि आफू प्रत्यक्ष सम्पर्कमा पुगी अनुभव गरेका जापानी सुन्दरीहरूका चाहनालाई यहाँ विषय बनाइएको छ । यसको शीर्षक पात्र नामबाट चयन गरिएको र त्यही पात्रको विशेषता यहाँ प्रस्तुत गरिएकाले यो शीर्षक सार्थक रहेको छ ।

'यस देशमा' कवितामा समसामयिक अवस्थाको मुलुकले व्यहोरीरहेको सामाजिक, सांस्कृतिक विकृति-विसङ्गति एवम् फोहोरी खेलहरूको चित्रात्मक स्वरूप प्रस्तुत गरिएको छ । कविताको यही भावसँग तादात्म्य राख्न पुगेको यो शीर्षक भावानुकूल सार्थक छ ।

'गधाहरू' कविताले प्रतीकात्मक शीर्षक मार्फत् व्यङ्ग्यात्मक भाव प्रस्तुत गरेको छ । देशमा सरकारी निकायदेखि जुनसुकै ठाउँमा पनि चाकरी-चाप्लुसीको बोलवाला रहेको र अक्षमहरूको हातमा मुलुक परिरहेको वास्तविक यथार्थको व्यङ्ग्यात्मक प्रस्तुति रहेको छ । शीर्षकमा प्रयोग भएको गधाहरूले ठूलाबडा विद्वान भनाउँदाहरूको प्रतिनिधित्व गरेको छ । यसरी प्रतीकात्मक रूपमा गहन भाव व्यक्त गर्न सफल भएको हुँदा यो शीर्षक सार्थक रहेको छ ।

'बेरुजु' कविता यस सङ्ग्रहभित्रको अन्तिम कविता हो । यहाँ व्यक्तिको स्वतन्त्रता हनन र निरंकुशतालाई कसरी छोपेर प्रस्तुत गरिन्छ भन्ने कुटनीति र षड्यन्त्रको पोल खोलिएको छ (मधिकर्मी, २०६२:६) । यसरी व्यङ्ग्यात्मक रूपमा विकृति-विसङ्गतिको पर्दाफास गर्न सफल भएको यस कविताको शीर्षक व्यङ्ग्यात्मक भावअनुसार सार्थक रहेको छ । यो एकपदीय संरचनामा संरचित रहेको छ ।

माथि प्रस्तुत गरिएका कविताहरू बाहेक यस सङ्ग्रहभित्र सङ्गृहीत अन्य कविताहरूमध्ये यात्रा, समर्पण, आसक्ति, स्वतन्त्रता, आकृति, साइनो, उद्देश्य, चौरालीमा, परम्परा, पोखरा, मिरमिरेमा, नाटक, आमा, पुतली, इकेवाना, खोज, फिदिम, डेरा, लत, शून्यता, किसान, शिलालेख, गन्तव्य-जस्ता कविताहरूको शीर्षक संरचना पदको स्तरमा रहेको छ । यस्तै पदावलीको स्तरमा संरचित कविताका शीर्षकहरू हुन् - तुवाँलोभित्रको उपत्यका, लोग्नेस्वास्नी, भोजको तयारी, कङ्क्रिटको फूल, हाचिओजीमा भ्यालेन्टाइन डे, फुजियामा ! सायोनारा !!!' यी कविताका शीर्षकहरू अभिधार्थ भाव प्रस्तुत गर्नभन्दा लक्ष्यार्थ र व्यङ्ग्यार्थ भाव प्रस्तुत गर्ने क्रममा सार्थकसिद्ध भएका छन् । यहाँ कविका-जीवन भोगाइदेखि लिएर सामाजिक सांस्कृतिक, राजनीतिक विकृति-विसङ्गतिका साथै युद्धग्रस्त देशका विभिन्न स्थानहरूको भौगोलिक, मानसिक स्थितिको यथार्थतालाई विषयको रूपमा प्रस्तुत गरिएको छ ।

यसरी हेर्दा कवि दामोदर पुडासैनी 'किशोर'को विवेच्य सङ्ग्रहका सम्पूर्ण कविताका शीर्षकले कविताभित्र निहित भावको लक्ष्यार्थ र व्यङ्ग्यार्थ प्रस्तुति दिन सकेकोमा सार्थक सिद्ध भएका छन् ।

### (ख) कथ्यविषय: भावविधान

कवि दामोदर पुडासैनी 'किशोर'को **आँखाको खोजीमा** कवितासङ्ग्रहभित्र रहेका कविताहरूले प्रतीकात्मक अर्थ बोकेका छन् । विवेच्य सङ्ग्रह समकालीन चेतनाको दृष्टिले बढी प्रभावपूर्ण देखिन्छ । विषयवस्तुका दृष्टिले हेर्दा यस सङ्ग्रहभित्रका कविताहरूमा सामाजिक विकृति-विसङ्गति, आर्थिक विषमता, राजनीतिक अव्यवस्था र अस्तव्यस्तता, वर्तमान सन्त्रासमय र विद्रुप यथार्थको चित्रण, राष्ट्रिय

चेतना आदि विविध विषयवस्तु समाहित भएको पाइन्छ (गौतम, २०६३:८०) । यसै आधारमा आलोच्य सङ्ग्रहका कविताका भावविधानलाई बेग्ला-बेग्लै उदाहरणद्वारा पुष्टि गर्न सकिन्छ ।

### (अ) युद्धकालीन समय र त्यसको वास्तविक चित्रण

दामोदर पुडासैनी 'किशोर'को विवेच्य सङ्ग्रहका अधिकांश कविताहरूमा विगतका वर्षहरूमा चर्किएको युद्धको यथार्थ स्थिति प्रस्तुत भएको छ । यस सन्दर्भमा कविले भ्रमणका क्रममा प्रत्यक्ष देखेका युद्धग्रस्त स्थानहरूको यथार्थ चित्रण आफ्ना कविताहरूमा गरेका छन् । यसको एउटा ज्वलन्त उदाहरण 'अछाम' कवितामा पाउन सकिन्छ । यहाँ कविले हत्या, हिंसाले समाप्त भएको सुदूरपश्चिमको एउटा भू-भागको अत्यन्तै कारुणिक र जीवन्त चित्र प्रस्तुत गर्दै यसरी बोल्दछन्-

मेरा प्रिय आफन्तहरू !
यतिखेर अछाम
खोकिलामा बम च्यापेर
प्रयास गर्दै छ
बन्दूकको नालमा निदाउन

(पृ. २)

माथिका पङ्क्तिहरूले युद्धकालीन समयको अछाम जिल्लाको नियतिजन्य कारुणिक चित्र प्रस्तुत गरेका छन् । खोकिलामा बम च्यापेर बन्दूकको नालमा निदाउनुपर्ने अछामबासीहरूको नियतिलाई निकै संवेदनशील रूपमा यहाँ प्रस्तुत गरेका छन् । यस्तै गरी 'बादलका पहाडहरू' कवितामा पनि अछामकै ताण्डव नृत्यको चित्र प्रस्तुत भएको छ (भट्टराई, २०६२:?) । यहाँ प्रस्तुत गरिएको ताण्डव नृत्यको दृश्यलाई यी पङ्क्तिहरूले यसरी छर्लङ्ग पार्दछन् ।

बादलका पहाडहरू
छोप्दैछन् हरिया पहाडहरूलाई
र गर्दै छन् हुँकार ताण्डव नृत्यको
यतिखेर बादलका पहाडहरूमा
नदी रगतको फाल्सा बनेर बगेको छ
बगर हड्डीको जमात बनेर लडेको छ

(पृ. १२)

यी कवितांशले युद्धग्रस्त क्षेत्रको जीवन्त चित्र उतारेका छन् । नदीमा बगेको 'रगतका फाल्सा र बगरमा लडेका 'हड्डीका जमात' जस्ता सशक्त विम्बहरूको प्रयोगले विगतमा देखिरहेको भोगिरहेको

युद्धको वातावरणको सम्झना गराउँछ । यी पङ्क्तिमा रहेको वीभत्स दृश्यले युद्धजन्य मुलुकको यथार्थतालाई छर्लङ्ग बनाएका छन् ।

देशका विभिन्न ठाउँहरूको भ्रमण गरेका कविले युद्धको वातावरणलाई नजिकैबाट नियाल्ने मौका पाएका हुँदा उनको यस सङ्ग्रहका कवितामा धेरैजसो युद्धकालीन समय र परिवेशको चित्रण पाइन्छ । यस्तै टाढाटाढाका सुन्दर, शान्त पर्वतहरू तर्सेका छन्, खोलामा रगत बगिरहेछ भन्ने भाव बोकेको 'आसक्ति' कवितामा ध्वस्त मङ्गलसेनको व्यथा यसरी प्रस्तुत भएको छ-

यहाँ उभिएका छन् घरहरू
कङ्काल बनेर
मान्छेहरू गर्छन् कुरा मृत्युपर्वका
र तर्सन्छन् घरिघरि
मृत्यु घण्टाका आवाज बज्ने आशङ्कामा
बस्तीमा मडारिदै छ
एकतमासको आशङ्काको बादल
बेलुन पड्केको आवाज पनि
बमको गोला ठान्ने
नियति बनेको छ परिपाटी

(पृ. ११)

### आ) सामाजिक, सांस्कृतिक तथा राजनीतिक विविध विकृति-विसङ्गतिको चित्रण

कवि दमोदर पुडासैनी 'किशोर'ले मुलुकमा भइरहेका विविध विकृति-विसङ्गतिका पक्षहरूलाई आफ्ना कविताहरूमा नरम भाषाको प्रयोग गरी चर्को व्यङ्ग्य प्रस्तुत गर्दछन् । यस्तै 'परम्परा' शीर्षकको कविताले हाम्रो देशको राजनीतिलाई प्रतीकात्मक रूपले व्यक्त गरेको छ (बस्नेत, २०६२:११४) त्यही राजनीतिक विसङ्गतिको यथार्थ स्वरूप यी पङ्क्तिहरूमा देख्न सकिन्छः-

हूलका हूल स्याल र ब्वाँसाहरूले
भूकम्पका कुरा पुनः विर्से
आँधीका कुरा पुनः बिर्से
चट्याङ्गका कुरा पुनः बिर्से
र मञ्चमा पदार्पण गर्न दर्ता गराए
छुट्टा-छुट्टै निवेदन

(पृ. ३३)

यहाँ हाम्रो देशका नेताहरूको परम्परागत चरित्रमाथि व्यङ्ग्य गरिएको छ । यहाँ प्रस्तुत भएका 'स्याल' र 'ब्वाँसा' मालिकले कुर्सी चढाउने र ओराल्ने गर्दा तँछाडमछाड गर्ने नेताहरूका प्रतीक हुन् ।

'लोग्नेस्वास्नी' कविताले श्रीमान् र श्रीमतीबीचको आपसी सम्बन्धमा रहेको विसङ्गत स्वरूपको चित्र यसरी प्रस्तुत गरेको छ-

हरेक दिन एउटा नाटक लेख्छु
विसङ्गतिको विरुद्ध
विकृतिको विरुद्ध
त्यस नाटकको आदर्शको
उच्च मूल्याङ्कन चलिरहेका बेला
उनी रक्सीको ह्याङओभरले दुखिरहेको
मेरो टाउको सुम्सुम्याउँदै
आँसु झारिरहेकी हुन्छिन्
हिजो मलाइ अलिकति टाउको दुख्यो
रातभर निद्रा परेन उनलाई
विचरी कडा रोगले ढलेकी छिन् आज
म भने निदाएको छु रातमा फ्वाँफ्वाँ
र भुलेकै छु दिनभर हँसी मजाकमा

(पृ. ३१-४०)

माथिका पङ्क्तिहरूले श्रीमतीप्रतिको श्रीमान्को विसङ्गतिपूर्ण व्यवहारको यथार्थता प्रस्तुत गर्दै खुलामञ्चमा कट्टर नारीवादी बनेर भाषण गर्ने र घरमा श्रीमतीमाथि थिचोमिचो गर्ने हाम्रो समाजका पुरुष वर्गहरूको विसङ्गतिपूर्ण चरित्रको प्रस्तुत गरेका छन् । त्यस्तै 'यस देशमा' शीर्षकको कविताले देशमा विद्यमान विकृत स्वरूपको पर्दाफास यसरी गरेको छ-

कुनै पनि काम गराउँदा
खोल्छन् टेन्डर माथिकाहरू
र हरेक काम गर्न
बोल्छन् टेन्डर तलकाहरू
अँध्यारोमा बाँडचुँड हुन्छ कटनी
यद्यपि जनताको लागि काम गरेको
प्रदर्शन हुन्छ नाटकमा
घरिघरि यस देशमा

(पृ. ७१)

यहाँ जनतालाई माध्यम बनाएर हुने गरेको आर्थिक अनियमितताको विकृत स्वरूप माथि व्यङ्ग्य गरिएको छ । यी पङ्क्तिहरूले मानवीय चरित्रको प्रतिनिधित्व गरेका छन् । यस्तै विकृतिको अर्को ज्वलन्त नमूना 'गधाहरू' शीर्षकको कविताले यसरी प्रस्तुत गरेको छः-

छेपाराजस्ता छन्
मौसम अनुसार ट्युनिक फेर्छन्
तिनीहरूमा हुँदैन सोच र संवेदना
लुरुलुरु आफ्नो बाटो हिँड्नेलाई
घचेटेर लडाउने पर्याप्त हुन्छ मूढेबल
आ-आफ्ना अनन्य भक्त लुते कुकुरहरूको लागि
पुरस्कारको घोषणा गर्छन् गधाहरू

(पृ. ७५)

यहाँ देशका विभिन्न क्षेत्रमा व्याप्त रहेको चाकडी जस्तो विकृत प्रवृत्तिको सशक्त प्रस्तुति भएको छ । शक्तिसम्पन्न र विद्वान भनाउँदाहरूमा कुनै विवेक र सत्यता नभएको हुँदा तिनीहरूलाई यहाँ गधाका रूपमा चित्रण गरिएको छ । 'बेरुजु' कविता पनि यस्तै विकृति विसङ्गतिका विविध स्वरूपको प्रस्तुति गर्ने कविता हो । यस कवितामा प्रस्तुत भएको विकृतिको एउटा उदाहरण यस्तो रहेको छ-

पिपलपाते शैलीमा
मौसमअनुसार फेरिन्छ रङ्ग
बेचेर आत्मालाई
टिप्पणी च्यातिन्छ, प्रमाणपत्र सच्याइन्छ
र दिइन्छ पुरस्कार परजीवीहरूलाई (पृ. १०)

यहाँ सरकारी निकायहरूमा भइरहने व्यक्तिको स्वतन्त्रता माथिको हनन् कुटनीति र षड्यन्त्रको पोल खोलिएको छ ।

### (इ) यौनमूलक विषयको प्रस्तुति

कवि दमोदर पुडासैनी 'किशोर'को विवेच्य सङ्ग्रहका कवितामा अर्को एउटा कथ्यविषय यौन पनि रहेको छ । यस्तो विषय प्रयोग भएको कविता 'अग्नियुद्ध' हो । यहाँ कविले यौनको अश्लिल र नाङ्गो प्रस्तुति नगरी शिष्ट र मर्यादित स्वरूपको चित्रण गरेका छन् । पुरुष र स्त्री बीचको यौनसम्पर्कको क्षणलाई युद्धको रूपमा लिँदै त्यस युद्धको सम्झना गर्दै 'अग्नियुद्ध' कवितामा कवि यसरी बोल्न पुग्दछन्-

थाहा छ मलाई
नौनी भएर आगोसँग लाप्पा खेल्नु भनेको
कि सललल्ल पग्लेर विलीन हुनु हो

कि ह्वारह्वारती जलेर भष्म हुनु हो
तैपनि भौतारिरहेको हुन्छ मन
छिनछिनमा आगोसँग लाप्पा खेल्न

(पृ. ४३)

यहाँ यौनसम्बन्धी विषयमा कविको निजात्मक अनुभूति प्रस्तुत भएको छ ।

**(ई) राष्ट्रिय चेतनाको अभिव्यक्ति**

कवि दामोदर पुडासैनी 'किशोर'को साहित्ययात्राको प्रथम चरणदेखि नै मुखर बन्दै आएको देशभक्ति र राष्ट्रप्रेमको भावना यहाँ अझै सशक्त रूपमा प्रस्तुत भएको छ । यस सङ्ग्रहका कविताहरूमा कविको देशकाप्रतिको चिन्ताभाव व्यक्त भएको छ । यस्तै दिनानुदिन सोचनीय एवम् दयनीय हुँदै गएको देशको दुर्दशालाई 'उत्तर' शीर्षकको कवितामा यसरी देखाइएको छ-

देशको जग, थाम, धुरी खामो हल्लिरहेको बेला
हामीहरू जीवन र जगत् सुधार्न छलफल गरिरहेछौं
वरिपरि बादल, पहिरो र बाढी मडारिरहेका बेला
हामीहरू सुकिलो घाम र न्यानो परिवेशको खोजी गरिरहेछौं

(पृ. १४)

यहाँ कविले देशको कमजोर अवस्थाको चित्र प्रस्तुत गर्दै व्यक्तिगत जीवनप्रतिमात्र चासो राख्ने मानव स्वभावको विरोध गर्दै सम्पूर्णले देशको बारेमा सोच्नुपर्छ भन्ने साङ्केतिक भाव व्यक्त गरेका छन् ।

युद्धको भग्नावशिष्ट देश हेर्दै र सुम्सुम्याउँदै, त्यसप्रति समर्पित हुँदै, आफ्नो विग्रँदो अवस्था र दुःख पाइरहेका सन्ततिप्रति दुखित भएकी नेपाली आमाको आँसु पुछिदिँदा आफू कष्ट र दुःख सहेर पनि सन्ततिलाई विछट्टै माया गर्ने आमाको सम्झना गर्दै, उद्यमी पराक्रमी पिताका आदर्शलाई भावी सन्ततिमा हस्तान्तरण गर्ने प्रतिवद्धता व्यक्त गर्दै देश निर्माणमा सच्चाहृदयले लाग्न आव्हान गर्दै लेखिएका कवि पुडासैनीका कविता देशप्रेम र राष्ट्रभक्तिका कविता हुन् (कोइराला, २०६४:३०) । यस्तै देशभक्तिको भाव व्यक्त भएको 'हस्तान्तरण' कवितामा कविले पिताका आदर्शलाई भावी सन्ततिमा हस्तान्तरण गर्ने प्रतिवद्धता यसरी व्यक्त गरेका छन्-

समयका सुरिला भाका हौं हामीहरू
र बाबा मुरली बजाइरहने एउटा कृष्ण
बाबाका आस्थाहरू पोको पारेर
गर्दै छौ हस्तान्तरण समयको पीडा सन्ततिहरूलाई

(पृ. ६)

(उ) **मानवीय संवेदना र युद्धको प्रभाव**

दामोदर पुडासैनी 'किशोर'को विवेच्य सङ्ग्रहका धेरैजसो कविता युद्ध र त्यसले मानवीय संवेदनमा पुऱ्याएको असरलाई विषयवस्तु बनाई सिर्जिएका छन् । सत्य, चोखा र निष्कपट आँखाको खोजीमा रहेका कविले हाम्रा बीचमा भएका आँखाहरू एउटा नाम मात्रैको आँखा र यो आँखा मानव जीवनमा कुनै पनि औचित्य नभएको ठहऱ्याउँदै रीस, राग, हत्या, हिंसा बाहेक अन्य कुनै स्थान नदिएकोमा आक्रोश व्यक्त गरेका छन् (चालिसे, २०६३:२) । कवि मान्छेमा विवेक, संवेदनशीलता र अन्तः चेतनाको खोजी गर्दै 'आँखाको खोजीमा' शीर्षक कवितामा यसरी बोलेका छन्-

मान्छे भन्नु नै विवेक हो
र विवेक भन्नु नै आँखा हो
एक आँखाले अर्को आँखालाई
अलिकति पनि आँखा नतर्ने
तिम्रा आँखाहरूको खोजीमा छु

(पृ. ९)

देशमा चलिरहेको हत्या, हिंसा र आतङ्कलाई आफ्नै आँखाले देखेका कविले एउटै परिवारभित्रको काटाकाट र मारामारले गर्दा छनछनी बज्ने चुरा .झराम्म फोड्नु परेको र सिन्दुर पखाल्नु परेको कुरा 'सुरक्षाको खोज' शीर्षकको कवितामा यसरी व्यक्त गरेका छन्-

दाइका गोलीले भाइको निधार फुट्यो
भाइको बमले दाइको हत्केलै टुट्यो
भाउजू र बुहारी
छनछनी बज्ने चुरा फुटाउँदै
आस्थाका सिन्दुर पखालि रहेछन्

(पृ. ५०)

यहाँ युद्धको वातावरणले मानवीय संवेदनमाथि पुऱ्याएको गहिरो चोटलाई मार्मिक रूपमा चित्रण गरिएको छ । यस्तै मानवीय संवेदनाको अभिव्यक्ति भएको कविता हो 'आँखाहरू' । यहाँ युद्धको भयावह स्थिति, मानवको क्रुरता, अहङ्कार, पाशविकता र अमानवीय तत्त्वले गर्दा सिर्जना भएका आँखाको नियतिलाई यसरी देखाइएको छ-

कति आँखाहरू हिमचुलीको पानीले नुहाउँथे
तर विवश छन् अचेल
रगतको आहाल र
डढेलो लागेको बस्तीमा डुबुल्की मार्न

(पृ. ४७)

यहाँ मानवताको प्रतीकका रूपमा आएका आँखाको वीभत्स स्थिति देखाएर मानवीय संवेदना -माथि भइरहेको प्रहारलाई देखाइएको छ ।

(ऊ) **वैदेशिक पृष्ठभूमिका विषयको प्रस्तुति**

कवि दामोदर पुडासैनी 'किशोर'को यस आलोच्य सङ्ग्रहका कवितामा स्वदेश र स्वदेशी जनताका विषयलाईमात्र नलिएर विदेशी मुलुकमा आफूले देखेभोगेका अनुभव र त्यहाँको स्थानीय भौगोलिक स्वरूपलाई पनि कवितात्मक अभिव्यक्ति दिएका छन् । त्यस्तै वैदेशिक पृष्ठभूमिमा रहेर रचिएको 'निसिजाबाहरू' शीर्षकको कवितामा जापानी सुन्दरीको चाहनालाई लिएर कवि यसरी बोलेका छन्

चेरीका फुलहरू हुन् निसिजाबाहरू
तर चेरीका फूल झैं झर्न चाहँदैनन्

(पृ. ६१)

यस्तै वैदेशिक मुलुकका स्थानीय चित्र उतारिएको कविता 'फुजियामा ! सायोनारा ! !' मा कवि ती स्थानहरूसँग यसरी बोलेका छन्-

मनमनमा फुल्दैछन् मेरा मायाका साकुरा
निसिजाबा र किसीका
आँखामा र मनमा फुल्यो भन्छन्
कन्साईमा भेटिएकी युकी
तसवीर मनमा कोरेको छु भन्थिन्
फुजियामा ! जे होस् म आएँ
तिम्रो दर्शन पाएँ

(पृ. ६७)

यहाँ कविले जापानको सर्वोच्च शिखर फुजियामालाई सम्बोधन गर्दै आफू जापानको भूमिमा टेक्न पुगेको र त्यहाँका स्थानको अवलोकन गर्न पाएको भाव व्यक्त गरेका छन् । यी जापानी शब्दहरूको अर्थ कविताभित्रै पादटिप्पणीमा दिइएको छ त्यसैले कवितामा नयाँपन सिर्जना भएको छ ।

यसरी केही प्रतिनिधि कविताहरूका आधारमा हेर्दा कवि 'किशोर'को विवेच्य कवितासङ्ग्रहलाई विविध विषयवस्तुको सङ्गमस्थल मान्न सकिन्छ । यहाँ कविले आफ्ना निजी अनुभूतिदेखि लिएर युद्धको सन्त्रासमय वातावरण, देशभक्ति वा राष्ट्रप्रेम, स्थानीयताको चित्रण, मानवीय संवेदना, वैदेशिक स्थानीयता जस्ता विविध विषयवस्तुको कवितात्मक अभिव्यक्ति गरेका छन् ।

**ग) संरचनाः बनोट**

**आँखाको खोजीमा** कवितासङ्ग्रह पनि कवि दामोदर पुडासैनी 'किशोर'को गद्य कविताहरूकै सङ्कलन हो । उनका प्रथम चरणका कविताहरूझैं यस सङ्ग्रहभित्रका कविताहरू पनि छन्दको बन्धनमा

बाँधिएर लेखिएका छैनन् । मुक्त गद्य लयको संरचनामा संरचित यी सम्पूर्ण कविताहरू शीर्षकबद्ध नै रहेका छन् ।

आयामका दृष्टिले यस सङ्ग्रहभित्रका कविताहरू एक अनुच्छेददेखि आठ अनुच्छेदसम्मको संरचनामा आबद्ध रहेका छन् । एकै अनुच्छेदमा स्वतन्त्र भावलहरीमा रचिएका कविताहरूमा 'स्वतन्त्रता', 'इकेवाना', 'हाचिओजीमा भ्यालेन्टाइन् डे' र 'फिदिम' गरी चारवटा रहेका छन् भने बाँकी सबै कविताहरूमा दुई वा दुईभन्दा बढी अनुच्छेदहरू रहेका छन् । सबैभन्दा बढी आठ अनुच्छेदमा आबद्ध कविता 'किसान' हो । पङ्क्तिगत वितरणका दृष्टिले हेर्दा उनका यस सङ्ग्रहभित्रका कवितामा न्यूनतम पन्ध्र पङ्क्तिको एक अनुच्छेदमा संरचित 'इकेवाना'देखि अधिकतम अन्ठाउन्न पङ्क्तिका 'यस देशमा' र 'किसान' गरी दुईवटा कविता रहेका छन् । 'किसान' कविता यस सङ्ग्रहभित्रको अनुच्छेद र पङ्क्ति दुवै आयामले सबैभन्दा लामो र ठूलो कविता हो ।

दामोदर पुडासैनी 'किशोर'को यस सङग्रभित्रका कविताहरूको शीर्षकीय संरचना प्रथम चरणका कविताहरूमाभन्दा केही भिन्न देखिन्छ । लामा-लामा वाक्यलाई पनि शीर्षकको संरचनामा प्रस्तुत गर्ने कवि 'किशोर'ले विवेच्य यस सङ्ग्रहभित्रका सम्पूर्ण कविताहरूको शीर्षक संरचना पद र पदावलीको स्तरमा मात्र संरचित गरी कविताको चौडाइको आयाम पनि ठिक्क राखेका छन् । प्रथम चरणका कवितामा लेख्य चिह्नको धेरै प्रयोग गरेका कवि 'किशोर'ले दोस्रो चरणको प्रथम कवितासङ्ग्रहमा भने केही कम लेख्य चिह्नको प्रयोग गरेका छन् । यहाँ ३८ वटा पूर्णविराम, १६ वटा प्रश्नवाचक र ३४ वटा उद्गार चिह्नको प्रयोग गरिएको छ साथै कुनै-कुनै ठाउँमा उद्धरण, कमा जस्ता लेख्य चिह्नहरूको प्रयोग पनि भेटिन्छ ।

कवि 'किशोर'ले यस कवितासङ्ग्रहमा पादटिप्पणीको प्रयोग गरी संरचनामा नयाँपन थपेका छन्; जसका कारण पाठकले अर्थको कठिनाइ महसुस गर्नु पर्दैन । यी विविध कारणले उनका कविताको संरचनामा मौलिकताका साथै नयाँपनसमेत पाइएको छ ।

### (घ) लयविधान

दामोदर पुडासैनी 'किशोर' गद्य कवि हुन् भन्ने वित्तिकै उनका कविताको गद्यात्मक लयविधानलाई सजिलै बुझ्न सकिन्छ । गद्य कवितामा छन्दको जस्तो बन्धन नभए पनि लय पैदा भएको हुन्छ र यस्ता लयलाई मुक्त लय भनिन्छ (लुइँटेल, २०६०:१३८) । यिनका कवितामा पनि छन्दबाट सिर्जित बाह्य लय नभई ध्वनि र अर्थबाट सिर्जित आन्तरिक लयको प्रयोग भएको छ । विवेच्य सङ्ग्रहका कवितामा लय सिर्जना गर्न अनुप्रास अलङ्कारको महत्त्वपूर्ण भूमिका रहेको देखिन्छ । यस सन्दर्भमा 'चौरालीमा' कविताका निम्न पङ्क्तिहरूलाई प्रस्तुत गर्न सकिन्छ-

ड्राइभर
यात्री डराए धम्क्याउँथ्यो
यात्री रिसाए मुस्काउँथ्यो
केही यात्रीलाई थुम्थुम्याउँथ्यो
केही यात्रीलाई सुमसुम्याउँथ्यो

(पृ ३०)

यहाँ 'यात्री' शब्द सुरुका दुई पङ्क्तिको आरम्भमा दोहोरिएर आएको छ भने अन्तिमका दुई पङ्क्तिका बीचमा दोहोरिएर आएको हुँदा एउटै 'यात्री' पदको प्रयोगबाट आद्यानुप्रास र मध्यानुप्रासको सफल प्रयोग भएको छ । त्यस्तै पङ्क्तिका अन्त्यमा आएका धम्क्याउँथ्यो, मुस्काउँथ्यो, थुम्थुम्याउँथ्यो र सुम्सुम्याउँथ्यो जस्ता क्रियापदको प्रयोगले कवितालाई लयात्मक बनाएको छ ।

विवेच्य सङ्ग्रहका धेरैजसो कवितामा अनुप्रास अलङ्कारको प्रयोग भएका कारण कविता लयात्मक बनेका छन् । यहाँ अनुप्रासका विविध रूप आदिअनुप्रास, मध्यानुप्रास, अन्त्यानुप्रास, अन्तरअनुप्रास र आन्तरिकअनुप्रासले सङ्ग्रहकै लयात्मकतामा ठूलो भूमिका खेलेका छन् । त्यस्तै अन्तर अनुप्रासको प्रयोग भएको 'परम्परा' शीर्षकको कविताका पङ्क्तिहरूलाई लिन सकिन्छ-

बेलगाम भाषण थुकिरहेको
एउटा स्याललाई
खसालियो मञ्चबाट
र चढाइयो अर्को स्याललाई

(पृ. ३३)

यहाँ एउटा पङ्क्तिको अन्तरमा दोहोरिएका 'स्याललाई' पदावलीको प्रयोगले गर्दा कवितामा अतिरिक्त लयात्मक सौन्दर्य थपेका छन् । यस्तैगरी अन्तरअनुप्रास र मध्यानुप्रास प्रयोग भएको 'आँखाहरू' शीर्षकको कविताको अंश यस्तो छ-

आँखाहरू
बजेटको नाममा बजेट खान्छन्
निर्माणको नाममा निर्माण खान्छन्
जनताका नाममा जनताकै अस्मिता खान्छन्

(पृ. ४८)

यहाँ अन्तिममा 'खान्छन्' क्रियापदको आवृतिबाट पूर्ण अन्त्यानुप्रासको सिर्जना भएको छ भने तीनै पङ्क्तिमा प्रयोग भएको 'नाममा' पदबाट मध्यानुप्रास अलङ्कार पर्न गई कवितामा लयात्मक

श्रुतिमाधुर्यता बढेको छ । त्यस्तै आन्तरिक अनुप्रास प्रयोग भएको 'असारे गाउँमा' शीर्षकको कविताका पङ्क्तिहरू यस्ता रहेका छन्-

नीला जङ्गल पसेका केही रोपारहरूले
अझै हिम्मत गरेका छैनन् खोरिया फाँड्न फर्कने
नीला जङ्गल पस्ने डरले कङ्क्रिट जङ्गलमा पसेकाहरू
अझै कल्पना गर्दैनन् गाउँ फर्कने

(पृ. ३२)

यहाँ पहिलो पङ्क्तिमा 'ल', 'प', 'क', 'ह', 'र' वर्णको क्रमशः तीन, दुई, दुई र तीन पटक पुनरावृत्ति भएको छ भने दोस्रो पङ्क्तिमा 'र', 'न', 'फ', 'क' वर्णको क्रमशः दुई, चार, दुई दुई पटक आवृत्ति भएको छ । त्यस्तै तेस्रो पङ्क्तिमा 'जङ्गल' पदको आकृतिका साथै 'ल', 'प' जस्ता वर्ण दोहोरिएका छन् । त्यस्तै अन्तिम पङ्क्तिमा पनि 'क, न' वर्णको आवृत्ति भएको हुँदा कविता लयात्मक बनेको छ । यस्तै कवितालाई लयात्मक बनाउने क्रममा कविले दुईवटा मात्र वर्ण फरक भएका पङ्क्तिनै डब्ल्याएर प्रयोग गरेको 'नाटक' शीर्षकको कविताका पङ्क्ति यस्ता रहेका छन्-

कैयौं पात्रहरू अभिनय गर्दा यथार्थमा झरेका छन्
कैयौं पात्रहरू अभिनय गर्दा यथार्थमा फकेका छन्

(पृ. ५६)

यहाँ सम्पूर्ण पङ्क्तिनै दोहोरिएर प्रयोग भए पनि दुईवटा मात्र फरक वर्णको प्रयोगले अर्थमा भिन्नता आएको छ । भाव र सौन्दर्यको कलात्मक सन्तुलनले हारमोनियमको रिटझैं अन्तर्ध्वनि भएकाले कविता लयात्मक बन्न पुगेको छ । यसरी हेर्दा कवि 'किशोर'का कविता लयात्मकताका दृष्टिले निकै शक्तिशाली छन् ।

**(ङ) कथनपद्धति**

दामोदर पुडासैनी 'किशोर'को विवेच्य सङ्ग्रहका कवितामा पनि अन्य कविताहरूमा जस्तै कवि स्वयंको प्रथम पुरुष आत्मालापीय कथनपद्धतिको प्रयोग भएको छ । यस सङ्ग्रहभित्र सङ्गृहीत एक प्रमुख कविता 'आँखाको खोजीमा' शीर्षकको कवितामा कविले आफ्नो अनुभवलाई आत्मालापीय शैलीमा यसरी व्यक्त गरेका छन्-

यतिका वर्षसम्म
चपाइएको छु धेरै आँखाहरूद्वारा
कुटिएको छु, लुछिएको छु
शङ्का-उपशङ्काको भूमरीमा

फसेको छु घरिघरि
आँखाहरूबाट केहीबदनाम र
धेरै-धेरै नाम कमाएको छु

(पृ. ८)

माथिका कविता-पङ्क्तिहरूमा 'आँखा' जस्तो सशक्त प्रतीक र 'शङ्का-उपशङ्काको भूमरी' जस्तो विम्ब प्रयोग मार्फत् कविले आत्मालापीय शैलीमा सामन्ती संस्कारको लयात्मक तरिकाले पर्दाफास गरेका छन् । त्यस्तै गरी 'स्वतन्त्रता' शीर्षकको कवितामा कविको स्वतन्त्रताप्रतिको चाहना प्रथम पुरुष आत्मालापीय शैलीमा यसरी व्यक्त भएको छ-

म कुहिरो जत्तिकै
डाँडाकाँडा र मैदानी माहोलमा
गर्दैछु विचरण
एउटा स्वतन्त्र चरा झैं
भुर्र खोज्दै छु उड्न

(पृ. १६)

यसरी जीवन-भोगाइ र समसामयिक सामाजिक राजनीतिक अनेक विषवस्तुलाई समेटेर कवितात्मक स्वरूप प्रदान गर्ने कवि 'किशोर'ले 'आँखाहरू' शीर्षकको कवितामा तत्कालीन युद्धग्रस्त समयको परिवेशलाई आत्मालापीय शैलीमा यसरी प्रस्तुत गरेका छन-

आँखाहरू टुलुटुलु
बस्ती र बाटाहरूमा हिँड्थे
अचेल
जङ्गल र भीरहरूमा दौडन लागेका छन्

(पृ. ४७)

माथिका कविता-पङ्क्तिहरूले युद्धकालीन समयमा बम र बारुद बोकेर जङ्गल-जङ्गल चहार्ने मानिसको यथार्थ स्थितिलाई चित्रण गरेका छन् । त्यस्तै 'रुखफेदको विद्यालय' शीर्षकको कवितामा कविले विसङ्गत शिक्षा परिपाटीप्रति तीखो व्यङ्ग्य प्रहार गर्दै आफ्नो आत्मालापीय अभिव्यक्ति यसरी प्रस्तुत गरेका छन् -

गुरुमा छिन् एउटी
भैंसी ठान्छिन् नानीहरूलाई
घुमाउँछिन् लौरी र
उठान बैठानका छर्छिन् आदेश

(पृ. ५९)

यहाँ बालमनोविज्ञान नबुझी लौरोको भरमा शिक्षा दिने परम्परागत शिक्षा प्रणालीप्रति व्यङ्ग्य प्रहार गरिएको छ । स्वदेश र विदेश जुनसुकै स्थानमा रहे पनि देशकै माया मुटुमा टाँसिरहने कवि 'किशोर'ले जापानभ्रमणका क्रममा लेखेको 'फुजियामा ! सायोनारा !!' शीर्षकको कवितामा आफ्नो परिवारप्रतिको सम्झनालाई यसरी व्यक्त गरेका छन्-

मेरी आमा यतिखेर
पिंढीमा बसेर
मनमा मेरो चित्र कोरिरहनु भएको होला
बाबा बगैंचामा
मेरो अनुहार खोजिरहनु भएको होला

(पृ. ६७)

सरकारी कर्मचारीका रूपमा रहेर सरकारी निकायभित्रको चाप्लुसी प्रवृत्ति प्रत्यक्ष अनुभव गरेका कविले उक्त विकृत प्रवृत्तिलाई 'बेरुजु' शीर्षकको कविताका पङ्क्तिमा प्रथम पुरुष दृष्टिविन्दुको प्रयोग गरी यसरी प्रस्तुत गर्न पुगेका छन्-

पिप्पलपाते शैलीमा
मौसमअनुसार फेरिन्छ रङ्ग
बेचेर आत्मालाई
टिप्पणी च्यातिन्छ, प्रमाणपत्र सच्याइन्छ
र दिइन्छ पुरस्कार परजीवीहरूलाई

(पृ. ९०)

माथिका कविता-पङ्क्तिहरूले चाप्लुसी प्रवृत्तिका व्यक्ति पुरस्कृत हुने र सोझा-सीधा कर्मचारी ठगिने गरेको कर्मचारीतन्त्रमा व्याप्त चाप्लुसी प्रवृत्तिको यथार्थ चित्र प्रस्तुत गरेका छन् ।

यसरी विभिन्न विषयवस्तुलाई समेटेर कविता रचना गर्ने कवि 'किशोर'ले जुन-जुन विषयले आफूमा जस्तो-जस्तो प्रभाव पारेको छ त्यसलाई यस सङ्ग्रहका कविताहरूमा प्रथम पुरुष आत्मालापीय कथनपद्धति अँगालेर प्रस्तुत गरेका छन् ।

**(च) विम्ब-प्रतीक प्रयोग**

दामोदर पुडासैनी 'किशोर'को साहित्य-यात्राको दोस्रो चरणको प्रथम विवेच्य कवितासङ्ग्रहका कवितामा विम्ब र प्रतीकको प्रयोग यथेष्ट मात्रामा भएको पाइन्छ । उनले यस सङ्ग्रहका कविताहरूमा युद्धकालीन अवस्थामा देखे-भोगेको यथार्थ चित्रण गर्न र त्यस सम्बन्धी आफ्नो विचार र धारणा अभिव्यक्त गर्न विम्ब-प्रतीकको सहायता लिएका छन् ।

कवि 'किशोर'को विवेच्य सङ्ग्रहका कवितामा मानवीय संवेदनासँग सम्बन्धित विभिन्न वस्तु, व्यक्ति र चरित्रका साथै प्राकृतिक वस्तुहरू नै प्रतीक र विम्ब भएर आएका छन् । यहाँ गाउँबेसी, पहाड, कन्दरा र नेपाली आम भू-भाग खासगरी पहाडी-हिमाली, जनजिब्रोमा बसेका शब्दहरूलाई, वाक्यांशहरूलाई, प्रचलनहरूलाई र संस्कारहरूलाई विम्ब संयोजन र प्रतीक प्रयोगमा उतार्न रुचाउने कवि, 'किशोर'को आफ्नै विशेषता झल्किएको छ (प्रधान, भूमिका २०६२, ?) । 'हस्तान्तरण' शीर्षकको कविताका निम्न पङ्क्तिहरूमा प्रतीक र विम्बको प्रयोग यसरी भएको छ-

बाबाको अन्तसँगै
एउटा लहलहाउँदो युग ढल्यो ग्वार्लाम्म
आकस्मिक रूपमा सलबलाउन थाले छिचिमिराहरू
कुवा छोडेर भ्यागुताहरू
टोक्न तम्सेका छन् निरीह माहुरीहरूलाई
वन, वुट्यान र फाँटहरूको
लालपुर्जालाई बालिस्ट बनाएर
मुसा र ब्वाँसाहरूले निर्वाध परेड खेलेको दृश्य
बाबाको अनुहारको जन्तर झुन्ड्याएर
हामीहरू एकटक हेरिरहेछौं

(पृ. ५)

यहाँ कविले परिवर्तित राजनीतिक सन्दर्भलाई प्रतीकात्मक रूपमा प्रस्तुत गरेका छन् । यहाँ प्रयुक्त 'लहलहाउँदो युग'को विम्ब मार्फत् शताब्दीऔं पुरानो राजसंस्थाको स्वरूप प्रस्तुत भएको छ भने छिचिमिराहरू, भ्यागुता, माहुरी, मुसा, बाबा, ब्वाँसा जस्ता शब्दहरू प्रतीकका रूपमा प्रयोग गरिएका छन् । यिनले दिने प्रतीकार्थ नै कवितामा महत्त्वपूर्ण भएर रहेको छ । 'आँखा'लाई सत्य, न्याय र विवेकको प्रतीकका रूपमा लिइएको 'आँखाको खोजीमा' शीर्षकको कविताका पङ्क्तिहरूमा बिम्ब र प्रतीकको प्रयोग यस्तो छ-

परेवा र बाज दुवैका आँखा
औंसीको रातका चन्द्रमाझैं
बारुदको बादलमा पहाड छेकिएझैं हराएका छन्

(पृ. ९)

यहाँ प्रयुक्त 'परेवा'ले शान्तिप्रेमी जनता र 'बाज'ले तिनै जनतामाथि आक्रमण गर्ने क्रुर शासकको प्रतीकार्थ वहन गरेका छन् । 'बारुदको बादल' जस्तो सशक्त विम्बबाट युद्धको वातावरण

चित्रित हुन पुगेको छ । 'उद्देश्य' शीर्षकको कविताका निम्न पङ्क्तिहरूमा पनि उनको प्रतीक प्रयोगको कुशलता देख्न सकिन्छ-

एउटा तापस झैं
युगौंयुगदेखि अविचल
उभिरहेछ रूख
कैयौं हुरीका झोक्काले
कैयौं दर्के झरीले
बेलाबेलामा छोप्ने
धुम्म कुहिरोले समेत
निमेष खोज्छन् बलात्कार गर्न उसलाई
रूख परवाह गर्दैन त्यस्ता तिकडमको

(पृ. २५)

यहाँ प्रयोग भएका 'तापस' र 'रूख'ले प्रतीकात्मक रूपमा शासनसत्ता र त्यसको निडरपनलाई बुझाएको छ । 'हुरीका झोक्का, 'दर्के झरी', 'धुम्म कुहिरो', जस्ता विम्बहरूले बेलाबेलामा निरंकुश शासनको विरोधमा भइरहने क्रान्तिलाई सङ्केत गरिरहेका छन् । 'परम्परा' शीर्षकको कविताका यी पङ्क्तिहरूले शासक परिवर्तनको परम्परित शैलीलाई प्रतीकात्मक रूपमा यसरी छर्लङ्ग पारेका छन्-

बेलगाम भाषण थुकिरहेको
एउटा स्याललाई
खसालियो मञ्चबाट
र चढाइयो अर्को स्याललाई

(पृ. ३३)

यहाँ प्रयुक्त 'स्याल'ले शासकको र 'मञ्च'ले सत्ताको प्रतीकात्मक अर्थ वहन गरेका छन् । 'पोखरा' शीर्षकको कविताका यी पङ्क्तिहरूमा प्रयोग भएका यौन प्रतीकहरूबाट कविको प्रतीक चयनमा भएको शिष्टता र कुशलता बुझ्न सकिन्छ-

माथितिर माछापुछ्रे र अन्नपूर्णजस्ता
दुई रहरलाग्दा चुचुरा
र तलतिर फेवातालजस्तो गहिरो खाडलको
खेती नगर्ने हो भने
पोखरा के को पोखरा

(पृ. ४१)

यहाँ प्रयुक्त 'माछापुछ्रे', 'अन्नपूर्ण' र 'फेवाताल' स्त्रीयोचित यौनप्रतीकका सशक्त उदाहरण हुन् । त्यस्तैगरी 'आँखाहरू' शीर्षकको कविताका पङ्क्तिहरूले युद्धकालीन परिवेशलाई प्रतीकात्मक रूपमा यसरी प्रस्तुत गरेका छन्-

एकहूल आँखाहरू
जङ्गल र वस्तीमा गर्दैछन् ठोकाठोक
र कहिल्यै नखुल्ने गरी
बिस्कुन बर्सेका छन् यत्रतत्र

(पृ. ४७)

यहाँ 'आँखाहरू' र 'बिस्कुन' क्रमशः मानव र तिनैका लाशका प्रतीकका रूपमा प्रयोग भई आएका छन् । त्यस्तै प्रतीक प्रयोगको अर्को उदाहरण 'गधाहरू' शीर्षकको कविताका यी पङ्क्तिहरूमा भेट्न सकिन्छ-

कुल्चँदै हरक्षण परेवालाई
तिनकै निख्खर प्वाँख च्यातेर
परेवा र डल्फिन मार्ने
रातारात गर्छन् निर्णय गधाहरू

(पृ. ७५)

यहाँ प्रयोग भएका 'परेवा', 'डल्फिन' र 'गधाहरू' सशक्त प्रतीकका रूपमा देखा परेका छन् ।

दामोदर पुडासैनी 'किशोर'को विवेच्य सङ्ग्रहका कवितामा विम्ब र प्रतीकको प्रयोग प्रशस्त मात्रामा नै भएको पाइन्छ । उनले यस सङ्ग्रहका कवितामा प्रयोग गरेका प्रतीकहरूको लामो सूची नै दिन सकिन्छ । यहाँका प्रतीकहरू मूलतः नेपाली समाज, पशुपंक्षी, प्रकृति, व्यक्ति आदिबाट, लिइएका छन् । आलुबखडा, जिरेनियम, सर्प, सुतुरमुर्ग, अरिङ्गाल बाच्छ्यूँ, आँधी, भ्याउँकिरी, आमा, ट्रक, ट्र्यांक, भकारी, बाघ, सेती, फेवा, भ्याङ, भाडी, गुफा, आदि अनेक शब्दहरू कवितामा प्रतीकका रूपमा प्रयोग भएका छन् ।

त्यस्तैगरी लाशको लस्कर, आस्थाको तलाउ, इन्द्रधनुषी अवयव, कोदालीका डोबहरू, आक्रमणका फणा, शङ्का-उपशङ्काको भूमरी, एक जोडी आँखा, रगतको फाल्सा, हड्डीको जमात, न्यानो परिवेश, जिजीविषाको गोरेटो, कुहिरोको सिरक, पसीनाको भेल, मृत्युको घण्टा, एसिडको खोलो, स्वार्थको फणा, सत्यताको लिङ्गो-जस्ता अनेक विम्बहरू कवितामा प्रयोग भएका छन् । यहाँ प्रयोग भएका धेरै विम्बहरू सरल ग्रामीण सौन्दर्य बोक्ने, पारम्परिक र सुखकर छन् (भट्टराई, भूमिका २०६२, ?) ।

यसरी हेर्दा दामोदर पुडासैनी 'किशोर'को विवेच्य सङ्ग्रहका कवितामा विम्ब-प्रतीकहरूको सघन प्रयोग भेटिन्छ । यी विम्ब-प्रतीकहरू अत्यन्त सरल र सहज पनि छन् । विम्ब र प्रतीकको चयन र प्रयोग तथा तिनको सरलता सहजता र हार्दिकता नै कवि 'किशोर'को कविताको महत्त्वपूर्ण विशेषता रहन गएको छ ।

## (छ) भाषाशैली

भाषाशैली कुनै पनि रचनाको शिल्प पक्षसँग सम्बन्धित हुन्छ । अन्य विधामा झैं कविता विधामा पनि भाषाशैलीको महत्त्वपूर्ण भूमिका रहेको हुन्छ । भाषिक दृष्टिले हेर्दा दामोदर पुडासैनी 'किशोर'को विवेच्य सङ्ग्रहका कविताहरूमा मौलिक र आगन्तुक दुवै किसिमका शब्दहरूको प्रयोग भएको पाइन्छ । कवि 'किशोर'ले यस सङ्ग्रहभित्रका कविताहरूमा ओदान, तुषारपात, लालपुर्जा, बिरौटा, अभिलाषा, मादकता, निरीह, खण्डहर अभियोग, जिजीविषा, स्निग्धता, बुकुरा, सगुन-जस्ता संस्कृत स्रोतका शब्दहरूको प्रयोग गरेका छन् । त्यस्तै मार्चपास, भेरीलाइट, रेडियो, टेलिभिजन, ट्रक, ट्रयांक आदि अङ्ग्रेजी आगन्तुक शब्दहरूको प्रयोग गरेका छन् । त्यसैगरी फारसी भाषाको 'बदनाम', अरबी भाषाको 'फगत', अखबार आदि शब्दहरूको प्रयोग पनि गरेको भेटिन्छ । ड्याङ, सुर्का, बारी, पनेरा, सँघार, गरा, इत्ला आदि ठेट नेपाली शब्दका साथै कलकल, टुलुटुलु, ग्वार्लाम्म, घुम्लुङ्ग, कुरुमकुरुम, चुरुमचुरुम आदि अनुकरणात्मक शब्दको प्रयोगबाट कवितामा स्वाभाविकपन बढेको छ । त्यस्तै घरिघरि, मिचीमिची, थुँगाथुँगा, मुखामुख, क्षणक्षण-जस्ता द्वित्व भएका शब्दहरूको प्रयोग भएको पनि भेटिन्छ । यस सङ्ग्रहमा स्थानीयताको झलक प्रस्तुत गर्ने 'रामारोशन', वयलपाटा, मेललेख, ठूलासेन जस्ता शब्दहरूको प्रयोग पनि भएको छ जसले गर्दा कवितामा नयाँपन सिर्जना हुन पुगेको छ ।

कवि 'किशोर'ले जापान भ्रमणका क्रममा रचना गरेका कवितामा त्यहींका स्थानीय शब्दहरूको प्रयोग गरेका छन् जसको अर्थ नेपाली भाषीले बुझ्न गाऱ्हो हुन्छ तर उनले कवितामा पादटिप्पणीको प्रयोग गरी अर्थ खुलस्त पारेका छन् । यिनका कवितामा कतै लोकगीतका फाँकीको मिश्रण पनि देखिन्छ जसले गर्दा कवितामा मौलिकता सिर्जना भएको छ । यसको उदाहरणका रूपमा 'आकृति' शीर्षकको कविताका यी पङ्क्तिहरूलाई लिन सकिन्छ-

अछाम गएँ बझाङ गएँ
गएँ डडेलधुरा
पैतालामा छाला छैन
हातका फुटे चुरा

(पृ. १८)

कवि 'किशोर'ले विवेच्य सङ्ग्रहका कवितामा विभिन्न अलङ्कारहरूको पनि प्रयोग गरेका छन् जसमध्ये उपमा अर्थालङ्कारको बाहुल्य रहेको देखिन्छ । विभिन्न ठाउँमा प्रयोग भएका उपयुक्त लेख्य चिह्नहरूले पनि कविताको भाव बुझ्न निकै सहयोग पुऱ्याएका छन् ।

विवेच्य सङ्ग्रहका कवितामा सामान्य, प्रश्नार्थक, आश्चर्यजनक-जस्ता विभिन्न प्रकारका वाक्यहरूको पनि प्रयोग गरिएको छ । कविताका पङ्क्तिहरू पनि साऱ्है छोटादेखि लिएर लामा-लामा पनि

रहेका छन् । निष्कर्षमा भन्दा कवि 'किशोर'को विवेच्य सङ्ग्रहका कविताको भाषाशैलीगत विशेषता सरल र सम्प्रेष्य भईकन पनि स्थानीयताको झलक प्रस्तुत गरी गहन भाव व्यक्त गर्न सक्नु हो ।

## ४.३.२.२ 'आकारको खोजीमा' (२०६३) कवितासङ्ग्रहभित्र सङ्कलित कविताहरूको विवेचना

कवि दामोदर पुडासैनी 'किशोर'को **आकारको खोजीमा** नामक कवितासङ्ग्रह वि.सं. २०६३ सालमा शिवपुरी साहित्य समाज काठमाडौंद्वारा प्रकाशित गद्यकविताहरूको सङ्ग्रह हो । यस सङ्ग्रहमा जम्मा ३७ वटा कविताहरू सङ्गृहीत रहेका छन् । यी कविताहरूमा कविले आफूले भ्रमण गरेका विदशी मुलुकको स्थानीय चित्र उतार्नुका साथै ती स्थानीय परिवेशहरूले आफूमा पारेको प्रभावपरक अनुभूतिलाई सरल भाषाशैलीका माध्यमबाट प्रस्तुत गरेका छन् । यहाँ पनि विधातात्त्विक आधारमा नै यस सङ्ग्रहभित्रका कविताहरूको विश्लेषण गरिएको छ ।

### (क) शीर्षक-चयन

'विलय' शीर्षकको कविता यस सङ्ग्रहभित्र सङ्गृहीत प्रथम कविता हो । यस कविताको शीर्षक 'विलय' शब्दले अभिधार्थमा लोप वा समाप्तिलाई बुझाउँछ । यहाँ भने यसले प्रेमप्रतिको समर्पण भावलाई बुझाएको छ । कतार-बसाइका क्रममा लेखिएको यस कवितामा कविले आफ्नो प्रेमप्रतिको समर्पण भाव व्यक्त गरेका छन् । यस दृष्टिले हेर्दा यहाँ कविताको शीर्षक र कथ्यविषयका बीचमा सोझो सम्बन्ध रहेको देखिन्छ । एकपदीय संरचनामा संरचित प्रस्तुत कविताको शीर्षक भावअनुसार सार्थक रहेको छ ।

'आधा आकाश' शीर्षकको कविताले प्रतीकात्मक रूपमा सृष्टिको आधा भाग ओगटेका नारी जातिको प्रतिनिधित्व गरेको छ । यस कवितामा कविले अरवियन मुलुकका नारीहरूले भोग्नु परिरहेको पीडाको यथार्थ अभिव्यक्ति आफ्नो प्रत्यक्ष अनुभवका आधारमा प्रस्तुत गरेका छन् । व्याकरणिक दृष्टिले पदावलीको स्तरमा संरचित प्रस्तुत कविताको शीर्षक प्रतीकात्मक रूपमा सार्थक रहेको छ ।

'मरूभूमिको चिट्ठी' शीर्षकको कवितामा विविध कारणले गर्दा विदेसिएका नेपालीको मार्मिक कथा प्रस्तुत गरिएको छ । स्वर्णिम सपना सजाएर विदेसिएका नेपालीले भोग्नु परेको पीडाको यथार्थ अभिव्यक्ति प्रस्तुत गरिएको यो कविताको शीर्षकले अभिधार्थ भावसँगै नै तादात्म्य राख्न सफल भएको छ । यसको संरचना पदावलीको स्तरमा संरचित रहेको छ ।

इजिप्ट भ्रमणको क्रममा लेखिएको 'बाचा' शीर्षकको कवितामा कविले आफ्नो प्रेमप्रतिको प्रतिज्ञा प्रस्तुत गरेका छन् । यो शीर्षक कविताको अभिधार्थ भावसँग पनि सम्बन्धित भएको हुँदा औचित्यपूर्ण रहेको छ । संरचनात्मक दृष्टिले यो शीर्षक एकपदीय संरचनामा आबद्ध रहेको छ ।

'तिम्रो शहरमा' शीर्षकको कवितामा विदेशी परिवेशको रौनक चित्र प्रस्तुत गरिएको छ । इजिप्ट भ्रमणकै क्रममा लेखिएको प्रस्तुत कवितामा कविले स्वदेशी र विदेशी परिवेशको तुलनात्मक प्रस्तुति दिएका छन् । कविताको भावअनुसार यो शीर्षक सार्थक रहेको छ । यसको संरचना पदावलीको स्तरमा संरचित रहेको छ ।

'बाघ' शीर्षकको कवितामा राजनीतिक विषयलाई प्रस्तुत गरिएको छ । यहाँ बाघ राजा वा सम्पूर्ण शासकको प्रतीकात्मक स्वरूपमा उभिएको छ । जङ्गलमा बाघ पालेर मान्छेले बाघलाई डरको पर्याय बनाएकोमा खेद प्रकट गर्दै बाघलाई संसारको सबैभन्दा कातर जन्तु ठान्ने कविको अभिव्यक्ति यहाँ प्रस्तुत भएको छ (अधिकारी, २०६४:११६) । एकपदीय संरचनामा संरचित प्रस्तुत कविताको शीर्षक प्रतीकात्मक रूपमा सार्थक रहेको छ ।

'मरुभूमिको गीत' कविताले विदेशी भूमिमा दुःख पाइरहेका नेपालीहरूको मार्मिक कथा-व्यथालाई प्रस्तुत गरेको छ । यसले सुखसयलमा रमाउने सपना सजाउँदै खाडी मुलुकमा पुगेका नेपालीहरूको भावनाको प्रतिनिधित्व गरेको छ । पदावलीको संरचनामा संरचित प्रस्तुत शीर्षक कविताको प्रतीकात्मक भावसँग सार्थक बनेको छ ।

'आकारको खोजीमा' शीर्षकको कविताबाट नै सिङ्गो सङ्ग्रहको नामकरण गरिएको छ । यस कवितामा अहिलेसम्म कसैले पनि कसैको वास्तविक आकार छाम्न सकेको छैन, एउटै विन्दुको हेराइमा पटक-पटक फेरबदल भइरहन्छ भन्दै जसरी म तिमीलाई देख्छु त्यस्तै-त्यस्तै मलाई जुन रूपमा तिमीले चिनिरहेका छौं त्यो म हुँदैहोइन भन्ने यथार्थ प्रस्तुत गर्दै वास्तविक आकारको खोजमा विचार प्रवाहित भएको देखिन्छ । व्याकरिणक संरचनाका दृष्टिले पदावलीको संरचनामा संरचित प्रस्तुत कविताले जीवन दर्शनको भावलाई प्रस्तुत गर्न सफल भएको छ ।

'परदेशमा भेट्टिएको देश' शीर्षकको कवितामा कविको देशप्रेमको भावना व्यक्त भएको छ । आफू जहाँ पुग्छन् त्यो धर्तीमा आफ्नो मातृभूमिको प्रतिविम्ब टाँसेर एउटा मूर्त आकार बनाउन तल्लीन कविले यस कवितामा सम्पूर्ण विदेशी परिवेशलाई स्वदेशी परिवेशका रूपमा देखिरहेका छन् । पदावलीको संरचनामा संरचित प्रस्तुत शीर्षक भावानुकूल सार्थक रहेको छ ।

'ताजमहल' शीर्षकको कवितामा कविको प्रणयभाव व्यक्त भएको छ । आफू परदेशमा गएका बेला आफ्नी मायालुको सम्झनाले सताइएका कविले उनैलाई सम्झँदै प्रेमको अभिव्यक्ति दिएका छन् । यहाँ ऐतिहासिक तथ्य व्यक्तित्व र स्थानको परिचयसमेत पाइन्छ (अधिकारी, २०६४:२) । ताजमहल प्रेम-स्मारकको सशक्त प्रतीक हो । यसरी कवितामा निहित प्रेमभावसँग तादात्म्य सम्बन्ध राखेको हुँदा यो शीर्षक प्रतीकात्मक रूपमा सार्थक रहेको छ । संरचनात्मक दृष्टिले यो पदको स्तरमा संरचित रहेको छ ।

'बोगम्बरा' शीर्षकको कविताले विसङ्गत जीवनको चित्र प्रस्तुत गरेको छ । श्रीलङ्का भ्रमणका क्रममा लेखिएको यो कवितामा कविले त्यहाँका नर-नारीको चारित्रिक विकृतिको प्रस्तुति दिएका छन् । भिक्षु-भिक्षुणीका स्वरूपमा देखिने तिनीहरूको अनैतिक क्रियाकलापलाई यहाँ प्रस्तुत गरिएको छ । बोगम्बरा स्थानको नामबाट राखिएको यो शीर्षक त्यहींका स्थानीय विकृतिको प्रतीकका रूपमा आएको हुँदा प्रतीकात्मक रूपमा सार्थक भएको छ । भाषिक दृष्टिले यो शीर्षक एकपदीय संरचनामा निर्मित छ ।

'समाधि' कवितामा कविले प्रेमी-प्रेमिका दुवै प्रेमको समाधिमा समाधिस्थ भएको अवस्थाको अनुभूतिलाई निकै शिष्ट पाराले प्रस्तुति दिएका छन् । एकपदीय संरचनामा संरचित प्रस्तुत कविताको शीर्षक प्रतीकात्मक रूपमा सार्थक रहेको छ ।

'राता फूलहरू' कविता परदेशमै भेटिएकी सुन्दरीसँगको प्रेमलाई विषय बनाएर लेखिएको कविता हो । यहाँ कविले आफू श्रीलङ्कामा रहँदा भेटेकी श्रीलङ्काली युवती नताशासँगको प्रेम र उनीसँगको वियोगको स्मरणात्मक प्रस्तुति गरेका छन् । यो शीर्षक कविताको अन्तिम पङ्क्तिमा पनि प्रयोग भएको छ । पदावलीका स्तरमा संरचित प्रस्तुत शीर्षक प्रतीकात्मक भावअनुसार सार्थक रहेको छ ।

'पितृभूमिको सपना' शीर्षकको कवितामा कविले परदेशमै जन्मेको, त्यहीं हुर्केको, बढेको र बयान गरेको पितृभूमि नेपाललाई विर्सन नसकी विछोडको पीडा भोगिरहेको पूर्व नेपालीको डायस्पोरिक अनुभूतिलाई अत्यन्त मार्मिक रूपमा व्यक्त गरेका छन् (कोइराला, २०६४:३१) । अनुस्मृतिमूलक शैलीमा लेखिएको प्रस्तुत कविताको शीर्षक भाव अनुसार सार्थक रहेको छ । यसको व्याकरणिक संरचना पदावलीको स्तरमा संरचित रहेको छ ।

'कन्डक्टर' शीर्षकको कवितामा बर्मा भ्रमणका क्रममा कविभित्र रहेको स्वतन्त्रताप्रतिको आस्था र निरंकुशताप्रतिको विद्रोही चेत बढी मुखरित भएको छ । राजनीतिक विषयलाई लिएर लेखिएको यो कविताको शीर्षक प्रतीकात्मक रूपमा सार्थक रहेको छ । व्याकरणिक संरचनाका दृष्टिले यो पदका स्तरमा संरचित रहेको छ ।

'ताल' शीर्षकको कविता यस सङ्ग्रहभित्रको अन्तिम कविता हो । यहाँ कविले परिवर्तनका लागि विद्रोही स्वर उरालेका छन् । यो शीर्षक कविताका पङ्क्तिभित्र पनि पुनरावृत्ति भएर आएको छ । एकपदीय संरचनामा संरचित प्रस्तुत शीर्षकले भावसँग तादात्म्य कायम राख्न सफल भएको छ ।

यहाँ प्रस्तुत गरिएका कविता बाहेक यस सङ्ग्रहभित्र रहेका अन्य कविताहरूमध्ये आग्रह, उन्मुक्ति, उत्सर्ग, उडान, घोषणा, शून्यता, सन्देश, भेटमा, नाङ्गो, वर्षा, छिट्टे, विश्वास-जस्ता कविताहरूको शीर्षक व्याकरणिक संरचनाका दृष्टिले एक पदको संरचनामा संरचित रहेका छन् । पिरामिडको आँगनबाट, गीतको खोज, नीलो मन, मान्छे उभिएको ठाउँ, बाटाको उपस्थिति, वर्षाको प्रतीक्षा, जङ्गल

प्रवेश, पानी परेको रातमा-जस्ता कविताहरूको शीर्षकीय संरचना पदावलीको स्तरमा रहेको छ । यी कविताका शीर्षक प्रायः जसो लक्ष्यार्थ वा प्रतीकात्मक अर्थसँग सम्बन्धित भई सार्थक सिद्ध भएका छन् । यहाँ कविले आफ्ना भ्रमणका क्रममा सँगालेका ताजा अनुभूतिका साथै विदेशी परिवेशको चित्रण र त्यसको प्रभावलाई विषयका रूपमा प्रस्तुत गरेका छन् ।

यसरी हेर्दा कवि 'किशोर'को विवेच्य सङ्ग्रहका कविताको शीर्षक-चयन भावानुकूल भएको हुँदा औचित्यपूर्ण देखिन्छ ।

**(ख) कथ्यविषय : भावविधान**

कवि दामोदर पुडासैनी 'किशोर'को **आकारको खोजीमा** कवितासङ्ग्रहभित्र रहेका सबै कविता विदेश भ्रमणका क्रममा लेखिएका हुन् । यी सबै कविता भिन्न परिवेश, संस्कृति, धर्म, भाषा, भेष, रीति, भूगोलमा आधारित छन् (कोइराला, २०६४:३१) । नेपाली साहित्यमा शरदकुमार राईद्वारा थालनी गरिएको नियात्राकविता लेखनकलालाई कुशल काव्य शिल्पी कवि 'किशोर'ले अनुकरण गर्दै थप नवीन आकर्षक, मर्मस्पर्शी आञ्चलिकतायुक्त बनाएर प्रस्तुत कृतिको रचना गरेका छन् (अधिकारी, २०६४:११६) । सङ्ग्रहको भूमिकामा समालोचक सञ्जीव उप्रेतीले यी कविताको प्रस्तुतिलाई प्रभाववादी भनेका छन् (पृ. ९) । त्यसैले आलोच्य सङ्ग्रहका कविताको भावविधानलाई पनि बेग्ला-बेग्लै शीर्षकहरूमा अध्ययन गर्नु उपयुक्त देखिन्छ ।

**(अ) विदेशी परिवेश र संस्कृतिको चित्रण**

विदेशी परिवेश र संस्कृति दामोदर पुडासैनी'किशोर'को विवेच्य सङ्ग्रहका कविताको मुख्य कथ्यसन्दर्भ हो । यस सन्दर्भमा कवि 'किशोर' मुख्यतः आफूले भ्रमण गरेका विदेशी मुलुकको परिवेश, संस्कृति र त्यसले जनजीवनमा पारेको असरबाट प्रभावित भएका छन् । विदेशी परिवेशको चित्रणका क्रममा विदेशको भौगोलिक स्वरूप समेट्नुका साथै समुद्रको रसास्वाद, मरुभूमिको तातो हावा र पोल्ने बालुवाको अनुभूति गर्दै प्रसिद्ध सहरहरू नदी, ताल, कलाकृति आदिको कुशल वर्णन प्रस्तुत गरिएको छ ( तिवारी, २०६४:२७) ।

कवि दामोदर पुडासैनी 'किशोर'ले विदेशी परिवेशको रौनक चित्र प्रस्तुत गर्ने क्रममा 'तिम्रो शहरमा' शीर्षकको कवितामा यस्तो अभिव्यक्ति दिएका छन्-

सबै मान्छेहरू मिलेर
एउटै पिरामिड बनाइरहेछन् तिम्रो शहरलाई
कतै कसैलाई नरोक्ने
र कतै कसैलाई नडस्ने

एउटै मैदान बनाइरहेछन् तिम्रो शहरलाई
मान्छे राम्रा बने भने
घर सडक र गल्लीहरू
स्वतः बन्दा रहेछन् राम्रा
तिम्रो शहरमा

(पृ. १२)

यी पङ्क्तिहरू इजिप्ट भ्रमणका क्रममा लेखिएका हुँदा यहाँ त्यही सहरको सौन्दर्यको चित्रण भएको छ । मान्छे-मान्छेबीचको एकताले गर्दा सम्पूर्ण वातावरण नै मनमोहक भएको भाव यहाँ अभिव्यक्त भएको छ । विदेशी परिवेशका विभिन्न स्वरूपको चित्रण गर्न सफल कवि 'किशोर'ले अनेकौं सुनौला सपना बोकेर विदेसिएका नेपालीहरूको मार्मिक र दर्दनाक स्थितिलाई 'मरुभूमिको चिट्ठी' शीर्षकको कवितामा यसरी प्रस्तुत गरेका छन्-

रातो फलामजस्तो पोल्ने बालुवामा
कहिले ऊँटको लगाम समात्दै
कहिले भेडाका पुच्छर निमोठ्दै
अग्निकुण्डमा होमिएर
पसीना पिउँदै र पसीनाले नुहाउँदै
............................
थाकलका काँडाहरूमा जिन्दगी उनेर
सिद्राजस्तो जिन्दगी
बेच्ने सुरसारमा लागेको छु

(पृ. ७)

यहाँ विदेशी भूमिमा दुःख पाइरहेका नेपालीहरूको यथार्थ स्थिति प्रस्तुत गरिएको छ । तातेको बालुवामाथि बसेर पसीना पिउँदै र पसीनाले नुहाउँदै काम गर्न बाध्य नेपालीहरूको यथार्थ स्थितिलाई कविले आफ्नो प्रत्यक्ष अनुभवका आधारमा प्रस्तुत गरेका छन् ।

विदेशी संस्कृतिको चित्रण पनि विवेच्य सङ्ग्रहका कविताहरूको कथ्यविषय बनेको छ । विदेशीहरूको संस्कारबाट दिक्क हुँदै कवि 'किशोर'ले आधा आकाश ढाकेका महिलाहरूलाई बन्दी बनाइएको गृहकारागारको विषयलाईसमेत यस सङ्ग्रहका कवितामा समेटेका छन् । महिलाहरू घरबाट निस्कन नहुने, बुर्का ओड्नु पर्ने, परपुरुषको दृष्टि रोक्नलाई घरलाईसमेत अग्ला-अग्ला पर्खालले घेरेर राखिने परम्परागत संस्कृतिको चित्रण उनका कवितामा भएको पाइन्छ (शशी, २०६४:३) । कविले अरबियन मुलुकका नारीहरूको परिहन कालो वस्त्रलाई अँध्यारोको प्रतीक ठान्दै 'आधा आकाश' शीर्षकको कविताका पङ्क्तिहरूमा यस्तो निष्कर्ष निकालेका छन्-

कालो अँध्यारो हो
कालो अवरोध हो अग्रगतिको
कालो कुण्ठा र उकुसमुकुस हो सिर्जनाको
तिम्रो आधा आकाश
कालोले छेकेको देखेर
मैले बादलको छेउको चाँदी छाम्न सकिन

(पृ. ३)

यसरी अरबियन संस्कृतिप्रति असन्तुष्टि व्यक्त गर्ने कवि 'किशोर'ले 'उन्मुक्ति' शीर्षकको कवितामा त्यस मुलुकका नारीहरूको पीडा आत्मसात् गर्दै यसरी विद्रोहको स्वर उरालेका छन्-

बुर्का तोड्दै छ समाज
आजकै रातदेखि
सक्छौ भने लगाउ घुम्टो
नाइलको आदिदेखि अन्तसम्म
र क्षितिजदेखि आकाशसम्म

(पृ. २१) ।

यहाँ कविले नारी स्वतन्त्रताको पक्षमा आवाज उठाउँदै बुर्कावाल संस्कृतिका संरक्षकहरूप्रति लक्षित गर्दै चेतावनीपूर्ण अभिव्यक्ति दिएका छन् ।

**(आ) जीवन-दर्शनको प्रस्तुति**

कवि दामोदर पुडासैनी 'किशोर'का धेरैजसो कविताहरूले जीवनको खोजी गरिरहेका छन् । उनी जस्तोसुकै विषम परिस्थितिमा पनि निराश नबनी आशावादी दृष्टिकोण अँगालेर अघि बढ्ने कवि भएको हुँदा विवेच्य सङ्ग्रहका कवितामा जीवनदर्शनलाई पनि विषयको रूपमा लिएका छन् । 'नाङ्गो' शीर्षकको कवितामा कविले आफ्नो जीवनप्रतिको दृष्टिकोण यसरी प्रस्तुत गरेका छन्-

आवरणमा उभिनु भनेको
बुन्दै जानु हो तानाबाना षड्यन्त्रको
वा छोप्दै जानु हो
मन र तनका काला धब्बाहरूलाई
रङ्गीन भुवाहरूले

(पृ. ६३)

यहाँ कविले आम मान्छेका क्रियाकलापप्रति इङ्गित गर्दै वास्तविक मान्छे नाङ्गो हो र उसको वास्तविकता नाङ्गोपनमामात्र खुल्दछ भनेका छन् । यहाँ मान्छेका वस्त्रहरूको पहिरनलाई षड्यन्त्रको रूपमा लिएका छन् । यसरी जीवनको मार्मिक पक्षलाई समेटेर कवितात्मक अभिव्यक्ति प्रस्तुत गर्ने कवि 'किशोर'ले जन्मनु नै मर्नु हो भन्ने वास्तविक जीवनदर्शनलाई 'प्रणयव्यथा' शीर्षकको कविताका पङ्क्तिहरूमा यसरी अभिव्यक्ति दिएका छन्-

संसारमा पाइला हाल्नु भनेकै
संसारबाट नै विदा हुनुको
पहिलो शुरुवात हो
सबैको लागि

(पृ. ७७)

मान्छेको जन्म र मरणको नियतिलाई काव्यात्मक स्वरूपमा प्रस्तुत गर्ने 'किशोर'ले आकारको खोजीमा शीर्षकको कवितामा आजसम्म पनि कसैले कसैलाई वास्तविक रूपमा चिन्न नसकेको यथार्थलाई कवितात्मक रूपमा यसरी प्रस्तुत गरेका छन्-

मात्र बाहिरी पत्रमा
कसरी देखिन सक्छ र आयतन आकारको
अहिलेसम्म कसैले पनि
कसैको वास्तविक आकार छामेको छैन

(पृ. २९)

यहाँ कविले मान्छेको बाहिरी स्वरूपलेमात्र उसको परिचय दिन सक्दैन भन्दै वास्तविक पहिचान गर्न नसकेकोमा असन्तुष्टि व्यक्त गरेका छन् ।

**(इ) देशप्रेम र स्वतन्त्रताप्रतिको आस्था**

कवि दामोदर पुडासैनी 'किशोर'का कवितामा देशप्रेमको भावनाले साहित्ययात्राको प्रथम चरणदेखि नै निरन्तरता पाइरहेको छ । कवि परदेशमा रहँदा पनि देशकै अनुहार देख्छन्, परदेशका रमाइलो ठाउँ हेर्दा कविलाई खारा र खोटाङमा नून आगो बनेर पड्केको दुःखद सम्फना हुन्छ । परदेशका राम्रा सुन्दर र सफा सहरहरू देख्दा आफ्ना प्रदुषित, साँघुरा र अव्यवस्थित सहरको सम्फनाले सताउँछ । परदेशमा आनन्दित भएका बेलामा पनि अभाव, असन्तोष र अलमलमा फनफनी घुमेको आफ्नो देशको सम्फनाको पिरोल्दछ (कोइराला, २०६४:३१) । त्यस्तै विदेशी रौनकमा रमाउँदा पनि स्वदेशकै सम्फना आएको कुरा 'तिम्रो शहरमा' शीर्षकको कविताका यी पङ्क्तिहरूमा भेटिन्छ-

मेरो शहरमा हरेक साँफ ढोका थुनेर
विहानको प्रतीक्षामा जाग्रम बस्छन् मान्छेहरू

तिम्रो शहरमा
शहरको उज्यालोले लजाइरहेछन् घाम र जून

(पृ. १२)

त्यस्तै 'परदेशमा भेटिएको देश' कवितामा कविको देशप्रेमको भावना यसरी पोखिएको छ-

म तिम्रा कमिज र सलवारहरूमा
आफ्नै भोटो र दौराका तुनाहरू खोजिरहेछु
बुर्का खोल्दै गरेका तिम्रा दिदीबहिनीहरू देख्दा
घुम्टो खोलिरहेका प्राचीन मेरा दिदीबहिनीहरूका
जूनजस्तै चम्किला अनुहार छामिरहेछु

(पृ. ३७) ।

यी पङ्क्तिहरूले कविभित्र निहित स्वदेशी संस्कृति र भेष-भूषाप्रतिको माया र आस्थालाई छर्लङ्ग्याएका छन् ।

स्वतन्त्रताप्रतिको आस्था पनि कवि 'किशोर'का कविताको कथ्यविषय हो । विभिन्न विदेशी मुलुकको भ्रमणका क्रममा बर्मामा पुगेका कवि त्यहाँको निरंकुशताको विरोध गर्दै आङ्सानसुकीको स्वतन्त्रताप्रतिको आस्थालाई देखाउँदै 'कन्डक्टर' शीर्षकको कविताका पङ्क्तिहरूमा यसरी बोलेका छन्-

भुर्र उड्न लागेका चराहरूलाई
बलजफ्ती धूलो र धूवाँले छोपेर
कैद गराउन नखोज कन्डक्टर
तिमीले बुझ्नुपर्छ उनीहरूको प्वाँखको अर्थ
र नवीन बिहानी कोरल्ने सुरिलो गीत

(पृ.७४)

### (ई) विसङ्गतिपूर्ण जीवनको चित्रण

कवि दामोदर पुडासैनी 'किशोर'को विवेच्य सङ्ग्रहका कवितामा विसङ्गत जीवनको चित्रण पनि पाइन्छ । त्यस्तै विकृति-विसङ्गतिपूर्ण जीवनको चित्रण 'बोगम्बरा' शीर्षकको कविताका यी पङ्क्तिहरूमा भेट्न सकिन्छ-

राता र नीला फूलहरू
पोको पारेर
सुर्योदयसँगै
जुरुक्क उठेर आएको छ

बोगम्बरा

भिक्षु-भिक्षुणीका पीत वस्त्रहरूमा

(पृ. ४९)

यहाँ मान्छेको चारित्रिक विकृतिका पक्षको उदाङ्गो चित्र प्रस्तुत गरिएको छ । राता र नीला फूलको प्रतीकात्मक अर्थमा आएका यौवनमत्त र शिथिल दुवैथरी नारीहरू र तिनका पहिरनमा रहेका पीत वस्त्रहरूले चारित्रिक विकृतिको प्रस्तुतीकरण गरेका छन् । बाहिर भिक्षु र भिक्षुणीका रूपमा देखिए पनि तिनीहरू नैतिक रूपमा पतन छन् भन्ने कुरा यहाँ प्रस्ट भएको छ ।

### (उ) प्रणय र यौनमूलक विषयको प्रस्तुति

कवि दामोदर पुडासैनी 'किशोर'को अघिल्लो कवितासङ्ग्रह **आँखाको खोजीमा**भित्रका कविताहरूको प्रणयपरक अभिव्यक्ति स्वदेशी भूमिमा रहँदाको अनुभूतिमा आधारित थियो भने विवेच्य यस सङ्ग्रहका कवितामा अभिव्यक्त भएको प्रणयचेतनाले विश्वव्यापीकरणको झलक प्रस्तुत गरेका छन् । सङ्ग्रहको प्रथम कविता 'विलय' मा कविले आफ्नो प्रणयपरक अभिव्यक्ति यसरी प्रस्तुत गरेका छन्-

प्रत्येक बाटो, बस्ती र मोडमा
यतिखेर ती सबैलाई हेर्दा लाग्छ
सृष्टिको प्रत्येक पत्रमा
अनुहार मात्र होइन तिम्रो र मेरो
आ-आफ्नो सम्पूर्ण अस्तित्व पनि
नून र पानीझैं एक अर्कामा घोलिएको छ

(पृ. २)

माथिका पङ्क्तिहरूले विदाइको बेलाको प्रेयसीका बोली मन-मस्तिष्कमा कोरेर परदेशमा पस्दाको स्मृतिको ताजापन प्रस्तुत गरेका छन् । यस्तै 'नीलो मन' शीर्षकको कवितामा कविले ताता वालुवाका कणमाथि अस्मिताको गीत खोज्दै गर्दा समुद्रको नीलिमामा आफ्नी प्रेमिकाको आकार टाँसिएको अनुभूति यसरी गरेका छन्-

समुद्रलाई हेर्दाहेर्दै
तिम्रो सम्झनामा डुबुल्की मार्दा
समुद्रको नीलो रङ्ग त
अनायास सरिसकेछ मेरो मनमा

(पृ. ३२)

यसरी माथि उल्लिखित कथ्यविषयका अतिरिक्त अन्य विविध पक्षलाई पनि कवि दामोदर पुडासैनी 'किशोर'ले आफ्ना कवितामा प्रस्तुत गरेका छन् । राजनीतिक सामाजिकचेत, विद्रोही भाव, सामाजिक विसङ्गतिजस्ता अन्य विषय पनि उनका कवितामा भेट्न सकिन्छ । यात्रात्मक अनुभूतिलाई कवितात्मक स्वरूप दिइएका यस सङ्ग्रहका कवितामा कविले विदेशी परिवेश र त्यसको प्रभावलाई नै मुख्य विषयको रूपमा प्रस्तुत गरेका छन् ।

### (ग) संरचना

**'आकारको खोजीमा'** कविता सङ्ग्रहभित्र सङ्गृहीत सम्पूर्ण कविताहरू शीर्षकबद्ध रहेका छन् । सबै कविताहरू अनुच्छेदमा विभाजित भए पनि तिनीहरूको अनुच्छेद सङ्ख्यामा समानता छैन । यी कविताहरू न्यूनतम दुई अनुच्छेददेखि अधिकतम नौ अनुच्छेदसम्मको आत्मालापीय अभिव्यक्तिको संरचनामा संरचित भएको पाइन्छ ।

यस सङ्ग्रहभित्र रहेको न्यूनतम दुई अनुच्छेदमा विभाजित कविता 'विलय' शीर्षकको कविता हो भने अधिकतम नौ अनुच्छेदमा विभाजित कविता 'मरुभूमिको चिट्ठी' शीर्षकको कविता हो । पङ्क्ति सङ्ख्याका दृष्टिले हेर्दा पनि यी कविताहरूमा समानता छैन । यस सङ्ग्रहमा रहेको अधिकतम ६९ पङ्क्तिमा संरचित 'आकारको खोजीमा' र 'परेदशमा भेट्टिएको देश' शीर्षकका दुई कविता छन् भने न्यूनतम २० पङ्क्तिमा संरचित 'नीलो मन' शीर्षकको कविता हो । विवेच्य सङ्ग्रहमा सङ्कलित ३७ वटा कविताहरूमा कवि 'किशोर'ले ३५ वटा उद्गार चिह्न, ३ वटा प्रश्नवाचक चिह्नको प्रयोग गरेका छन् भने 'बाघ' र 'नाङ्गो' शीर्षकको कवितामा १/१ वटा पूर्णविराम चिह्नको प्रयोग गरेका छन् । यसभन्दा अघिका कवितासङ्ग्रहमा प्रशस्त लेख्य चिह्नको प्रयोग गरेका कवि 'किशोर'ले यस सङ्ग्रहभित्रका कवितामा केही कम मात्रामा लेख्य चिह्नको प्रयोग गरेका छन् । यहाँ न्यूनतम दुई पङ्क्तिका अनुच्छेददेखि अधिकतम २० पङ्क्तिका अनुच्छेदमा संरचित कविता सङ्कलित रहेका छन् ।

यसरी संरचनात्मक दृष्टिले हेर्दा उनका विवेच्य सङ्ग्रहका कविताहरू प्रगीतात्मक संरचनामा संरचित देखिन्छन् ।

### (घ) लयविधान

दामोदर पुडासैनी 'किशोर'को यस विवेच्य सङ्ग्रहका कविताहरू छन्दोबद्ध नभएकाले शास्त्रीय छन्दमा लेखिएका कवितामा झैं तिनमा गेयात्मकता पाइँदैन तर पनि छन्दको अभावले कविता लयहीन भने छैनन् । कवि 'किशोर'का यस सङ्ग्रहका कवितालाई लयात्मक साङ्गीतिकता प्रदान गर्न मुक्तलयविधानले ठूलो भूमिका खेलेको पाइन्छ । उनको विवेच्य सङ्ग्रहका कविताहरू गद्यलयमा संरचित भएको हुँदा तिनमा वर्णगत समानता देखिदैन । यस्ता कवितामा आद्यानुप्रास, मध्यानुप्रास र अन्त्यानुप्रासले अनियमित रूपमै भए पनि लयात्मकता प्रदान गरेको देखिन्छ ।

दामोदर पुडासैनी 'किशोर'का विवेच्य सङ्ग्रहका कवितामा अनुप्रासले लयात्मक सौन्दर्य प्रदान गर्न महत्त्वपूर्ण भूमिका खेलेको छ । यसको उदाहरणका रूपमा 'मान्छे उभिएको ठाउँ' शीर्षकको कविताका निम्न पङ्क्तिहरूलाई लिन सकिन्छ-

माटोजस्तै मान्छे पनि
मरुभूमिका रङ्गीन बालुवाहरूलाई
अनुवाद गर्न सक्छ फूलमा
युगौंयुग जमेका हिउँका लाप्साहरूलाई
हत्केलाको तातोले बगाएर
सिञ्चन गर्न सक्छ असङ्ख्य जिन्दगीहरूलाई

(पृ. ३४)

यहाँ कविताका एक-एक पङ्क्तिका अन्तरमा प्रयोग भएका 'बालुवाहरूलाई', 'लाप्साहरूलाई', 'जिन्दगीहरूलाई' जस्ता पदावलीहरूले अन्तर अनुप्रासको निर्माण गरेका छन् । यसैले गर्दा कवितामा श्रुतिमाधुर्यता बढेको छ । यस्तै एक-एक पङ्क्तिका अन्तरमा पूरै वाक्य नै दोहोरिएर प्रयोग भएको 'परदेशमा भेटिएको देश' शीर्षकको कविताका पङ्क्तिहरू यस्ता रहेका छन्-

साँच्चै भ्रम रहेछन्
नजिक र टाढा
साँच्चै भ्रम रहेछन्
विचार र शैली
साँच्चै भ्रम रहेछ
घाम र जूनलाई
आ-आफ्ना कोठाहरूमा कैद गर्न खोज्नु

(पृ. ३८)

माथिका कविता-पङ्क्तिहरूमा 'साँच्चै भ्रम रहेछन्' भन्ने वाक्यको तीन पटकको पुनरावृत्तिले कवितामा अतिरिक्त लयात्मक सौन्दर्य थपेको छ । त्यस्तै गरी आ-आफ्ना आंशिक द्वित्व भएर आएका शब्दले पनि कवितामा लय सिर्जना गर्न सहयोग पुऱ्याएको छ । दोस्रो, चौथो र छैटौं पङ्क्तिकोबीचमा प्रयोग भएको 'र' वर्णको तीन पटकको आवृत्तिले मध्यानुप्रास सिर्जना भएको छ ।

'पानी परेको रातमा' शीर्षकको कविताका अनुच्छेदैपिच्छे अन्त्यमा प्रयोग भएको 'पानी परेको रातमा' पदावलीको सात पटकको पुनरावृत्तिले कविता लयात्मक बन्न पुगेको छ । त्यस्तै आद्यानुप्रासको प्रयोग भएको उदाहरणका रूपमा 'तिम्रो शहरमा' शीर्षकको कविताका यी पङ्क्तिहरूलाई लिन सकिन्छ-

कि खुशीले निदाउँदैन मान्छे
कि दुःखले निदाउँदैन मान्छे

(पृ. १२)

यहाँ दुवै पङ्क्तिका आरम्भमा दोहोरिएर प्रयोग भएको विकल्प बोधक 'कि' को पुनरावृत्तिको आद्यानुप्रासको सिर्जना भएको छ । त्यस्तै गरी दुवै पङ्क्तिको अन्त्यमा 'निदाउँदैन मान्छे' भन्ने पदावलीको पुनरावृत्तिको पूर्ण अन्त्यानुप्रासको निर्माण हुन गई कविता श्रुतिमाधुर्य बन्न पुगेको छ । त्यस्तै आद्यानुप्रासले लय सिर्जना गरेको 'आधा आकाश' शीर्षकको कविताका पङ्क्ति यस्ता रहेका छन्-

कालो वस्त्रभित्र सजिएको
कालो कपालको रेशाा-रेशामा
फक्रँदै होलान् कति जिन्दगीका लालीगुराँस

(पृ. ४)

यहाँ अगाडिका दुई पङ्क्तिका प्रारम्भमा आएको 'कालो' पदको पुनरावृत्तिले आद्यानुप्रास सिर्जना भएको छ ।

दामोदर पुडासैनीको विवेच्य सङ्ग्रहका कविताका पङ्क्तिमा लयको सिर्जनाका लागि अन्त्यानुप्रासको प्रयोग भए पनि त्यो पहिलो र दोस्रो पङ्क्ति हुँदै क्रमिक रूपमा आउनुभन्दा धेरैजसो दुई, तीन, चार वा त्यसभन्दा बढी पङ्क्तिपछि माथिल्ला पङ्क्तिसँग मिल्ने गरी आएका पाइन्छन् । यहाँका कविता पढ्दा लगातार ती पङ्क्तिसम्म पुग्नुपर्ने हुन्छ जहाँ अगाडिका पङ्क्तिमा रहेका शब्द, पदावली आदि पुनरावृत्त भएर आएको पाइन्छ । 'शून्यता' शीर्षकको कविताका निम्न पङ्क्तिलाई यहाँ उदाहरणका रूपमा लिन सकिन्छ-

शून्यताभित्र नै परिवार खोजिरहेछु
घरको सँघार
र हिमज्योतिको पींध खोजिरहेछु
शून्यता नहुँदो हो त
कहाँ भेट हुन्थ्यो यति टाढा तिमीसँग
शून्य भएर नै शून्य जूनमा
म तिम्रो अनुहार र आत्तुरी छामिरहेछु

(पृ. ४३)

यहाँ 'खोजिरहेछु', 'खोजिरहेछु', र 'छामिरहेछु'जस्ता पदावलीहरू क्रमशः पहिलो, तेस्रो र सातौं पङ्क्तिमा आएका छन् । यो अन्तर अनुप्रासको उदाहरण हो साथै अनियमित लयविधानको प्रस्ट प्रयोग पनि हो । समष्टिमा भन्नुपर्दा यस प्रकारको प्रयोगले कवितालाई लयात्मकता प्रदान गरेका छन् ।

यसरी हेर्दा गद्य कविताको आफ्नै प्रकारको मुक्त लयको सौन्दर्य कवि दामोदर पुडासैनी 'किशोर'को यस विवेच्य सङ्ग्रहका कवितामा भेट्न सकिन्छ ।

**(ङ) कथनपद्धति**

कवितामा कविले कुन स्थानमा रहेर आफ्नो अभिव्यक्ति प्रस्तुत गर्दछ त्यस आधारमा कथनपद्धति छुट्याउन सकिन्छ । यसलाई दृष्टिविन्दु पनि भनिन्छ । कवितामा मुख्यगरी प्रथम र तृतीय पुरुष दृष्टिविन्दुको प्रयोग गरिएको हुन्छ । कवि आफै सीधै कुनै कवितात्मक कथन गर्दछ भने त्यो कवि प्रौढोक्ति हो । यहाँ कथयिता वा आत्मालापी कविले आफ्नै वस्तुपरक र आत्मपरक कथ्य आफै गुन्गुनाउँदा पनि अप्रत्यक्षतः कसैप्रति सम्बोधित गरी भन्दछ (त्रिपाठी र अन्य, २०६०:१९) । कवि दामोदर पुडासैनी 'किशोर'को विवेच्य सङ्ग्रहका कवितामा आत्मालापी कथनपद्धति को प्रयोग भएको छ । यस सन्दर्भमा कविले धेरैजसो ठाउँमा द्वितीय पुरुष तिमीप्रति सम्बोधन गरी आफ्ना भाव अभिव्यक्त गरेका छन् ।

कवि 'किशोर'को विवेच्य सङ्ग्रहका कवितामा प्रयोग भएको द्वितीय पुरुषप्रति सम्बोधित आत्मालापीय कथनपद्धति प्रयोग भएको उदाहरणका रूपमा 'आधा आकाश' शीर्षकको कविताका यी पङ्क्तिहरूलाई लिन सकिन्छ-

प्रिय मित्र !
तिम्रो आधा आकाशभन्दा
मरुभूमिको बगरमा उभिएका
खजुरका बोटहरू र घाँसे बुच्काहरू
बरु उन्मुक्त पाएको छु

(पृ. ४)

यहाँ कविले खाडी मुलुक कतारको भ्रमणका क्रममा प्रत्यक्ष देखेर अनुभव गरेको नारीको अवस्थाको वर्णन गरेका छन् । यस क्रममा कविले द्वितीय पुरुष 'तिमी पात्रप्रति सम्बोधन गर्दै आफ्ना अनुभवलाई व्यक्त गरेका छन् । त्यस्तै आत्मालापीय कथनपद्धतिको प्रयोग 'उत्सर्ग' शीर्षकको कविताका यी पङ्क्तिहरूमा भएको छ-

रात ढल्दैछ क्रमशः
गिन्जा र कायरोजस्ता कुमारीहरू

ब्यूँभेर भर्खर
आइपुगेका छन् नुहाउन
नाइल नदीमा

(पृ. २२)

माथिका कवितापङ्क्तिले कविको इजिप्ट भ्रमणको काल्पनिक अनुभूतिलाई आत्मालापीय कथनपद्धतिको शैलीमा प्रस्तुत गरेका छन् । यहाँ कविले गिन्जा र कायरोजस्ता प्रसिद्ध सहरहरूलाई कुमारीको रूपमा कल्पना गर्दै सजीव स्वरूप प्रदान गरेका छन् । त्यस्तै गरी कविभित्र छचल्किएको प्रणयपरक भावलाई 'राता फूलहरू' शीर्षकको कविताका यी पङ्क्तिहरूले तिमीप्रति सम्बोधित कविको आत्मालापीय कथनपद्धतिमा यसरी प्रस्तुत गरेका छन्-

लामो प्रतीक्षापछि
भेट हुँदा तिमीसँग
समुद्रबाट आँखा खोल्दै उभिएको
घाम भएकी थियौ तिमी
हावाको भोक्काले छिल्लिएको
समुद्र भएको थिएँ म
त्यही घामजस्तै रातो अनुहारले
धपक्क छोप्यो मलाई
र थोपाथोपामा तिमीलाई च्यापेर
लहरिइरहें म छालका केस्राहरूमा

(पृ. ५८)

यहाँ कविले आफ्नी प्रेमीकाप्रतिको अनुरागलाई आत्मालापीय कथनपद्धति मार्फत् व्यक्त गरेका छन् ।

यसरी हेर्दा 'किशोर'को विवेच्य सङ्ग्रहका कवितामा तिमीप्रति सम्बोधित आत्मालापीय कथनपद्धति नै प्रमुख रूपमा प्रयोग भएको देखिन्छ ।

**(च) विम्ब-प्रतीकविधान**

आफ्नो साहित्य-यात्राको प्रथम चरणमा र दोस्रो चरणको प्रारम्भमा पनि स्वदेशी परिवेश, जनजीवनबाट विम्ब र प्रतीक लिएर समयलाई टपक्क टिपी यथार्थको सक्रियतापूर्वक चित्रण गर्दै कविता सिर्जना गरेका कवि दामोदर पुडासैनी 'किशोर'ले विवेच्च यस सङ्ग्रहका कविताहरूमा स्वदेशीभन्दा बढी विदेशी परिवेश र जन-जीवनबाट विम्ब र प्रतीकको-चयन गरेका छन् ।

कवि 'किशोर'को विवेच्य सङ्ग्रहभित्र सङ्गृहीत 'आधा आकाश' शीर्षकको कवितामा भएको विम्ब र प्रतीकको प्रयोगलाई यी पङ्क्तिहरूमा देख्न सकिन्छ-

कालो वस्त्रभित्र सजिएको
कालो कपालको रेशा-रेशामा
फकँदै होलान् कति जिन्दगीका लालीगुराँस
खोज्दै होलान् कुँजिएका आँखाहरू
भुर्र उडेर कावा खान धरतीको कुनाकुनामा

(पृ. ४)

यहाँ 'जिन्दगीका लालीगुराँस' र 'कुँजिएका आँखाहरू' जस्ता विम्बहरूको प्रयोग गरिएको छ । यी विम्बहरूले प्रतीकात्मक रूपमा अरवियन मुलुकका नारीहरूको नियतिलाई प्रस्तुत गरेका छन् । आँखाहरू भुर्र उडेर कावाखान खोज्नुले ती बुर्का ओढेका नारीहरूको स्वतन्त्रताको आकांक्षालाई बुझाएको छ ।

यसैगरी विवेच्य सङ्ग्रहका अन्य कविताहरूमा पनि प्रशस्त मात्रामा विम्बहरूको प्रयोग भएको देखिन्छ । यहाँ 'बालुवाका पहाडहरू', 'ऊँटका लगाम', 'धूलोको मुस्लो', 'नाइलका छाल', 'हिउँको लाभा', आगोका मूर्च्छनाहरू, सृष्टिका अण्डा, समुद्रको पींध, अङ्कजालका लहरा, हिउँका फूल, प्रेमका भित्ता, जिन्दगीका उबडखाबड, जस्ता गहना अर्थ बोकेका अनेकौं सशक्त विम्बहरूको प्रयोग भएको छ । यी विम्बहरूले कविताको भावपक्षलाई सशक्तता प्रदान गरेका छन् ।

कवि दामोदर पुडासैनी 'किशोर'को विवेच्य सङ्ग्रहमा सङ्गृहीत कविताहरू प्रतीक प्रयोगका दृष्टिले उत्कृष्ट रहेका छन् । जस्तोसुकै विषम परिस्थितिमा पनि जीवन खोजी गर्ने कवि 'किशोर'ले 'मान्छे उभिएको ठाउँ' शीर्षकको कवितामा जीवन-दर्शनको प्रतीकात्मक अभिव्यक्ति यसरी प्रस्तुत गरेका छन्-

आगोसँग कुस्ती खेल्न साहस नगर्नेहरू
र हिउँमा नयाँ आकार बनाउन नसक्नेहरू
पानी बनेर बग्नुको सट्टा
पुरिन्छन् कडा चट्टानयुक्त पहाडहरूमा

(पृ. ३३)

यहाँ प्रयोग भएका 'आगो' र 'हिउँ' जीवनका विषम परिस्थितिका प्रतीक हुन् । आगोसँगको कुस्तीले जीवनको सङ्घर्षलाई बुझाएको छ । चट्टानयुक्त पहाडहरू समस्याको जटिलताको प्रतीकका रूपमा आएका छन् । यहाँ सङ्घर्षदेखि डराउनेहरूले पानीको बगाईजस्तो स्वतन्त्रताको अनुभूति गर्नुको सट्टा समस्याको जटिलताबाट सधैँभरी थिचिइहन्छन् भन्ने प्रतीकात्मक भाव यी पङ्क्तिहरूले प्रस्तुत गरेका

छन् । त्यस्तैगरी 'बोगम्बरा' शीर्षकको कवितामा विसङ्गत जीवनदृष्टिलाई प्रतीकात्मक रूपमा यसरी प्रस्तुत गरिएको छ-

काट्न सक्छन् दाँतले
जहाजका जग मुसाहरू
काट्न सक्छन् दाँतले
जिन्दगीका सम्पूर्ण सौन्दर्यहरू

(पृ. ४९)

यहाँ मुसाहरू नैतिक पतन मान्छेका प्रतीकका रूपमा आएका छन् भने जहाजले जीवन र दाँतले मान्छेका अनैतिक कार्यलाई बुझाएका छन् । यसरी जहाजभित्र बसेर मुसाले त्यही जहाजमा प्वाल पार्छ र आफू पनि डुबेर मर्छ त्यसैगरी अनैतिक कार्य गर्ने मान्छेहरू पनि आफ्नै कार्यद्वारा समाप्त हुन्छन् भन्ने प्रतीकात्मक भावलाई माथिका कविता-पङ्क्तिहरूले प्रस्तुत गरेका छन् ।

प्रणयपरक विषयलाई आफ्ना कवितामा मुख्य विषयको रूपमा प्रयोग गर्ने कवि 'किशोर'ले 'वर्षा' शीर्षकको कवितामा नर-नारीबीचको यौनसम्पर्कको क्षणलाई प्रतीकात्मक रूपमा यसरी प्रस्तुत गरेका छन्-

जेसुकै पनि तात्यो भने
शुरु हुन्छ सिर्जना
तात्नुको अर्थ
छिट्टै निचोडको चिस्याइमा पुग्नु पनि हो

(पृ. ६५)

यहाँ तातो र चिसो पनबाट क्रमशः यौन उत्तेजना र शिथिलतालाई प्रतीकात्मक रूपमा प्रस्तुत गरिएको छ । विदेशमा विभिन्न मुलुकहरूमा पुगेर विदेसिएका नेपालीहरूको पीडालाई प्रत्यक्ष रूपमा अनुभव गरेका कविले 'मरुभूमिको गीत' शीर्षकको कविताका पङ्क्तिहरूमा उनीहरूले भोग्नु परिरहेको पीडालाई प्रतीकात्मक रूपमा यसरी व्यक्त गरेका छन्-

आयातित भमराहरू बलात्कृत हुँदैछन् फूलबाट
आयातित फूलहरू चिथोरिदै, थिचिँदै
गिलगिलिँदैछन् बस्तीबस्तीमा भमराहरूबाट

(पृ. २७)

यहाँ 'आयातित भमराहरू' र 'फूलहरू' क्रमशः विदेसिएका नेपाली पुरुष र स्त्रीका प्रतीकका रूपमा आएका छन् भने भमराहरू माथि बलात्कार गर्ने फूल र फूलहरूलाई चिथोर्दै थिच्ने भमराहरू

क्रमशः विदेशी स्त्री र पुरुषका प्रतीकात्मक स्वरूप हुन् । यसरी विदेसिएका नेपाली पुरुषहरू विदेशी नारीहरूका र विदेसिएका नेपाली नारीहरू विदेशी पुरुषहरूका शिकार बनेका हुन्छन् भन्दै विदेसिएका नेपालीहरूले भोग्नु परेको पीडाको मार्मिक स्थितिलाई यी पङ्क्तिहरूले प्रतीकात्मक रूपमा प्रस्तुत गरेका छन् ।

यसरी दामोदर पुडासैनी 'किशोर'को विवेच्य सङ्ग्रहका कवितामा विम्ब र प्रतीकको सघन प्रयोग भएको पाइन्छ । उनले प्रतीक र विम्बका माध्यमबाट विदेशी मुलुकमा रहँदा देखेभोगेका अनुभूति र यथार्थ स्थितिको ज्वलन्त चित्र प्रस्तुत गरेका छन् । उनका अघिल्ला दुई कविता सङ्ग्रहहरूमाभन्दा यस सङ्ग्रहका कवितामा विम्ब र प्रतीकको प्रयोगमा केही नवीनता देखा परे तापनि तिनले कविताको बोधगम्यतामा भने कुनै असजिलो स्थिति सिर्जना गरेका छैनन् । यसरी विम्ब र प्रतीकका माध्यमबाट आफ्ना नियात्रात्मक अनुभूतिलाई कवितामा सजीव रूपमा चित्रण गर्नु कवि 'किशोर'को विम्ब-प्रतीक विधानगत विशेषता हो ।

### (छ) भाषाशैली

भाषा अभिव्यक्तिको माध्यम हो भने साहित्य भाषिक अभिव्यक्ति हो र कविता पनि साहित्यको एउटा विधा भएको हुँदा कविता पनि भाषिक अभिव्यक्ति हो । कवितालाई भावमय सरस, श्रुतिमधुर, बौद्धिक बनाउने पनि भाषाले नै हो । भाषिक दृष्टिले हेर्दा दामोदर पुडासैनी 'किशोर'को विवेच्य यस सङ्ग्रहका कविताहरूमा मौलिक र आगन्तुक दुवै प्रकारका शब्दहरूको प्रयोग भएको पाइन्छ । कवि 'किशोर'ले यस सङ्ग्रहका कविताहरूमा सृष्टि, कुण्ठा, वस्त्र, ढक्कन, सिद्रा, तुलनात्मकता, प्रहार, अँगालो, आँगन, बर्बरता जस्ता संस्कृत स्रोतका शब्दहरूको प्रयोग गरेका छन् । त्यसैगरी यस सङ्ग्रहमा कफाइलत, खुज, नकाब, बुर्का जस्ता अरबी भाषाका प्रचलित अप्रचलित दुवै किसिमका शब्दहरूको प्रयोग भएको पनि पाइन्छ । कविले यस सङ्ग्रहका कवितामा अन्य भाषाका शब्दहरूको प्रयोग पनि गरेका छन् साथै तिनको अर्थबोधमा कठिनाइ नहोस् भनेर कविताको तल पादटिप्पणीमा अर्थ पनि दिएका छन् यो उनको शब्द प्रयोगगत नयाँ विशेषता हो । त्यस्तै दलान, तकिया, जस्ता फारसी भाषाबाट नेपालीमा आएका आगन्तुक शब्दहरूको प्रयोग पनि विवेच्य सङ्ग्रहका कविताहरूमा पाइन्छ । यसका अतिरिक्त नेपालीका ठेट शब्दहरू बार्दली, भोटो, गह्रा, आली, आरी आदिका साथै ग्वाम्लाङ्ग, जुरुक्क, भुलभुल जस्ता अनुकरणात्क शब्दको प्रयोग पनि विवेच्य सङ्ग्रहका कवितामा भएको देखिन्छ ।

यसरी विभिन्न स्रोतका शब्दहरूको प्रयोग गरिएको भए पनि विवेच्य सङ्ग्रहका कवितामा मुख्यतः धेरैजसो प्रचलित र केही कम प्रचलनमा रहेका संस्कृत तत्सम शब्द प्रयोगको आधिक्य रहेको छ । यसरी हेर्दा कवि 'किशोर'को विवेच्य सङ्ग्रहका कविताका शब्दहरूमा विविधता पाइन्छ भने विविधताभित्र जटिलता नभई सरलता रहेको देखिन्छ । उनको कविता लेखनको भाषिक शैलीको चर्चा गर्दा विवेच्च सङ्ग्रहका कवितामा प्रयुक्त वाक्यहरू निकै लामा र निकै छोटा नभई ठिक्कका रहेका छन् ।

यहाँ प्रयोग भएका वाक्यहरू सामान्यका साथै विध्यर्थक किसिमका पनि रहेका छन् । यिनका कवितामा भेटिने विम्ब प्रयोगको सहजताले कविताहरू दुरुह नभई सरल र सम्प्रेष्य बन्न पुगेका छन् ।

यसरी शब्द चयनमा विविधता हुनु, सरल, सहज शब्दहरूको प्रयोग, लेख्य चिह्नहरूको प्रयोगमा न्यूनता हुनु, कविताका अनुच्छेदभित्र शब्द, पदावलीहरू पुनरावृत्त भई आउनु र कवितालाई लयात्मकता प्रदान गर्नु कवि 'किशोर'को विवेच्य सङ्ग्रहका कविताको भाषाशैलीगत विशेषता हो ।

### ४.३.२.३ 'आलोकित आयाम' (२०६३) कवितासङ्ग्रहभित्र सङ्कलित कविताहरूको विवेचना

कवि दामोदर पुडासैनी 'किशोर'को **आलोकित आयाम** कवितासङ्ग्रह वि.सं. २०६३ सालमा वनिता प्रकाशन, विराटनगरद्वारा प्रकाशित गद्य कविताहरूको सङ्ग्रह हो । २०६२ सालको फागुनबाट चैतसम्म झन्डै एक महिनाको यात्रामा अमेरिका, वर्लिन, जर्मनी, बेलायत, फ्रान्स, रूस-जस्ता विभिन्न विदेशी मुलुकहरूको भ्रमण गर्ने क्रममा कवि 'किशोर'ले सँगालेका निजी अनुभव र अनुभूतिको काव्यिक सँगालोका रूपमा यो कवितासङ्ग्रह आएको छ । यस सङ्ग्रहमा जम्मा ४१ वटा गद्य कविता सङ्गृहीत छन् । यी कविताहरू समय-समयमा विभिन्न एफ.एम. रेडियो मार्फत् प्रसारित हुँदै आएको पनि पाइन्छ । **आकारको खोजीमा** कवितासङ्ग्रहसँगै जुम्ल्याहा रूपमा प्रकाशित भएको यस सङ्ग्रहका कविताहरूको अध्ययन यहाँ कवितातत्त्वका आधारमा गरिएको छ ।

**(क) शीर्षकचयन**

'बादलको केस्रामा' शीर्षकको कविता यस सङ्ग्रहभित्र सङ्गृहीत पहिलो कविता हो । यहाँ कविले आफ्नो जीवनदर्शन प्रस्तुत गरेका छन् । काठमाडौंबाट अस्ट्रियाको हवाइ उडानकोक्रममा कालो सागरमाथि पुग्दा देखिएका बादलका हरेक केस्रामा आफ्नै गतिशील जिन्दगीको गीत देखिरहने कविको जीवनदर्शन यहाँ प्रस्तुत भएको छ । व्याकरणिक संरचनाका दृष्टिले पदावलीको संरचनामा संरचित प्रस्तुत कविताको शीर्षकले कविताको भावसँग तादात्म्य राखेको हुँदा सार्थक बनेको छ ।

'परिवर्तन' शीर्षकको कवितामा राजनीतिक विषय समेट्नुका साथै निरंकुशताको विरोध गर्दै स्वतन्त्रताको आकांक्षा पनि प्रस्तुत भएको छ । एकपदीय संरचनामा संरचित प्रस्तुत कविताको शीर्षकले राजनीतिक परिवर्तनतर्फ नै सङ्केत गरेको हुँदा यो शीर्षक सार्थक बनेको छ ।

'स्वतन्त्रताकी देवी' शीर्षकको कवितामा कविले न्यूयोर्क सहरनेरको समुद्री टापुमा स्थापित स्वतन्त्रताकी देवीको मूर्ति देख्दा आफूमा उत्पन्न भएको स्वतन्त्रताप्रतिको चाहनालाई सरल भाषामा प्रस्तुत गरेका छन् । यहाँ देशमा व्याप्त रहेको रक्तपातपूर्ण स्थितिलाई पनि प्रस्तुत गरिएको छ । पदावलीको संरचनामा संरचित प्रस्तुत कविताको शीर्षक भावानुकूल सार्थक रहेको छ ।

'आलोकित आयाम' शीर्षकको कविता यस सङ्ग्रहको शीर्ष कविता हो । यस कवितामा दिन र रात, उचाई र गहिराइ, ज्यामी-खेताला र अग्ला-अग्ला संरचना, अँध्यारो-उज्यालो, कालो र सेतो, मरुभूमि र उब्जाउभूमि, निष्क्रियता र सक्रियता, परिश्रमी र अल्छीपन आदि द्विचर विरोध उपस्थित गरी एक विना अर्कोको अस्तित्व नहुने र एउटा राम्रो र अर्को नराम्रो भनेर छुट्याउन नहुने दुवैलाई राम्रैमा परिणत गर्न सकिने भाव व्यक्त गरिएको छ (कोइराला, २०६४:३३) । पदावलीको संरचनामा संरचित प्रस्तुत कविताको शीर्षकले जीवन-दर्शनको विषयलाई गहन रूपमा प्रस्तुत गर्न सकेको हुँदा यो सार्थक बनेको छ ।

'अभावयात्रा' कविता कविले न्यूयोर्क बसाइको क्रममा सिर्जना गरेको प्रणयपरक कविता हो । यहाँ आफूसँग आफ्नी प्रेयसी नभएका बेला प्रणयमुखी प्रकृति देखेर प्रणयवेदनामा परेको भाव कविले व्यक्त गरेका छन् । पदावलीको संरचनामा संरचित प्रस्तुत शीर्षक कविताको भावानुकूल सार्थक रहेको छ ।

'फूलमाथि खसेको आँसु' शीर्षकको कवितामा मानवीय संवेदनाको भाव अभिव्यक्त गरिएको छ । चियाबगानमा मरेका नेपालीहरूको दृश्य इन्टरनेटका वेभसाइटहरूमा देखेपछि कविका मनमा उब्जिएका भावनाले यहाँ प्रस्तुति पाएका छन् । यसरी हेर्दा यो शीर्षक प्रतीकात्मक रूपमा सार्थक रहेको छ । व्याकरणिक दृष्टिले यो शीर्षक पदावलीको स्तरमा संरचित रहेको छ ।

'चरमोत्कर्ष' शीर्षकको कवितामा यौनमूलक भावको अभिव्यक्ति गरिएको छ । यहाँ कविले हवाइयात्रामा रहँदा पनि आफ्नी प्रेयसीसँगको समागमको अनुभूति गर्दै आनन्दको अन्तिम विन्दुलाई चरमोत्कर्षको रूपमा लिएका छन् । प्रतीकात्मक रूपमा यौनसन्तुष्टिको विषयलाई प्रस्तुत गर्न सफल प्रस्तुत कविताको शीर्षक सार्थक रहेको छ ।

'मौनवस्ती' कवितामा विद्रोहीभाव प्रस्तुत भएको छ । मौनबस्तीभित्र पनि विद्रोही ज्वालामुखीका लाभाहरू उम्लिरहेको युद्धकालीन अवस्थाको चित्र यहाँ प्रस्तुत गरिएको छ । पदावलीको स्तरमा संरचित प्रस्तुत शीर्षकले प्रतीकात्मक भाव वहन गरेको छ ।

'आन्ध्र महासागरमाथिको उडान' कवितामा प्रणयसुखको विषयवस्तु प्रस्तुत गरिएको छ । यहाँ कविले अमेरिकी सुन्दरी बेकीलाई सम्बोधन गर्दै उनीसँगको प्रणयसुखको विषयवस्तुलाई प्रस्तुत गरेका छन् । पदावलीको स्तरमा संरचित प्रस्तुत कविताको शीर्षकले प्रतीकात्मक रूपमा प्रणयभावलाई प्रस्तुत गर्न सकेको हुँदा शीर्षक सार्थक बनेको छ ।

'निर्वासन' शीर्षकको कवितामा देशप्रेमको भावना व्यक्त गरिएको छ । विदेशी भूमिमा रहँदा मातृभूमिको सम्झना गर्दै लेखिएको यो कवितामा स्वदेशमा फूल सुमसुम्याउन पनि अल्छी मान्नेले

विदेशमा नाली सोहोर्नु परिरहेको नियतिलाई यहाँ प्रस्तुत गरिएको छ । एकपदीय संरचनामा संरचित प्रस्तुत कविताको शीर्षक भावअनुसार सार्थक रहेको छ ।

'पर्खाल विनाका पाइला' शीर्षकको कवितामा स्वतन्त्रताप्रतिको आस्था प्रकट गरिएको छ। स्वतन्त्रताविरोधी पर्खाल भत्केपछि यस्ता अवरोधहरू जहाँकहीं भए पनि तिनलाई भत्काउनुपर्छ भन्ने कविको दृढ विश्वास यहाँ प्रस्तुत भएको छ । यो शीर्षक स्वतन्त्राको स्पष्ट सङ्केत गर्न सफल भएको छ । व्याकरणिक दृष्टिले यसको संरचना पदावलीको स्तरमा संरचित रहेको छ ।

'प्लोटजेन्से कारागारको प्रतिध्वनि' शीर्षकको कवितामा हिटलरी क्रुरता हत्या, हिंसा र आतङ्कको विरोध गरिएको छ कोइराला, २०६४: ३२) । हिटलरले कारागारमा गरेको कैदीहत्याको वर्णन कविले संवेदनशील किसिमले प्रस्तुत गरेका छन् । मानवीय संवेदनको विषयलाई प्रस्तुत गर्न कविताको शीर्षक सार्थक रहेको छ ।

'वाटरलुको कुरुक्षेत्रबाट' शीर्षकको कवितामा द्वन्द्वात्मक परिवेशको चित्रण गरिएको छ । वाटरलुको कुरुक्षेत्रमा पुगेका कविको मनमा ढाल, तरवार, बन्दुक र बमको सङ्गीतले गुञ्जायमान देशको अवस्थाको स्मरण भइरहेको छ । यही कविका मनभित्रको द्वन्द्वात्मक चित्रण यहाँ गरिएको छ । यसरी विदेशी भूमिमा रहे पनि देशकै चित्र कोरिरहने कविको देशप्रेमको भावना यहाँ पोखिएको छ । पदावलीको स्तरमा यसको संरचना संरचित रहेको छ ।

'समुद्रमुनिको बगैंचा' शीर्षक कवितामा विदेशी परिवेशको सुन्दरताको वर्णन गरिएको छ । यहाँ नेदरल्याण्ड्स सहरको प्राकृतिक सुन्दरताको वर्णन गरिएको छ । प्रतीकात्मक अर्थ वहन गरेको यो शीर्षक कविताको भावअनुसार सार्थक रहेको छ ।

'मोनालिसा' शीर्षकको कवितामा कविको प्रणयपरक भाव पोखिएको छ । फ्रान्स भ्रमणका क्रममा मोनालिसाको तस्विर अगाडि पुग्दा आफूमा उत्पन्न भएको प्रेमभावको अभिव्यक्ति यहाँ गरिएको छ । पदको स्तरमा संरचित प्रस्तुत कविताको शीर्षक चयन औचित्यपूर्ण रहेको छ ।

माथि प्रस्तुत गरिएका कविताहरू बाहेक यस सङ्ग्रहभित्र रहेका अन्य कविताहरूमध्ये 'हिउँ' 'भेटमा', 'पेरिस', 'स्पर्श' 'खोच', 'परिचम्वन', 'आरोहण', 'शिखर' प्रस्ताव', 'अन्धकार' जस्ता कविताहरूको शीर्षक संरचना पदको स्तरमा संरचित रहेको छ । 'मेनहटनको विहानी', 'घण्टाको आवाज', 'थेम्सको किनारमा' 'निर्वासित शरीर' 'गहिराइको स्वाद', 'इफेल टावर', जस्ता कविताहरूको शीर्षक संरचना पदावलीको स्तरमा संरचित रहेको छ । यी कविताका शीषर्कहरू प्रतीकात्मक अर्थ प्रस्तुत गर्नमा नै बढी सार्थक रहेका छन् । यहाँ कविले विदेश भ्रमणका क्रममा पुगेका स्थानीय परिवेशको चित्रण, प्रणयपरक

भाव, जीवनर्दशन, स्वतन्त्रताप्रतिको आस्था, देशप्रेम, मानवीय संवेदन जस्ता विषयलाई कवितात्मक रूपमा प्रस्तुत गरेका छन् ।

यसरी हेर्दा कवि दामोदर पुडासैनी 'किशोर'को विवेच्य सङ्ग्रहभित्रका कविताका शीर्षकले कुनै न कुनै रूपमा अन्तरनिहित भावसँग सम्बन्ध कायम राखी सार्थकता सिद्ध गरेका छन् ।

**(ख) कथ्यविषय : भावविधान**

कवि दामोदार पुडासैनी 'किशोर'को **आलोकित आयाम** कवितासङ्ग्रहभित्र रहेका सबै कविताहरू कविको विदेशभ्रमणका उपलब्धि हुन् । यहाँ उनले विदेशी परिवेश, प्राकृतिक सुन्दरता, जीवन-भोगाई, जीवनदर्शन, देशप्रेम, मानवीय संवेदना, प्रणयचेतजस्ता विषयलाई कवितात्मक स्वरूपमा प्रस्तुत गरेका छन् । त्यसैले विवेच्य सङ्ग्रहका कविताको कथ्यविषय वा भावविधानलाई बेग्ला-बेग्लै उपशीर्षकमा विभाजन गरी मूल्याङ्कन गरिएको छ ।

**(अ) जीवनदर्शनको प्रस्तुति**

जीवनदर्शनको विषय कवि दामोदर पुडासैनी 'किशोर'का विवेच्य सङ्ग्रहका कविताको महत्त्वपूर्ण विषय हो । यससन्दर्भमा कवि 'किशोर' मुख्यतः विदेशी प्राकृतिक स्वरूप र कलाकृतिले आफूमा जागृत गरेको भावनामा केन्द्रित देखिन्छन् । 'बादलका केस्रामा शीर्षकको कविताका यी पङ्क्तिमा कविको जीवनदर्शन प्रस्तुत भएको देख्न सकिन्छ-

बादलको हरेक केस्रामा
लागिरहेछ उभिडरहेको
आफ्नै गतिशील जिन्दगीको गीत

(पृ. १)

यहाँ कविले बादलका केस्रा-केस्रामा आफ्ने गतिशील जीवनको गीत देखिरहेका छन् । जसरी बादलका केस्राको कुनै निश्चित रूप, रङ र आकार हुँदैन । छिनछिनमा बदलिइहन्छ ठीक त्यस्तै गरी जीवनको गति पनि छिनछिनमा बदलिइरहन्छ भन्ने जीवनदर्शनसम्बन्धी गहन भावलाई कविले सरल रूपमा प्रस्तुत गरेका छन् । त्यस्तै इफेल, टावर, शीर्षकको कविताका प्रथम पङ्क्तिमा नै आदर्श जीवनको नमूना प्रस्तुत गरिएको छ-

परिश्रमी मान्छेका
हातहरूसामु
झुकेको देखें

अनगिन्ती पहाडहरू

(पृ. ६४)

यी कविता पङ्क्तिहरूले परिश्रमी मान्छेको सफलताको चित्रण गरेका छन् । यहाँ परिश्रम गर्ने मान्छेले जस्तासुकै कठिनाइ पनि सहजै पार गर्न सक्छ भन्ने जीवनप्रतिको दार्शनिक दृष्टिकोणलाई प्रस्तुत गरिएको छ । त्यस्तै 'शिखर' शीर्षकको कवितामा कविले जीवनको सत्यतालाई प्रस्तुत गर्दै यसरी बोलेका छन्-

जिन्दगीको उकालोलाई
सजिलैसित चढ्नेहरूको लागि
पुड्का र सुगम लाग्छन्
किसिमकिसिमका शिखरहरू

(पृ. ७९)

जब मान्छेले जीवन-भोगाइलाई सहज रूपमा लिन्छ त्यसबेला उसका अगाडि जतिसुकै ठूला समस्या आइपरे पनि नआत्तिइ समाधान गर्न सक्दछ भन्ने साहसी जीवनको यथार्थतालाई यी पङ्क्तिहरूले प्रस्ट पारेका छन् । सरलभन्दा सरल शब्द प्रयोग गरेर पनि गहन दर्शन प्रस्तुत गर्ने कवि 'किशोर'ले 'आलोकित आयाम' शीर्षकको कवितामा जीवनको पूर्णतालाई दार्शनिक दृष्टिकोणमा यसरी प्रस्तुत गरेका छन्-

आखिर के हुन्छ र रङ्गमा ?
अर्को रङ्गको अस्तित्व जगाउनको लागि मात्र हो रङ्ग
कालो नभए सेतोको अस्तित्व ख्वै कसरी हुने?

(पृ. १२)

यहाँ दुःख-सुख, अँध्यारो-उज्यालो, हाँसो-आँसु यी सबै प्राकृतिक कुरा भएको हुँदा एउटा जीवन पूर्ण हुन यी सम्पूर्ण कुराको आवश्यकता पर्दछ भन्ने भाव प्रस्तुत गरिएको छ ।

### (आ) स्वतन्त्रताप्रतिको आस्था

यस सङ्ग्रहभित्र रहेका केही कविताहरूले कविभित्रको स्वतन्त्रताप्रतिको आस्थालाई प्रस्तुत गरेका छन् । उनले आफूलाई अमेरिकाको स्वतन्त्रताकी देवीजस्तै परिवर्तन र स्वतन्त्रताको संवाहक बनाउन चाहना राख्दै चिराग, हातमा लिएर निरन्तर यात्रा गर्न चाहन्छन् । 'स्वतन्त्रताकी देवी', शीर्षकको कवितामा अन्धकारमय दृश्यभित्र उज्यालोको सञ्चार गर्नुपर्छ भन्दै कवि यसो भन्छन्-

चिराग बोक्नेले

हुँदैन रोकिन कहिले पनि
समुद्र र हावाका कणकणमा
अझै फैलन
तिमीसँग पाइला उचिलिरहेछु

(पृ. ६)

यहाँ कविभित्रको स्वतन्त्रताको चाहना छर्लङ्ग भएको छ । उज्यालोको प्रतीक चिराग बोकेर हिड्नेहरूले सम्पूर्ण संसारलाई नै उज्यालो प्रदान गर्नको लागि निरन्तर सङ्घर्षरत रहनुपर्छ भन्ने भाव प्रस्तुत गर्न यी पङ्क्तिहरू सफल रहेका छन् । त्यस्तै 'घण्टाको आवाज' शीर्षकको कवितामा मानिसलाई नयाँ पाइलाको लागि ब्यूँझाउन घण्टाको आवाज अनिवार्य भएको कुरा व्यक्त गरिएको छ । कविता पङ्क्तिहरूमा स्वतन्त्रताको स्वरूपलाई यसरी चित्रण गरिएको छ-

सागरझैं
चमचम चम्केर घामको चुम्बनमा
वा निख्खर सेतो भएर हिउँमा भुल्काहरूमा
आशाको एउटा ठूलो घण्टा बज्यो

(पृ. १०)

यहाँ सागरको चमचम, घामको चुम्बन, हिउँका भुल्का जस्ता विम्बहरू मार्फत् स्वतन्त्रताको स्वरूप चित्रण गरिएको छ । स्वतन्त्रताको प्रतीक घण्टाको आवाजको व्यापकता यहाँ प्रस्तुत भएको छ ।

'पर्खाल विनाका पाइला' शीर्षकको कवितामा स्वतन्त्रता विरोधी पर्खाल ढलेपछि कवि यस्ता अवरोध जहाँकहीँ भए पनि तिनलाई ढलाउनुपर्ने दृढ विश्वास यसरी व्यक्त गर्दछन्-

मान्छेको विरुद्ध केही गर्नेहरू
जहाँसुकै किन नहोऊन्
बर्लिनका पर्खाललाई झैं एकै रातमा
सर्वत्र स्वाहाः पार्नुपर्छ

(पृ. ४०)

यहाँ कविको स्वतन्त्रताप्रतिको अठोट व्यक्त गरिएको छ ।

**(इ) प्रणयपरक विषयको प्रस्तुति**

कवि दामोदर पुडासैनी 'किशोर'ले हावामा उड्दा, बालुवामा तात्दा होस् वा समुद्रमा डुब्दा जुनसुकै परिस्थितिमा पनि आफ्नी प्रेमिकालाई सम्झँदै प्रेमभावको अभिव्यक्ति दिइरहेका हुन्छन् । त्यस्तै

आफ्नी प्रेमिकादेखि टाढा भएको अवस्थामा सम्मोहनकारी प्रकृतिलाई देखेर आफू प्रणयवेदनामा पर्नुपरेको अनुभूति 'अभाव यात्रा' शीर्षकको कवितामा यसरी व्यक्त गर्न पुग्दछन्-

रमाइलो जिन्दगी र घमाइलो जगत्मा
लुकिरह्यो एउटा अव्यक्त धब्बा
कि तिमी मेरो प्रत्येक श्वासमा
बसेकी थियौ फूलको बास्ना बनेर
तर थिएन तिम्रो स्थूल शरीर
यात्राका मेरा पाइलाहरूमा

(पृ. १६)

फ्रान्स-भ्रमणका क्रममा पेरिसमा भिन्चीको प्रसिद्ध कलाकृति मोनालिसा अवलोकन गरेपछि कविको मनमा प्रकट भएको प्रणयपरक अनुभूति 'मोनालिसा' शीर्षकको कविताका यी पङ्क्तिहरूमा प्रस्तुत भएको छ-

मात लाग्ने आँखाहरू
प्रकृतिलाई जित्ने मुस्कान
बोकेर हेरिरह्यौ एकटक मलाई

(पृ. ६०)

यहाँ मोनालिसाको तस्विरबाट सम्मोहित भएका कविको अनुभूति व्यक्त भएको छ ।

शिष्ट र मर्यादित किसिमले यौन विषयको प्रस्तुति गर्न रुचाउने कवि 'किशोर'ले 'गहिराइको स्वाद' शीर्षकको कविताका पङ्क्तिहरूमा सूर्य र पृथ्वीबीचको प्रणयलीलालाई यसरी प्रस्तुत गरेका छन्-

कुण्ड र घामको ठोकाइबाट
फैले समुद्रबाट पूरै बाफका लहरहरू
बाफको घनत्वले
छोपियो पूरै घाम र कुण्ड
शून्यशून्य समाधिमा
समाहित भए घाम र  कुण्ड एक अर्कामा

(पृ.५१)

त्यस्तै 'चरमोत्कर्ष' शीर्षकको कवितामा पनि कविको प्रणयपरक यौनअनुभूतिले शिष्ट भाषामा यसरी अभिव्यक्ति पाएको छ-

बोलूँ बोलूँ लागेर पनि
बोल्न सकिरहेका थिएनौँ हामी
हाँसूँहाँसूँ भएर पनि
हाँस्न सकिरहेका थिएनौँ हामी
आपसमा पिइरहेका थियौँ केवल
मनभन्दा पनि गहिरो
एउटा मायालु सतह

(पृ. २२)

यहाँ प्रेमी-प्रेमिका सँगै रहँदाको प्रणयसुखको अनुभूतिलाई कविले शिष्टतापूर्वक सौन्दर्यपूर्ण रूपमा प्रस्तुत गरेका छन् ।

**(ई) मानवीय संवेदनको चित्रण**

कवि दामोदर पुडासैनी 'किशोर'को विवेच्य सङ्ग्रहका कवितामा वर्तमान विश्वमा हत्या, हिंसा र आतङ्कले मानवीय संवेदनमाथि पुऱ्याएको चोटको मार्मिक चित्रण पाइन्छ । 'फूलमाथि खसेको आँसु' शीर्षकको कवितामा कविले आपसमा लड्दैका बमका छिर्का अनि चिरनिद्रामा ढलेका बन्धुबान्धबहरूको स्वरूप देखेर आँसु चुहाउन पुग्दछन् । यसको चित्रण यी पङ्क्तिहरूमा भेट्न सकिन्छ-

आपसमै लडेर
प्राणवायुभन्दा बमका छिर्का
ठूलो ठान्दा ठान्दै
चियाबगाननजिक
चिरनिद्रामा ढलेका
केही बन्धुबान्धवको
स्वरूप हेरेर
खसालिरहेछु कमलको फूलमाथि आँसु

(पृ. २०)

यहाँ कमलको फूलले मरेका नेपालीको प्रतीकात्मक अभिव्यक्ति दिएको छ । त्यस्तै हिटलरी क्रुरता, हत्या, हिंसा र आतङ्कको विरोध गरिएको 'प्लोटजेन्से कारागारको प्रतिध्वनि' शीर्षकको कवितामा सिङ्गो मानव सभ्यतालाई नै चुनौति दिँदै हत्यारा र आतङ्ककारी रमाइरहेको चित्र प्रस्तुत गरिएको छ-

हँसिलो मुद्रामा
हिटलर र गोयबल्सहरू
मान्छेको रगतको होली खेल्दै

कोलाहल र चीत्कार
सुनिरहेछन्
विजयोत्सवको मीठो सङ्गीत मानेर
प्लोटजेन्से पर्खालभित्र र बाहिर

(पृ. ४३)

यहाँ प्रस्तुत भएका रगतको होली, कोलाहल, चित्कार जस्ता शब्दहरूमा निहित भावले मानवीय संवेदनमाथिको प्रहारलाई चित्रण गरेका छन् ।

(उ) **देशप्रेमको अभिव्यक्ति**

देशप्रेमको भावना कवि दामोदर पुडासैनीका कविताहरूभित्र धेरैजसो ठाउँमा मुख्य रूपमा व्यक्त भएको छ । आफू स्वदेशमा रहँदामात्र नभएर विदेशी मरुभूमिको बालुवामा डढ्दा होस् वा समुद्रमा डुबुल्की मार्दा जुनसुकै परिवेश र परिस्थितिमा पनि स्वदेशको सम्झनामा रमाइरहन्छन् र आफ्ना भावना अनुभूतिलाई कवितात्मक स्वरूप दिन रुचाउँछन् । त्यस्तै समुद्री छालहरूमा रमाइरहँदा पनि सगरमाथा र आफ्नै गाउँघर सम्झिइरहने कविको देशप्रतिको माया 'निर्वासित शरीर' शीर्षकको कविताका यी पङ्क्तिहरूमा भेट्न सकिन्छ-

यो नीलो सागरमा पनि
मसँग तिमी होइन
सगरमाथा बोकेकी मेरी आमा
र मेरो सम्झनामा दियो बालिरहेकी
उनको छाया म नियालिरहेछु

(पृ. ४७)

यसरी जहाँ रहे पनि स्वदेशी प्रेममा नै डुबुल्की मारिरहने कवि 'किशोर'ले 'निर्वासन' शीर्षकको कवितामा विदेशी फूलबारीभन्दा स्वदेशी काँडाघारीभित्र न्यानो माया पाउने भाव यसरी व्यक्त गरेका छन्-

एउटा चरा
आमाको काख छोड्दै
बगैचाको सपना देखेर
सात समुद्र पार गर्दै
बगैचाभित्र पसेको मात्र के थियो

विदेश बगैचाका फूलहरूले नै
घोचिरहेछन् स्वदेशी काँडाहरूले भन्दा बढी

(पृ. ३३)

यी पङ्क्तिले कविभित्रको स्वदेश प्रेमलाई निकै सरल रूपमा प्रस्तत गरेका छन् ।

**(ऊ) विद्रोही भावको चित्रण**

कवि दामोदर पुडासैनी 'किशोर'को विवेच्य सङ्ग्रहका कविताहरूमा वर्तमान विश्व मानवसभ्यताको परिवर्तन चाहना गर्दै 'मौनबस्ती' शीर्षकको कवितामा विद्रोही भाव यसरी प्रस्तुत भएको छ-

जाग्रत ज्वालामुखी
भित्रभित्रै हुर्काएर
घामका केस्राहरूसँग
माया गाँस्दै छ बिस्तारै
समुद्री तरेली
मौनबस्तीमा

(पृ. २५)

यहाँ मौन बस्तीका बासिन्दाहरूभित्र रहेको विद्रोही प्रवृत्तिलाई ज्वालामुखीका लाभाहरूले सङ्केत गरेका छन् । यिनीहरू मौनजस्ता देखिए पनि भित्र-भित्रै उम्लिरहेका छन् र एकदिन अवश्य पनि विस्फोट हुनेछ भन्ने भाव व्यक्त भएको छ । त्यस्तैगरी 'कुहिरोको रूपान्तरण' शीर्षकको कवितामा कुहिरो अन्योलको प्रतीकमात्र होइन, सिर्जनाको प्रतीक पनि हो भन्नेभाव यसरी व्यक्त भएको छ-

अन्योलको पहिरनमात्र
पहिऱ्याइयो अहिलेसम्म कुहिरोलाई
पहिरन खोल्दा थाहा लाग्यो
कुहिरो त उज्यालोको मुस्लो रहेछ

(पृ. ५७)

यहाँ अन्योलको प्रतीकका रूपमा मान्दै आएको कुहिरोलाई उज्यालोको मुस्लोको रूपमा लिँदै विद्रोही भाव व्यक्त गरिएको छ । त्यस्तै 'हिउँ' शीर्षकको कवितामा हिउँलाई मानवीय एकताको प्रतीकका साथै सिर्जनाको प्रतीकका रूपमा लिँदै यसरी चित्रण गरिएको छ-

जमेर एकताको मुट्ठी

पग्लेर दूरदूरसम्म
सबै जरालाई सिञ्चित पार्ने
हिउँ भनेको त
मानवताको ढिक्का पो रहेछ

(पृ. ३१)

यसरी कवि 'किशोर'को विवेच्य कविता सङ्ग्रहमा उनले विदेश भ्रमणका क्रममा देखेर भोगेर अनुभूति गरेका विभिन्न विषयवस्तुको तत्कालीन कवितात्मक अभिव्यक्ति गरेको देखिन्छ । नियात्रात्मक अनुभूतिले कवितात्मक रसास्वादन गराउन सक्नु नै विवेच्य सङ्ग्रहका कविताको मुख्य विशेषता हो । यहाँ कुनै पनि कवितामा एउटैमात्र विषयलाई प्रस्तुत नगरेर भिन्न-भिन्न विषयको एकसाथ प्रस्तुत गरिएको भेटिन्छ ।

## (ग) संरचना : बनोट

कवि दामोदर पुडासैनी 'किशोर'को साहित्ययात्राको दोस्रो चरणमा प्रकाशित कविता कृतिमध्ये **आलोकित आयाम** तेस्रो तथा अन्तिम कविताकृति हो । यस सङ्ग्रहमा सङ्गृहीत सम्पूर्ण कविताहरू शीर्षकबद्ध रहेका छन् । आयामका दृष्टिले हेर्दा विवेच्य सङ्ग्रहभित्रको सबैभन्दा छोटो कविता छ पङ्क्तिको छ भने सबैभन्दा लामो कविता १०१ पङ्क्तिको रहेको छ । अनुच्छेदका दृष्टिले हेर्दा यहाँका कविता १ देखि ८ अनुच्छेद सङ्ख्यामा विभाजित रहेका छन् ।

यस सङ्ग्रहभित्र रहेको न्यूनतम एक अनुच्छेदमा संरचित कविता 'मौनबस्ती' शीर्षकको कविता हो भने अधिकतम ८ अनुच्छेदमा विभाजित कविता 'आलोकित आयाम' शीर्षकको कविता हो । पङ्क्ति सङ्ख्याका दृष्टिले हेर्दा यस सङ्ग्रहमा रहेको न्यूनतम छ पङ्क्तिमा संरचित 'मौनवस्ती' शीर्षकको कविता हो भने अधिकतम १०१ पङ्क्तिमा संरचित 'प्लोटजेन्से कारागारको प्रतिध्वनि' शीर्षकको कविता हो । यस सङ्ग्रहमा सङ्कलित ४१ वटा कविताहरूमा कवि 'किशोर'ले २१ वटा उद्गार चिह्न, ६ वटा प्रश्नवाचक चिह्नको प्रयोग गरेका छन् भने 'घण्टाको आवाज' शीर्षकको कवितामामात्र एउटा पूर्णविराम चिह्नको प्रयोग गरेका छन् । यसरी हेर्दा आफ्नो साहित्ययात्राको प्रथम चरणमा प्रशस्त मात्रामा लेख्यचिह्नको प्रयोग गर्ने उनको दोस्रो चरणदेखि क्रमशः लेख्यचिह्नको प्रयोगमा न्यूनता देखिन्छ । साह्रै थोरै ६ पङ्क्तिदेखि धेरै १०१ पङ्क्तिसम्म र १ अनुच्छेददेखि ८ अनुच्छेदसम्मका कविताहरूमा न्यून लेख्यचिह्नको प्रयोग हुनु पनि विवेच्य सङ्ग्रहको संरचनागत विशेषता हो ।

विवेच्य यस सङ्ग्रहका सम्पूर्ण कविताहरू प्रगीतात्मक संरचनामा आबद्ध रहेका छन् । यहाँ कविले विदेशी मुलुकहरूको भ्रमणका क्रममा आफूले अनुभव गरेका अनुभूतिका साथै त्यहाँको जीवनशैली, प्राकृतिक स्वरूप, कलाकृति आदिले आफूमा पारेको प्रभावलाई अत्यन्त सजीव रूपमा

कवितात्मक अभिव्यक्ति दिएका छन् । फ्रान्सको पेरिस सहरको भ्रमणका क्रममा लुभ्र म्युजियममा अवस्थित मोनालिसाको तस्विर देखेपछि कविले गरेको अनुभूतिलाई यी पङ्क्तिहरूले छर्लङ्ग पार्दछन्-

यसरी हेरिरह्यौ तिमीले
कि यतिखेर
म तिमीलाई आँखाले
हेर्दा नअघाएर
आँखा चिम्लेर
मनले कोट्याउँदा पनि
बनेको छु
झन्झन् बेचैन
झन्झन् अतृप्त

(पृ. ६१)

यी पङ्क्तिहरूले मोनालिसाको अगाडि रहँदाका कविको मनोदशालाई प्रस्तुत गरेका छन् । यहाँ 'तिमी', 'आँखा' र 'झन्झन्' जस्ता शब्दहरूको पुनरावृत्तिले कविताको भावमा सघनता ल्याएको छ । यसरी हेर्दा विवेच्य सङ्ग्रहका कविता प्रगीतात्मक संरचनामा संरचित रहेका छन् भन्न सकिन्छ साथै यिनीहरूले आयामिक पूर्णता पनि प्राप्त गरेका छन् ।

### (घ) लयविधान

दामोदर पुडासैनी 'किशोर'का कविताहरू परम्परागत छन्द वा बद्धलयको संरचनाबाट मुक्त रहेका छन् । गद्य कवितामा मुक्तछन्दले कवितालाई लयात्मक तुल्याउने काम गर्दछ (लुइँटेल, २०६०:१३८) । उनको विवेच्य सङ्ग्रहका कवितामा मुक्त लयविधानले नै गेयात्मकता प्रदान गरेको पाइन्छ । यी कविताका पङ्क्तिहरूमा वर्णगत समानता नपाइने हुनाले कविता वाचकले आफ्नै पाराले लयको निर्माण गनुपर्ने स्थिति देखिन्छ । यस सङ्ग्रहका कवितामा अनुप्रासका विभिन्न स्वरूपले कवितालाई लयात्मकता प्रदान गरेको देखिन्छ । त्यस्तै पङ्क्तिका आदि भागमा रहेका दुई वर्ण बाहेक पूरै पङ्क्तिनै पुनरावृत्ति भई कवितामा लय सिर्जना भएको स्थिति 'भेटमा' शीर्षकको कविताका निम्न पङ्क्तिहरूमा पाउन सकिन्छ-

जन्म र मृत्युबीचका
बाटाका कुराहरू भए
पाटाका कुराहरू भए
पहिलो भेटमै

(पृ. ५४)

यहाँ दोस्रो र तेस्रो पङ्क्तिका आदि भागमा आएका 'ब' र 'प' वर्ण बाहेक अरू सम्पूर्ण पङ्क्ति नै पुनरावृत्ति भएर आएको हुँदा कविता लयबद्ध भएको देखिन्छ । त्यस्तै अनुप्रास प्रयोगको अर्को उदाहारण यही कवितामा यी पङ्क्तिहरूमा भेट्न सकिन्छ-

जिन्दगी काममा खोज्दै थियौं
जिन्दगी जङ्गलमा खोज्दै थियौं
जङ्गललाई घरवरिपरि बिसाएर
मुनाहरूमा गन्दै थियौं

(पृ. ५५)

माथिका कविता-पङ्क्तिहरूमा पहिलो र दोस्रो पङ्क्तिमा पूर्ण र नियमित अन्त्यानुप्रासका साथै आद्यानुप्रासको प्रयोग भएको छ भने चौथो पङ्क्तिमा प्रयोग भएको 'गन्दै थियौंमा आन्तरिक अनुप्रास सिर्जना हुन गई कवितामा अतिरिक्त लयात्मक सौन्दर्य बढेको छ ।

कवि 'किशोर'का कविताहरूमा लय सिर्जना गर्न अनुप्रास अलङ्कारले महत्त्वपूर्ण भूमिका खेलेको छ । विवेच्य सङ्ग्रहभित्रका कविताहरूमा आद्यानुप्रास, मध्यानुप्रास, अन्त्यानुप्रास, आन्तरिक अनुप्रास, अन्तर अनुप्रास जस्ता विविध स्वरूपका अनुप्रासको प्रयोग भएको छ । त्यस्तै अन्त्यानुप्रासको सफल प्रयोग भएको 'इफेल टावर' शीर्षकको कविताका यी पङ्क्तिहरूलाई लिन सकिन्छ-

उचाइ चढ्नेहरू नै
देख्न सक्छन् उचाइ जिन्दगीको
नाप्न सक्छन् गहिराई जिन्दगीको

(पृ. ६४)

यहाँ दोस्रो र तेस्रो पङ्क्तिको अन्त्यमा आएका 'जिन्दगी'को उही क्रममा भएको दुई पटकको आवृत्तिले पूर्ण अन्त्यानुप्रासको सिर्जना भएको छ ।

अन्तर अनुप्रास प्रयोगको उदाहरणका रूपमा 'पर्खाल विनाका पाइला' शीर्षकको कविताका यी पङ्क्तिहरूलाई लिन सकिन्छ-

पर्खाल एकको अर्कोप्रतिको षड्यन्त्र रहेछ
पर्खाल मान्छेको उज्यालो खोसेर
मान्छेलाई नै अँध्यारोमा डुबाउने
स्वतन्त्रता विरोधी खेल रहेछ

(पृ. २०)

यहाँ पहिलो र दोस्रो पङ्क्तिका प्रारम्भ भागमा आएका पर्खाल शब्दको पुनरावृत्तिले आद्यानुप्रासको सिर्जना भएको छ भने दुई पङ्क्तिको अन्तरमा अघिल्लो पङ्क्तिसँग मेल खानेगरी प्रयोग भएको 'रहेछ' जस्तो अज्ञातभूतकालीन क्रियापदको पुनरावृत्तिले अन्तर अनुप्रासको निर्माण भएको छ । त्यस्तै आन्तरिक अनुप्रासको प्रयोग 'मेनहटनको बिहानी शीर्षकको कविताका निम्न पङ्क्तिहरूमा भएको पाइन्छ-

भीडभरि एक्लिरहेछन् मान्छेहरू
थाकेको मान्छे देखेर रोइरहेछ यन्त्रमानव
समुद्रभन्दा अरू कञ्चन बनिरहेछ शहर

(पृ. ८)

यहाँ पहिलो पङ्क्तिमा 'भ' वर्णको दुई पटक, 'र' वर्णको तीन पटक 'ह' र 'छ' वर्णको दुई-दुई पटकको आवृत्ति भएको छ । त्यस्तै दोस्रो पङ्क्तिमा 'क' 'म' र 'छ' वर्ण दुई-दुई पटक दोहोरिएका छन् भने 'र' वर्ण तीन पटक पुनरावृत्त भएर आउँदा कवितामा आन्तरिक अनुप्रासको सिर्जना हुन गई कवितामा अतिरिक्त लयात्मक सौन्दर्य बढेको छ ।

यसरी हेर्दा विवेच्य सङ्ग्रहका कविताहरूलाई लयात्मक बनाउन अनुप्रास अलङ्कारका विविध स्वरूपले महत्त्वपूर्ण भूमिका खेलेको स्पष्ट देख्न सकिन्छ ।

### (ङ) कथनपद्धति

दामोदर पुडासैनी 'किशोर'को विवेच्य सङ्ग्रहका कविताहरूलाई कथनपद्धतिका दृष्टिले हेर्दा प्रथम पुरुष 'म' पात्रको आत्मालापीय अभिव्यक्तिका साथै द्वितीय पुरुष 'तिमी'प्रति सम्बोधित आत्मालापीय अभिव्यक्तिका रूपमा लिन सकिन्छ । जीवनदर्शनको विषय प्रस्तुत गरिएको 'बादलको केस्रामा' शीर्षकको कविताका निम्न पङ्क्तिहरूमा 'म' पात्रको आत्मालापीय अभिव्यक्ति यसरी प्रस्तुत भएको छ

जबजब उड्छु म
बादलको सतहमाथि
तबतब उघारिन्छ मेरो
जिन्दगीका पत्रहरू बादलका केस्रा झैं
मेरा खोजहरू
छरिएका छन् बादलका कणहरूमा

(पृ.१)

काठमाडौंदेखि अस्ट्रिया हवाइउडानका क्रममा लेखिएको प्रस्तुत कवितांशले जसरी बादलको एक निश्चित स्वरूप हुँदैन त्यसरी नै जीवन पनि सोचेजस्तो एक निश्चित गतिमा अघि बढेको हुँदैन भन्ने

भावलाई 'म' पात्रको आत्मालापीय कथनपद्धतिको शैलीमा प्रस्तुत गरेको छ । त्यस्तै गरी विभिन्न इच्छा र आशाका साथ विदेसिएका नेपालीहरूले त्यहाँ पुगेपछि गरिरहेको अनुभूति आत्मालापीय कथनपद्धतिको प्रयोगबाट 'निर्वासन' शीर्षकको कवितामा निम्न पङ्क्तिहरूमा यसरी अभिव्यक्त भएको छ

शहर खचाखच छ
तर छैन कोही पनि आफन्त
चिल्ला र चम्किला
बाटा, आँगन र बलेसीहरू पनि
दुर्गम र अप्ठेरा लागिरहेछन्

(पृ.३३)

कवि 'किशोर'ले विवेच्य सङ्ग्रहका कविताहरूमा प्रथम पुरुष 'म' पात्रको आत्मालापीय अभिव्यक्तिका साथै द्वितीय पुरुष 'तिमी'प्रति सम्बोधित आत्मालापीय कथनपद्धतिको प्रयोग गरेर विभिन्न विषयगत भावलाई प्रस्तुत गरेका छन् । त्यस्तै द्वितीय पुरुष 'तिमी'प्रति सम्बोधित आत्मालापीय कथनपद्धतिबाट 'निर्वासन' शीर्षकको कविताका निम्न पङ्क्तिहरूमा विदेशमा रहँदाको अनुभूतिलाई प्रस्तुत गरिएको छ ।

हिउँले छोपिएको तिम्रो
आँगनमा बसेर
हातहरू तिमीलाई नै सुम्पेको छु सबिना !
खेलेर पनि हिउँका भुवाहरूमा
मन भतभती पोलिरहेछ
पसिना खलखली आइरहेछ

(पृ.४६)

माथिका कवितांशमा कविले जर्मन युवती सबिनालाई सम्बोधन गर्दै विदेशमा रहेर हिउँ खोलिरहँदा पनि पोलिरहेको अनुभूतिलाई आत्मालापीय शैलीमा प्रस्तुत गरेका छन् । यसबाट कविको देशप्रेमको भाव पनि व्यक्त भएको छ । त्यस्तैगरी पेरिसको लुभ्र म्युजियममा पुग्दा लेखिएको 'मोनासिला' शीर्षकको कवितामा कविको द्वितीय पुरुष 'तिमी'प्रति सम्बोधित संवादात्मक कथनपद्धति प्रयोग भएको छ, जस्तैः

बेदना छन् ? सोधें मैले
बोलिनौ
खुशी छयौ ? सोधें मैले
बोलिनौ
एकोहोरो हेरिरहयौ

मेरो मुटुभित्र पस्यौ
मेरो कोषकोषमा घुस्यौ

(पृ.६०)

माथिका कविता-पङ्क्तिहरूमा मोनालिसाको तस्विर देखेपछि सम्मोहित भएका कविको मोनालिसाप्रतिको संवादात्मक प्रणयपरक अभिव्यक्ति प्रस्तुत भएको छ ।

यसरी हेर्दा कवि 'किशोर'को विवेच्य सङ्ग्रहका कवितामा प्रथम पुरुष 'म' पात्रको आत्मालापीय कथनपद्धतिका साथै द्वितीय पुरुष 'तिमी'प्रति सम्बोधित संवादात्मक कथनपद्धतिको प्रयोग भएको देखिन्छ ।

**च) विम्ब-प्रतीकविधान**

दामोदर पुडासैनी 'किशोर'को विवेच्य सङ्ग्रहका कवितामा विम्ब र प्रतीकहरूको प्रशस्त प्रयोग भएको छ । कविले यस सङ्ग्रहका कविताहरूमा विदेश-भ्रमणको क्रममा देखे-भोगेका अनुभूतिको यथार्थ चित्रण गर्न साथै त्यस सम्बन्धी आफ्ना निजी विचार र धारणा अभिव्यक्त गर्न विम्ब र प्रतीकको सहारा लिएका छन् । उनका विवेच्य सङ्ग्रहका कवितामा विभिन्न राष्ट्रिय र अन्तराष्ट्रिय वस्तु व्यक्ति, प्राणी, प्राकृतिक वस्तु आदि नै विम्ब र प्रतीक बनेर आएका छन् । उनका यी कवितामा प्रयोग भएका विम्बहरूको विवरणात्मक सूची नै प्रस्तुत गर्न सकिन्छ । यहाँ कपासका थुप्रा, बस्तीका मझेरी, मनको सिकुवा, फूलका मनहरू, उन्मुक्तिका केस्रा, आगोका फिलिङ्गा, उर्जाका कुवाहरू, इन्द्रधनुषी शहर, हिउँका पालुवा, पश्चातापका पहाड, एक जोडी जुरेली, क्रन्दनको बाढी, शीतलताको बिस्कुन, घामको चुम्बन-जस्ता अनेकौं विम्बहरूको प्रयोग गरिएको छ । यहाँका यी विम्बहरू प्रतीकात्मक रहेका छन् ।

दामोदर पुडासैनी 'किशोर'को विवेच्य सङ्ग्रहका कविताहरू प्रतीक प्रयोगका दृष्टिले निकै सशक्त रहेका छन् । राजनीतिक विषयमा लेखिएको 'परिवर्तन' शीर्षकको कविताका निम्न पङ्क्तिहरूलाई प्रतीक प्रयोगको उदाहरणका रूपमा लिन सकिन्छ

चराहरूले
बन्द कोठाभित्र पिँजडाबाट
कसरी निकालुन् नौला भाका
कोठा र पिँजडा
कुनबेला अनुदित हुने हुन् बमका छिर्कामा
ढाकरभर शङ्का बोकेर
पिँजडाका तारहरू
चुँडाल्न खोज्दैछन् चराहरू

(पृ.२)

यहाँ 'चराहरू' स्वतन्त्रताप्रेमी जनताका प्रतीकका रूपमा आएका छन् भने पिँजडाले तिनै स्वतन्त्रताप्रेमी जनताका बन्धनको प्रतीकात्मक अर्थ दिएका छन् । त्यस्तैगरी यहाँ 'नौला भाका' र 'ढाकर' पनि प्रतीकका रूपमा प्रयोग भएका छन् । त्यस्तै 'स्वतन्त्रताकी देवी' शीर्षकको कविताका निम्न पङ्क्तिहरूमा पनि प्रतीक प्रयोगको उदाहरण देखिन्छ

मेरो हताश र उदास मन
तिम्रो हातको चिराग बोकर फर्कन खोज्दैछ

(पृ. ५)

यहाँ प्रयोग भएको 'चिराग' स्वतन्त्रताको प्रतीक हो जसले कविभित्रको स्वतन्त्रताको चाहनालाई व्यक्त गरेको छ ।

समसामयिक विभिन्न परिवेश र वस्तुस्थितिलाई प्रतीकात्मक रूपले आफ्ना कवितामा प्रस्तुत गर्न सफल कवि 'किशारे'ले वर्तमान विश्व-परिवेशमा व्याप्त द्वन्द्वात्मक स्वरूपलाई 'वाटरलुको कुरुक्षेत्रबाट' शीर्षकको कविताका निम्न पङ्क्तिहरूमा प्रस्तुत गरेका छन् :

आकाशलाई बादलले होइन
धुँवाले छोपिरहेछ
उम्रँदैछन् जङ्गलमा
अस्थिपञ्जरका पहाड
गाडिएका छन्
धान र गहुँका पाँजाहरू गुजुल्टो पारेर
जमिनमा माडिएका छन्
जलेका छन् अन्नवालाहरू
बजिरहेछ सङ्गीत
ढाल, तरबार, बन्दूक र बमको
निः सहाय भएको छ कवच

(पृ. ४८)

यहाँ 'आकाश' ले विश्वलाई सङ्केत गरेको छ भने 'धूँवा' 'अस्थिपञ्जरका विरुवा' ले प्रतीकात्मक रूपमा युद्धको परिणामलाई बुझाएका छन् । त्यस्तै यहाँ धान, गहुँ, अन्नबाला, ढाल, तरबार, बन्दूक र

बमको सङ्गीतले पनि युद्धकै विभिन्न वातावरण चित्रण गरेका छन् । 'निःसहाय कवच' सुरक्षाकर्मीको कमजोरीपजनको प्रतीकका रूपमा आएको छ । त्यस्तै गरी प्रतीक प्रयोगको अर्को उदाहरणका रूपमा 'घाटा बसेको घाउ छामेर' शीर्षकको कविताका निम्न पङ्क्तिहरूलाई लिन सकिन्छ ।

साङ्लोमा बाँधिएर
टक्क रोकिएका थिए तिम्रा घोडाहरू
साङ्लो चुँडाल्ने नयाँ घोडाहरू
लड्दैछन् चौरमा (पृ. ८०)

यहाँ 'साङ्लो' बन्धनको प्रतीक हो भने 'घोडाहरू' त्यो बन्धनरूपी साङ्लो चुँडाउने बलका प्रतीकका रूपमा आएका छन् । त्यसैगरी विवेच्च सङ्ग्रहका कविताहरूमा 'शिखर', गान्धारी, सुतुरमुर्ग, तारा, जून, समुद्र, भ्याङ, फूल, कङ्क्रिट-जस्ता प्रतीकहरूको प्रयोग ठूलो सङ्ख्यामा भएको देखिन्छ ।

यसरी विदेश-भ्रमणका क्रममा आर्जन गरेका यात्रात्मक अनुभूतिलाई विम्ब र प्रतीकहरूका माध्यमबाट कवितात्मक स्वरूपमा प्रस्तुत गर्नु कवि 'किशोर'को विवेच्च सङ्ग्रहका कवितामा देखिने विम्ब प्रतीक प्रयोगगत विशेषता हो ।

**(छ) भाषाशैली**

दामोदर पुडासैनी 'किशोर'को यस चरणको विवेच्च अन्तिम कवितासङ्ग्रहका कविताहरूमा केही जटिल र नौला विदेशी भाषाका शब्दहरूको प्रयोग गरिएको छ तापनि तिनको अर्थ पादटिप्पणीमा दिइएको हुँदा अर्थबोधमा कुनै कठिनाइ सिर्जना भएको छैन । यहाँका कविताहरूमा मौलिक र आगन्तुक दुवै प्रकारका शब्दहरूको प्रयोग पाइन्छ । कवि 'किशोर'ले यस सङ्ग्रहका कविताहरूमा पालुवा, मृगतृष्णा, घुम्टो, उद्वेग भङ्गाला, कारागार जस्ता संस्कृत स्रोतका शब्दहरूको प्रयोग गरेका छन् । ट्वीनटावर इस्टरिभर, कङ्क्रिट, स्टेट, च्यानलजस्ता अनेक अङ्ग्रेजी आगन्तुक शब्दहरू पनि विवेच्च सङ्ग्रहका कविताहरूमा प्रयोग भएका छन् । त्यस्तै गरी चिराग, बहाना-जस्ता फारसी भाषाका, कहावत जस्तो हिन्दी भाषाका आगन्तुक शब्दहरूको प्रयोग यहाँ गरिएको छ । विवेच्य सङ्ग्रहका कविताहरूमा, लुसुलुसु, घुम्लुङ्ग, भुर्र, खुसुक्क, ग्वाम्लाङ्ग, च्वाप्प, ग्वार्लाम्म जस्ता अनुकरणात्मक शब्दहरूको प्रयोग पनि देखिन्छ ।

यसरी विभिन्न स्रोतका शब्दहरूको प्रयोग गरिएको भए पनि विवेच्च सङ्ग्रहका कवितामा मुख्यतः संस्कृत स्रोतका शब्दहरूको नै आधिक्य देखिन्छ । यसरी हेर्दा कवि 'किशोर' को विवेच्च सङ्ग्रहका कविताका शब्दहरूमा विविधता पाइन्छ साथै त्यो विविधताले जटिलता सिर्जना नगरोस् भनेर पादटिप्पणी प्रयोग गरिएको हुँदा कविता सम्प्रेष्य बन्न पुगेका छन् । यस सङ्ग्रहका कवितामा प्रयोग भएका पङ्क्तिहरू निकै लामा र निकै छोटा नभएर ठिक्कका रहेका छन् । यहाँ प्रयोग भएका वाक्यहरू सामान्य, आज्ञार्थक

साथै प्रश्नार्थक किसिमका पनि रहेका छन् । कवितामा प्रयोग भएका बिम्ब र प्रतीकको सहजताले कविताहरू सरल र सम्प्रेष्य बनेका छन् ।

यसरी दामोदर पुडासैनी 'किशोर'को विवेच्च सङ्ग्रहका कवितामा शब्दचयनगत विविधता हुनु, पङ्क्तिहरू लामा छोटा नभई ठिक्कका देखिनु, विभिन्न किसिमका वाक्यहरूको प्रयोग गरिएको भए पनि समष्टिमा कविताहरू जटिल र दुरुह नभई सरल, सहज र सम्प्रेष्य हुनु नै उनका कविताको भाषाशैलीगत विशिष्टता हो भन्न सकिन्छ ।

### ४.३.२.४. पत्रपत्रिकामा प्रकाशित द्वितीय चरणका फुटकर कविताहरूको विवेचना

दामोदर पुडासैनी 'किशोर'को साहित्यिकयात्राको यस द्वितीय चरणमा सङ्ग्रहभित्र नपरेका कविताहरू पाँच दर्जनभन्दा बढी प्रकाशित अवस्थामा छरिएर रहेका देखिन्छन्; जसको सूची ४.१.१.२ मा दिइएको छ । यहाँ ती प्रत्येक कविताको विवेचना सम्भव नभएकाले विधातत्त्वका आधारमा केही प्रतिनिधि कविताहरूको विवेचना गरिएको छ ।

**क) शीर्षकचयन**

'बाढीमा बगेको मन' शीर्षकको कविता प्राप्त तथ्यहरूका आधारमा हेर्दा यस चरणको प्रथम प्रकाशित फुटकर कविता हो । यहाँ कविले जीवनमा भोग्नुपर्ने विविध समस्यालाई बाढीका रूपमा लिई त्यही समस्यारूपी बाढीमा मन रूमल्लिएको जीवनको वास्तविकता उद्घाटन गरेका छन् । कविताको यही केन्द्रीय कथ्यको लाक्षणिक स्वरूपमा चयन गरिएको उक्त शीर्षक व्याकरणात्मक संरचनाका दृष्टिले पदावलीको स्तरमा संरचित रहेको छ ।

'चमेरो समय' शीर्षकको कविता पनि यस चरणको प्रारम्भमा नै रचना गरिएको हो । यहाँ कविले देशका विभिन्न निकायमा कार्यरत विकृति-विसङ्गतिपूर्ण चरित्रका कर्मचारीलाई चमेरोको संज्ञा दिंदै वर्तमान समयमा तिनकै हालीमुहाली रहेको यथार्थतालाई व्याङ्ग्यात्मक पाराले प्रस्तुत गरेका छन् । कविताको यही मूलभावसँग सम्बन्धित रहेको प्रस्तुत शीर्षक भावअनुसार सार्थक रहेको छ । यो पदावलीको स्तरमा संरचित रहेको छ ।

'खाते' शीर्षकको कवितामा सडक बालबालिकाहरूले भोग्नु परेको नियति र तिनीहरूप्रतिको अरू मान्छेको दृष्टिकोणलाई निकै सरल पाराले व्याङ्ग्यात्मक रूपमा प्रस्तुत गरिएको छ । यिनै सडकमा दुःख भोगिरहेका बालबालिकाहरूको जीवन भोगाइको नियतिलाई समेटेको प्रस्तुत कविताको शीर्षक अभिधार्थमानै सार्थक रहेको छ । व्याकरणात्मक दृष्टिले हेर्दा यसको संरचना पदको स्तरमा संरचित रहेको छ ।

'भर्खरै प्राप्त समाचार' शीर्षकको कवितामा मान्छेका चारित्रिक विकृति-विसङ्गति हिजोदेखि आजसम्म घट्नुको सट्टा बढिरहेछन् भन्ने मुख्य विषयलाई केन्द्रविन्दुमा राखिएको छ । भर्खरले वर्तमानलाई सङ्केत गरेको हुँदा वर्तमान समयमा पनि ती प्रवृत्तिहरूमा कुनै सुधार भएको छैन भन्ने गुनासो कवितामा व्यक्त भएको छ । पदावलीको स्तरमा संरचित प्रस्तुत शीर्षक भावानुकूल सार्थक रहेको छ ।

'अस्पतालको वार्डमा' शीर्षकको कविताले अभिधात्मक र लाक्षणिक अर्थलाई उत्तिकै सशक्तताका साथ प्रस्तुत गरेको छ । अस्पतालका विरामी र डाक्टरबीचको सम्बन्ध र अवस्थालाई देशका जनता र नेताको सम्बन्ध र अवस्थासँग तुलनात्मक रूपमा सम्बन्ध देखाइएको प्रस्तुत कविताको शीर्षकले भावसँग तादात्म्य राखेको हुँदा सार्थक सिद्ध भएको छ । व्याकरणिक संरचनाका दृष्टिले हेर्दा उक्त कविताको शीर्षक पदावलीको संरचनामा संरचित रहेको छ ।

'खचाखच बसमा यात्रा गर्दा' शीर्षकको कविताले हाम्रो समाजमा विद्यमान विभिन्न किसिमका विकृति-विसङ्गतिको पर्दाफास गरेको छ । बसको यात्रालाई जिन्दगीसँग र खचाखचलाई विकृतिसँग सम्बन्धित देखाई रचना गरिएको यस कविताको शीर्षकले मूलभावसँग व्यञ्जनात्मक रूपमा तादात्म्य कायम राखेको हुँदा यो शीर्षक औचित्यपूर्ण देखिन्छ ।

'कविता-गाउँमा पुग्दा' शीर्षकको कविताले सबैजसो युवा पुस्ताहरू विभिन्न अवसरको खोजीमा सहर पस्दै गएका र गाउँ दिनप्रतिदिन एक्लिँदै गएको यथार्थतालाई प्रस्तुत गर्नुका साथै सहरमा आएपछि गाउँले जीवनशैली र गाउँले परिवेशप्रति नै घृणा गर्ने प्रवृत्तिमाथि तीखो व्यङ्ग्य प्रहार गरेको छ । यही मूलभावसँग सम्बन्धित रहेको प्रस्तुत कविताको शीर्षकीय संरचना पदावलीको स्तरमा रहेको छ ।

'टिपेक्स र टिप्पणी' शीर्षकको कविताले सरकारी कार्यालयमा हुने गरेका अनैतिक कार्यहरूको उदाङ्गो चित्र प्रस्तुत गरेको छ । सरकारी कार्यालयमा हुने गरेका सोझा-सीधा कर्मचारीमाथिको अन्याय र साँचा विवरण सँच्चाइ झूटो र झूटो विवरण सँच्चाइ साँचो विवरणको रूपमा प्रस्तुत गर्ने गरिएको यथार्थतालाई यस कवितामा प्रस्तुत गरिएको छ । लक्ष्यार्थमा सार्थक रहेको प्रस्तुत कविताको शीर्षकीय संरचना पदावलीको स्तरमा संरचित रहेको छ ।

'कविता- अभियान' शीर्षकको कविताले कविको मोबाइलबाट साहित्य सम्प्रेषण गर्ने कार्यको झलकलाई प्रस्तुत गरेको छ । यही मोबाइलबाट साहित्य सम्प्रेषण गर्ने कार्यलाई अभियानको रूपमा लिइएको प्रस्तुत कविताको शीर्षक सार्थक रहेको छ ।

'मृत्युदण्डको शृङ्खला' शीर्षकको कविताले कुनै पनि मान्छेलाई दिइने मृत्युदण्डको घोर विरोध गरेको छ । कुनै समस्या समाधानका लागि दिइने यस्तो मृत्युदण्डले हजारौं समस्या उत्पन्न गर्दछ भन्दै

त्यस्तो दण्ड दने प्रथाको विरोध यस कवितामा गरिएको छ । कविताको यही मूलभावसँग सम्बन्धित रहेको प्रस्तुत शीर्षक भावानुकूल सार्थक रहेको छ ।

'बबरमहल' शीर्षकको कविताले सरकारी कार्यालय र त्यहाँका कर्मचारीमा व्याप्त विकृत चारित्रिक विशेषताको यथार्थ जानकारी दिएको छ । 'बबरमहल' शीर्षक नै सम्पूर्ण सरकारी कार्यालयको प्रतीकका रूपमा यहाँ उपस्थित भएको छ । कविताको मूलभावसँग तादात्म्य राख्न सफल प्रस्तुत शीर्षकको संरचना समस्त पदका स्तरमा रहेको छ ।

'जिन्दगीको हिसाब' शीर्षकको कविताले जन्म र मृत्युबीच सङ्घर्षरत जीवनको वास्तविकतालाई उद्घाटन गरेको छ । जीवन छ र त मुत्युको डर हुन्छ त्यस्तै मृत्यु भएकै कारण जीवनप्रति मोह हुन्छ भन्ने ध्रुव सत्यलाई प्रस्तुत गर्न सफल भएको उक्त कविताको शीर्षक औचित्यपूर्ण रहेको छ । यसको संरचना पदावली स्तरीय रहेको छ ।

'चरा' शीर्षकको कविताले कविभित्रको स्वतन्त्रताप्रतिको चाहनालाई प्रकट गरेको छ । चराहरूमा जस्तै एकता र समानता भएमा मानव-संसार स्वर्ग हुनसक्छ भन्दै मानवीय एकताको चाहना यहाँ व्यक्त भएको छ । स्वतन्त्रताको प्रतीकको रूपमा आएको 'चरा' शीर्षकले कविताको यही मुख्य भावसँग तादात्म्य राखेको हुँदा शीर्षक औचित्यपूर्ण देखिएको छ । व्याकरणात्मक संरचनाका दृष्टिले यो पदका स्तरमा संरचित रहेको छ ।

'लाज' शीर्षकको कविताले मान्छेले लाज ढाक्ने नाउँमा लगाउने कपडाहरूको विरोध गर्दै मान्छेको यथार्थता नग्नतामामात्र खुल्दछ भन्ने वास्तविकता प्रकट गरेको छ । मान्छेले जति-जति राम्रा र रङ्गीन वस्त्रहरू पहिरिन्छ त्यति-त्यति ऊभित्र खराबीहरू बढ्दै गइरहेका हुन्छन् भन्ने मुख्य भावसँग यो शीर्षक सम्बन्धित रहेको हुँदा शीर्षकीय सार्थकता सिद्ध भएको छ । यसको संरचना एकपदीय रहेको छ ।

'जोमसोम' शीर्षकको कवितामा कविभित्रको प्राकृतिक स्वच्छता र रमणीयताप्रतिको आकर्षण भेटिन्छ । जोमसोमको चित्र हेरेर तत्काल लेखिएको यो कवितामा त्यहींको प्राकृतिक सुन्दरताका साथै मानवीय सरलतालाई पनि प्रस्तुत गरिएको छ । अभिधार्थमा नै सशक्त रहेको यो कविताको शीर्षक-चयन सार्थक देखिन्छ ।

यसरी दामोदर पुडासैनी 'किशोर'का यस चरणका कविताका शीर्षक-चयनमा विविधता पाइन्छ । उनका यस चरणका प्रायः जसो कविताको शीर्षक -चयन कथ्यविषयकै आधारमा भावानुकूल रूपले भएको छ । उनका कविताका केही शीर्षकहरू लाक्षणिक र प्रतीकात्मक ढङ्गले सार्थक रहेका छन् । यी कविताका शीर्षकको आयाम तथा संरचनामा पनि विविधता देखिन्छ । कविताका शीर्षकहरू संरचनात्मक दृष्टिले पद र पदावलीका स्तरमा रहेका छन् । एकपदीय सङ्क्षिप्त शीर्षकदेखि चारपदसम्मका शीर्षक पनि

यस चरणका कवितामा रहेका छन् । एकपदीय संरचनामा रहेका शीर्षक 'खाते', विलय', 'शिशिर', 'चरा' 'लाज', 'चित्र', 'मृत्यु', हुन् भने सबैभन्दा लामो शीर्षक 'खचाखच बसमा यात्रा गर्दा' हो, । यसरी हेर्दा कवि 'किशोर'का यस चरणका कविताको शीर्षक-चयनमा मौलिकताका साथै विविधता पनि देखा पर्दछ ।

**ख) कथ्यविषयः भावविधान**

दामोदर पुडासैनी 'किशोर'का यस चरणका कविताले मुलुकमा भएको राजनीतिक परिवर्तनको सन्दर्भ प्रस्तुत गर्दै परिवर्तनपछि पनि जनताका समस्याहरू यथावत रहेको कथ्य प्रस्तुत गरेका छन् । यस चरणका कविताले सरकारी कार्यालय र त्यहाँ कार्यरत कर्मचारीहरूका विकृति र विसङ्गतिपूर्ण चरित्रको उद्घाटन गरेका छन् । यस चरणका कवितामा मुख्यगरी कविको जीवन-भोगाइको अनुभूति, सडक बालबालिकाको स्थिति, समाजमा रहेका यथास्थितिवादी सोच, देशका विभिन्न क्षेत्रमा देखिएका विकृति-विसङ्गति, साहित्य सम्प्रेषणको नयाँ परिपाटीजस्ता अनेक क्षेत्रहरूलाई समेटेर कथ्य विषयको रूपमा प्रस्तुत गरिएको छ ।

अस्थायी र स्थायी रूपमा लगभग तीन दशक समयावधिसम्म सरकारी कर्मचारी भएर देखे-भोगेका कर्मचारीतन्त्रमा व्याप्त चाकडी चाप्लुसीका व्यवहारलाई 'चमेरो समय' शीर्षकको कविताका पङ्क्तिहरूमा यसरी छर्लङ्ग पारेका छन्:

प्रशासनका चमेराहरू
कार्यकर्मीहरूको कार्यप्रति प्रश्नचिह्न थोपारेर
रातमै पाउर र पुहुन्की नल्याउने लहरलाई
देश बिगारको छाप लगाउँछन् ।

(गरिमा, १२: ८/१४० २०५१, पृ..६६)

यहाँ चमेरो प्रवृत्तिका प्रशासनिक निकायका कर्मचारीहरूले आफ्नो चाकरी-चाप्लुसी नगर्ने कर्मचारीहरूप्रति गर्ने अन्यायपूर्ण व्यवहारलाई देखाइएको छ । जीवन सङ्घर्षमय छ र सङ्घर्षसँग जुध्न नडराउनेको लागि नै जीवन रहस्यमय र आकर्षक पनि छ भन्ने मान्यतालाई आत्मसात गर्न सके अनेकौं प्रगतिका शिखर सजिलै चढ्न सकिन्छ भन्ने जीवनको आदर्शलाई 'नाघ्दै पहाडका शृङ्खलाहरू' शीर्षकको कविताका यी पङ्क्तिहरूले यसरी प्रस्तुत गरेका छन् -

भन्नेहरू भन्थे
पहाडमा उकालाहरू छन्
बाटाहरू छैनन् काँडा र झाडीहरू छन्
दाह्रा र नङ्ग्रा फिंजाउदै जाइलाग्छन् अनगिन्ती हिंस्रकहरू

मैले त पहाडमा
तिमी र तिमी जस्तै शीतल सिंयाल भेटे
क्षण-क्षणमा माया र मेहनतको जङ्गलभित्र
जिन्दगीको अमिट तिर्खा मेटें

(पुनर्जागरण, २६:४९ जेठ, २०६५, पृ. ६)

यसरी सङ्घर्ष गर्न सक्नु नै जीवनको विजय हो भन्ने मान्यता राखेका कविले जतिसुकै दुःख र सङ्घर्ष गरेर पनि सडकको सडकमै जीवन गुजारा गर्नुपर्ने कथित खाते सडक बालबालिकाहरूको यथार्थ स्थितिलाई 'खाते' शीर्षकको कवितामा यसरी प्रस्तुत गरेका छन् :

सडकभन्दा सुन्दर कुनै घर छैन
भोकभन्दा मिठो सपना अर्को हुँदै होइन
वर्णमालामा ख्वै के चाख्छन् विद्यालय जाने नानीहरू
एउटा पेट भर्नुपर्छ भन्ने कखरा जानिएको छ
अरू बुझ्नुको अर्थ छैन
कतै मिल्किएका होलान् बोरा र झुत्रा कपडाहरू
कतै उब्रिएर हुत्याइए होलान्
सडे गलेका भातहरू

(उपासना, पुस २०५०, पृ.२४)

माथिका कविता - पङ्क्तिहरूमा सडक बालबालिकाहरूले भोगिरहेको यथार्थ चित्र प्रस्तुत भएको छ । सडकलाई नै घर सम्झी सुन्दर भविष्यको सपना देख्नुभन्दा कसरी भोक मेट्न सकिन्छ भन्दै सडेगलेका खानेकुराका साथै बोरा र झुत्रा कपडाहरूमा लडिरहने ती बालबालिकाहरूको दुःखद स्थितिको यथार्थ चित्रण यहाँ गरिएको छ ।

जीवनप्रति सधैँ आशावादी हुनुपर्छ भन्दै अघि बढिरहेका कविको आशावादी स्वर 'बाढीमा बगेको मन' शीर्षकको कविताका यी पङ्क्तिहरूमा टड्कारो रूपमा प्रस्तुत भएको छः

मन नभत्केसम्म खेतमा भँड्खारो व्यूँते केही छैन
र केही छैन, बाटो, बाँध र टेकोका पदचापहरू
सिनित्त उडाएर लगेपनि
जीवन हो क्षणक्षणमा मनका रौंहरू पलाउँछन्
र बिलाउँछन् बिरौटोका घँघरुका काँडाहरू

(कविता, पूर्णाङ्क४६, साउन-भदौ २०५०, पृ.३१)

माथिका कविता-पङ्क्तिहरूले जीवनमा जतिसुकै समस्या, बाधा-व्यवधान आए पनि निराश हुनुहुँदैन, एकदिन अवश्य सफल भइन्छ भन्दै जीवनप्रतिको सकारात्मक दृष्टिकोणलाई प्रस्तुत गरेका छन् । यसरी जतिसुकै दुःखकष्ट सहेर पनि जीवनमा फूल फुलाउनु पर्छ भन्ने मान्यता लिएर अघि बढिरहेका कविलाई विश्व मानव समुदायमा बढ्दै गइरहेको युद्धआतङ्कको खबरले भने दुःखी तुल्याएको छ । समसामयिक विश्व परिवेशमा जतातत्तै व्याप्त सन्त्रस्त वातावरणको चित्रण 'भर्खरै प्राप्त समाचार' शीर्षकको कविताका पङ्क्तिहरूमा भेट्न सकिन्छ :

रगतले हिउँमा पालुवा छाड्दै छ चेचेनियामा
माटोले मान्छेको शरीरको मल पाएको छ  हाइटीमा
अलिकति रुवान्डा बनेर मान्छे काँपिरहेछ
अलिकति बोस्निया बनेर मान्छे बाँचिरहेछ

(गरिमा, १३:११/१५८ पृ..)

यहाँ 'रगतको पालुवा' 'मान्छेको शरीरको मल'जस्ता बिम्बहरू प्रयोग गरेर युद्धको वातावरण चित्रण गरिएको छ ।

सानोदेखि ठूलो जुनसुकै समस्याको समाधानका लागि सत्तामा बस्ने नेताहरूको चाप्लुसी गर्नुपर्ने हाम्रोजस्तो देशमा अब औषधि-उपचारकोलागि पनि उनीहरूकै चाकडी गर्नुपर्ने अवस्था सिर्जना भएको वास्तविकतालाई 'अस्पतालको वार्डमा' शीर्षकको कविताका पङ्क्तिहरूले यसरी खुलस्त पारेका छन्

अहिले अपच र बढी बोसोको मारमा परेको
सत्ताधारी बिरामीको वेडमा
गोलबन्द बनेका छन्
अस्पतालका सबै कर्मचारीहरू
त्यहाँ चाहिनेभन्दा बढी
जुटेको छ स्वाग र सुविधा
ठीक त्यसैबेला
पूर्वमा स्लाइन सकिएर
पश्चिममा रगत नपाएर
बीचतिर डाक्टर नै नभेटेर
सकिँदैछ जीवनको तेल

(मिर्मिरे, २५: ९/१३६, २०५४, पृ.९)

यहाँ एकातिर खानाले अजीर्ण भएका विरामीको उपचारमा खटिएका डाक्टरको लाम र अर्कोतिर उपयुक्त पोषणको अभावमा शरीरको पानी सिद्धिएर उपचारार्थ अस्पतालमा भर्ना भएका विरामीहरूप्रतिको डाक्टरको वेवास्तालाई निकै सटिक रूपमा चित्रण गरिएको छ ।

हाम्रो देशका विभिन्न क्षेत्रमा भएगरेका र हुनेगरेका विभिन्न विकृति-विसङ्गतिलाई जस्ताको तस्तै टपक्क टिपेर कवितात्मक स्वरूप प्रदान गर्न कवि 'किशोर' निकै खप्पिस देखिन्छन् । यस्तै विकृति-विसङ्गतिको एउटा उदाहरण 'खचाखच बसमा यात्रा गर्दा' शीर्षकको कवितामा यी पङ्क्तिहरूमा देख्न सकिन्छ :

एउटा भलाद्मीले टनकटनक दुखेको टाउको सुम्सुम्याँउदै
ख्वाक्क खोक्यो र कुर्सीमुनि पिच्च थुक्यो
र उठ्नेलाई आदेशात्मक स्वरमा बोल्यो
आफ्नै अन्तर कुन्तरबाट
र आफ्नै छेउछाउबाट
सबैले फोहर उडाउनुपर्छ
(जनमत, १६ः ११/१२, २०५६, पृ.३)

यहाँ मञ्चमा बसेर विकास, परिवर्तन र सुधारका पक्षमा ठूला-ठूला भाषण छाँट्ने र व्यवहारमा एक सिन्कापनि नभाँच्ने बरू उल्टै व्यवधान खडा गर्ने हाम्रो देशका नेताहरूको चरित्रमाथि व्यङ्ग्य प्रहार गरिएको छ । यस्तै गरी जीवनको विसङ्गतिलाई यसै कविताका निम्न पङ्क्तिहरूले स्पष्ट पारेका छन् :

जिन्दगीलेजस्तै
बसले पनि
यात्रा प्रारम्भ गरेको छ
कुनबेला कहाँ पुगेर रोकिन्छ, थाहा छैन
(जनमतः २०५६, पृ.३)

यहाँ जसरी गुडिरहेको बस कतिबेला कहाँ रोकिन्छ थाहा हुँदैन त्यस्तैगरी हाम्रो जीवन पनि कतिबेला कहाँ, कसरी समाप्त हुन्छ त्यसको कुनै टुङ्गो छैन भन्दै जीवनको क्षणिकतालाई सङ्केत गरिएको छ ।

विभिन्न अवसरहरूको खोजी गर्दै गाउँबाट सहर पसेका युवा-युवतीहरू आफ्नो गाउँ र गाउँलेपनालाई विर्सदै गइरहेको वर्तमान समयको यथार्थ स्थितिलाई 'कविता-गाउँमा पुग्दा' शीर्षकको कविताका यी पङ्क्तिहरूले छर्लङ्गसँग देखाएका छन्:

खुलेर कुरा गर्न सकेन गाउँले

सन्तान आफ्नैपनमा छ छैन
हिच्किचायो ठम्याउन
बिसाउनै नसक्ने बडेमाको भारी बोकेर
चिम्सा आँखा तिखार्दै
धुरुधुरु गाउँ रोइरह्यो रोइरह्यो

(शिवपुरी सन्देश, ११, पूर्णाङ्क ३१, २०६२, पृ.६)

सरकारी कर्मचारीका रूपमा लामो समयदेखि कार्यरत रहँदै आएका कवि 'किशोर'ले आफ्ना मुक्तकदेखि लिएर फुटकर कविता, कथा जुनसुकै साहित्यक विधामा पनि कर्मचारीतन्त्रमा व्याप्त घुसखोरी, भ्रष्टाचार, अनैतिकता, चाप्लुसीपनजस्ता अनेकौं विकृतिहरूको निकै सरल शैलीमा तीखो व्याङ्ग्यकासाथ उद्घाटन गर्दै आएका छन् । यस्तै प्रशासनिक निकायका कर्मचारीले गर्दै आएका अनैतिक कार्यलाई कविले 'टिपेक्स र टिप्पणी' शीर्षकको कवितामा यसरी प्रस्तुत गरेका छन्:

प्रशासनका चोरहरू
दिउँसो देख्दैनन् आँखा
घुमाउँदै घुमाउँदै अँध्यारोमा
लेख्छन् टिप्पणी
म्वाइँ खान्छन् टिप्पणी लेखिएका
आफ्ना कालो बहादुरीका अक्षरहरूलाई
अनायास अर्को टेन्डर पर्न आयो भने
.......................................................
रातारात हत्या गरिदिन्छन्
आफ्नै प्यारो टिप्पणीलाई
र घोषणा गर्छन् नयाँ निर्णयको

(पुनर्जागरण, असार २०६३, पृ.६)

यहाँ घुसखोरी गर्न पल्केका कर्मचारीहरूले व्यक्तिगत फाइदाका लागि साँचा विवरण सँच्चाएर भ्रूटा र भ्रूटा विवरण सँच्चाएर साँचा विवरण बनाउने जस्तो अनैतिक कार्य गर्ने गरेको यथार्थतालाई प्रस्तुत गरिएको छ । यस्तैगरी 'बबरमहल' शीर्षकको कविताका यी पङ्क्तिहरूमा पनि तिनै कर्मचारीका कामचोर प्रवृत्तिलाई यसरी देखाइएको छः

कामभन्दा हाजिरी प्यारो छ बबरमहललाई
हाजिरीमा दशपाँच जनाएपछि
बन्द व्यापारमा दौडिन्छ

खेती किसानीमा पौडिन्छ
बाउन्न पत्तीमा बाँडिन्छ
(बिसौनी, ३:२, २०६४, पृ.९)

स्वतन्त्रताको विषयलाई पनि कवितामा समेटेका कविले 'चरा' शीर्षकको कवितामा स्वतन्त्रताप्रतिको चाहना यसरी प्रस्तुत गरेका छन्:

म धर्ती छोडेर
तिमीजस्तै नीलो आकाशमा
रङ्गिन पखेटा फिंजाउँदै हिंड्न चाहन्छु
(नागार्जुन, ६: ३/१९, २०६४, पृ.६२)

यहाँ चराजस्तै आकाशमा उड्ने चाहना व्यक्त भएको हुँदा यसले कविभित्रको स्वतन्त्रताको चाहना सङ्केत गरेको छ ।

दामोदर पुडासैनी 'किशोर'का यस चरणका फुटकर कविताहरूले जीवन-भोगाइका अनुभूति, देशमा व्याप्त विभिन्न किसिमका विकृति-विसङ्गति, स्वतन्त्रताका चाहना, युद्धको चित्रण, साहित्य सम्प्रेषण गर्ने नयाँ तरिका, आशावादी जीवनदृष्टि, प्रेमप्रणय आदि क्षेत्रका विषयलाई कथ्यवस्तुको रूपमा लिएका छन् ।

**ग) संरचनाः बनोट**

दामोदर पुडासैनी 'किशोर'का यस चरणका फुटकर कविताहरू पनि गद्य लयमा नै लेखिएका छन् । उनका कुनै पनि कविताहरू परम्परागत शास्त्रीय छन्दमा आबद्ध छैनन् । यस चरणका कविताहरू अगाडिका अन्य कविताहरूझैं शीर्षकबद्ध रहेका छन् भने कविताको भावानुसार नै शीर्षक चयन भएको छ ।

कवि 'किशोर'का यस चरणका फुटकर कविताहरू पनि कुनै अनुच्छेदमा विभाजित छन् भने कुनै एउटै अनुच्छेदमा संरचित रहेका छन् । यसरी अनुच्छेद एउटै वा भिन्न-भिन्न भए पनि अनुच्छेदको सङ्ख्या र आकार भने एकनासको छैन । यस चरणका उनका कविताहरूमा अनुच्छेद - अनुच्छेदबीच अन्विति रहेको देखिन्छ । कविताका पङ्क्ति र अक्षरहरूको सङ्ख्या पनि एकैनासको र उत्तिकै छैन । यी कविताहरू एक अनुच्छेददेखि लिएर सात अनुच्छेदसम्मको संरचनामा बाँधिएका छन् । यस चरणको सबैभन्दा ठूलो र लामो कविता 'खचाखच बसमा यात्रा गर्दा' शीर्षकको कविता हो; जसमा ११५ पङ्क्ति र सात अनुच्छेद रहेका छन् ।

कवि 'किशोर'का यस चरणका कविताहरू पनि प्रगीतात्मक संरचनाभित्रको वृत्तात्मक ढाँचामा निर्मित छन् । कवितामा शब्द, पदावली, वाक्यांश आदि भाषिक एकाइहरूको पटक-पटकको पुनरावृत्ति उनका कविताहरूमा पाइने संरचनागत विशेषता हो । यी भाषिक एकाइहरूको पुनरावृत्तिले कवितामा सुरुदेखि अन्तिमसम्म मुख्यकथ्य अन्वितिसूत्रमा बाँधिन गई कथ्य र शीर्षकबीच तादात्म्य कायम हुन पुगेको छ ।

उनका यस चरणका कविताहरूमा पाइने लेख्य चिह्नहरूको उपयुक्तता, कविताको शीर्षक पङ्क्ति नै कविताका बीच-बीचमा कतै आंशिक र कतै पूर्ण रूपमा आवृत्त भएर आउनु र प्रायः जसो कविताहरू वृत्तात्मक ढाँचामा रहनु, एकदेखि लिएर सातसम्मको अनुच्छेद विभाजन पाइनु आदि उनका यस चरणका कविताहरूको संरचनात्मक विशेषता मान्न सकिन्छ ।

**घ) लयविधान**

दामोदर पुडासैनी 'किशोर'का यस दोस्रो चरणका फुटकर कविताहरू पनि गद्य अर्थात् मुक्त लयमा नै सिर्जना गरिएका छन् त्यसैले यस चरणका फुटकर कविताहरूमा पनि मुक्तलयकै प्रयोग भएको छ । बुद्धलयका कविताजस्तो यी कवितामा वर्णगत समानता नपाइने हुनाले कविताावाचकले आफ्नै पाराले लयको निर्माण गर्नुपर्दछ । यस चरणका कविताका आदि, मध्य र अन्त्यमा प्रयोग भएका अनुप्रासले नै कवितामा लयात्मकता प्रदान गरी श्रुतिमाधुर्यता बढाएको छ । कविताको प्रारम्भ भागमा एउटै पद दोहोरिएर आई कवितालाई लयात्मकता प्रदान गरेको उदाहरणका रूपमा 'खाते' शीर्षकको कविताका निम्न पङ्क्तिहरूलाई लिन सकिन्छ-

कहिले पसलका खानाहरूमा हात जोडेर
कहिले अर्काको खल्तीको पिंध फोरेर
कहिले अनाहकमा हामीलाई सोहोरेर
आकाश पुरै छेक्ने
सडकको एउटा छिद्रा पनि नदेख्ने
बटुकामा तातो-तातो भात खान मात्र होइन
जुँगामुठेको लात खान समेत
किन-किन हामीलाई अप्ठ्यारो लाग्छ?
(उपासना, २०५० पुस, पृ.२५)

माथिका कवितांशमा पहिलो, दोस्रो र तेस्रो पङ्क्तिका प्रारम्भ भागमा 'कहिले' भन्ने एउटै पदको पुनरावृत्ति भई आद्यानुप्रासको सिर्जना भएको छ भने तिनै पङ्क्तिहरूको अन्त्यमा 'जोरेर', 'फोरेर', 'सोहोरेर', जस्ता क्रियापदहरूको आवृतिबाट अन्त्यानुप्रासको सिर्जना हुन गई कवितालाई लयात्मक

बनाएको छ । छैटौं र सातौं पङ्क्तिका बीचमा आएका 'भात खान' र 'लात खान'जस्ता भाषिक एकाइको प्रयोगले कवितामा मध्यानुप्रासको सिर्जना हुनुका साथै अतिरिक्त लयात्मक सौन्दर्य पनि बढेको छ । त्यस्तै 'तातो-तातो' र 'किन-किन' -जस्ता द्वित्व भएर आएका शब्दहरूले पनि कवितामा लय सिर्जना गर्न मद्दत गरेका छन् ।

कवि 'किशोर'का यस चरणका  फुटकर कवितामा लयात्मकता प्रदान गर्न अनुप्रासका विभिन्न स्वरूपले महत्त्वपूर्ण भूमिका खेलेको देखिन्छ । त्यस्तै अन्तर अनुप्रासको राम्रो उदाहरणको रूपमा 'कविता-गाउँमा पुग्दा' शीर्षकको कविताका निम्न पङ्क्तिहरूलाई लिन सकिन्छ :

गाउँ अलिकति दिल बेच्न
दोहा पुगिसकेछ
गाउँ अलिकति मन माभ्न
मलेशिया पुगिसकेछ
(शिवपुरी सन्देश, वर्ष ११, पूर्णाङ्क ३१, २०६२ फागुन, पृ.७)

उपर्युक्त कवितांशका दोस्रो र चौथो पङ्क्तिका अन्त्यमा प्रयोग भएका 'पुगिसकेछ' भन्ने भूतकालको अज्ञातपक्षलाई बुझाउने क्रियापदको प्रयोगबाट अन्तर अनुप्रासको सिर्जना हुन गई कविता लयात्मक बनेको छ । त्यस्तैगरी पहिलो र तेस्रो पङ्क्तिका आदि भागमा प्रयोग भएको 'गाउँ अलिकति' भन्ने पदावलीको प्रयोगबाट आद्यानुप्रासको सिर्जना भएको छ । यस्तै पङ्क्तिका बीचमा रहेको एक वर्णबाहेक सम्पूर्ण पङ्क्ति नै पुनरावृत्ति भई कवितामा लयसिर्जना भएको स्थिति 'सरकारी गाडी' शीर्षकको कविताका निम्न पङ्क्तिहरूमा देख्न सकिन्छ:

हजुरले पनि सरकारी गाडी
चढ्न अघि
मजासँग फकाउनु भयो हामीलाई
चढेपछि
मजासँग छकाउनु भयो हामीलाई
(पुनर्जागरण, २०६४, असार पृ.६)

यहाँ तेस्रो र पाँचौ पङ्क्तिका बीचमा प्रयोग भएको 'फ' र 'छ' वर्णबाहेक सम्पूर्ण पङ्क्ति नै पुनरावृत्ति भएर आएको हुँदा कविता लयात्मक हुन पुगेको छ । कवि 'किशोर'का कवितामा पङ्क्तिका आदि, मध्य र अन्त्य जुनसुकै ठाउँमा पनि शब्दहरूको, पदावलीहरूको आवृत्ति भई कविता लयबद्ध भएको देखिन्छ । त्यस्तै अर्को उदाहरणका रूपमा 'चमेरो समय' शीर्षकको कविताका निम्न उद्धरणहरूलाई प्रस्तुत गर्न सकिन्छ :

तराइदेखि हिमालसम्म फैलिएको
एउटा सुरम्य वृक्षमा
कैयौंले अफ्न राम्रो चारा भेटाउनु पर्थ्यो
कैयौंले अफ्न सुन्दर गुँड बनाउनुपर्थ्यो
कैयौंले मौसम अनुसारको भुल्ला फेर्न पाउनु पर्थ्यो
(गरिमा १२:८/१४०, २०५१ श्रावण, पृ.६७)

यहाँ तेस्रो, चौथो र पाँचौं पङ्क्तिका प्रारम्भ भागमा 'कैयौले' भन्ने पदावलीको पुनरावृत्ति भएको छ भने तिनै पङ्क्तिको अन्त्यमा प्रयोग भएका 'भेट्टाउनुपर्थ्यो, बनाउनुपर्थ्यो', र 'पाउनुपर्थ्यो' जस्ता क्रियापदहरूको प्रयोगबाट अन्त्यानुप्रासको सिर्जना भई कवितामा लयात्मक सौन्दर्य बढ्न गएको छ ।

दामोदर पुडासैनी 'किशोर'का कतिपय कविताभित्र एउटै पद वा पदावलीको अनेकौं पटकको आवृत्तिले पनि कवितामा अतिरिक्त लयात्मक सौन्दर्य बढाएको छ । यसको उदाहरणका रूपमा 'चमेरो समय' शीर्षकको कविताभित्र 'चमेरो' भन्ने पदको १९ पटक पुनरावृत्ति भएको छ भने 'टिपेक्स र टिप्पणी' शीर्षकको कवितामा पूरै शीर्षक नै ८ पटक पुनरावृत्त भई आएको छ । यस्तै 'बबरमहल' र 'जङ्गल' शीर्षकको कवितामा पूरै शीर्षककोनै क्रमशः १२ र ११ पटकसम्मको पुनरावृत्ति भेट्न सकिन्छ ।

यसरी दामोदर पुडासैनी 'किशोर'का यस चरणका फुटकर कवितामा पद, पदावली, वाक्यांशका साथै पूर्ण शीर्षकनै कविताका पङ्क्तिहरूमा पुनरावृत्त भई प्रयोग भएको देखिन्छ । त्यस्तैगरी लेख्यचिह्नहरूको उपयुक्तताले पनि कवितामा लय सिर्जना गर्न मद्दत पुऱ्याएको छ ।

सङ्क्षेपमा भन्नुपर्दा कवितालाई लयात्मक बनाउन गरिएको अनुप्रासका विभिन्न स्वरूपको उपयुक्त संयोजन नै कवि 'किशोर'का यस चरणका फुटकर कविताको लयविधानगत विशेषता हो भन्न सकिन्छ ।

**ङ) कथनपद्धति**

दामोदर पुडासैनी 'किशोर'ले यस चरणका फुटकर कविताहरूमा पनि अगाडिका अन्य कविताहरूमाजस्तै आत्मालापीय कथनपद्धतिका साथै कहीं कहीं द्वितीय पुरुष तिमीप्रति सम्बोधित अभिव्यक्तिलाई प्रस्तुत गरेका छन् । यसरी जस्तोसुकै किसिमको कथनपद्धति अँगाले पनि उनले कवितामा आफ्ना विचार अनुभूतिलाई सीधा रूपमा भन्दा पनि साङ्केतिक, लाक्षणिक र व्यञ्जनात्मक शैलीमा प्रस्तुत गरेका छन् । यसै अनुसार कविले आफ्नी प्रेमिकासँग भेट हुँदाको अनुभूतिलाई 'समाहित' शीर्षकको कवितामा प्रथम पुरुष आत्मालापीय कथनपद्धतिको प्रयोग गरी यसरी प्रस्तुत गरेका छन्:

एक आपसमा पुरै पोखिएपछि

भेटिए नयाँ - नयाँ प्रदेश
माया र सिर्जनाका
हाम्री दुवै बाफ बनेर बर्सियौं
रबाफ बनेर चम्कियौं
(वनिता, वर्षा ९ पूर्णाङ्क २५, २०६४ बैशाख-असार पृ.१४)

सहरिया सन्त्रस्त वातावरणबाट थाकेका कविले जोमसोमको प्राकृतिक दृश्य देखेपछिको अनुभूतिलाई 'जोमसोम' शीर्षकको कविताका निम्न पङ्क्तिहरूमा प्रथम पुरुष 'म' पात्रको 'तिमी'प्रतिको सम्बोधित कथनपद्धतिमा प्रस्तुत गरेका छन्:

तिम्रो चित्रमा
मैले कतै देखिन रगत
न कतै देखें
बम र बारुदका छिटाहरू
म थाकिसकेको छु
मान्छेका मानवहीन व्यवहारबाट
र मान्छेका कलुषित बस्तीहरूबाट
(रचना, वर्ष ४७, पूर्णाङ्क ९६, २०६४ फागुन-चैत, पृ.२९)

यहाँ कविको ग्रामीण परिवेश, प्राकृतिक सुन्दरता  सरलतातर्फको मोहलाई आत्मालापीय शैलीमा प्रस्तुत गरिएको छ । त्यस्तै आफ्नी प्रेयसीसँगको पहिलो पटकको भेटमा भएको अनुभूतिलाई आत्मालापीय कथनपद्धतिको प्रयोग गरी 'विलय' शीर्षकको कविताका पङ्क्तिहरूमा यसरी प्रस्तुत गरेका छन्:

कोर्रा हानेको फूल
क्षतविक्षत भएजस्तै
सुगन्ध र हरियालीले सुसज्जित पहाड
कम्पनले कामेजस्तै
शुभ्र शान्त हिमालको भित्रबाट
ज्वालामुखी ओकल्न लागेजस्तै
गहिरा आँखाहरूलाई
आत्मीयताको खोजमा दौडाएर
नौलो गोरेटो खन्ने प्रस्तावका साथ
फैलिएका थिए त्यस दिन
परिचयका हातहरू

(नाद-विन्दु, वर्ष ७, पूर्णाङ्क ७, २०६२, पृ.१०)

यहाँ कविले विभिन्न विम्ब-प्रतीक र अलङ्कारको प्रयोग गरी आफ्नो प्रेमप्रस्तावको क्षणको स्मरण आत्मालापीय कथनपद्धतिको प्रयोगमा गरेका छन् ।

निम्न र मध्यमवर्गीय पहुँच पुऱ्याउन नसक्नेहरूले सरकारी सेवामा प्रबेश नपाएको र तिनका समस्याहरूप्रति सरकारले देखाएको बेवास्तालाई कविले व्यङ्ग्यात्मक रूपमा 'सरकारी गाडी' शीर्षकको कवितामा यसरी प्रस्तुत गरेका छन्:

सरकारी गाडीले
कहाँ बोकेको छ र आजसम्म
नाङ्गो आँग र आधा पेटमा पहरा फेर्ने
गाउँलेहरूलाई
कहाँ गनेको छ र
महँगीको धूलो धूवाँमा
जाकिइरहने शहरियाहरूलाई
(पुनर्जागरण, २०६४ असार, पृ.६)

यहाँ जनताका समस्याहरूप्रति बेवास्ता गर्ने सरकार र सरकारी निकायप्रतिको असन्तुष्टिलाई व्यङ्ग्यात्मक रूपमा आत्मालापीय कथनपद्धतिको प्रयोग गरी प्रस्तुत गरिएको छ ।

यसरी हेर्दा कवि 'किशोर'का यस चरणमा प्रायः सबैजसो कवितामा 'म' पात्रको प्रथम पुरुष आत्मालापीय कथनपद्धतिका साथै द्वितीय पुरुष तिमीप्रति सम्बोधित कथनपद्धतिको प्रयोग भएको देखिन्छ ।

**च) विम्ब-प्रतीकविधान**

जन-जीवन, प्राकृतिक परिवेश, पशुपंक्षी आदिलाई विम्ब र प्रतीकको रूपमा लिएर समसामयिक समयलाई टपक्क टिपी यथार्थको सक्रिय प्रतिविम्ब उतार्न सक्नु कवि दामोदर पुडासैनी 'किशोर'को विम्ब-प्रतीकविधानगत विशेषता हो । उनले यस चरणका फुटकर कवितामा पनि विम्ब र प्रतीकको अधिकतम प्रयोग गरेका छन् । गाउँबाट युवा पुस्ताहरू सहर पस्दै गएका कारण गाउँमा सिर्जना हराएको र गाउँ नै शून्य हुँदै गएको समसामयिक परिस्थितिलाई 'कविले कविता-गाउँमा पुग्दा' शीर्षकको कविताका पङ्क्तिहरूमा प्रतीकात्मक रूपले यसरी प्रस्तुत गरेका छन् :

सिर्जनाको ढिकी र मुसललाई

चपाइरहेथे अल्छी धमिराहरूले
मन कोरल्ने जुवा, हतासो र हलो
कुहाएर फालिएको थियो ढलेको खोल्मामा
दिउल कोरल्ने लोहोरो र सिलौटो
ठेस लाग्नेगरी लडेका थिए चौबाटोमा
आस्था समेट्ने गाग्रो, आरी र धुपौरोहरू
कुल्चाइ सहन नसकेर
मिल्दै थिए माटोमा
(शिवपरी सन्देश, वर्ष ११, पूर्णाङ्क ३१, २०६२ फागुन, पृ.६)

यहाँ 'सिर्जनाको ढिकी' र 'मुसल'जस्ता विम्बका साथै 'धमिराहरू', 'जुवा', 'हतासो', 'हलो', 'लोहोरो', 'सिलौटो' , 'गाग्रो', 'आरी', 'धुपौरो'जस्ता प्रतीकहरूको प्रयोग गरेर ग्रामीण परिवेशको चित्रण गरिएको छ । त्यस्तै गरी हाम्रो देशका नेता र शासनसत्ताको अवस्थालाई 'चमेरो समय' शीर्षकको कविताका यी पङ्क्तिहरूले स्पष्ट्याएका छन् :

चमेराहरू फैलिएका छन् वृक्षमा
वृक्ष आफैं टाकि सँदै र सुक्दै
ग्वार्लाम्मै ढल्ने अवस्थामा पुगिसकेको छ
(गरिमा १२:८/१४०, २०५१ श्रावण,पृ.६७)

यहाँ 'चमेरो' नेता वा शासकका प्रतीकका रूपमा आएको छ भने 'वृक्ष'ले बिग्रँदै गएको शासनसत्तालाई बुझाएको छ ।

हाम्रो समाजमा भइरहेका, देखिरहेका र भोगिरहेका विकृति-विसङ्गतिपूर्ण यथार्थ स्थितिको उद्घाटन 'खचाखच बसमा यात्रा गर्दा' शीर्षकको कविताका निम्न पङ्क्तिहरूमा भएको छः

बसभित्र
कुकुरहरू र बाँदरहरूको पनि लहर छ
खसी र बोकाहरूको पनि रहर छ
सयपत्री र जयन्ती फूलहरू च्यापिदै झुलेका छन्
बसको बलो र बल्यासीहरूमा
कुनबेला तानिन्छन् बोकाहरूबाट ती फूलहरू
कुनबेला टाँसिन्छन् र खसीहरूमा ती फूलहरू
बसको सानो घटनाले

खोइ कहाँ -कहाँ गएर
थिचिन्छन् च्यातिन्छन् वा
सँगै पाइला साट्ने कसम कोरल्छन्
कुकुर बाँदर र बोकाहरूबाट ती फूलहरू
(जनमत १६ः ११/१२ पृ.३)

उपर्युक्त कवितांशमा 'बस' जीवनको प्रतीकको रूपमा आएको छ । त्यस्तै 'कुकुर', 'बाँदर', 'खसी', 'बोका' आदि विकृत चारित्रिक विशेषताका पुरुषहरूका प्रतीकका रूपमा आएका छन् भने 'सयपत्री' र 'जयन्ती' फूलले प्रतीकात्मक रूपमा नारीलाई सङ्केत गरेका छन् । त्यस्तैगरी यहाँ 'बलो', 'बल्यासी', 'तानिनु', 'टाँसिनु', 'थिचिनु', 'च्यातिनु', 'सँगै पाइला साट्नु' 'कसम कोरल्नु'ले पनि प्रतीकात्मक रूपमा मानवीय संवेदनाका विभिन्न अवस्थाहरूलाई सङ्केत गरेका छन् ।

यसरी दामोदर पुडासैनी 'किशोर'ले यस चरणका फुटकर कविताहरूमा विम्ब र प्रतीकहरूको प्रयोग अत्यधिक रूपमा नै गरेका छन् । उनले यस चरणका कवितामा प्रयोग गरेका प्रतीकहरूको लामो विवरण नै दिन सकिन्छ । यहाँका प्रतीकहरू मूलतः नेपाली समाज, पशुपंक्षी, प्रकृति, व्यक्ति आदिबाट लिइएका छन् । 'बाघ', 'फूल' 'झाडी', 'चरा', 'माहुरी', 'मृग', 'परेवा', 'चालक', 'गाडी', 'बेली', 'चमेली', 'अशोक', 'आलुवखडा', 'चमेरो', 'बाज', 'भालु', 'झिङ्गा', 'जङ्गल', 'बुख्याचा', 'बख्खु', 'दोचा', आदि अनेक शब्दहरू कवितामा प्रतीकका रूपमा प्रयोग भएका छन् ।

त्यस्तैगरी 'इन्द्रधनुषी अनुहार', 'आलश्यका काँचुली', 'दुःखका खोरिया', 'भ्रान्तिको बिस्कुन' 'मायाको बकुल्ला', 'मनका मझेरी', 'वर्चस्वको बिस्कुन', 'जीवनको धरहरा', 'मनका साँध, 'मनको कुची', 'सङ्घर्षका पन्जा', 'बारुदका छिटा', 'अस्थिपन्जरका हतियार', 'भ्रमको तुवाँलो', 'मृत्युको पञ्जा', 'सत्यताका शृङ्खला', 'युगका पखेटा', 'हाँडीको साइनबोर्ड', 'पहाडका तरेली'जस्ता अनेकौं विम्बहरू कवितामा प्रयोग भएका छन् । यहाँ प्रयोग भएका सबैजसो विम्बहरू सरल र सहज रहेका छन् ।

यसरी हेर्दा दामोदर पुडासैनी 'किशोर'का यस चरणका फुटकर कवितामा विम्ब-प्रतीकहरूको सघन प्रयोग भेटिन्छ । सरलता र सहजताभित्र पनि गहन भाववाहक विम्ब र प्रतीकको चयन गर्न सक्नु कवि 'किशोर'को विम्ब-प्रतीक प्रयोगको विशेषता हो ।

**छ) भाषाशैली**

दामोदर पुडासैनी 'किशोर'को कविता रचनाको आफ्नै शैली छ । मौलिक शैलीद्वारा उनी आफ्ना गहन विचार पाठकहरूसामु सम्प्रेषण गर्न चाहन्छन् साथै उनका यस चरणका सम्पूर्ण फुटकर कविताहरू सम्प्रेष्य रहेका छन् । भाषिक दृष्टिले हेर्दा उनका यस चरणमा पत्र-पत्रिकाहरूमा प्रकाशित फुटकर

कविताहरूमा मौलिक र आगन्तुक दुवै किसिमका शब्दहरूको प्रयोग भएको पाइन्छ । उनले यस चरणका विवेच्य फुटकर कविताहरूमा शुभ्र, विज्ञापन, खलियो, पर्यावरण, जवनिकाजस्ता संस्कृत स्रोतका शब्दहरूको प्रयोग गरेका छन् । त्यस्तैगरी उनले जमात, अमिन, सलाम, दर्जा-जस्ता अरबी आगन्तुक शब्दहरूको प्रयोग गरेका छन् । फारसी भाषाबाट नेपाली भाषामा आएका पजनी, नमाजजस्ता शब्दहरू र अङ्ग्रेजी भाषाका रेडियो, टि.भि. ग्यारेण्टी, इष्टकोट, क्यामेराजस्ता शब्दहरू पनि कवितामा प्रयोग भएका छन् । यसका अतिरिक्त कान्ला, पँधेरो, कुलो, आली, इत्ला, दिउरो, डोका, गुन्द्री-जस्ता ठेट नेपाली शब्दहरू पनि कवितामा प्रयोग भएका छन् । यस चरणका कवितामा पनि अन्य कविताहरूमा जस्तै छमछम, ख्वाक्क, पिच्च, स्याँइस्याइँ, टुकुटुकु, ग्वार्लाम्म, छ्याङछ्याङ्ती, धुरुधुरु, झमझम, फुत्रुक्क जस्ता अनुकरणात्मक शब्दहरूका साथै क्षणक्षणमा, पलपल, सँग्लिदै-सँग्लिदै, अङ्ग-अङ्ग पातपात, हाँगाहाँगा, अँजुली-अँजुली, आ-आफ्नो, एकाएक जस्ता द्वित्व भएका शब्दहरूको प्रयोग पनि पाइन्छ ।

यसरी विभिन्न स्रोतका शब्दहरूको प्रयोग भए पनि यस चरणका फुटकर कविता बोधगम्यताका दृष्टिले सरल सम्प्रेष्य रहेका छन् । यस चरणका विवेच्य फुटकर कवितामा निकै छोटादेखि निकै लामा पङ्क्तिहरूको प्रयोग पनि भेटिन्छ । कवि 'किशोर'ले यस चरणका कवितामा मुख्यतः वर्णनात्मक शैलीको प्रयोग गरेका छन् । यिनका कवितामा भएको विम्ब-प्रतीकको सहज प्रयोगले कविता सरल र सम्प्रेषणीय बनेका छन् ।

यसरी शब्द-प्रयोगमा विविधता, सरल, सहज शब्दहरूको प्रयोग, कविताका अनुच्छेदभित्र शब्द, पदावली, वाक्यांश आदि भाषिक एकाइ पुनरावृत भई आउनु, वर्णनात्मक शैलीको प्रयोग गर्नु कवि 'किशोर'को यस चरणका फुटकर कविताको भाषाशैलीगत विशेषता हो ।

### ४.३.२.५ पत्रपत्रिकामा प्रकाशित द्वितीय चरणका फुटकर गजलहरूको विवेचना

दामोदर पुडासैनी 'किशोर'ले आफ्नो साहित्य-यात्राको प्रथम चरणमा कुनै गजल सिर्जना नगरे पनि यस द्वितीय चरणमा कविताका अन्य उपविधामा जस्तै गजल लेखनमा पनि आफ्नो लेखनीलाई सक्रिय तुल्याएका छन् । वर्तमान नेपाली साहित्यमा निकै लोकप्रिय विधाका रूपमा गजलले आफ्नो स्थान जमाइसकेको छ । यसरी निरन्तर रूपमा मौलाउँदै अघि बढिरहेको गजललेखन परम्पराभित्र रही गजलकार पुडासैनीले पनि गजल लेखनकार्य अघि बढाइरहेका छन् । फुटकर गजलकारकै रूपमा परिचित पुडासैनीको हालसम्म गजलहरू सङ्कलित कुनै पनि पुस्तकाकार कृति प्रकाशित हुन सकेको छैन । यद्यपि **गजलसङ्ग्रह१** प्रकाशोन्मुख अवस्थामा रहेको जानकारी शोधनायकबाट प्राप्त भएको छ ।

तीन दशकभन्दा लामो समयसम्म निरन्तर रूपमा साहित्य साधनामा लागिरहेका पुडासैनीको गजल लेखनको प्रारम्भविन्दु यही नै भनेर ठम्याउन नसकिए पनि उनका प्रकाशित गजलहरूलाई प्राप्त

तथ्यका आधारमा हेर्दा साठीको दशकदेखि गजल लेखन प्रारम्भ गरेको देखिन्छ यद्यपि यसलाई किटानसाथ भन्न सकिदैन ।

पुडासैनीका गजलहरू 'हाम्रो मझेरी', 'पुष्पाञ्जलि', 'आगमन', 'प्रहरी', 'गुराँस', 'कैलाश', **गजलदीप, गजलयात्रा** आदि पत्रपत्रिकाहरू र गजलसङ्ग्रहहरूमा प्रकाशित भएका छन् । उनका गजलहरूले समसामयिक राजनीतिक, सामाजिक क्षेत्रमा भएका विभिन्न विकृति-विसङ्गतिका साथै प्रणय चेतनालाई पनि विषयवस्तुका रूपमा समेटेका छन् ।

यहाँ दामोदर पुडासैनी 'किशोर'का यस चरणमा प्रकाशित गजलहरूको सङ्क्षिप्त अध्ययन समष्टिमा गरिएको छ ।

गजल पनि कविताको एक उपविधा भएको हुँदा गजलमा पनि कविताकाजस्तै तत्त्वहरूको आवश्यकता हुन्छ । गजल गेयात्मक विधा भएको हुँदा यसमा लय वा सङ्गीततत्त्वको प्रधानता रहेको हुन्छ । जुनसुकै विधागत सिर्जनाको लागि पनि मुख्य रूपले त्यसको कथ्यविषय वा भावविधानको आवश्यकता पर्दछ । दामोदर पुडासैनी 'किशोर'ले आफ्ना गजलहरूमा सामाजिक, राजनीतिक क्षेत्रका विकृति-विसङ्गतिका साथै प्रणयपरक विषयलाई प्रस्तुत गरेका छन् । देशमा राजनीति गर्ने नेता र तिनले गर्ने गरेका यथार्थ क्रियाकलापलाई गजलकार 'किशोर'ले आफ्ना गजलका सेरहरूमा यसरी सङ्केत गरेका छन्-

आलो घाउ नसुक्दैमा काटाकाट बढ्न थाल्यो
आमा बेच्न खोज्नेबीच चाटाचाट बढ्न थाल्यो
एकैपाटो टुक्र्याएर सुर्का-सुर्का पार्ने कति
पराइको इसारामा यातायात चल्न थाल्यो

(अन्नपूर्ण पोष्ट, २०६४, जेठ २६, पृ. ७)

उपर्युक्त गजलका सेरहरूमा नेताहरूले गरेका विकृतिपूर्ण कार्य वा व्यवहारको प्रस्तुति गरिएको छ । युद्ध गर्न तम्सिइरहने र आफ्नो स्वार्थको लागि स्वदेशको अस्मितामाथि नै प्रश्न लगाउन पछि नपर्ने हाम्रा नेताहरूका व्यवहारलाई यहाँ प्रस्तुत गरिएको छ ।

देशप्रेमलाई आफ्ना सबैजसो रचनामा समेटेका 'किशोर'ले आफ्ना गजलहरूमा पनि देशप्रतिको चासो व्यक्त गर्दै देश टुक्र्याउन खोज्ने र आपसी फुट पैदा गर्नेहरूप्रति यसरी प्रश्न गरेका छन्-

घर आँगन मन टुक्रे मान्छे सिङ्गो बच्छ कहाँ
मेचीकाली आगो खन्याइ आँफू बच्न खोज्यौ किन
पल्लोघर वल्लो घर कालो गोरो बाँध्ने खेल

जाति, रंग र ठाउँ भनि सुन्दर मान्छे खोप्यौ किन

(गजलयात्रा गजलसङ्ग्रह, २०६४ पृ. ५)

यहाँ गजलकार 'किशोर'ले घर-परिवारमा फूट पैदा गरी विभिन्न वाहानामा युद्धको वातावरण सिर्जना गर्ने नेताहरूका क्रियाकलापलाई प्रश्नात्मक शैलीमा प्रस्तुत गरेका छन् ।

प्रेम नै सिर्जनाको ढोका हो । प्रेम बिना मानव जीवन अघि बढ्न सक्दैन । प्रेमले चिसोमा तातो, अँध्यारोमा उज्यालोको सिर्जना गर्छ भन्दै 'किशोर'ले आफ्ना गजलका सेर यसरी अघि बढएका छन्-

ठण्डीको हुस्सु पनि हाम्रो भेटमा तातो भयो
एकान्त अँध्यारोमा मुहार अझै रातो भयो
शब्द शान्त बन्दै थिए इशारा नै काफी थियो
मन मुटु साटिएर जिन्दगीको गातो भयो
मनभरी मन भेटे फिका हुनेरैछन् अरू
सबै नाता टाढा-टाढा गाढा यौटै नातो भयो

(पुष्पाञ्जलि, वर्ष ४ पूर्णाङ्क १५, पृ. १)

यहाँ गजलकार 'किशोर'ले आफ्नी प्रेमिकासँगको गहिरो प्रेम अनुभूतिलाई प्रस्तुत गरेका छन् ।

यसरी हामीले नै देखेभोगेका र हाम्रै वरिपरि छरिएर रहेका विषयवस्तुलाई गजलकार 'किशोर'ले आफ्ना गजलका सेरहरूमा समेटेका छन् ।

गजलको पनि आफ्नै संरचना हुन्छ । संरचनाले गजलको बनोटलाई बुझाउँछ । गजलको संरचना सेर, मिसरा, रदिफ, कफिया, मतला, मक्ता, तखल्लुस आदिको संयोजनबाट सुगठित भएको हुन्छ । संरचनाका दृष्टिले हेर्दा दामोदर पुडासैनी 'किशोर'का गजलहरूले गजलको सैद्धान्तिक मान्यतालाई पालना गरेको देखिन्छ । यिनका सम्पूर्ण गजलहरू ५ सेरको संरचनामा आबद्ध भेटिन्छन् । उनका गजलहरूमा काफिया र रदिफको संयोजन निकै राम्रो देखिन्छ । यसको उदाहरणका रूपमा उनको एउटा गजलका दुई सेरलाई यहाँ प्रस्तुत गरिएको छ-

मीठा कुरा गर्नेका षड्यन्त्रका बजार छन्
मेरो उचाईमाथि प्वाल पार्ने हजार छन्
जमिन जोत्न खोज्दैछु रोक्न खोज्ने कति कति
जाली, फटाहा र धूर्त सधैं घोड सवार छन्

(आगमनः १:३, २०६३, पृ. १५)

उपर्युक्त गजलका सेरहरूमा प्रयोग भएका 'बजार', 'हजार' र 'सबार' काफिया हुन् भने पहिलो सेरका दुई पङ्क्तिका अन्त्यमा र दोस्रो सेरको दोस्रो पङ्क्तिका अन्त्यमा प्रयोग भएको 'छन्' रदिफका रूपमा आएको छ । यसरी हेर्दा यी सेरहरूमा काफिया र रदिफको उचित संयोजन देखिन्छ । गजलकार 'किशोर'ले आफ्ना कुनै पनि गजलहरूमा तखल्लुसको प्रयोग गरेका छैनन् । यसरी समग्रमा भन्नुपर्दा उनका गजलको संरचनात्मक पक्ष सुगठित नै देखिन्छ ।

गजल गेय परम्पराबाट अघि बढेको साहित्यिक विधा भएको हुँदा यसमा लय र सङ्गीतको अनिवार्यता रहेको हुन्छ । दामोदर पुडासैनी 'किशोर'ले आफ्ना गजलमा काफियाको प्रयोग गरेर मतला भागमा तुकबन्दीको पालना गरेका छन् भने प्रत्येक सेरको दोस्रो पङ्क्तिलाई अनुप्रास निर्माणका लागि मतला भागसँग सम्बद्ध गरेका छन् । यिनका गजलमा प्रयोग भएका आन्तरिक अनुप्रासले पनि गजललाई सङ्गीतात्मक बनाएका छन् ।

दामोदर पुडासैनी 'किशोर'का गजलहरू निकै सरल र सम्प्रेष्य रहेका छन् । यिनका गजलले अभिधार्थका साथै लक्ष्यार्थ र व्यङ्ग्यार्थलाई प्रस्तुत गर्न सफल रहेका छन् । उनले आफ्ना गजलमा विभिन्न विम्ब र प्रतीकहरूको प्रयोग गरेर अर्थका अनेक स्तरलाई खुलस्त पारेका छन् । उनका गजलमा 'सुर्का', 'चरा', 'तारा', 'जून', 'माछा', 'औंशी', 'झरी', 'हिलो', 'हुरी', 'दोभान'जस्ता प्राकृतिक प्रतीकहरूको प्रयोग भएको भेटिन्छ । त्यसैगरी 'युद्धको भुमरी', 'ठण्डीको हुस्सु' 'वर्सात्को छाता', 'जिन्दगीको गातो', 'षड्यन्त्रका बजार', 'सिर्जनाका उभार', 'मुर्दाको बस्ती'जस्ता विम्बहरूका माध्यमबाट गजलमा आफ्ना विचारहरूलाई प्रस्तुत गरेका छन् । यहाँ कतिपय प्रतीकहरूले पनि विम्बको निर्माण गरेका छन् ।

यसरी हेर्दा उनका गजलहरूमा विम्ब र प्रतीकको सफल प्रयोग देखिन्छ । प्रतीक प्रयोग सफल गजलको विशेषता हो । यसलाई तलका उदाहरणले स्पष्ट पार्छन्-

पोखरीका माछाहरू जङ्गलतिर पस्न थाले
नेतागिरी गर्नेहरू खरानी पो घस्न थाले
(पुष्पाञ्जलि, वर्ष ३, पूर्णाङ्क ११, पृ. २)

यो फूल कहाँ बाँच्थ्यो मेरै नपाइ छेऊ
यो फूल किन हाँस्थ्यो मेरै नपाइ भेउ
(जलालयात्राका सहयात्रीहरू गजलसङ्ग्रह, २०६५, पृ. ७९)

उपर्युक्त उदाहरणमा गजलकार 'किशोर'ले 'पोखरी', 'माछा', 'जङ्गल', 'खरानी', 'फूल', जस्ता प्रतीकहरूको प्रयोग गरेका छन् । यसरी सरल प्राकृतिक विम्ब-प्रतीकहरूको प्रयोगबाट आफ्ना गहन भाव प्रस्तुत गर्न सक्नु उनको विशेषता हो ।

भाषाको पनि गजलमा महत्त्वपूर्ण भूमिका रहेको हुन्छ । भाषाकै माध्यमबाट गजलको केन्द्रीय कथ्य अभिव्यक्त हुन्छ । दामोदर पुडासैनी 'किशोर'ले आफ्ना गजलहरूमा निद्रा, आँखा, इच्छा, शङ्का, यातायात, आगत-जस्ता संस्कृत स्रोतका शब्दहरूको प्रयोग गरेका छन् । यस्तै गरी उनका गजलमा इशारा जस्तै अरबी भाषाको, मुर्दा जस्तै फारसी भाषाको आगन्तुक शब्दको पनि प्रयोग गरेको भेटिन्छ । ठाउँ-ठाउँ, गाउँ-गाउँजस्ता द्वित्व भएका शब्दहरूका साथै फटाफट, छाँगो जस्ता अनुकरणात्मक शब्द पनि प्रयोग गरेका छन् । त्यस्तै गरी उनले आफ्ना गजलमा 'आफै मरे डुमै राजा' भन्ने नेपाली उखानको पनि प्रयोग गरेका छन् ।

यसरी हेर्दा दामोदर पुडासैनी 'किशोर'का गजलहरूले हामीले नै देखेभोगेका यथार्थ विषयलाई गजलको सैद्धान्तिक संरचनामा सु-संगठित किसिमले प्रस्तुत गरेका छन् । काफिया र रदिफको उचित संयोजनमा कारण लयात्मक बनेका उनका गजलमा बिम्ब र प्रतीकहरूको सहज विन्यास देखिन्छ । मौलिक र आगन्तुक दुवै किसिमका शब्दहरूको प्रयोगका साथै विभिन्न प्रकारका वाक्यहरू प्रयोग भएका यिनका गजल भाषिक सौन्दर्यले भरिएका छन् ।

### ४.३.२.६ पत्रपत्रिकामा प्रकाशित द्वितीय चरणका फुटकर मुक्तकहरूको विवेचना

दामोदर पुडासैनी 'किशोर'को साहित्य-यात्राको तीन दशक लामो समयावधिसम्म कुनै पनि मुक्तकसङ्ग्रह प्रकाशित भएको छैन । आफ्नो साहित्य-यात्राको प्रथम चरणमा कुनै पनि मुक्तक प्रकाशित नगरेका उनले यस चरणमा आएपछि मात्र मुक्तक रचना र प्रकाशन कार्यलाई अघि बढाइरहेका छन् ।

मुक्तककार पुडासैनीका यस चरणमा विभिन्न पत्रपत्रिकाहरूमा प्रकाशित अवस्थामा छरिएर रहेका मुक्तकहरूको सङ्ख्या उपलब्ध तथ्यका आधारमा आधा दर्जनभन्दा बढी देखिन्छ जसको विवरण अगाडि ४.१.१.२ मा नै दिइसकिएको छ । यहाँ तिनै मुक्तकहरूको विवेचना विधातत्त्वका आधारमा गरिएको छ ।

#### (क) कथ्यवस्तु वा भावविधान

मुक्तकको लागि प्रमुख तत्त्व नै कथा हो । दामोदर पुडासैनी 'किशोर'ले आफ्नो जीवन-भोगाइ, मानवीय स्वभाव, राजनीतिक विकृति-विसङ्गतिका साथै प्रेमप्रसङ्गलाई विषयवस्तु वा कथ्यवस्तु बनाएर मुक्तकहरूको रचना गरेका छन् ।

पुडासैनीले आफ्ना मुक्तकमा तत्कालीन युद्धको भयानक अवस्थाको चित्रण गर्दै शान्तिको लागि क्रान्ति गर्नुपर्छ भन्ने भाव यसरी प्रस्तुत गरेका छन् -

जून च्यात्नेबाट शीतल प्रकाश छर्ने कुरा सुन्नु परेको छ

खुनको होली खेल्नेबाट सिउँदो र शरीरको सुरक्षा सुन्नु परेको छ
जनतालाई सधैँ युद्ध र शान्तिको प्रयोगात्मक नाटक हेर्न बाध्य बनाएको देख्दा
लाग्छ देशमा आँधी र भुकम्प जे आउने हो तुरुन्तै निम्त्याउनु परेको छ

(त्रिवेणी, २०६१, पृ.७)

यहाँ पुडासैनीले जून च्यात्नेका शीतल प्रकाश छर्ने कुरा र खुनको होली खेल्नेको सिउँदो र शरीरको सुरक्षा गर्ने कुराजस्ता राजनीतिक विकृति-विसङ्गतिलाई प्रस्तुत गर्दै तिनको अन्त्यका लागि तत्कालै क्रान्ति गर्नुपर्छ भन्ने भाव व्यक्त गरेका छन् ।

विभिन्न नाउँमा फूट पैदा गर्दै विखण्डित राजनीति गर्नेहरूप्रति असन्तुष्ट पुडासैनीले आफ्ना मुक्तकमा रीष्ट्रिय एकताको आव्हान यसरी गरेका छन्

छरिएका वूँदमिलि आकार लिने बेला आयो

कैयौं युगपछि अब युग हाँक्ने बेला आयो

हाम्रो बुद्धि बिवेक नै इतिहास बन्छ अब

संविधानको फैसलामा कम्मर कस्ने बेला आयो

(कैलाश अङ्क १८, पृ.१)

यहाँ फुटेरभन्दा जुटेर नै देशको भविष्य निर्माण गर्न सकिन्छ भन्ने भाव व्यक्त भएको छ ।

आफ्ना जुनसुकै साहित्यिक रचनामा पनि देशप्रेमको भावनालाई प्रस्तुत गर्दै आएका पुडासैनीले मुक्तकमा पनि देशप्रेमको भावना यसरी व्यक्त गरेका छन्

घरबार सबैतिर स्वच्छ सफा पार्नुपऱ्यो
मायाप्रेम जागेर इर्ष्या दम्भ फाल्नुपऱ्यो
देश उज्यालो तब हुन्छ सबको मनमा ज्योति बले
दिदी भाइमा प्रेम बाल्दै लेनदेन त्याग्नु पऱ्यो

(कालीको सुसेली, २०६४, पृ.५)

यहाँ देशको मुहार हँसिलो बनाउन आपसमा प्रेम सद्भाव सिर्जना हुनुपर्छ भन्ने भाव व्यक्त भएको छ ।

हरेक मान्छेहरूमा उमेर अनुसार देखिने भेटिने छुट्टाछुट्टै सौन्दर्यानुभूतिलाई उनले आफ्ना मुक्तकमा यसरी व्यक्त गरेका छन् ।

युवक हुँदा पन्ध्र सोह्रकीलाई फूलमैं च्यापुजस्तो लाग्थ्यो
अचेल युवतीभन्दा उनकी थसुल्ली आमा मन पर्न थालेको छ

सत्य कुनै नौलो छैन यसमा महाशय
परिवारले भर्खरै मेरो एकचालिसौं जन्मोत्सव मनाएको छ

(त्रिवेणीः २०६१, पृ.७)

पुडासैनीले प्रेमप्रसङ्गलाई पनि आफ्ना मुक्तकको कथ्यवस्तु बनाएका छन् । उनका मुक्तकमा प्रस्तुत भएको प्रेमभाव यस्तो छ :

चाडबाडमात्र होइन तिमीलाई हर्दम पुज्न थालेको छु
ठूलो घरछैन तिमीलाई राख्न मनकै मन्दिर बनाएको छु
यी पाखा पखेराका मनोरम दृश्यमा मात्र होइन
ठेसलाग्दा पनि तिम्रो हाँसोको सम्झनाले एउटा मलम लाएको छु

(युगभाका, २०६४, पृ.११५)

**ख) संरचना : बनोट**

संरचना मुक्तकको बनोटसँग सम्बन्धित हुन्छ संरचनाले खासगरी बाह्य स्वरूपलाई सङ्केत गर्ने हुँदा त्यो मुक्तकको पाउ वा पङ्क्तिमा आधारित रहेको हुन्छ ।

संरचनाका हिसाबले हेर्दा पुडासैनीका मुक्तकहरू चार पङ्क्तिको संरचनामा संरचित रहेका छन् । प्रायः उनका मुक्तकहरूमा पहिलो, दोस्रो र चौथो पङ्क्तिको अन्त्यानुप्रासयोजना मिलेको पाइन्छ भने तेस्रो पङ्क्तिमा भिन्नता देखिन्छ । मुक्तकको सिद्धान्तमा आधारित भएर रचना गरिएको उनको एउटा मुक्तक यस्तो छ -

धुवाँ कालो छ पेटमा, मीठो बोली किन हजुर
उठ्यो प्रेममा बास्ना, सबै लोली किन हजुर
अगाडिका आफ्नै भन्ने, पाखा लगाइ पछाडिका
दुर्गन्धी तालबीचमा शुद्ध होली किन हजुर

(अन्नपूर्ण पोष्टः २०६४: पृ.७)

यहाँ पहिलो, दोस्रो र चौंथो पाउमा प्रयोग भएका 'बोली किन हजुर' 'लोली किन हजुर', र 'होली किन हजुर'मा मुक्तकको सिद्धान्त अनुसारको अनुप्रासयोजना मिलेको देखिन्छ । यसरी चार पाउमा संरचित मुक्तकमा पहिलो, दोस्रो र चौंथो पाउमा अनुप्रास मिलाई तेस्रो पाउको स्वतन्त्रता नै पुडासैनीका मुक्तकको संरचनागत विशेषता हो ।

उनका मुक्तकहरूका पङ्क्तिहरूमा अक्षरहरूको विन्यासमा विषमता देखिन्छ । यिनका मुक्तकमा १५ अक्षर देखि ३१ अक्षरसम्मका पङ्क्तिहरू रहेका । यसरी मुक्तकका पङ्क्तिहरूमा देखिने आयामगत विविधता पनि यिनका मुक्तकको संरचनामा पाइने अर्को विशेषता हो ।

यसरी मुक्तकको सैद्धान्तिक संरचनामा आधारित भएर रचना गरिएका उनका मुक्तक सरल र सम्प्रेष्य रहेका छन् ।

**ग) लयविधान**

लय पनि मुक्तकको लागि आनिवार्य र महत्त्वपूर्ण तत्त्व हो । लयकै कारणले गर्दा मुक्तक गेयात्मक र श्रुतिमधुर हुन्छ । लयले गर्दा अनुभूतिलाई सुन्दर एवम् हृदयस्पर्शी बनाइदिन्छ । दामोदर पुडासैनीका सम्पूर्ण मुक्तकहरू मुक्तलयमा रचिएका छन् । अनुप्रासको सफल प्रयोगले मुक्तक श्रुतिमाधुर्य बनेका छन् । उनका मुक्तकहरूमा पदहरूको समुचित संयोजनबाट लय उत्पन्न भएको छ साथै मुक्तकहरू छन्दबद्ध नभएर पनि अनुप्रासयोजनाले गर्दा श्रुतिमधुर र लयात्मक बनेका छन् ।

**घ) विम्ब -प्रतीकविधान**

विम्ब र प्रतीकले मुक्तकमा महत्त्वपूर्ण स्थान ओगटेको हुन्छ । अभिव्यक्तिलाई व्यञ्जनाधर्मी बनाउन विम्ब र प्रतीकले ठूलो भूमिका खेलेका हुन्छन् । पुडासैनीका मुक्तक अभिधार्थमा नै सशक्त भएका हुँदा विम्ब र प्रतीकको न्यून प्रयोग देखिन्छ । यिनका मुक्तकमा 'मनको मन्दिर', जिन्दगीको गीत', 'दुर्गन्धी ताल', 'खुनको होली',जस्ता विम्बको प्रयोग भएको देखिन्छ भने यसका साथै केही प्रतीकको पनि प्रयोग भेटिन्छ । प्रतीक प्रयोगको उदाहरणका रूपमा एउटा मुक्तकलाई तल प्रस्तुत गरिएको छ

निकै बढेझैं लाग्दथ्यो, किन फर्कन्छौ घरीघरी
एकै ढिक्का हुँदाहुँदै किन बन्दैछौ छरीबरी
बाघ ढाल्ने इजाजत उसैसँग माग्ने किन ?
ढुक्क छौं भन्छौ मुखले किन तर्सन्छौं घरीघरी

(अन्नपूर्ण पोष्ट, २०६४: पृ.७)

यहाँ प्रयोग भएको 'बाघ' राजसंस्थाको सशक्त प्रतीक हो । यसरी हेर्दा उनका मुक्तकमा 'फूल', 'आँधी', 'भुकम्प', 'सिउँदो', 'धुवाँ', 'बूँद' जस्ता अन्य प्रतीकहरूको प्रयोग पनि भएको भेटिन्छ ।

**ङ) भाषाशैली**

भाषा अभिव्यक्तिको माध्यम हो । मुक्तककारले आफ्ना अनुभूति तथा विचारहरूलाई अभिव्यक्ति गर्ने माध्यम भाषा भएकाले भाषा मुक्तकको एक अनिवार्य तत्त्व हो । भाषाको माध्यमले मुक्तकले मूर्तता

प्राप्त गर्दछ । स्रष्टाका मनका तरल अनुभूतिलाई बाहिर प्रस्तुत गर्ने काम भाषाले गर्दछ । मुक्तकको भाषा लयात्मक, रागात्मक र सौन्दर्यात्मक  हुन्छ । दामोदर पुडासैनीले आफ्ना मुक्तकमा सरल, सहज, सुन्दर र सुकोमल भाषाको प्रयोग गरेका छन् । उनका मुक्तकमा शब्द प्रयोगको विविधता पाइन्छ । उनले लोली, वासना, निस्सार, महाशय, हर्दम, वचन, क्षण, दम्भ, ज्योति, जस्ता अनेक संस्कृत स्रोतका शब्दहरूको प्रयोग गरेका छन् । यस्तैगरी इजाजत, फैसला जस्ता अरबी भाषाका आगन्तुक शब्दहरूको प्रयोग पनि गरेको भेटिन्छ । उनका मुक्तकमा घरी घरी, अङ्ग,-अङ्ग जस्ता द्वित्व भएका शब्दहरूका साथै ह्वारह्वार्ति जस्तो अनुकरणात्मक शब्दको प्रयोग पनि भेटिन्छ । यिनले आफ्ना मुक्तकमा सामान्यार्थक, इच्छार्थक र प्रश्नार्थक जस्ता विभिन्न किसिमका वाक्यहरू पनि प्रयोग गरेका छन् साथै यिनले प्रथम पुरुष र तृतीय पुरुष कथनढाँचामा मुक्तकको सिर्जना गरेका छन् ।

यसरी हेर्दा उनका मुक्तकहरूमा काल्पनिकताभन्दा यथार्थताले बढी स्थान पाएका छन् । उनका मुक्तकका विषयवस्तु जीवनभोगाइ, राजनीतिका साथै प्रेम सम्बन्धसँग सम्बन्धित रहेका छन् । अनुप्रास र उपमा अलङ्कारको सशक्त प्रयोग भएका उनका मुक्तकहरू लयात्मक सौन्दर्य गुणले ओतप्रोत रहेका छन् ।

### ४.३.२.६ पत्रपत्रिकामा प्रकाशित द्वितीय चरणका फुटकर हाइकुहरूको विवेचना

नेपाली साहित्यमा सर्वप्रथम शङ्कर लामिछानेले वि.सं. २०१९ सालको 'रूपरेखा' पत्रिकामा आफ्नो पहिलो हाइकु प्रकाशित गरेर नेपाली हाइकु कविताको प्रारम्भ गरेका हुन् (गिरी, २०६३: ८) । वर्तमान समयमा हाइकु निकै प्यारो विधा बनेको छ । धेरै स्रष्टाहरू हाइकु लेखनमा सक्रिय देखिएका छन् । यसैमध्येका एक सक्रिय स्रष्टा दामोदर पुडासैनी 'किशोर' हुन् । हालसम्म फुटकर हाइकु लेखककै रूपमा परिचित दामोदर पुडासैनीको हाइकु सङ्गृहीत सिङ्गो पुस्तककार कृति भने प्रकाशित हुन सकेको छैन यद्यपि **हाइकुसङ्ग्रह**₁ प्रकाशोन्मुख अवस्थामा रहेको जानकारी पाइन्छ ।

सहित्यका विभिन्न विधामा नयाँ-नयाँपनको खोजी गर्दै सक्रिय रूपमा अघि बढिरहेका पुडासैनी मोवाइलबाट एस.एम.एस. हाइकु सम्प्रेषण गर्ने एक्ला र पहिला व्यक्तित्व हुन् (सिलवाल, २०६५: ?) लामो समयसम्म साहित्य सिर्जनामा सक्रिय रूपमा लागिपरेका पुडासैनीको हाइकु लेखनकार्य 'लेकाली' (२०४५) पत्रिकामा 'हाइकुबाट देश र हामी' शीर्षकअन्तर्गत १५ वटा हाइकु प्रकाशन गरेर अघि बढेको पाइन्छ ।

उनका धेरैजसो हाइकुहरू 'लेकाली', 'हेटौंडा सन्देश', 'राजधानी', 'जनमत अर्द्ध साप्ताहिक 'हाम्रो मझेरी' आदि पत्रपत्रिकाहरूमा प्रकाशित भएका छन् । उनका हालसम्म प्रकाशित हाइकुहरूको सङ्ख्या प्राप्त तथ्यका आधारमा हेर्दा १०० भन्दा बढी देखिन्छ साथै फुटकर रूपमा विभिन्न पत्रपत्रिकाहरूमा हाइकु प्रकाशित भइरहेको हुँदा उनका अझै बढी हाइकुहरू छरिएको अवस्थामा हुनसक्छन् । हाइकु लेखन र सम्प्रेषण कार्यलाई द्रुतताका साथ अघि बढाउन एस.एम.एस.लाई माध्यम बनाई २०६३ भदौ ९

गतेदेखि उनले मोवाइल एम.एम.एस हाइकु गोष्ठीसमेत सुरुवात गरेका छन् (भादगाउँले,: २०६४: ६) । यसरी उनी नयाँ-नयाँ माध्यमबाट हाइकु सम्प्रेषण कार्यमा सक्रिय रहेका हुँदा उनका प्रकाशित हाइकुहरूभन्दा पनि एस.एम.एस.बाट सम्प्रेषित हाइकुहरूको सङ्ख्या धेरै भएको अनुमान गर्न सकिन्छ ।

यहाँ दामोदर पुडासैनी 'किशोर'का विभिन्न पत्रपत्रिकाहरूमा प्रकाशित फुटकर हाइकुहरूको समष्टि विवेचना गरिएको छ ।

हाइकु कविता विधाको लघुत्तम स्वरूप भएको हुँदा यो पनि कविताकै तत्त्वहरूबाट संरचित भएको हुन्छ । जसरी एउटा कविताले कुनै न कुनै क्षेत्रसँग सम्बन्धित विषयलाई कथ्यवस्तुको रूपमा प्रस्तुत गर्दछ त्यसैगरी हाइकु सिर्जनाका लागि पनि मुख्यरूपमा कथ्यविषय वा भावविधानको आवश्यकता पर्दछ । दामोदर पुडासैनी 'किशोर'का हाइकुले समाजका वेदना, खुशी, प्रेम, यौन, सबै पक्षलाई सुललित ढङ्गले अभिव्यक्ति दिएका छन् । (शीतविन्दु, २०६४: ५६) । प्रेमी-प्रेमिका आपसमा छुट्टिएर रहँदाको दुःखद अनुभूतिलाई 'किशोर'ले आफ्नो एक हाइकुमा यसरी प्रस्तुत गरेका छन् :

निलो पहाड
बादल ओढी रोयो
सम्झी मायालु

(जनमत अर्द्ध साप्ताहिक, २६ : २२, २०५४, पृ. ४)

यहाँ 'निलो पहाड'ले प्रतीकात्मक रूपमा विछोडिएका मायालुलाई बुझाएको छ भने 'बादल ओढेर रुनु' ले विछोडको पीडालाई सङ्केत गरेको छ ।

यसरी प्रकृतिसँग मानवीय संवेदनालाई गाँसेर छोटोमा मीठो र चोटिलो अभिव्यक्ति दिने हाइकु विधाले विभिन्न संवेदित भावहरूलाई प्रस्तुत गरेको हुन्छ । त्यस्तै युद्धको अवस्थामा पनि केही आशा राख्ने 'किशोर'का हाइकुले युद्धबाट पिडीत संवेदनालाई यसरी प्रस्तुत गरेका छन् :

बुद्धका आँखा
टुक्रे रगत भित्र
साँचौं हत्केला

(जनमत अर्द्ध साप्ताहिक, २६: ५, २०६४, पृ. ४)

घाउको खत
फेरी चिथोर्‍यो कसले ?
टुक्र्याइ भाइ

यौनवादी हाइकुकारका रूपमा परिचित दामोदर पुडासैनी 'किशोर'ले तत्कालीन प्रकृति र वातावरणसँग घुसेर यौनका अभिव्यक्ति अभिव्यक्त गर्दछन् (लोहनी, २०६४. ७) । यस्तै यौनभावको अभिव्यक्तिको उदाहरणको रूपमा निम्न हाइकुहरूलाई लिन सकिन्छ ।

नाङ्गा पहाड
सागरको बसाइ
बुढ्यौली प्रेम

(हाम्रो मझेरी, ६:४/ ३७, पृ. ६)

असारे खेत
विषम ड्याङ फोरौं
उमार्न माया

(जनमत अर्द्ध साप्ताहिक २६: १७, २०६४, पृ. ४)

यसरी विभिन्न विषयलाई आफ्ना हाइकुमा समावेश गरे पनि उनका हाइकु मुख्य रूपमा प्रेमप्रणयसम्बन्धी विषयमा नै केन्द्रित रहेका देखिन्छन् ।

संरचनाले हाइकुको बनोटलाई बुझाउँछ । हाइकु सरल, सरस र रसिलो ५ + ७ + ५ = १७ अक्षरको संरचनाबाट तीन पङ्क्तिमा निर्माण हुन्छ यो नै हाइकुको बाह्य संरचना हो । संरचनात्मक दृष्टिले हेर्दा दामोदर पुडासैनी 'किशोर'का हाइकुहरू हाइकुको सैद्धान्तिक संरचनात्मक मान्यतामा आधारित रहेका देखिन्छन् । यिनका सम्पूर्ण हाइकुहरूका पहिलो पङ्क्तिले विषयको उठान गरेका छन् भने दोस्रो पङ्क्तिले पहिलो पङ्क्तिको प्रतिक्रिया दिँदै तेस्रोमा पुग्दा समग्र भावलाई जिज्ञासामा परिणत गरेका छन् ।

हाइकु पनि कविता कै लघुत्तम रूप भएको हुँदा यसमा लय हुनु अनिवार्य हुन्छ तर यहाँ कुनै पनि छन्दको बन्धन भने हुँदैन । यी हाइकुहरू मुक्तलयमा रचिएका हुन्छन् । दामोदर पुडासैनी 'किशोर'का हाइकुहरू पनि मुक्तलयको संरचनामा आबद्ध भएका छन् । यसको संरचनात्मक स्वरूपले नै यसलाई लयात्मक बनाउन सहयोग पुऱ्याएको छ ।

यिनका हाइकुहरू निकै सरल र सम्प्रेष्य रहेका छन् । यिनले आफ्ना हाइकुमा विभिन्न किसिमका प्रतीकहरूको प्रयोग गरेका छन् साथै यहाँका विम्बहरूले पनि प्रतीकात्मक अर्थ सिर्जना गरेका छन् । त्यस्ता केही बिम्बहरू यसप्रकार रहेका छन् - 'प्रेमिल झरी', 'घामका टुसा', 'रसिलो मेवा' 'मायाको बारी', 'जुनको ज्योति', 'माटाको गन्ध', 'झरीको गीत', 'पानीको फूल', आदि । त्यस्तै प्रतीक प्रयोगको उदाहरणका रूपमा एउटा हाइकुलाई तल प्रस्तुत गरिएको छ ।

हिमाल ढल्छ
बुद्धका आँखा कुल्चे
रोपूँ श्रीखण्ड

(जनमत अर्द्ध साप्ताहिक , २६ : ११, २०६४, पृ. ४)

यहाँ 'हिमाल', 'बुद्धका आँखा' र 'श्रीखण्ड' प्रतीकको रूपमा प्रयोग भएका छन् । यसरी हेर्दा उनका हाइकुहरू विम्ब-प्रतीकका दृष्टिले सशक्त देखा पर्दछन् ।

भाषा अभिव्यक्तिको माध्यम भएको हुँदा हाइकुमा पनि भाषाले महत्त्वपूर्ण भूमिका खेलेको हुन्छ । भाषाकै माध्यमबाट हाइकुको केन्द्रीयकथ्य वा भाव व्यक्त हुन्छ । दामोदर पुडासैनी 'किशोर'ले आफ्ना हाइकुहरूमा मौलिक र आगन्तुक दुवै किसिमका शब्दहरूको प्रयोग गरेका छन् । उनका हाइकुहरूमा धेरै जसो ठाउँमा उपमा अलङ्कारको प्रयोग देखिन्छ ।

यसरी हेर्दा दामोदर पुडासैनी 'किशोर'का हाइकुहरू मानवीय संवेदनाका विभिन्न भावहरूसँग सम्बन्धित देखिन्छन् । हाइकुको सैद्धान्तिक संरचनामा आबद्ध उनका हाइकुमा विम्ब र प्रतीकहरूको सहज प्रयोग भएको छ । मौलिक र आगन्तुक दुवै किसिमका शब्दहरूको प्रयोग भएका यिनका हाइकुको भाषा सरल, सहज र सम्प्रेष्य रहेको छ ।

### ४.३.२.८ पत्रपत्रिकामा प्रकाशित द्वितीय चरणका फुटकर कथाहरूको विवेचना

दामोदर पुडासैनी 'किशोर'को साहित्ययात्राको द्वितीय चरण अर्थात् वि.सं. २०५० देखि हालसम्म प्रकाशित कथाहरू प्राप्त तथ्यका आधारमा हेर्दा जम्माजम्मी तीनवटा मात्र रहेका छन् । यहाँ प्रकाशित तिनै कथाहरूको विवेचना विधातत्त्वका आधारमा गरिएको छ ।

**(क) शीर्षक-चयन**

'ओत' कथा दामोदर पुडासैनी 'किशोर'को यस चरणमा प्रकाशित पहिलो कथा हो । यो कथामा विवाहित जीवनका दुई भिन्न स्वरूपको चित्रण गर्दै मन परेको व्यक्तिको साथ र उसको मायालाई नै 'ओत' को रूपमा लिइएको छ । यहाँ विवाहित स्त्री 'ऊ' र कथावाचक 'म' पात्रबीचको कुराकानीबाट विकसित भएको प्रमेले नै ओतको संज्ञा पाएको हुँदा यो कथाको शीर्षक प्रतीकात्मक रूपमा सार्थक रहेको छ । संरचनात्मक दृष्टिले यो शीर्षक पदको स्तरमा रहेको छ ।

'दुर्गम जिल्लाको जागिर' शीर्षकको कथामा कथावाचक 'म' पात्रले दुर्गम जिल्लाको एक जना कर्मचारी र उसका विभिन्न पीडालाई प्रस्तुत गरेको छ । दुर्गम जिल्लामा कार्यरत कर्मचारी र केन्द्रका

हाकिमहरूले तिनीहरूप्रति गर्ने खराब व्यवहारलाई प्रतिनिधिमूलक ढङ्गले प्रस्तुत गरेको यो शीर्षक सार्थक रहेको छ । संरचनात्मक दृष्टिले यसको संरचना पदावलीको स्तरमा रहेको हुन्छ ।

'जुत्ता' शीर्षकको कथा सरकारी कार्यालयमा हाकिमको चाकडी चाप्लुसी नगर्ने इमानदार स्वावलम्बी कर्मचारीको सेवा बर्खास्त अवस्था र चाकडी गर्नेले धन कमाउनको लागि आफ्नो अस्तित्व बिक्री गर्ने गरेको विषयमा केन्द्रित रहेको छ । यहाँ प्रयोग भएको 'जुत्ता' पैसाका लागि आफ्नो अस्तित्व नै सुम्पेर हाकिमको चाकडी चाप्लुसी गर्ने कर्मचारीको प्रतीकका रूपमा देखा परेको हुँदा संरचनात्मक दृष्टिले पदको स्तरमा संरचित प्रस्तुत कथाको शीर्षक प्रतीकात्मक रूपमा सार्थक रहेको छ ।

**(ख) कथावस्तु**

'ओत' कथाको कथानक नेपाली समाज र सामाजिक वातावरणसँग सम्बन्धित रहेको छ । यहाँ विवाहित दुई जोडीका भिन्न-भिन्न चारित्रिक प्रवृत्तिलाई प्रस्तुत गरिएको छ । यहाँ विवाहित भएर पनि पतिको माया पाउन नसकेकी स्त्री र उसको अवस्थालाई एकातिर देखाइएको छ भने अर्कोतिर डिबी परेर अमेरिका गई आफ्नो घर परिवार बिर्सेर विदेशी पुरुषसँग सम्बन्ध गाँस्न पुगेकी स्त्रीको चरित्रलाई देखाइएको छ । यसरी यहाँ अनुकूल वातावरण पाउनासाथ जोडी साटिरहने प्रवृत्ति प्रस्तुत भएको छ । यो 'ओत'ले कुनै रहरमा र कुनै बाध्यतामा फरिइरहने जीवनसाथीको मायालाई सङ्केत गरेको हुँदा प्रस्तुत शीर्षक प्रतीकात्मक रूपमा सार्थक रहेको छ ।

'दुर्गम जिल्लाको जागिर' कथामा केन्द्रीय स्तरका सरकारी कर्मचारीका विभिन्न विकृतिपूर्ण व्यवहार, क्रियाकलाप र ती क्रियाकलापबाट पीडित जिल्लाका कर्मचारीको अवस्थालाई देखाइएको छ । यहाँ 'ऊ' पात्र एउटा दुर्गम जिल्लाको अधिकृत स्तरको कर्मचारी भए पनि आफ्ना हाकिमहरूका साथै तिनका इष्टमित्र र अन्य सहयोगीको सेवासुविधाको लागि आफ्नो आम्दानीको धेरै भाग खर्च गर्नु परेको छ । त्यस्तै उसकी श्रीमती र हाकिमहरूबीचको अनैतिक सम्बन्धले उसलाई अझै मर्माहित बनाएको छ । यसरी प्रस्तुत कथाले एकातिर सरकारी कर्मचारीका विभिन्न चारित्रिक खराबीलाई प्रस्तुत गरेको छ भने अर्कातिर तिनै क्रियाकलापबाट पीडित बनेको कर्मचारीको दुर्दशा पनि चित्रण गरेको छ ।

'जुत्ता' कथााले पनि सरकारी कर्मचारीका भ्रष्ट क्रियाकलापहरूलाई नै कथानकको रूपमा प्रस्तुत गरेको छ । यहाँ एकजना इमानदार, परिश्रमी, स्वावलम्बी कर्मचारी हाकिमको चाकडी चाप्लुसी नगरेकै कारण जागिरबाट बाहिरिनु परेको छ भने अर्काथरी चाकडी चाप्लुसी गर्ने कर्मचारीले आफ्नो चरित्रसमेत बेचेर सम्पन्नता हासिल गरेको छ । यसरी हाकिमको अगाडि आफ्नो अस्तित्व नै बचेर भए पनि भौतिक सम्पन्नता आर्जन गर्न पछि नपर्ने कर्मचारीलाई यहाँ जुत्ताको संज्ञा दिइएको छ । यसको कथानक मसिनो भए पनि यसले हाम्रा सरकारी कर्मचारीका विकृतिपूर्ण चरित्रको ज्वलन्त पक्षलाई उदाङ्गो पारेको छ ।

### (ग) पात्रविधान

दामोदर पुडासैनी 'किशोर'का यस चरणका कथाहरूमा प्रथम चरणका कथाहरूमाझैं पुरुष पात्रको प्रधानता रहेको भए पनि पात्रहरू हाम्रै समाजबाट लिइएका छन् । विवेच्य कथाहरूमा चयन गरिएका पात्रहरू एकथरी चारित्रिक खराबीले पूर्ण छन् भने अर्काथरी तिनै खराब चारित्रिक क्रियाकलापका कारण पीडित बनेका छन् ।

'ओत' कथाको 'म' पात्र कथावाचकका रूपमा देखिएको छ । 'ऊ' आफ्नै छिमेकी एकजना विवाहित नारीका क्रियाकलाप नजिकैबाट अवलोकन गरिरहेको पात्र हो; जसले उसलाई बेला-बेलामा सहयोग पनि गर्दथ्यो र अन्तिम समयमा उसको प्रेमप्रस्तावलाई स्वीकार पनि गरेको छ । त्यस्तैगरी यस कथाकी प्रमुख नारी पात्र 'ऊ' हो । यस कथाको सम्पूर्ण कथावस्तु उसकै केन्द्रीयतामा अघि बढेको छ । एउटी विवाहित स्वास्नी मान्छे भएर पनि लोग्नेको माया पाउन नसकेकी ऊ पढे लखेकी एक सचेत नारी पात्र हो; जो आफ्नो अधिकार प्राप्त गर्न लोग्ने नभए पनि सासू ससुरा र अन्य परिवारका साथ घरमा नै बसेकी छ । अन्त्यमा कथावाचक 'म' पात्रको प्रेमबन्धनमा बाँधिएकी उसले आफ्नो अनुकूलको साथी भेटेकी छ । त्यस्तै यस कथाका सजीव र मीना अर्का एकजोडी श्रीमान् श्रीमती हुन् । संजीव एक असल र विश्वासी पति हो भने मीना एक अवसरवादी श्रीमती हो जसले विदेशमा पुगेपछि आफ्नो सम्पूर्ण परिवार नै बिर्सेकी छ । यस कथामा 'म' र 'ऊ' प्रमुख पात्र हुन् भने अन्य पात्रहरू सहायक र गौण रूपमा देखिएका छन् ।

'दुर्गम जिल्लाको जागिर' कथाको प्रमुख पात्र ऊ हो । ऊ एउटा सरकारी कर्मचारी भएर पनि श्रीमतीका चरित्रहीन क्रियाकलापलाई मूकदर्शक बनेर हेरिरहने स्थिर चरित्र हो । उसले श्रीमतीकामात्र होइन हाकिमका विकृतिपूर्ण व्यवहारको पनि विरोध गर्न सकेको छैन । यहाँ कथाको 'म' पात्र कथावाचकका रूपमा देखा परेको छ । जसले मुख्यपात्र 'ऊ' र अन्य पात्रहरूका क्रियाकलाप अवलोकन गरिरहेको छ । यस कथाकी महिला 'ऊ' पात्रकी श्रीमती हो; जसले आफ्नो श्रीमान्को अनुपस्थितिमा कुनै पनि लोग्नेमान्छेलाई आफ्नो वासनाको सिकार बनाउन पछि नपर्ने चरित्रहीन आइमाइको प्रतिनिधित्व गरेकी छ । यहाँ  प्रयोग भएको 'स्टोर किपर' सहायक पात्र हो भने 'ऊ' पात्रका भाइ, भतिजा, हाकिम आदि गौण पात्र हुन् ।

'जुत्ता' कथाको प्रमुख पात्र 'ऊ' एउटा इमानदार, स्वावलम्बी कर्मचारीको प्रतिनिधित्व गर्ने प्रतिनिधि पात्र हो । यहाँ प्रयोग भएका हाकिम र हाकिमका चम्चाहरूले चाप्लुसी र घुस्याहा कर्मचारीको प्रतिनिधित्व गर्दछन् जसले गर्दा 'ऊ' पात्र जस्ता इमानदार कर्मचारीहरू चाकडी चाप्लुसी नगरेका कारण जागिरबाट बहिरिनु परेको छ । 'ऊ' पात्रको साथी 'कमल' एक सहयोगी मित्र हो भने चम्चा प्रवृत्तिका कर्मचारीकी श्रीमती चरित्रहीन नारीको प्रतिनिधि पात्र हो जसले आफ्ना श्रीमान्को पछाडि हाकिमसँग

अनैतिक सम्बन्ध राख्न पुगेकी छ । 'ऊ' पात्र निम्नमध्यम वर्गीय इमानदार कर्मचारी वर्गको प्रतिनिधित्व गर्ने पात्र हो भने हाकिम उच्चवर्गीय घुस्याहा कर्मचारीको प्रतिनिधि पात्र हो ।

### (घ) द्वन्द्वविधान

दामोदर पुडासैनी 'किशोर'का कथामा द्वन्द्वपक्ष त्यति सबल पाइँदैन । पात्र-पात्र तथा पात्र र परिस्थितिका बीचमा झिनामसिना द्वन्द्वका स्थितिहरूमात्र उनका यस चरणका कथाहरूमा पाइन्छ । 'ओत' कथामा प्रमुख पात्र 'ऊ' र सामाजिक परिस्थितिकाबीच झीनो द्वन्द्व देखा पर्दछ साथै 'ऊ' र कथावाचक 'म' पात्रमा मनोद्वन्द्वको केही सङ्केत पनि देखा परेको छ तर द्वन्द्वको टड्कारो रूप भने पाइँदैन ।

'दुर्गम जिल्लाको जागिर' कथामा कथाकारले सरकारी कर्मचारीका विभिन्न चरित्र र तिनका अवस्थाको चित्रण गरेका छन् । यस कथाको प्रमुख पात्र 'ऊ' मनोद्वन्द्वले ग्रसित पात्र हो । केन्द्रका हाकिम र आफ्नै श्रीमतीका व्यवहारले गर्दा 'ऊ' भित्र द्वन्द्वको वातावरणको सिर्जना भएको छ ।

'जुत्ता' कथामा पात्र - पात्रबीच द्वन्द्वको मसिनो स्वरूप देख्न सकिन्छ । यहाँ 'ऊ' पात्र र हाकिमकाबीचको द्वन्द्व 'ऊ' पात्रले जागिरबाट अवकास प्राप्त गरेपछि शिथिल बन्न पुगेको छ । त्यस्तै 'ऊ' पात्रमा प्रकृतिसँगको द्वन्द्वका साथै केही मनोद्वन्द्व पनि देखिन्छ ।

यसरी हेर्दा उनका कथाहरू द्वन्द्वका हिसाबले दुर्बल रहेका छन् ।

### (ङ) उद्देश्य

'ओत' कथाले कुनै पनि मान्छे माया प्रेम विना बाँच्न सक्दैन । मान्छेको जीवनलाई जस्तो सुकै दु:ख र समस्यामा पनि साथ दिने माया नै हो भन्दै श्रीमान्-श्रीमतीले एक अर्कालाई माया र साथ दिन सकेनन् भने त्यो घर भताभुङ्ग हुन्छ भन्ने यथार्थतालाई प्रस्तुत गरेको छ । आपसी समझदारी कायम भए मात्र जीवनले ओत पाउन सक्छ भन्दै पारिवारिक समझदारीमा जोड दिनु नै यस कथाको उद्देश्य हो ।

'दुर्गम जिल्लाको जागिर' कथाले सरकारी कर्मचारीका विकृत चरित्रको पर्दाफास गरेको छ । विभिन्न वहानामा केन्द्रदेखि जिल्लाका कार्यालयमा जाने र आफूभन्दा तलका कर्मचारीमाथि अन्याय अत्याचार गर्ने कर्मचारीको विरोध गरी सबैले समान रूपमा इमानदार भएर काम गर्नु पर्छ भन्ने सन्देश यस कथाले दिएको छ ।

'जुत्ता' कथाले चाकडी चाप्लुसी गरेर भौतिक सम्पन्नता आर्जन गर्नेहरूप्रति व्यङ्ग्य गरी भौतिक सम्पन्नता आर्जन गर्न र क्षणिक स्वार्थपूर्ति गर्ने चाहनाले आफ्नो आस्मितालाई बाजी लगाई कोही पनि कसैको जुत्ता बन्नु हुदैन भन्दै इमानदारी र स्वावलम्बी भएर बाँच्ने सन्देश दिएको छ ।

**(च) परिवेश**

दामोदर पुडासैनी ‘किशोर’का यस चरणका कथाहरू देशको समसामयिक सामाजिक, प्रशासनिक परिवेशमा सिर्जना गरिएका हुन् । समाजमा देखिने नारी र पुरुषका द्वैध चरित्रको चित्रण गर्दै सरकारी कार्यालयका भ्रष्ट कर्मचारीहरूका व्यवहारबाट पीडित इमानदार र स्वावलम्बी कर्मचारीहरूको दुःखपूर्ण अवस्थाको सजीव चित्र यिनका कथामा उतारिएको छ । उनका यस चरणका कथाहरूमा ग्रामीण र सहरिया दुवै परिवेशको चित्रण गरिएको छ साथै विदेशी परिवेशको पनि केही सङ्केत पाइन्छ । यहाँ सरकारी कार्यालय र घरपरिवार वरिपरिको वातावरण परिवेशका रूपमा चित्रण भएको छ ।

यसरी कथाभित्र ग्रामीण एवम् सहरिया परिवेशको चित्रण गर्दै त्यहाँ व्याप्त सामाजिक, पारिवारिक र सरकारी, प्रशासनिक क्षेत्रका विकृति-विसङ्गतिको विरोध गरिएको छ । विश्वासी, इमानदार र स्वाबलम्बी व्यक्ति परिवार, समाज र सरकार जुनसुकै पक्षबाट पनि पीडित बन्नुपरिरहेको वर्तमान समय नै यी कथाहरूले समेटेको परिवेश हो ।

**(छ) भाषाशैली**

दामोदर पुडासैनी ‘किशोर’का यस चरणका कथाहरूको भाषाशैली वर्णनात्मक र सम्बादात्मक रहेको छ । कथनपद्धतिका दृष्टिले यस चरणका कथाहरूमा प्रथम र तृतीय पुरुष दुवै कथनपद्धतिको प्रयोग गरिएको छ । उनका यस चरणका कथाहरूमा पनि मौलिक र आगन्तुक शब्दहरूको प्रयोग भएको छ भने प्रतीकात्मक पद वा पदावलीको पनि प्रयोग भएको भेटिन्छ । यस चरणका तीनैवटा कथाका शीर्षक आफैंमा प्रतीकात्मक रहेका छन् । यी कथाहरूमा प्रयोग गरिएको भाषा पात्रअनुकुल सरल र स्वाभाविक रहेको छ ।

### ४.३.२.९ ‘यात्राका प्रेमिल तरङ्गहरू’ (२०६५) नियात्रासङ्ग्रहभित्र सङ्कलित नियात्राहरूको विवेचना

नियात्रा साहित्यका प्रमुख विधाहरूमध्येको निबन्ध विधाअन्तर्गत पर्ने एक उपविधात्मक साहित्यिक प्रकार हो । त्यसैले यसलाई यात्रानिबन्ध पनि भनिन्छ । जसमा व्यक्तिले यात्राका क्रममा देखेभोगेका विषय अनुभवलाई निबन्धात्मक स्वरूपमा प्रस्तुत गरेको हुन्छ । यात्रामा निस्कने यात्रीले आफूले देखे-भोगेका र अनुभवमा समेटेका अनुभूतिपुञ्जमा पाइने तत्त्वहरूलाई निबन्धको रूपमा स्थापना गरेको छ भने त्यस्तो रचनालाई नियात्रा भनिन्छ (सुवेदी, २०४३:४६) । त्यस्तै युरोप र अमेरिकाका विभिन्न ठाउँहरूको भ्रमणका क्रममा देखे-भोगेका अनुभूतिहरू समेटिएको **“यात्राका प्रेमिल तरङ्गहरू** (२०६५) नियात्रासङ्ग्रह यात्राकार दामोदर पुडासैनी ‘किशोर’को साहित्य यात्राको दोस्रो चरणमा प्रकाशित अन्तिम पुस्तकाकार कृति हो । यसको नामकरण सङ्ग्रहभित्रका सम्पूर्ण नियात्राहरूको समष्टि विशेषताका आधारमा गरिएको हुँदा यो शीर्षक सार्थक रहेको छ । विवेच्य सङ्ग्रहभित्र पूर्व प्रकाशित र अप्रकाशित गरी ३२ वटा यात्रानिबन्धहरू सङ्गृहीत रहेका छन् । जसको विवरण यसप्रकार रहेको छ ।

(१) यात्रारम्भ

(२) उमङ्गित आकाश र उज्यालो सहर

(३) स्वतन्त्रताकी देवी र न्यूयोर्कको सेरोफेरो

(४) एम्पायर स्टेटवरिपरि

(५) म्यानहटनका झिल्काहरू

(६) न्यूयोर्कदेखि आर्लिङ्टनसम्म

(७) उड्सआतङ्क र बच्चाबिहीन आमा

(८) वासिङ्गटनको रङ्गमा उमङ्गित मन

(९) आखिर हामीमात्र बाँकी रह्यौं अन्तिम साक्षी

(१०) बेकीसँग खोजेको मान्छे

(११) अस्ट्रियाको आडदेखि बेलायती बारीसम्म

१२. लन्डनका झिल्काहरू

१३. इतिहास र सिर्जनामा खोजिएको यथार्थता

१४. गोलो पोखरीदेखि तातो बुझगलसम्म

१५. स्वाधीनता र स्वतन्त्रताका महकहरू

१६. फूलको बास्ना वरिपरि, मान्छेको बास्ना डाँडापारि

१७. आकासे यात्रा र वाटरलु कुरुक्षेत्र

१८. समुद्रमुनि भेटिएको देश

१९. कोसेढुङ्गाका अनिश्चित अङ्कुरहरू

२०. रङ्गीन तरङ्गमा लहरिँदा

२१. लुभ्रमा लुकामारी खेल्दा

२२. पेरिसका उज्याला रङ्गहरू

२३. पहाडकी रानीको काखमा

२४. जुनेली मन हिउँमा नाच्यो छमछमी

२५. गफका कुहिरामा हराउँदा

२६. तालदेखि नदीसम्मका तरङ्गहरू

२७. मस्कोमा भेटिएका मनहरू

२८. खाटा बसेको घाउ

२९. चिर्किजोभ्स्कीकी नानी

३०. साम्यवादको थिग्री

३१. आत्मीय अँगालो

३२. आकाशमार्ग वरिपरिका अवशेषहरू

यहाँ माथि दिइएका सम्पूर्ण नियात्राहरूको छुट्टाछुट्टै विवेचना सम्भव नभएकाले विधातत्त्वका आधारमा तिनीहरूको समष्टि विवेचना गरिएको छ ।

(क) **शीर्षक-चयन**

दामोदर पुडासैनी 'किशोर'को विवेच्य सङ्ग्रहका नियात्राहरूको शीर्षक भाव अनुसार राखिएको छ । शीर्षककै वरिपरि रहेर नियात्राकारले आफ्ना भाव, विचार र अनुभूतिलाई विभिन्न तर्क, छलफल, ऐतिहासिक प्रमाण अनि उदाहरण दिएर वस्तुगत र वर्णनात्मक रूपले प्रस्तुत गरेका छन् । विवेच्य सङ्ग्रहका धेरैजसो यात्रानिबन्धहरूमा शीर्षक र कथ्यविषय वा भावबीच तादात्म्य कायम गरी संस्मरणात्मक र नियात्रात्मक शैलीद्वारा वस्तुगत चित्रण गरिएको छ । यहाँका 'खाटा बसेको घाउ', 'आत्मीय अंगालो' जस्ता नियात्राका शीर्षक भावनात्मक अनुभूति हुने खालका रहेका छन् । यस सङ्ग्रहको पहिलो नियात्राको शीर्षक 'यात्रारम्भ' राखिएको छ जसले यात्राकार पुडासैनीको विदेशयात्रामा लाग्ने बेलाको पारिवारिक सम्बन्ध र वातावरणदेखि अन्तराष्ट्रिय विमानस्थलसम्मका विविध क्रियाकलापलाई विषयवस्तु बनाएको हुँदा शीर्षक सार्थक बनेको छ । त्यस्तैगरी 'आकाशमार्ग वरिपरिका अवशेषहरू' शीर्षकमा रचिएको अन्तिम नियात्रामा विदेश भ्रमणको समयावधि पूरा गरी मस्को विमानस्थलबाट काठमाडौं फर्कंदा जहाजमा भएका र जहाजबाट देखिएका विभिन्न क्रियाकलाप र दृश्यहरूको चित्रण गरिएको हुँदा यसले पनि शीर्षकसँग तादात्म्य कायम गर्न पुगेको छ ।

यसरी विवेच्य सङ्ग्रहका नियात्राहरूको शीर्षकचयन हेर्दा तिनमा भावगत सङ्गति भेट्न सकिन्छ । त्यसैले विवेच्य सङ्ग्रहका नियात्राहरूको शीर्षकचयन सार्थक देखिन्छ ।

(ख) **विषयवस्तु**

नियात्राकार दामोदर पुडासैनी 'किशोर'को विवेच्य सङ्ग्रहका नियात्राहरूले यात्री 'किशोर'को विदेश यात्रा प्रारम्भ भएदेखि युरोप र अमेरिकाका विभिन्न मुलुकहरूको भ्रमणका क्रममा देखे-भोगेका र अनुभव गरेका ऐतिहासिक स्थल, प्राकृतिक स्वरूप ,भौगोलिक बनावट, संस्कृति, देशप्रेम आदि विविध क्षेत्रसँग सम्बन्धित पक्षहरूलाई विषयको रूपमा समेटेका छन् । एक महिनाको भ्रमणकालमा विदेशका विभिन्न स्थानको अवलोकनपश्चात सिर्जित अनुभूतिपुञ्जका रूपमा देखा परेको यस सङ्ग्रहमा आख्यानको स्थूल रूप नभई सूक्ष्म रूप रहेको छ । यहाँका नियात्राहरूमा यात्राकारले हवाइयात्रा, रेलयात्रा, पैदलयात्रा गर्दा, देखेका भोगेका विभिन्न विषयलाई समेट्नुका साथै विदेशमा रहेका नेपालीहरूसँगको भेटघाटका अवसरमा भएका दुःख सुखका अनुभूतिलाई पनि अत्यन्त सजीव रूपमा प्रस्तुत गरेका छन् । विवेच्य सङ्ग्रहका नियात्राहरूलाई नै आधार मानेर भन्दा यात्राकार पुडासैनीको यात्राकारिताको प्रमुख वैशिष्ट्य वस्तुगत वर्णन नै हो भन्न सकिन्छ । यहाँ उनले भ्रमणका क्रममा पुगेका, देखेका स्थान, कलाकृति, ऐतिहासिक तथ्य, प्राकृतिक स्वरूप, स्थानीय संस्कृति आदिको तिथिमितिसहित यथार्थ वर्णन

गरेका छन् । यद्यपि यस वर्णनमा यात्राकारको निजात्मक अनुभूति पनि समेटिएको छ तर त्यसले वस्तुगत वर्णनमा कुनै असर पुऱ्याएको छैन । यसको एउटा उदाहरणका रूपमा 'एम्पायर स्टेट वरिपरि' शीर्षकको नियात्राका यी पङ्क्तिहरूलाई लिन सकिन्छ -

> "एम्पाएर स्टेट विल्डिङ्ग' न्युयोर्क सहरको गहना हो र उच्च धरोहर पनि । यो पुरानो वाल्टर-एस्टोरिया होटलसँगै रहेको छ । यो टावर न्यूयोर्क स्टेटका पूर्वगभर्नर अल्फ्रेड.इ.स्मिथ र जोहन जे. रस्कोबले निर्माण गराएका थिए । फेब्रुअरी ७, १९३० मा निर्माणको आरम्भ भएको टावर मे ३१, १९३१ मा विधिवत् रूपमा सर्वसाधारणको लागि खुला गराइएको थियो" ।

(पृ.४२)

विदेशस्थित नियोगहरूको लेखापरीक्षण, संपरीक्षण, स्थलगत निरीक्षण तथा लेखापरीक्षण गर्न र कर्मचारीहरूलाई प्रशिक्षण दिन सरकारी स्तरबाट युरोप र अमेरिकाका केही मुलुकहरूको भ्रमणको उद्देश्य राखेर यात्रामा निस्किएका यात्राकार पुडासैनीको प्रमुख यात्रासाहित्यिक प्रवृत्ति स्वदेशको स्मरण गर्दै विभिन्न ठाउँहरूको वस्तुगत र तुलनात्मक चित्रण गर्नु रहेको देखिन्छ । आत्मरागभन्दा विषयवस्तुको प्रधानतामा रचिएका उनका नियात्राहरूमा स्वेदशप्रेम, नारीसान्निध्य, विदेशी संस्कृतिका साथै विदेशकै स्थानीय वस्तुस्थितिको चित्रण भेटिन्छ ।

नियात्राकार दामोदर पुडासैनी 'किशोर'को विवेच्य सङ्ग्रहभित्रका नियात्राहरू राष्ट्रिय भावनाले भरिएका छन् । कुनै विम्ब प्रस्तुत गर्दा अथवा प्राकृतिक वर्णन प्रस्तुत गर्दा जुनसुकै स्थितिमा पनि स्वदेशका स्थान, प्राकृतिक वातावरण एवम् सौन्दर्यलाई झलक्क सम्झन पुग्दछन् । विदेशी भूमिमा सहयात्रीहरूसँगै वा अन्य मित्रहरूसँग घुम्न व्यस्त रहँदा वा हावामा उड्दा जुनसुकै स्थितिमा पनि यात्राकार पुडासैनीको बाह्य शरीर विदेशी भूमिमा भए पनि मन भने स्वदेशी संस्कृति र स्वदेशी प्रकृतिमा नै रमाइरहेको देखिन्छ; जसको एउटा उदाहरण 'समुद्रमुनि भेटिएको देश' शीर्षकको नियात्राका यी पङ्क्तिहरूमा देख्न सकिन्छ-

> "मार्सलले कारमा डचभाषाको एउटा गीत बजाउनु भयो । त्यस गीतको सङ्गीतमा मैले मेरा मित्र श्रवण मुकारुङको गीत सम्झे "माथिमाथि शैलुङ्गेमा चौंरी चराउनेलाई, हत्केलामा मायाको फूल फूलाउनेलाई......।" माथिमाथि शैलुङ्गे सम्झिरहेथें म । मुस्ताङको कालीगण्डकी खोच सम्झिरहेथें, ताप्लेजुङ्गको उकालो वा सुदूरपश्चिमको भासुको भीर सम्झिरहेथें तर गुडिरहेंथे ब्रसेल्सका सम्म-सम्म मैदानमा" ।

(पृ.१२५)

यसरी विदेशी समथर मैदानमा घुमिरहँदा पनि स्वदेशकै डाँडाकाँडाहरूको सम्झना गरिरहने यात्राकार पुडासैनीको मानसिक स्मृति एकातिर स्वदेशप्रेमबाट टाढा रहन सक्दैन भने अर्कातिर विदेशी नारीहरूसँगको घनिष्टता पनि उत्तिकै प्रबल रूपमा देखा परेको छ । युरोप र अमेरिकाको स्थानीय सभ्यता अनुसारको युवायुवतीको खुला प्रेमक्रियाले पनि यात्राकार पुडासैनीका नियात्राहरूमा स्थान पाउन सफल भएको छ । नारी सौन्दर्य र नारीबाट प्राप्त हार्दिक प्रेमलाई पुडासैनीले आफ्ना नियात्राहरूमा प्रस्तुत गरेका छन् । उनी जहाज, पसल, सङ्ग्राहालय, बाटो जुनसुकै स्थानमा भेटिएका नारीमनसँग अत्यन्त छोटो समयमा नै गाढा सम्बन्ध गाँस्न सफल भएका छन् । त्यस्ता युवतीहरूमा फ्रान्सेली युवती नथली, रसियाली युवती लिली, सिल्भिया, एलेन रानु, कल्याणी, यिनीहरूबीच प्रेम, दर्शन, साहित्य, संस्कृति आदि विषयमा कुराकानी भएको जनाएका छन् । एक ठाउँमा त यिनलाई रसियाली युवतीले प्रेम प्रस्तावसमेत राखेको घटनालाई 'तालदेखि नदीसम्मका तरङ्गहरू' शीर्षकको नियात्राका यी पङ्क्तिहरूमा प्रस्तुत गरेका छन्-

> "तपाईको देशमा अशान्ति छ, अब यतै रसियामा बसोवास गर्नुहोस् । हुन्न? तर यहाँ बस्ने हो भने एउटा सर्त छ," मलाई एउटा चक्लेट दिँदै सिल्भिया बोलिन् । सर्त के भने तपाइँले यहींकै केटी बिहे गर्नुपर्छ", उनलाई उछिन्दै बोलिन् लिली । दुबै मजाले हाँसे "तर म त विवाहित हुँ नि", मैले जवाफ फर्काएँ । "केही फरक पर्दैन । तर रसियामा बिहे गरेपछि नेपाल फर्कन भने पाउनुहुन्न नि",

(पृ.१९०

यसरी विदेशमा पुगेर पनि त्यहाँका नारीमनहरूलाई यात्राकार पुडासैनीले प्रभावित तुल्याएका छन् ।

नियात्राकार दामोदर पुडासैनीका जुनसुकै रचनामा पनि देशप्रेम मुखर बनेको देखिन्छ । विवेच्य सङ्ग्रहका नियात्रामा पनि देशप्रेमले स्थान पाएकै छ । त्यस्ता प्रशस्त उदाहरण पाउन सकिन्छ । उनले आफ्नो लोकभाका संस्कृति, रीतिरिवाज, प्रकृति आदिको परिचय नियात्राका बीच-बीचमा दिएका छन् । त्यस्तै 'जुनेली मन हिउँमा नाच्यो छमछमी' शीर्षकको नियात्रामा स्वीटजरल्यान्डको 'म ब्लँ' हिम टाकुराबाट फर्कने क्रममा रामकृष्ण ढकालले गाएको गीत यसरी सम्झन पुगेका छन्-

> "हिमचुलीमा हिउँ पऱ्यो थाकखोलामा पानी
> आउन मेरो छेऊ बस मेरी मनकी रानी"

(पृ. १७३)

साँच्चै भन्नुपर्दा दामोदर पुडासैनी 'किशोर'का नियात्राहरूमा कुशल वर्णन पाइन्छ । उनका नियात्रामा लामो समयको लागि विदेश भ्रमणमा लाग्ने बेलाका भावुकता, भिएना हुँदै अमेरिका पुग्नेक्रममा जहाजमा भेटिएका देखिएका दृश्यको वर्णन, अमेरिका पुगेपछि त्यहाँका मिश्रित बजार, स्वतन्त्रताकी देवी, ह्वाइट हाउस, लाइब्रेरी अफ कङ्ग्रेस आदि अनेकौं स्थान र कलाकृतिका जीवन्त वर्णन गरेको भेटिन्छ । त्यस्तै अन्य चित्रित विषयवस्तुमा समुद्री भँगाला, न्यूयोर्क सहर, वाशिङ्टन मेनोमेन्ट, विभिन्न दूतावास र त्यहाँका कर्मचारी, बर्लिन पर्खाल, जर्मनीका प्रमुख स्थलहरू, समुद्रमुनिका सहरहरू, नाजीहरूका क्रुरता, जस्ता अनेकौं रमाइला र दुःख लाग्दा प्रसङ्गहरू समेटिएका छन् । यी नियात्राहरू पढ्दा पाठक नै स्वयं यात्रामा भएको भान हुन पुग्दछ । यसका साथै यिनले यस सङ्ग्रहका नियात्राहरूमा विषयवस्तुसँग तादात्म्य कायम हुनेगरी फोटो वा चित्रहरू पनि प्रस्तुत गरेका छन् जसले विषयवस्तुगत भावलाई छर्लङ्ग पार्नुका साथै पाठकमा उत्सुकता पनि सिर्जना गर्न सफल भएका छन् । यी फोटाहरू प्रस्तुत गरिएका विषयवस्तुका प्रामाणिक आधार भएका हुँदा पनि उनका नियात्राहरू बढी वस्तुगत वर्णनमा आधारित छन् भन्न सकिन्छ ।

यसरी विविध विषयवस्तुको जस्ताको तस्तै यथार्थ चित्रण गर्न सफल नियात्राकार पुडासैनीले अमेरिका जान भनेपछि मरिमेट्ने नेपालीहरूले त्यहाँ पुगेपछि भोग्नु परेको वास्तविकतालाई 'म्यानहटनका झिल्काहरू' शीर्षकको नियात्राका यी पङ्क्तिमा यसरी प्रस्तुत गरेका छन्-

> "नेपालतिर कान्छा नभई भुजा ज्यूनार गर्न नसक्नेहरू कुकुर चराउँदै सडक-सडक भौतारिन्छन् । उनीहरू कुकुरको दिसा बाटामा पर्न नदिन हात थापेर खल्तीको रुमालले सडक सुँगसुगाउँदो पार्न पछि पर्दैनन् ।" (पृ. ४५)

अमेरिकामा पनि बस व्यवसायी र टिकट काट्नेले यात्रुलाई झुक्याउने व्यवहारको चित्रण गर्दै मानव अधिकारको पक्षपाती अमेरिकामा कैयौं बासिन्दा अधिकार वञ्चित रहेको स्थितिलाई पनि उनले विवेच्य सङ्ग्रहका नियात्रामा प्रस्तुत गरेका छन् ।

यात्राका क्रममा देखेभोगेका विषय अनुभूतिलाई तत्कालै उतार्न सफल यात्राकार पुडासैनीले ऐतिहासिक यथार्थतालाई पनि आफ्ना नियात्रामा विषयवस्तु बनाएका छन् । 'वासिङ्गटनको रङ्गमा उमङ्गित मन' शीर्षकको नियात्रामा उनले प्रस्तुत गरेको एउटा ऐतिहासिक यथार्थताको नमूना यस्तो रहेको छ-

> "सन् १८०० मा अमेरिकी संसदमा घटेको घटनाले लाइब्रेरी अब कङ्ग्रेस स्थापना भयो । त्यतिखेर राष्ट्रपति जोन एडम्सले फिलाडेल्फियाबाट वासिङ्गटनलाई नयाँ राजधानी बनाए । त्यसपछि सरकारको उपस्थिति हस्तान्तरण गर्नु विधेयकमा हस्ताक्षर गरी तत्कालीन विधायकले

केही आवश्यक पुस्तकहरू संसद्कोलागि उपलब्ध गराउने अभिप्रायले त्यो पुस्तकालय स्थापना भएको थियो ।" (पृ. ६१)

नियात्राकार पुडासैनीले आफ्ना नियात्राहरूमा प्रकृतिको चित्रण पनि प्रशस्तै गरेका छन् । विवेच्य सङ्ग्रहका नियात्राहरूमा विदेशी प्रकृति चित्रण गर्दा स्वदेशी प्रकृति पनि झल्किन पुगेको छ । उनका प्रायः सबैजसो नियात्राहरूमा कुनै न कुनै रूपमा प्रकृतिको चित्र प्रस्तुत भएको छ । प्रकृतिका सुन्दर शान्त रूप, प्रलयाङ्कारी रूप, विनाशकारी रूपमध्ये उनका नियात्रामा सुन्दर, शान्त र शीतल प्राकृतिक रूपको प्रयोग देखिन्छ । यहाँ उनले आफूले यात्रा गर्दा देखेका हिउँ, बादल, जङ्गल, खेत बारीका पाटाहरू, रुख विरुवा बगैँचा, पोखरी, मैदान, नदीहरूको आकर्षक तरिकाले वर्णन गर्दै तिनको रमणीय दृश्यचित्र प्रस्तुत गरेका छन् । उनले जर्मनीबाट बेल्जियम पुग्ने क्रममा जहाजबाट देखेका प्राकृतिक दृश्यको वर्णन 'आकासे यात्रा र वाटरलु कुरुक्षेत्र' शीर्षकको नियात्राका पङ्क्तिहरूमा यसरी गरेका छन्-

"बर्लिन छोडेको करिब बयालिस मिनेटपछि बादल फाट्यो, हिउँले पुरिएर जमिन, खेत, गहराहरू सेताम्य थिए । बीचबीचमा कालो रङ्गका जङ्गलयुक्त खोचहरू थिए । हिउँका थुम्क्याइला सतह, सडक, पाटा र कुलेसाहरूको सौन्दर्यको संयोजनले एउटा चित्रकारको सजीव चित्रको आभास भइरह्यो ।"

(पृ.११६)

यात्राकार पुडासैनीको उद्देश्य विशुद्ध प्रकृति चित्रण गर्ने नरहे तापनि उनका नियात्रामा प्राकृतिका स्वरूपको चित्र उतारिएको छ । यसरी हेर्दा उनको विवेच्य सङ्ग्रहका नियात्राहरू प्रकृति चित्रणका हिसाबले पनि सफल देखिन्छन् ।

एउटा साहित्यकारको मन लिएर यात्रामा निस्किएमा यात्राकार पुडासैनीले विदेशमा रहँदा पनि त्यहाँ बसेका नेपाली साहित्यकारका साथै स्थानीय साहित्यकारसँग भेटघाट गरी साहित्य र सङ्गीतका बारेमा छलफल पनि गरेका छन् साथै उनको विदेशी साहित्यकारका घरघर पुग्ने, इच्छा अनुकूल साथी नपाउँदा पूरा हुन नकसेको दुःखले पनि यी नियात्रामा स्थान पाएका छन् ।

निष्कर्षमा भन्नुपर्दा दामोदर पुडासैनी 'किशोर'को विवेच्य सङ्ग्रहका नियात्रामा प्रमुख रूपमा विदेशी प्रकृति, भूगोल, संस्कृतिका साथै विविध स्थानीय कलाकृति, ऐतिहासिक स्थल आदिको वस्तुगत चित्रण विषयवस्तुका रूपमा आएको छ । यसका साथै उनले यहाँका नियात्रामा देशप्रेम, नारी सौन्दर्य र प्रेमाकर्षण, प्रकृति चित्रण, व्यक्तिगत अनुभव आदिलाई विषयवस्तुका रूपमा प्रस्तुत गरेका छन् । यहाँ प्रस्तुत भएका धेरैजसो विषयवस्तु ज्ञानबर्धक र जानकारीमूलक रहेका छन् जसले गर्दा यस सङ्ग्रहको गरिमा बढ्न पुगेको देखिन्छ ।

### (ग) पात्र

यात्रा साहित्यमा पात्रको पनि उपस्थिति रहेको हुन्छ तर यहाँ आख्यानका जस्तै धेरै पात्रहरू नभई यात्राकारको उपस्थिति नै सुरुदेखि अन्त्यसम्म रहेको हुन्छ । यात्रासाहित्यको प्रमुख पात्र पनि यात्राकार स्वयं नै रहन्छ । यात्रामा देखेका-भोगेका र अनुभवमा समेटेका कुराहरूबाट आफूमा उत्पन्न प्रभावको भोक्ता पनि यात्री नै रहेको हुन्छ र फलको प्राप्ति पनि उसमा नै हुन पुग्दछ । यात्राकारले भोगेका देखेका समग्र सत्यलाई पाठकसामु प्रस्तुत गर्ने कामसमेत प्रमुख रूपमा यात्रीको नै हुन्छ त्यसैले यात्रासाहित्यको प्रमुख पात्र यात्राकार स्वयं नै हो ।

विवेच्य यस सङ्ग्रहका नियात्रामा पनि प्रमुख पात्र यात्राकार दामोदर पुडासैनी 'किशोर' नै हुन् । यहाँ उनले आफूले विदेश-भ्रमणका क्रममा देखेकाभोगेका र अनुभव गरेका विभिन्न विषयक्षेत्रसँग सम्बन्धित तथ्यपूर्ण जानकारीहरूलाई इमानदारीपूर्वक पाठकसामु खुलस्त रूपले प्रस्तुत गरेका छन् । त्यसैले यस सङ्ग्रहका नियात्राहरू प्रथम पुरुष दृष्टिविन्दुमा नै केन्द्रित रहेका छन् जहाँ यात्रीले आफूलाई भोक्ता र वक्ता दुवै रूपमा चिनाइरहेका छन् । यहाँ मुख्य पात्र यात्राकार पुडासैनीका अतिरिक्त प्रासङ्गिक पात्रहरू नेपालदेखि सँगै यात्रामा निस्किएका जनार्दन, उद्धव, कर्णका साथै विदेशमा भेटिएका नेपालीहरू, राजदूतावासका कर्मचारीहरूका साथै अन्य विभिन्न विदेशी नागरिकहरू पनि चर्चामा आएका छन् तर यिनीहरूले मुख्यतः यात्राकारका यात्रानुभूतिलाई नै स्पष्ट्याएका हुँदा यहाँ प्रमुख पात्रका रूपमा नियात्राकार पुडासैनी नै देखा परेका छन् ।

### (घ) गति

यात्रासाहित्य भन्ने वित्तिकै यसमा गतिको आवश्यकता पर्दछ । गति यात्राकारले प्रस्तुत गरेको भोगाई, अनुभूति, घटना, विषयवस्तुको वर्णन कहिलेदेखि कहिलेसम्मको कहाँदेखि कहाँसम्मको समय र स्थानमा आधारित रहेका छन् भन्ने कुरासँग सम्बन्धित रहेको हुन्छ । यात्रासाहित्य जीवनको एक खण्ड वा विशिष्ट क्षणको चित्रण गर्ने लघुकाय विधा भएको हुँदा यसले कुनै एक निश्चित विन्दुदेखि अर्को विन्दुसम्मको विषयवस्तुलाई सङ्केत गरेको हुन्छ । विवेच्य सङ्ग्रहका नियात्राको गति पनि यिनै नियात्राभित्र यात्राकारले उल्लेख गरिदिएको समयावधिका आधारमा हेर्दा एक महिनाको विदेश भ्रमणमा आधारित रहेका छन् । यहाँका नियात्राको गति काठमाडौंदेखि सुरु भई युरोप र अमेरिकाका केही मुलुकहरू भ्रमण गरी पुनः काठमाडौंमा आएर समाप्त भएको छ ।

### (ङ) भाषाशैली

भाषा अभिव्यक्तिको माध्यम हो । साहित्य पनि भाषिक अभिव्यक्ति हो । साहित्यका विभिन्न विधाहरूको अभिव्यक्ति माध्यम भाषा भएझैं यात्रानुभूति प्रस्तुत गरिने नियात्राको माध्यम पनि भाषा नै

हो । भाषिक दृष्टिले हेर्दा दामोदर पुडासैनी 'किशोर'को विवेच्च सङ्ग्रहका नियात्राहरूमा मौलिक र आगन्तुक दुवै किसिमका शब्दहरूको प्रयोग भएको पाइन्छ । नियात्राकार 'किशोर'ले यस सङ्ग्रहभित्रका नियात्राहरूमा भ्रमण, स्वीकृत, पसल, दर्शन, पौरख, राँको, पलङ, सम्मेलन, निर्दिष्ट, उपहार, विमान, परिचारिका, राजदूत, प्रातः : जस्ता संस्कृत स्रोतका शब्दहरूको प्रयोग गरेका छन् । त्यस्तै कोट, पाइन्ट, गुडमर्निङ, ड्राइभिङ, प्लाजा, हाइट, स्टोर, ज्याकेट, क्यामेरा टावर, ह्वाइट हाउस, आदि अङ्ग्रेजी आगन्तुक शब्दहरूको प्रयोग गरेका छन् । त्यस्तै गरी यहाँ विदेशी भाषाका शब्दहरूको पनि प्रयोग भएको छ जसको अर्थ बुझ्न नेपाली भाषीहरूलाई कठिन महसुस हुन्छ तर तिनको अर्थ पादटिप्पणीमा दिइएको हुँदा अर्थबोधमा सहजता सिर्जना भएको छ ।

त्यस्तै उनले यहाँका नियात्राहरूमा किसिम-किसिम, हतार-हतार, चोक-चोक, मच्ची-मच्ची, ठूला-ठूला, खण्ड-खण्ड, जस्ता पूर्ण द्वित्व भएका शब्दहरूका साथै खुरुखुरु, टुलुटुलु, सुलुलुलु, ठिङ्ग आदि अनुकरणात्मक शब्दहरूको प्रयोग पनि गरेका छन् । यात्राकारले आफ्ना यात्रानुभूतिका विषयलाई अझै उजिल्याउनको लागि प्रसङ्ग अनुसार प्रशस्त मात्रामा नेपाली उखानहरूको प्रयोग गरेका छन् त्यस्ता उखानहरू यस प्रकार रहेका छन् : 'चौटा खान गएकी बूढी झोलमा डुबेर मरी' 'जाँगर न साँगर, खाने बेलामा आँ गर', 'दिन उजेली सुती बिताइ, रात उजेली बिस्कुन सुकाइ', 'जोइ न जुँगा, पोइ न पोते', 'आफू नमरी स्वर्ग देखिँदैन', 'तातै खाउँ, जल्दै मरुँ' आदि ।

नियात्राकार 'किशोर'ले विवेच्च सङ्ग्रहका नियात्रामा विभिन्न अलङ्कारहरूको पनि प्रयोग गरेका छन् जसमा उपमा अर्थालङ्कारको प्रयोग प्रशस्त भेट्न सकिन्छ । उनले आफ्ना यात्रात्मक अनुभूतिलाई लघु आयाम र सरल नियात्रात्मक र दैनिकी शैलीमा प्रस्तुत गरेका छन् । यहाँ उनले बीच-बीचमा लोकगीत, हाइकु र कविताका पङ्क्तिहरू पनि प्रस्तुत गरेका छन् जसका कारण नियात्रामा काव्यात्मक सौन्दर्य झल्कन पुगेको देखिन्छ । भ्रमणका क्रममा देखेभोगेका अनभूतिलाई यात्रात्मक तरिकाले प्रस्तुत गर्नु नै पुडासैनीको नियात्रात्मक शैली हो । उनका नियत्राहरूको मूल धर्म नै विदेशी मुलुकका कला-संस्कृति, प्रकृति, भूगोल इतिहास आदिको वर्णनात्मक र प्रभावपरक प्रस्तुति गर्नु हो । निष्कर्षमा भन्नुपर्दा उनको भाषाशैलीगत विशेषता सरल र सम्प्रेष्यताका साथ वर्णनात्मक शैली अँगाली वस्तुगत चित्रण गर्नु हो ।

### ४.३.२.१०. पत्रपत्रिकामा प्रकाशित द्वितीय चरणका फुटकर नियात्राहरूको विवेचना

दामोदर पुडासैनी 'किशोर'को साहित्य-यात्राको द्वितीय चरणमा पत्रपत्रिकामा प्रकाशित तर सङ्ग्रहभित्र नपरेका नियात्राहरू प्राप्त तथ्यका आधारमा हेर्दा आधा दर्जनभन्दा बढी देखिन्छन् जसको विवरण ४.१.१.२ मा नै दिइसकिएको छ । यहाँ तिनै नियात्रा र संस्मरणात्मक निबन्धको विधातत्त्वका आधारमा समष्टि विवेचना गरिएको छ ।

**क) शीर्षक-चयन**

दामोदर पुडासैनी 'किशोर'को यस चरणका पत्रपत्रिकामा प्रकाशित नियात्रा र संस्मरणात्मक निबन्धको शीर्षक विषयवस्तुगत भावअनुसार नै राखिएको छ । शीर्षकको सेरोफेरोमा रहेर नियात्राकारले आफूले देखेका-भोगेका भावना, विचार र अनुभूतिलाई विभिन्न उदाहरण दिएर प्रस्तुत गरेका छन् । उनले विवेच्य फुटकर नियात्राहरूमा पनि आफूले देखेका घुमेका विदेशी स्थलहरूको स्थानीय विम्बको माध्यमबाट वस्तुगत चित्रण गरेका छन् । यहाँ संस्मरणात्मक, नियात्रात्मक र वर्णनात्मक शैलीको प्रयोग गरी शीर्षक  र भावबीच तादात्म्य कायम गरिएको छ । यी नियात्राको शीर्षकीय संरचना पदावलीका स्तरदेखि पूर्णवाक्यात्मक स्तरसम्म संरचित देखिन्छ । यसरी समग्रमा भन्नुपर्दा उनका यस चरणका फुटकर यात्रात्मक निबन्धहरूमा शीर्षक र भावबीच सङ्गति कायम गरिएको हुँदा शीर्षक-चयन सार्थक र औचित्यपूर्ण हुन पुगेको छ ।

**ख) विषयवस्तु**

नियात्राकार दामोदर पुडासैनी 'किशोर'का यस चरणका विवेच्य फुटकर यात्रात्मक निबन्धहरू पनि उनले भ्रमण गरेका युरोप र अमेरिकाका विभिन्न मुलुकको स्थानीय विषयवस्तुमा केन्द्रित रहेका छन् । त्यसैले यी रचनाहरूले पनि **यात्राका प्रेमिल तरङ्गहरू** (२०६५) नियात्रासङ्ग्रहभित्र वर्णित विषयलाई नै आफ्नो कथ्यविषय बनाएका छन् । यहाँ पनि यात्राकारले विदेशी मुलुकको भ्रमणका क्रममा देखे-भोगेका र अनुभव गरेका भू-बनोट, कलाकृति, प्राकृतिक सम्पदा, ऐतिहासिक स्थल, रीतिरिवाज र संस्कृति आदिलाई विषयवस्तुको रूपमा प्रस्तुत गरेका छन् र यिनमा पनि आख्यान स्थूल नभएर सूक्ष्म रूपमा रहेको देखिन्छ ।

विवेच्य नियात्राहरूमा अमेरिका, फ्रान्स, स्विजरल्यान्ड, इजिप्ट आदि विदेशी मुलुकहरूका प्रमुख स्थान, कलाकृति प्राकृतिक स्वरूप जस्ता विविध क्षेत्रसँग सम्बन्धित विषयवस्तुको वस्तुगत चित्रण गरिएको छ । यहाँ प्रस्तुत गरिएका विषयवस्तु '**यात्रामा प्रेमिल तरङ्गहरू** नियात्रासङ्ग्रहमा प्रस्तुत गरिएका विषयवस्तुसँग सम्बन्धित भएका हुँदा यहाँ कुनै नौला विषयवस्तु प्रस्तुत गरिएको छैन मात्र यिनीहरूको शीर्षक छुट्टा-छुट्टै दिइएको छ । विवेच्य नियात्राहरूमा पनि उपयुक्त सङ्ग्रहभित्रका नियात्राहरूमा जस्तै यात्राकार पुडासैनीले यात्रात्मक अनुभूतिलाई यथार्थ रूपमा प्रस्तुत गरेका छन् । यसको एउटा उदाहरणका रूपमा 'भर्जिनियाको बसाइँ वासिङ्टनको घुमाइ' शीर्षकको नियात्राका यी पङ्क्तिहरूलाई लिन सकिन्छ -

> "सेतो सङ्गमरमरले सजाइएको त्यो विशाल महलको छाना टोप घोप्ट्याइएको जस्तो र मन्दिरको माथिल्लो भागजस्तो छ । Capital Hill को अघिल्तिर ठाउँ-ठाउँमा सिंह, घोडा, घोडसवार भएर युद्ध गरिरहेका योद्धाहरू आदि दृश्ययुक्त मूर्तिहरू रहेका छन् । भवनको अगाडि रहेको पोखरीमा हाँसहरू पौडिरहेछन् स्वतन्त्रतापूर्वकै (पुडासैनी, २०६३ .५७) ।

माथि दिइएको नियात्रात्मक अंशमा यात्राकारले अमेरिकी संसद भवनको वस्तुगत चित्रण गरेका छन् ।

सरकारी कर्मचारीका रूपमा कार्यरत दामोदर पुडासैनी 'किशोर' सरकारी काम पूरा गर्ने उद्देश्य राखेर विदेश भ्रमणमा निस्किएका थिए । एकातिर सरकारी कर्मचारी र अर्कातिर साहित्यकारका रूपमा परिचित पुडासैनीले सरकारी कामकै क्रममा भ्रमण गर्दा देखेका-भोगेका अनुभूतिलाई अनुभूतिकै रूपमामात्र सीमित नराखी नियात्राका माध्यमबाट पाठकसामु प्रस्तुत गरेका छन् । उनका विवेच्य नियात्राहरू निजात्मक अनुभूतिभन्दा विषयवस्तुको प्रधानतामा रचिएका छन् । स्वदेश वा विदेश जुनसुकै ठाउँ र जस्तोसुकै परिस्थितिमा रहँदा पनि स्वदेशको चित्र मुटुमा टाँसिरहने पुडासैनीका नियात्रामा पनि उनको देशप्रेमको भाव भेट्न सकिन्छ । यसको उदाहरणका रूपमा 'दिनको अलेक्जेन्ड्रिया र रातको पिरामिड सुम्सुम्याउँदै' शीर्षकको नियात्राका निम्न पङ्क्तिहरूलाई लिन सकिन्छ-

> "आज एक्कासि" वर्षात् भयो राम भाइले आश्यर्च व्यक्त गर्नुभयो । त्यति धेरैबेर पनि भएको थिएन वर्षात् तर शहरमा तत्कालै समुद्रको लहरझैं उत्साहको लहर छाएको पाइयो । युवायुवतीहरू पानीमा रमाइ-रमाइ भिजेर मजा लिँदै थिए । मलाई काठमाडौं उपत्यका र तराइका बासिन्दाले सिमभन्ज्याङ वा नगरकोटमा हिँउ वर्सिदा रमाएर हिउँ खेल्दै गरेको याद आयो ।" ( पुडासैनी, २०६३ः.२१) ।

यसरी विदेशी रौनकमा रमाइरहँदा पनि स्वदेश प्रेमबाट टाढिन नसकेका यात्राकार पुडासैनीले आफ्ना यात्रात्मक निबन्धमा विदेशी संस्कृति र इतिहासलाई पनि विषयवस्तुका रूपमा प्रस्तुत गरेका छन् । यात्राकार पुडासैनीले 'चर्को घाममा पनि शीतलता दिने इजिप्ट' शीर्षकको यात्रानिबन्धमा ऐतिहासिक विषयलाई यसरी प्रस्तुत गरेका छन्-

> "विश्वका सात आश्चर्यमध्ये एक पिरामिड पनि हो । विश्वको सबैभन्दा ठूलो र प्रख्यात पिरामिड राजा कोफूले निर्माण गर्न लगाएका थिए । त्यसको नजिकै उनका छोरा केफरस र नाति मँकराले एक-एक वटा विशाल पिरामिड बनाएका थिए "(पुडासैनी, २०६३ः ९०) ।

यसरी विदेश-भ्रमणका क्रममा देखेका-भोगेका विभिन्न अनुभूतिलाई आफ्ना रचनाहरूमा प्रस्तुत गर्ने यात्राकार पुडासैनीले विवेच्य नियात्राहरूमा माथि उल्लेखित विषयका अतिरिक्त प्रकृतिचित्रण र नारीप्रेमलाई पनि महत्त्वपूर्ण स्थान दिएका छन् । उनले आफ्ना नियात्रामा प्रकृतिका विविध स्वरूपमध्ये शान्त, शीतल र रमणीय स्वरूपकोमात्र चित्रण गरेका छन् ।

निष्कर्षमा भन्नुपर्दा यात्राकार दामोदर पुडासैनी 'किशोर'का विवेच्य नियात्राहरूमा प्रमुख रूपमा विदेशी स्थानहरूको वस्तुगत वर्णन पाइन्छ यसका साथै यहाँ विदेशी प्रकृति, संस्कृति, इतिहास, स्वदेश

प्रेम, नारी प्रेम, कलाकृति आदि क्षेत्रसँग सम्बन्धित विषयको प्रयोग भएको देखिन्छ । नियात्राका बीच-बीचमा आएका ज्ञानबर्द्धक र जानकारीमूलक विषयले गर्दा यिनको महत्त्व अझै बढ्न गएको छ ।

**ग) पात्र**

जुनसुकै साहित्यिका विधामा कुनै न कुनै किसिमले पात्रको प्रयोग भएझैं यात्रा-साहित्यमा पनि यात्राका अनुभूति व्यक्त गर्ने कुनै न कुनै पात्र रहेको हुन्छ । यात्राकार पुडासैनीका विवेच्य नियात्राहरूमा पनि प्रमुख पात्र यात्राकार स्वयं नै रहेका छन् । यहाँ उनले आफूले विदेश-भ्रमणका क्रममा देखेका-भोगेका विभिन्न क्षेत्रसँग सम्बन्धित विषयवस्तुको यथार्थ प्रस्तुति गरेका छन् । साथै ठाउँ-ठाउँमा आफ्ना निजात्मक अनुभूति पनि प्रस्तुत गरेका छन् । त्यसैले विवेच्य नियात्राहरू प्रथम पुरुष दृष्टिविन्दुमा केन्द्रित रहेका छन् जहाँ यात्री स्वयंले सम्पूर्ण विषयवस्तुको जानकारी दिएका छन् । यहाँ मुख्य पात्र यात्राकार पुडासैनीका अतिरिक्त अन्य सहायक पात्रहरू पनि आएका छन् तर तिनीहरूले मुख्यतः यात्राकारकै यात्रानुभूतिलाई अघि बढाउन सहयोग पुऱ्याएका छन् । त्यसैले यहाँ प्रमुख पात्रका रूपमा यात्राकार पुडासैनी नै देखा परेका छन् ।

**घ) गति/अवधि**

निबन्ध विधाअन्तर्गत पर्ने नियात्राको निजी तत्त्व भनेको गति हो । नियात्रामा विषयवस्तुलाई सङ्गठित तुल्याउने तत्त्व नै गति हो; यसले विषयवस्तुका टुक्राहरूलाई जोड्ने काम गर्दछ । नियात्रामा यात्राको दूरी र समय अनिवार्य रूपमा आएकै हुनुपर्दछ भने यात्रासंस्मरणमा विगतको कुनै समयका यात्रा अनुभवलाई संस्मरणात्मक शैलीमा प्रस्तुत गरिएको हुन्छ । विवेच्य नियात्राहरूले समेटेको गति समष्टिमा यति र यही हो भनेर किटान गर्न सकिँदैन तर छुट्टछुट्टै रूपमा यिनीहरूको आ-आफ्नै गति रहेको छ । यहाँका कुनै-कुनै नियात्राका शीर्षकले नै गतिलाई सङ्केत गरेका छन् । जस्तै 'फ्रान्सदेखि स्विट्जरल्यान्डको यात्रा' शीर्षकलाई लिन सकिन्छ यस शीर्षकले सङ्केत गरे अनुसार यहाँ फ्रान्सदेखि स्विट्जरल्यान्ड पुग्ने समयमा भएका, घटेका र देखेका विविध विषयहरूको प्रस्तुति गरिएको छ । विवेच्य सबैजसो नियात्रा विदेशकै सेरोफेरोमा केन्द्रित रहेका छन् तर 'वङ्गलादेश र विजयादशमी' शीर्षकको नियात्राले भने वङ्गलादेशदेखि काठमाडौंसम्मको यात्रात्मक गतिलाई समेटेको छ । यहाँका सम्पूर्ण नियात्राहरूको प्रारम्भ विन्दु भने विदेशकै विभिन्न ठाँउहरू रहेका छन् । यिनै केही साक्ष्यका आधारमा यी नियात्राको गति फरक-फरक रहेको छ भन्न सकिन्छ ।

**ङ) भाषा**

भाषा अभिव्यक्तिको माध्यम भएको हुँदा यात्रात्मक अनुभूति प्रस्तुत गरिने नियात्राको माध्यम पनि भाषा नै हो । भाषिक दृष्टिले हेर्दा दामोदर पुडासैनी 'किशोर'का विवेच्य फुटकर नियात्राहरूमा मौलिक र आगन्तुक दुवै किसिमका शब्दहरूको प्रयोग भएको पाइन्छ । नियात्राकारले विवेच्य

नियात्राहरूमा सामिप्यता, परिसर, आतङ्क, पोषण जस्ता संस्कृत स्रोतका शब्दहरूको प्रयोग गरेका छन् । त्यस्तै काउन्टर, क्लवजस्ता अङ्ग्रेजी आगन्तुक शब्दहरूको प्रयोग पनि गरेका छन् । यहाँ विदेशी भाषाका कठिन शब्दहरूको प्रयोग गरिएको भए पनि तिनको अर्थ प्रयोग भएकै ठाउँमा दिइएको हुँदा अर्थबोधमा सहजता नै सिर्जना भएको छ । यी नियात्राहरूमा मौलिक र आगन्तुक शब्दहरूका साथै ठाउँ-ठाउँबीच-बीच, मरिमरि, झन्-झन् जस्ता द्वित्व भएका शब्दहरूको पनि प्रयोग गरिएको छ । यहाँ प्रसङ्गअनुसार प्रयोग गरिएका नेपाली उखानहरूले पनि नियात्राको भाषिक सौन्दर्य बढाएको देखिन्छ । विवेच्य नियात्राहरूमा प्रयोग भएका कपासका फूल, बादलु जमात् , बादलका पहाड, कुहिरोको कम्बल, घामको चुम्बन, जिन्दगीका चहकजस्ता विम्बका साथै विभिन्न अर्थालङ्कारहरूले नियात्रामा काव्यात्मक सौन्दर्य बढाएका छन् । भ्रमणका क्रममा देखेका-भोगेका यात्रात्मक अनुभूतिलाई विशेषतः वर्णनात्मक, नियात्रात्मक र संस्मरणात्मक शैलीद्वारा वस्तुगत चित्रण गर्नु नै यात्राकार पुडासैनीका नियात्राहरूमा पाइने शैलीगत विशेषता हो । निष्कर्षमा भन्नुपर्दा शब्द प्रयोगमा विविधता, सम्प्रेष्यता, नेपाली उखानहरूको प्रयोग साथै वर्णनात्मक, संस्मरणात्मक र नियात्रात्मक शैली अँगाली वस्तुगत चित्रण गर्नु नै उनको नियात्रा रचनाको भाषाशैलीगत विशेषता हो ।

# पााचौ अध्याय

# उपसंहारः सारांश तथा निष्कर्ष

## ५.१ सारांश

वि.सं. २०१९ सालमा बागमती अञ्चलको काठमाडौं जिल्लाअन्तर्गत जीतपुर फेदी गा.वि.स. २ मा जन्मेका दामोदर पुडासैनी 'किशोर' हरिप्रसाद पुडासैनी र उनकी जेठी श्रीमती तुलसा पुडासैनीका कान्छो छोरा हुन् । यिनका पाँच दिदीहरू, एक बहिनी र तीन दाजुहरू रहेका छन् । मध्यमवर्गीय परिवारमा जन्मेका पुडासैनीको बाल्यकाल मायालु वातावरणमा बितेको देखिन्छ । घरबाट नै अध्ययन आरम्भ गरेका दामोदर पुडासैनी 'किशोर'ले एकैपटक कक्षा तीन खडवालकोट प्राथमिक विद्यालय फेदी बजारबाट औपचारिक अध्ययन सुरुगरी प्राथमिक शिक्षा प्राप्त गरेका हुन् । माध्यमिक शिक्षाका लागि ग्रामसेवा माध्यमिक विद्यालयमा भर्ना भएका पुडासैनीले त्यहींबाट नै वि.सं. २०३६ सालमा प्रवेशिका परीक्षा उत्तीर्ण गरेका हुन् । प्रवेशिका परीक्षा उत्तीर्ण गरेपछि सरकारी सेवा र अध्ययनलाई अघि बढाउँदै २०३६ सालदेखि सरस्वती बहुमुखी क्याम्पस लैनचौरमा प्रमाणपत्र तह व्यवस्थापन सङ्कायमा भर्ना भई उच्च शिक्षाको अध्ययन प्रारम्भ गरेका उनले क्रमशः वि.सं. २०३९, २०४५ र २०६० सालमा सोही क्याम्पसबाट प्रमाणपत्र तह, स्नातक तह र स्नातकोत्तर तह उत्तीर्ण गरेका हुन् । जीतपुर गा.वि.स. स्थित तारकेश्वर महादेवको मन्दिरमा उपनयन कार्य गरेका दामोदर पुडासैनी 'किशोर'को विवाह चितवन जिल्ला भरतपुर निवासी पार्वती ढकालसँग २०४१, सालमा वैदिक विधिअनुसार सम्पन्न भएको हो । हाल उनका एक छोरा र एक छोरी रहेका छन् ।

दाजुहरूको प्रेरणाले सरकारी सेवामा लाग्न प्रेरित भएका दामोदर पुडासैनी 'किशोर' २०३६ सालदेखि सरकारी सेवामा प्रवेश गरेका भए पनि २०३८ सालदेखि स्थायी कर्मचारीका रूपमा रही निरन्तर विभिन्न पदभार सम्हाल्दै हाल महालेखा परीक्षकको कार्यालय बबरमहलमा लेखापरीक्षण अधिकारीका रूपमा कार्यरत छन् । जागिर र अध्ययनलाई सँगसँगै अघि बढाइरहेका 'किशोर'ले विभिन्न किसिमका तालिम लिने र दिने कार्य पनि गर्दै आएका छन्. । सानै उमेरदेखि नै विभिन्न ठाउँहरूको भ्रमण गर्न रुचाउने उनले नेपालका ६५ भन्दा बढी जिल्ला र विदेशी दुई दर्जनभन्दा बढी देशहरूको भ्रमण पूरा गरेका छन् । सरकारी सेवाका साथै साहित्य सिर्जना, कृति प्रकाशन, नयाँ-नयाँ साहित्यिक कार्यक्रममा सक्रिय सहभागिता जनाउँदै आएका पुडासैनीको हाल ग्वंगः बु नयाँ बसपार्कमा बसोबास रहेको छ ।

बाल्यकालदेखि नै एकान्तप्रेमी, अध्ययनशील, इमानदारी, दामोदर पुडासैनी 'किशोर' धुम्रपान, मद्यपान जस्ता नराम्रा बानीबाट टाढै रही सन्तुलित आहारप्रति रुचि राख्दछन् । विभिन्न स्वदेशी तथा

विदेशी साहित्यकार र उनीहरूका साहित्यिक कृतिहरू पढ्न मन पराउने उनले ग्रामीण परिवेशका सुख दुःखमा भिज्दै साहित्य सिर्जना गर्न रुचाउँछन् ।

आफ्ना बाबुको प्रेरणा तथा जन्मस्थानको रमणीय प्राकृतिक वातावरणबाट प्रेरित भएर साहित्य सिर्जनामा लागेका 'किशोर' सिर्जनामा मौलिकपन हुनुपर्छ भन्ने मान्यता राख्ने साहित्यकार हुन् । सानै उमेरदेखि लेखन कार्यमा संलग्न दामोदर पुडासैनी 'किशोर' तीन दशकभन्दा बढी समयसम्म नेपाली साहित्यमा निरन्तर क्रियाशील रहेबापत् विभिन्न मान, पदवी तथा पुरस्कारद्वारा सम्मानित भएका छन् । मेहनतपछि प्राप्त गरेका सफलतालाई विशिष्ट घटनाक्रमका रूपमा लिने 'किशोर' जीवनमा आइपरेका दुःखद र सुखद क्षणहरूलाई आत्मसात् गर्दै निरन्तर रूपमा अघि बढिरहेका छन् ।

दामोदर पुडासैनी 'किशोर'का व्यक्तित्वका विविध पाटाहरू रहेका छन् । शारीरिक व्यक्तित्वका दृष्टिले समान्य उचाइका, हृष्टपुष्ट र फूर्तिलो देखिने 'किशोर' स्वभावजन्य व्यक्तित्वका दृष्टिले झट्ट हेर्दा गम्भीरजस्ता देखिए पनि फरासिलो, मिलनसार, स्वाभिमानी, परिश्रमी तथा सहयोगी देखिन्छन् । लेखकीय व्यक्तित्वअन्तर्गत साहित्यिक र साहित्येतर व्यक्तित्वका धनी 'किशोर'को साहित्यिक व्यक्तित्वअन्तर्गत कवि व्यक्तित्व, निबन्धकार व्यक्तित्व, कथाकार व्यक्तित्व, भूमिका लेखक व्यक्तित्व, आदि प्रमुख रहेका छन् । यसैगरी उनका अन्य व्यक्तित्वमा राष्ट्रसेवक व्यक्तित्व, सामजिक व्यक्तित्व, संस्थागत तथा व्यवस्थापकीय व्यक्तित्व, पुरस्कार संस्थापक व्यक्तित्व र पारिवारिक भूमिकाजन्य विभिन्न व्यक्तित्व रहेको निष्कर्ष प्राप्त भएको छ ।

दामोदर पुडासैनी 'किशोर' मुख्यतः सरकारी कर्मचारी हुन् । यद्यपि उनी तीन दशकभन्दा लामो समयदेखि साहित्यमा निरन्तर साधनारत छन् । उनको साहित्य सिर्जनाको मुख्य विधा कविता हो तापनि उनले नियात्रा, कथा, गजल, हाइकु मुक्तक पनि लेखेका छन् । उनको प्रथम प्रकाशित रचना 'शहीद' शीर्षकको कविता हो; जुन वि.सं. २०३४ सालको 'जनजागृति' साप्ताहिक पत्रिकामा प्रकाशित भएको छ । उनका **आफन्तका अनुहारहरू** (२०४९), **आँखाको खोजीमा** (२०६२), **आकारको खोजीमा** (२०६३), **आलोकित आयाम** (२०६३) **कवितासङ्ग्रहहरू** र **यात्राका प्रेमिल तरङ्गहरू** (२०६५) नियात्रासङ्ग्रह प्रकाशित भएका छन् भने पत्रपत्रिकामा विभिन्न विधाका रचनाहरू प्रकाशित अवस्थामा छरिएर रहेका छन् । उनले दिएको जानकारी अनुसार, **भर्खरै प्राप्त समाचार** कवितासङ्ग्रह, **समानान्तर रेखाहरू** कथासङ्ग्रह, **कवितासङ्ग्रह**$_२$, **गजलसङ्ग्रह**$_१$, **हाइकुसङ्ग्रह** $_१$ र **नियात्रासङ्ग्रह**$_१$ प्रकाशोन्मुख अवस्थामा रहेका छन् ।

दामोदर पुडासैनी 'किशोर'को साहित्य-यात्रालाई दुई चरणमा विभाजन गर्न सकिने आधार उनका सिर्जनामा देखा परेका प्रवृत्ति, शैली तथा भाषाप्रयोग र समयावधिले दिएका हुन् । उनको साहित्य रचनाको मुख्यस्रोत आफ्नै जीवन-भोगाइ, देशप्रेम, समाजमा व्याप्त विकृतिविसङ्गति, प्रकृति, राजनीतिक अवस्था, युद्धकालीन सन्त्रासमय वातावरण, प्रणय, मानवीय संवेदना, विदेशी परिवेश र त्यहाँको प्राकृतिक स्वरूप, कलासंस्कृति दर्शनजस्ता विभिन्न क्षेत्रहरू रहेको निष्कर्ष यस अध्ययनबाट प्राप्त भएको छ ।

उनको साहित्यिक-यात्राको प्रथम चरणका प्रकाशित कृतिहरूमा धेरैजसो जीवन भोगाइका अनुभूतिका साथै सामाजिक क्षेत्र र सरकारी कार्यालयका विकृति र विसङ्गतिलाई प्रस्तुत गरिएको छ भने दोस्रो चरणमा आइपुग्दा उनका रचनाहरूमा समसामयिक युगीन चेतनाले प्रवेश पाएको छ । उनले दोस्रो चरणमा रोपाइँ कविगोष्ठी, मकै कविगोष्ठी, कृष्णलीला कविगोष्ठी, एस.एम.एस. हाइकुगोष्ठी जस्ता नयाँ-नयाँ प्रयोग गर्नुको साथै नियात्राकाव्य लेखनलाई पुस्तकाकार स्वरूपमा प्रस्तुत गरेका छन् । यस चरणमा उनले आफ्नो विदेश-भ्रमणको क्रममा देखिएका भोगिएका विभिन्न क्षेत्रसँग सम्बन्धित विषयवस्तु समेटेर नियात्रासङ्ग्रह पनि प्रकाशित गरेका छन् । द्वितीय चरणका कवितामा कविले समाज परिवर्तनको चाहना, सत्य, न्याय, विवेकजस्ता  सकारात्मक विचारहरूको खोजी गर्दै सन्त्रस्त वातावरण, जनताका दुःख-पीडा, बाध्यता, यौनभावको शिष्ट अभिव्यक्ति, परम्परित शिक्षा परिपाटीको विरोध, यात्रात्मक अनुभूतिको अभिव्यक्ति साथै चाकडी चाप्लुसी प्रवृत्तिको उदाङ्गो चित्र प्रस्तुत गरेका छन् ।

संरचनात्मक दृष्टिले उनका प्रथम चरणका कविताहरू धेरैजसो एकै अनुच्छेदमा संरचित छन् भने द्वितीय चरणका कविता एक अनुच्छेदकाभन्दा अनुच्छेद-अनुच्छेदमा विभाजित रहेका छन् । उनका सम्पूर्ण कविताहरू मुक्तलयमा रचिएका छन् । विम्ब-प्रतीकको सहज प्रयोग भएका उनका कवितामा शब्द प्रयोगगत विविधता पाइन्छ । प्रथम पुरुष आत्मालापीय र द्वितीय पुरुष तिमीप्रति सम्बोधित कथनपद्धति अँगालेर रचिएका उनका कवितामा संवादात्मक, वर्णनात्मक भाषाशैलीको प्रयोग भएको छ । उनका कविताहरू लामा-लामा पङ्क्तिदेखि निकै छोटा र ठिक्कका पङ्क्तिमा संरचित रहेका छन् । प्रथम चरणका कवितामा लेख्य चिह्नको अधिक प्रयोग गरेका कवि 'किशोर'ले द्वितीय चरणमा पुगेपछि लेख्य चिह्नको प्रयोगमा न्यूनता ल्याएका छन् साथै पादटिप्पणीको प्रयोग गरी संरचनामा नयाँपन ल्याएका छन् ।

उनका कविताका शीर्षक कथ्यविषय अनुरूप नै चयन गरिएका छन् साथै ती शीर्षकहरू पद, पदावली, वाक्यांश र वाक्य सबै स्तरमा संरचित रहेका छन् । उनका पछिल्ला कवितासङ्ग्रहमा विदेशी अपरिचित शब्दहरूको प्रयोग र तिनै शब्दबाट निर्मित विम्ब-प्रतीकले कविता केही जटिलजस्तो लागे पनि विम्ब प्रतीकको सहज संयोजन देखिएको छ । उनका पत्रपत्रिकामा छरिएर रहेका फुटकर कथाहरूमा विधातत्त्वका सबलता नभई दुर्बलता देखा परेको छ । मध्यमवर्गीय र उच्चवर्गीय पात्रहरूको छनौट, झीनो-मसिनो कथानक,  द्वन्द्वको शिथिलता, वर्णनात्मक शैलीको प्रयोग, शब्द प्रयोगगत विविधता, नेपाली सामाजिक परिवेश आदि उनका कथाहरूका संरचनागत विशेषता छन् ।

साहित्यका सबैजसो विधामा कलम चलाएका दामोदर पुडासैनी 'किशोर'का गजल, मुक्तक र हाइकुहरू पनि पत्रपत्रिकामा छरिएर रहेका छन् । गजलको सैद्धान्तिक मान्यतामा आधारित भएर लेखिएका उनका सम्पूर्ण गजलहरू ५ सेरको संरचनामा संरचित रहेका छन् साथै तिनमा काफिया र रदिफको उचित संयोजन देखिएको छ । शीर्षकबिनानै रचिएका उनका गजलले मुख्य रूपमा देशप्रेम, समसामयिक सामाजिक राजनीतिक विकृति -विसङ्गति साथै प्रणयपरक विषयलाई समेटेका छन् । तुखल्लुस बिनाका

उनका गजलहरू सरल र सम्प्रेष्य रहेका छन् । त्यस्तै गरी उनका मुक्तकहरू पहिलो, दोस्रो र चौथो पङ्क्तिको अन्त्यानुप्रासयोजना मिलेका चार पङ्क्तिमा संरचित छन् । विम्ब-प्रतीकको न्यून प्रयोग, पङ्क्तिहरूमा अक्षरहरूको विषमता, आयामगत विविधता र सरल, सुकोमल भाषाको प्रयोग नै उनका मुक्तकको विशेषता हो । मोबाइलबाट एस.एम.एस. हाइकु सम्प्रेषण गर्ने कार्यको थानलीकर्ता दामोदर पुडासैनी 'किशोर'का हाइकुहरू सैद्धान्तिक संरचनामा आबद्ध छन् । यौनवादी हाइकुकारका रूपमा परिचित उनका हाइकुमा प्रकतिसँग मानवीय संवेदनालाई गाँसेर छोटोमा मीठो अभिव्यक्ति गरिएको छ । सरल सहज भाषाको प्रयोग भएका उनका हाइकु मुक्तलयमा आबद्ध छन् ।

युरोप र अमेरिकाका विभिन्न मुलुकहरू भ्रमण गर्दा देखेकाभोगेका र अनुभूत गरेका विभिन्न क्षेत्रहरूसँग सम्बन्धित विषयको वस्तुगत वर्णन गरिएका उनका यात्रानिबन्धहरूमा शीर्षक र भावबीच तादात्म्य कायम गरिएको छ । विविध ज्ञानबर्द्धक र जानकारीमूलक विषयवस्तु समेटिएका उनका नियात्रामा शब्दचयनगत विविधता देखिन्छ । उनले आफ्ना नियात्रामा वर्णनात्मक र संस्मरणात्मक शैलीको प्रयोग गरेका छन् । यात्राकार स्वयं नै पात्रका रूपमा देखा परेका यी नियात्राहरू प्रथम पुरुष दृष्टिविन्दुमा संरचित छन् साथै यिनले नेपालदेखि विभिन्न मुलुक हुँदै नेपालसम्मको एक महिनाको समयावधिलाई समेटेका छन् ।

यसरी देश-विदेश, समाज र सामाजिक जनजीवनसँग प्रत्यक्ष-अप्रत्यक्ष रूपमा सम्बन्धित विभिन्न विषयवस्तुलाई आफ्ना साहित्यिक रचनामा प्रस्तुत गरेर दामोदर पुडासैनी 'किशोर' नेपाली साहित्यका क्षेत्रमा निरन्तर क्रियाशील व्यक्तित्व बनेको कुरा स्पष्ट हुन्छ । प्रस्तुत अध्ययनबाट नेपाली साहित्यका क्षेत्रमा निरन्तर नयाँ-नयाँ प्रयोग गर्दै अघि बढिरहेका 'किशोर'को निरन्तर सक्रियता र क्रियाशीलता देखिनुका साथै नियात्राकाव्य लेखन र मोबाइलबाट साहित्य सम्प्रेषण गर्ने कार्यमा महत्त्वपूर्णस्थान रहेको निष्कर्ष प्राप्त भएको छ । उनी पहिले कवि र त्यसपछि यात्रानिबन्धकार र कथाकार हुन् भन्ने कुरा पनि यस अध्ययनले देखाएको छ । यसरी हेर्दा उनलाई समसामयिक नेपाली कविताका क्षेत्रमा प्रयोगशील सक्रिय कविका रूपमा लिन सकिन्छ ।

## %=@ lgisif{

साहित्यकार दामोदर पुडासैनी 'किशोर'को जीवनी, व्यक्तित्व र कृतित्वका बारेमा गरिएको प्रस्तुत अध्ययनबाट प्राप्त भएका निष्कर्षलाई समष्टि रूपमा निम्नलिखित बुँदाहरूमा प्रस्तुत गर्न सकिन्छ ।

१. वि.सं. २०१९ सालमा जन्मेका दामोदर पुडासैनी 'किशोर'को औपचारिक साहित्य-यात्राको आरम्भ वि.सं. २०३४ सालको 'जनजागृति' साप्ताहिक पत्रिकामा प्रकाशित 'शहीद' कविताबाट भएको हो ।

२. आफ्नो घरमा नै प्रारम्भिक शिक्षारम्भ गरेका किशोर'ले जीतपुर फेदी स्थित खडवालकोट प्राथमिक विद्यालयमा प्राथमिक शिक्षा पूरा गरी ग्रामसेवा माध्यमिक विद्यालय धर्मस्थलीबाट प्रवेशिका परीक्षा र सरस्वती बहुमुखी क्याम्पस लैनचौरबाट क्रमशः प्रवीणता प्रमाणपत्र तह, स्तानक तह र स्नातकोत्तर तह उत्तीर्ण गरेका हुन् ।

३. तीन दशकभन्दा बढी समय साहित्य साधनामा निरन्तर क्रियाशील दामोदर पुडासैनी 'किशोर' जनसेवा पदक, हाम्रो मझेरी राष्ट्रिय सम्मान, म्याग्दी पुस्तकालय प्रसंशापत्र जस्ता लगभग एक दर्जनजति पदक र पुरस्कारद्वारा सम्मानित बनिसकेका छन्. ।

४. सरकारी कर्मचारी र साहित्यकारका रूपमा परिचित दामोदर पुडासैनी 'किशोर' साहित्यका क्षेत्रमा मूलतः कविका रूपमा चिनिन्छन् भने निबन्धकार र कथाकार व्यक्तित्व पनि उनका साहित्यिक व्यक्तित्वमध्येकै अर्का महत्त्वपूर्ण पाटा हुन् ।

५. नेपाली साहित्यका सबैजसो विधामा कलम चलाउने दामोदर पुडासैनी 'किशोर'का **आफन्तका अनुहारहरू** (२०४९), **आँखाको खोजीमा** (२०६२), **आकारको खोजीमा** (२०६३), र **आलोकित आयाम** (२०६३) कवितासङ्ग्रहका साथै **यात्राका प्रेमिल तरङ्गहरू** (२०६५) नियात्रासङ्ग्रह प्रकाशित भएका छन् ।

६. दामोदर पुडासैनी 'किशोर'का कवितामा नेपाली समाज, जीवन-भोगाइका अनुभूति, युद्धकालीन वातावरण, कर्मचारीतन्त्रका विकृति-विसङ्गति, देशप्रेम, मानवीय संवेदना, यात्रात्मक अनुभूति, विदेशी परिवेश र संस्कृति जस्ता विविध विषयवस्तु पाइन्छन् ।

७. एक अनुच्छेददेखि भिन्न-भिन्न अनुच्छेदमा संरचित उनका कविताहरू मुक्तलयमा रचिएका छन् ।

८. शीर्षक र कथ्यविषयबीच तादात्म्य कायम गरिएका उनका कवितामा विम्ब-प्रतीकको सहज प्रयोग, शब्दचयनगत विविधता, मुख्यतः आत्मालापीय कथनपद्धतिको प्रयोग भएको छ ।

९. नेपाली साहित्यमा नयाँ-नयाँ प्रयोग गर्दै अघि बढिरहेका दामोदर पुडासैनी 'किशोर'ले कवितामा पादटिप्पणीको प्रयोग गरेका छन् । साथै उनी मोबाइलबाट साहित्य सम्प्रेषण गर्ने कार्यका थालनीकर्ता पनि हुन् ।

१०. विदेशी मुलुकको भ्रमणका क्रममा देखे-भोगेका र अनुभूत गरेका विभिन्न क्षेत्रसँग सम्बन्धित विषयवस्तुको प्रयोग गरिएका उनका यात्रानिबन्धहरूमा शीर्षक र भावबीच तादात्म्य कायम गरिएको छ ।

११. शब्दचयनमा विविधता, वर्णनात्मक र संस्मरणात्मक शैली, वस्तुगत चित्रण जस्ता विशेषता बोकेका उनका नियात्रामा यात्राकार स्वयं नै पात्रका रूपमा उपस्थित भएका छन् । प्रथम पुरुष दृष्टिविन्दुमा संरचित उनका यात्रानिबन्धले काठमाडौंदेखि विदेशी विभिन्न मुलुक हुँदै पुनः काठमाडौंसम्मको दूरीलाई समेटेका छन् ।

१२. विधातत्त्वको सबलता नभएका उनका फुटकर कथाहरूमा झीनो -मसिनो कथानक, मध्यम र उच्चवर्गीय पात्रको छनोट, द्वन्द्वको शिथिलता, वर्णनात्मक शैलीको प्रयोग, शब्द प्रयोगमा विविधता, नेपाली सामाजिक परिवेश जस्ता संरचनात्मक विशेषता पाइन्छन् ।

१३. गजलको सैद्धान्तिक संरचनामा आबद्ध उनका गजलहरू ५ सेरको संरचनामा संरचित रहेका छन् । देशप्रेम, समसामयिक सामाजिक राजनीतिक विकृति-विसङ्गति साथै प्रणयपरक विषयलाई समेटेका उनका गजलमा काफिया र रदिफको उचित संयोजन पाइन्छ । शीर्षक र तखल्लुसको प्रयोग नगरिएका उनका गजलको भाषा सरल सम्प्रेष्य रहेको छ ।

१४. पहिलो, दोस्रो र चौथो पङ्क्तिको अन्त्यानुप्रासयोजना मिलेका चार पङ्क्तिमा संरचित उनका मुक्तकमा विम्बप्रतीकको न्यून प्रयोग, पङ्क्तिहरूमा अक्षरको विषमता, सरल सुकोमल भाषाको प्रयोग जस्ता विशेषता भेट्न सकिन्छ ।

१५. सैद्धान्तिक संरचनामा आबद्ध भएका दामोदर पुडासैनी 'किशोर'का हाइकुहरूमा प्रकृति र मानवीय संवेदनालाई संयुक्त रूपमा प्रस्तुत गर्नका साथै मुख्यतः यौनमूलक विषयको प्रस्तुति गरिएको छ । सरल, सहज भाषाको प्रयोग भएका उनका हाइकुमा मुक्तलयको प्रयोग गरिएको छ ।

१६. दामोदर पुडासैनी 'किशोर'का नियात्राकाव्य र यात्रानिबन्धले नेपाली साहित्यका साथै यात्रासाहित्यको क्षेत्रमा महत्त्वपूर्ण योगदान पुऱ्याएका छन् । मोबाइलबाट साहित्य सम्प्रेषण कार्यको थालनी गर्ने दामोदर पुडासैनी 'किशोर' समसामयिक नेपाली साहित्यका क्षेत्रमा प्रयोगशील सक्रिय स्रष्टा हुन् ।

१७. दामोदर पुडासैनी 'किशोर' नेपाली साहित्य जगत्का बहुमुखी प्रतिभाका रूपमा परिचित देखिए तापनि उनको परिचय कविता विधामा विशेष रूपले स्थापित रहेको छ र कविताले जीवनसंवेदनालाई प्रभावकारी ढङ्गले अभिव्यक्त गर्न सकेका छन् ।

# सम्भावित शोधशीर्षकहरू

दामोदर पुडासैनी 'किशोर'को कृतित्वसँग सम्बद्ध रही निम्नलिखित शोध शीर्षकमा शोधकार्य गर्न सकिने सम्भावना रहेको छः

१. दामोदर पुडासैनी 'किशोर'का कविताको प्रवृत्तिगत अध्ययन

२. प्रयोगशील स्रष्टाका रूपमा दामोदर पुडासैनी

३. **आँखाको खोजीमा** कवितासङ्ग्रहको कृतिपरक अध्ययन

४. **'यात्राका प्रेमिल तरङ्गहरू'** नियात्रासङ्ग्रहको कृतिपरक अध्ययन

५. नेपाली कविता साहित्यमा दामोदर पुडासैनी 'किशोर'को योगदानको मूल्याङ्कन

# सन्दर्भग्रन्थसूची


अधिकारी, बालाकृष्ण (२०६४), 'आकारको खोजीमा किशोर' **गरिमा**, (२६:२ पू.३०२), पृ.११५-११७ ।

_______________, (२०६३), 'किशोर' आँखाको खोजीमा आए', **गरिमा**, (२५: ४, पू.२९२), पृ.१५३-१५५।

_______________, (२०६४) 'दामोदर पुडासैनी 'किशोर'को सङ्क्षिप्त जीवनी', **जनमत**, (२४:६ पू. १२२), पृ. ३४-३६ । श

अधिकारी, यशोदा (२०६४), 'कवितामा विश्वव्यापीकरणको प्रयास', **फरक विचार,** (२:७), पृ.३ ।

अधिकारी, सुदर्शन (२०६४), 'आकारको खोजीमा', **गोरखापत्र**, (१०७: ६२), पृ.ख ।

_____________, (२०६५), आलोकित आयाम', **गोरखापत्र**, (१०७ : ३४२), पृ.ख ।

आचार्य, दिनेश, (२०६२), 'निराशाका तुवाँलोबीच आशाका कविता, **राजधानी**, ( ? ) , पृ.८ ।

आचार्य, लुमडी, (२०६४), **केही स्रष्टा, केही सिर्जना**, काठमाडौं : दामोदर पुडासैनी प्रतिभा पुरस्कार कोष ।

कोइराला, कुमारप्रसाद, (२०६४), 'दामोदरका कविताको विवक्षा', **जनमत**, (२४: ६), पृ. २८-३३ ।

कोइराला, मोहन, (२०४९), 'प्रकाशकीय', **आफन्तका अनुहारहरू** काठमाडौंः ने.रा.प्र.प्र ।

गिरी, आर.के अदिप्त, (२०६३), 'हाइकु सिद्धान्त', **अक्षरमाला,** (२: पू.६), पृ.५-११ ।

गिरी, खगेन्द्र, (२०६२), 'आँखाको खोजीमा भावनाको उडान', **रत्नराधिका**, (१:५) पृ.१६ ।

गिरी, धिरज, (२०६४), 'आकारको खोजीमा छन् एक किशोर', **अभियान,** (४:४३), पृ. ४ ।

गौतम, लक्ष्मणप्रसाद, (२०६३), 'युगीन पीडाबोधको प्रस्तुति आँखाको खोजीमा', **मिर्मिरे,** (३५:३, पू.२५०), पृ. ८०-८१ ।

चालिसे, हरि, (२०६३), 'आँखाको खोजीमा हिड्दा हिंड्दै', **वर्गीकृत**, (३: २४७, पू.७४१), पृ.२-३ ।

चेम्जोङ, दिवा, (२०६२), 'आँखाको खोजीमा', **अन्नपूर्णपोष्ट**, ( ? ) पृ.७ ।

जी.सी., उज्ज्वल, (२०६२), अर्थात् दामोदर पुडासैनी जस्ता', **गतिविधि**, (२०:१०), पृ.५ ।

तिवारी, शैला, (२०६४), 'सहित्यकार दामोदर पुडासैनी किशोरज्यूको आकारको खोजीमा', **हाम्रो मझेरी,** (८: २, पू.४३), पृ. २६-२८)

त्रिपाठी, वासुदेव र अन्य, (२०६०), **नेपाली कविता भाग ४**, चौ.सं, ललितपुरः साझा प्रकाशन ।

दुवाल, मोहन, (२०६४), 'दामोदरका साहित्यिक सिर्जना', **काभ्रे टाइम्स,** ( ? ) पृ. ४ ।

पाठक, व्याकुल, (२०६४), 'यात्राकविता', **नेपाल समाचारपत्र**, ( ? ), पृ. ख ।

पुडासैनी, घनश्याम, (२०६१), 'ऐनामा जितपुर फेदी', **जनज्योति स्मारिका**, (अङ्क १), पृ.१-१३ ।

पुडासैनी, दामोदर ,(२०३८), 'मुटुनै चुँडिन्छ', **कुरौटे**, (१:२), पृ.३३ ।

_____________, (२०४०,), 'तिमी यसरी आउनु', **झंकार,** (२५:३). पृ. २१-२२ ।

_____________, (२०४४), 'शिशु विलकुल शिशु छः तिमी केवल योजनाको आशामा नअल्मलिनु', **मिर्मिरे,** (पू.६७), पृ.४५-४६ ।

_____________, (२०४५), 'तानसेन, **'सामयिक सँगालो',** पृ. ३६-३८ ।

_____________ , (२०४९), **आफन्तका अनुहारहरू,** काठमाडौंः ने.रा.प्र.प्र. ।

___________,(२०५०), 'खाते', **उपासना,** पृ.२४ ।

___________,(२०५०), 'बाढीमा बगेको मन', **कविता,** (पू.४६), पृ.३१-३२ ।

___________,(२०५१), 'चमेरो समय', **गरिमा**, (१२:८, पू.१४०), पृ. ६५-६७) ।

___________,(२०५४), 'अस्पतालको वार्डमा', **मिर्मिरे**, (२६: ४, पू. १४३), पृ. ८-१० ।

___________,(२०५६), 'खचाखच बसमा यात्रा गर्दा', **जनमत**, (१६:११, पू.१२), पृ. ३-४ ।

___________,(२०६१), 'तीन मुक्तक', **त्रिवेणी,** (अङ्क ३), पृ.७ ।

___________,(२०६२), 'कविता-गाउँमा पुग्दा', **शिवपुरी सन्देश**, (वर्ष ११, पू.३१), पृ. ६-७ ।

___________,(२०६२), 'विलय', **नादविन्दु**, (वर्ष ७, पू.७), पृ.१० ।

___________,(२०६२), **आँखाको खोजीमा,** काठमाडौंः बसुन्धरामान प्रज्ञा प्रतिष्ठान ।

___________,(२०६३), **आकारको खोजीमा**, काठमाडौं : शिवपुरी साहित्य समाज ।

___________, (२०६३), **आलोकित आयाम**, विराटनगरः वनिता प्रकाशन ।

___________,(२०६३), 'गजल', **आगमन,** (१:३), पृ.१५ ।

___________, (२०६३), 'भर्जिनियाको बसाईं वासिङ्टनको घुमाइ', **स्मारिका नेपाल कपडा तथा सिलाइ व्यवसायी संघ**, पृ.५५-६० ।

___________, (२०६३), 'दिनको अलेक्जेन्ड्रिया र रातको पिरामिड सुम्सुम्याउँदै', **स्मारिका, वीरेन्द्र बहुमुखी क्याम्पस,** पृ.१९-२३ ।

___________, (२०६३), 'चर्को घाममा पनि शीतलता दिने इजिप्ट', **समकालीन नेपाली साहित्य**, (६:५), पृ.८९-९३ ।

___________, (२०६४), 'बबरमहल', **बिसौनी**, (३:२), पृ.९ ।

___________, (२०६४), 'चरा', **नागार्जुन**, (६:३, पू.१९), पृ.६१-६३ ।

___________, (२०६४), 'समाहित', **वनिता**, (वर्ष ८, पू. २९), पृ.१४ ।

___________, (२०६४), 'गजल', **हाम्रो मझेरी**

___________, (२०६४), 'गजल', : **गजलयात्रा**, पृ.५ ।

___________, (२०६४), 'जोमसोम', **रचना** (वर्ष ४६, पू.९६), पृ.२९ ।

___________, (२०६४), 'मुक्तक', **अन्नपूर्णपोष्ट,** (  ) , पृ.७ ।

___________, (२०६४), 'मुक्तक', **कालीको सुसेली**, (अङ्क २०), पृ.५ ।

___________, (२०६४), 'मुक्तक', **युगभाका,** (१:२), पृ.११५ ।

___________ (२०६४), 'दुई हाइकु', **जनमत अर्द्ध साप्ताहिक,** (२६: ५), पृ.. ४ ।

___________ (२०६४), 'दुई हाइकु', **जनमत अर्द्ध साप्ताहिक,** (२६: ११), पृ.. ४ ।

___________ (२०६४), 'दुई हाइकु', **जनमत अर्द्ध साप्ताहिक,** (२६: १७), पृ.. ४ ।

___________, (२०६४), 'चार हाइकु', **जनमत अर्द्ध साप्ताहिक**, (२६:२२), पृ.४ ।

___________, (२०६५), **यात्राका प्रेमिल तरङ्गहरू,** काठमाडौंः मोर्डन बुक्स ।

__________, (२०६५), 'गजल', **गजलयात्राका सहयात्रीहरू,** पृ.७९ ।

__________, (२०६५), 'नाध्दै' पहाडका शृङ्खलाहरू', **पुनर्जागरण,** (२६: ४९), पृ. ६ ।

__________,( ? ) , 'गजल', **पुष्पाञ्जलि**, (वर्ष ३, पृ.११), पृ. २ ।

__________,( ? ) , 'गजल', **पुष्पाञ्जलि**, (वर्ष ४, पृ.१५) पृ.१ ।

__________,( ? ) , 'मुक्तक', **कैलाश,** (अङ्क १८), पृ.१ ।

__________,( ? ) , 'हाइकु', **हाम्रो मझेरी**, (६:४, पृ.३७), पृ.६ ।

प्रधान, कृष्ण, (२०५३), **समकालीन समालोचना,** विराटनगरः वाणी प्रकाशन ।

__________, (२०६२), भूमिका, **आँखाको खोजीमा**, काठमाडौं : वसुन्धरामान प्रज्ञा प्रतिष्ठान ।

बस्नेत, कृष्णबहादुर, (२०६२), 'आँखाको खोजीमाभित्रको अस्तित्ववादी भावदृष्टि', **मनोभाव**, (१०, पृ. ३२), पृ. ११२-११५ ।

बास्तोला, मोहन, (२०६४), 'किशोरका नियात्राकाव्य **आकारको खोजीमा** र आलोकित आयाम', छलफल, ( २६: ८), पृ.६ ।

बानिँया, राजकुमार, (२०६५), 'आलोकित आयाममा किशोर', **गरिमा**, (२६: ७, पृ.३०७), पृ. १०४-१०५ ।

भट्टराई, गोविन्दराज, (२०६२), 'मानवीय संवेदनाको खोजीमा दामोदरका शक्तिशाली कविता', **आँखाको खोजीमा** भूमिका ।

भट्टराई, हरिराज, (२०५०), 'आफन्तका अनुहारहरू' **गोरखापत्र**, (९३: ८०), पृ. ख ।

भादगाउँले, अमृत, (२०६४), 'एस.एम.एस. कवि', **कान्तिपुर,** (१५: २६१), पृ.६ ।

मधिकर्मी, ध्रुव, (२०६३), 'आँखाको खोजीमा कवि दामोदरका कविताहरू', **पुनर्जागरण**, (२३:४१), पृ.६ ।

__________, (२०६२), 'कवि पुडासैनी र कवितामा स्थानीय रंग', **पुनर्जागरण**, (२३: ४४), पृ.६ ।

__________, (२०६४), 'वैदेशिक पृष्ठभूमिका कविता र कवि किशोर', **जनमत**, (२४:६), पृ. ४३-४४ ।

राकेश, रामदयाल, (२०५१), 'आफन्तका अनुहारहरू अवलोकन गर्दा', **मिर्मिरे,** (२३: ७, पृ. ११२), पृ.४१ - ४६ ।

__________ ,(२०६२), 'कवि पुडासैनी आँखाको खोजीमा', **राजधानी,** (५:१०४), पृ.४ ।

लुइँटेल, खगेन्द्रप्रसाद, (२०६०), **कविता सिद्धान्त र नेपाली कविताको इतिहास**, काठमाडौं : ने.रा.प्र.प्र ।

लेकाली, राधेश्याम, (२०६४), भूमिका, **एस.एम.एस.काव्य,** काठमाडौं : अनिलसिंह 'अमर' भोटेबहाल ।

लोहनी, दीपक, (२०६४), 'प्रकृति, प्रेम, हाइकु र किशोर', **साप्ताहिक आवाज**, (७: ४१), पृ.६ ।

,__________ (२०६४), 'कवि दामोदरका यात्रानुभूति र छली कविताहरू' **साप्ताहिक आवाज**, (७: ३२), पृ.६ ।

शशी, सरिता, (२०६४), 'आकारको खोजीमा कवितासङ्ग्रह पल्टाउँदा', **हेटौंडा सन्देश,** (५: २४९), पृ. ३ ।

__________, ( २०६४), 'आलोकित आयामभित्र रमाउँदा', **तन्नेरी**, (२९:१), पृ. १७५-१७७ ।

शीतविन्दु, (२०६४), 'व्यक्तित्व र कृतित्वका सन्दर्भमा साहित्यकार दामोदर पुडासैनी किशोरका कृतिहरूको विश्लेषण', **मिर्मिरे,** (३६: १२, पृ.२७१), पृ. ५२-५९ ।

श्रीओम, (२०६४), 'नियात्रात्मक कवितासङ्ग्रह', **मधुपर्क**, (४०: ३ पू     ४५८), पृ.२३ ।

श्रेष्ठ, दयाराम (सम्पा) (२०६०, **नेपाली कथा भाग ४**, दो.सं., ललितपुरः साझा प्रकाशन ।

सिलवाल, छविरमण, (२०६५), 'एस.एम.एस. हाइकुका एक्ला व्यक्तित्व', **जनप्रहार,** (९: १६), पृ. ..?. ।

सुवेदी, राजेन्द्र, (२०४३), **स्रष्टा-सृष्टि, द्रष्टा-दृष्टि**, काठमाडौँः साझा प्रकाशन ।

# परिशिष्ट-१

## दामोदर पुडासैनी 'किशोर'का रेडियो नेपालबाट प्रसारित साहित्येतर लेखहरूको विवरण

| क्र.सं | शीर्षक | लेखन मिति | प्रसारित मिति |
|---|---|---|---|
| १. | नेपालमा चिया खेतीको प्रयास र उपलब्धिहरू | २०३९/१० | २०३९/१०२६ |
| २. | नारी समानता र हाम्रो वैवाहिक परिपाटी | २०३९/११ | २०३९/११ |
| ३. | नेपालमा औषधि व्यवस्थापन हिजो र आज | २०३९/१०/२४ | २०३९/११/१३ |
| ४. | विश्व संचार वर्ष र हाम्रा संचार साधनहरू | २०३९/११/१५ | २०३९/११/२७ |
| ५. | नेपालको शान्ति क्षेत्रको प्रस्ताव र विश्वको दृष्टिकोण | २०३९/११/२३ | |
| ६. | नेपालको विकासमा जापानको सहयोग | २०३९/११/३० | |
| ७. | नेपालमा जनसङ्ख्या वृद्धि र यसको नियन्त्रण | २०३९/१२/९ | २०३९/१२/१६ |
| ८. | फागु पर्व फुलिदिन्छ चैतको माझमा | २०३९/१२/११ | |
| ९. | पिशाच चतुर्दशी र घोडे जात्रा | २०३९/१२/१४ | ३०३९/१२/२८ |
| १०. | नयाँ वर्ष नौलो जोश र जाँगर | २०३९/१२/१९ | २०४०/१/१ |
| ११. | नेपालमा घरेलु उद्योगको विकास र यसको आवश्यकता | २०४०/१/१२ | |
| १२. | विश्व संचार वर्ष र नारीप्रति हाम्रो दायित्व | २०४०/१/१४ | २०४०/२ |
| १३. | मातातीर्थ औंशीः हाम्रो संस्कृतिको मूलजरा | २०४०/१/१७ | |
| १४. | विगत र वर्तमान नेपाली नारीहरू | २०४०/१/२८ | |
| १५. | बलामी जातिमा विवाह प्रथा | २०४०/२/१ | २०४०/२/२१ |
| १६. | विश्व संचार वर्ष र नेपाली चलचित्रको विकास | २०४०/२/१७ | |
| १७. | वातावरणीय समस्या र यसको सन्तुलन | २०४०/२/३१ | |
| १८. | रोपाइँ र रोपारहरू | २०४०/३/२० | २०४०/३/२७ |
| १९. | भेल रोकी भेल ल्याउँछ साउनैको सक्रान्तिले | २०४०/३/२१ | २०४०/३/३२ |
| २०. | वन जंगलको संरक्षण र भू-क्षयको नियन्त्रण आजको गहन आवश्यकता | २०४०/४/१२ | २०४०/१२/५ |
| २१. | हाम्रो संस्कृतिमा गाइजात्रा | २०४०/४/२८ | २०४०/५/८ |
| २२. | वात्सल्यको प्रतीक गोकर्णे औंसी | २०४०/५/१६ | २०४०/५/२२ |
| २३. | नारी र रोजगार | २०४०/५/१८ | २०४०/१०/२० |
| २४. | भाद्र महिनाको अन्तिम सगुन : तीज पर्व | २०४०/५/२० | २०४०/५/२५ |
| २५. | हाम्रो परिवेशमा इन्द्रजात्रा | २०४०/५/२५ | २०४०/६/५ |

| | | | |
|---|---|---|---|
| २६. | नेपालमा कुटीर उद्योगको विकास र यसको महत्त्व | २०४०/६/५ | २०४१/५/२ |
| २७. | शारदीय सौन्दर्भमा दशैं पर्व | २०४०/६/८ | २०४०/६/२७ |
| २८. | हाम्रो घर आँगनमा दशैं पर्व | २०४०/६/१० | २०४१/६ |
| २९. | तेजोमयको प्रतीक तिहार | २०४०/६/२८ | २०४०/७/२० |
| ३०. | शरदको अर्को कोसेली तिहार पर्व | २०४०/६/२९ | २०४०/७ |
| ३१. | तिहार पशु पंक्षी र मानवको एउटै पर्व | २०४०/७/२९ | २०४० |
| ३२. | आकाशदीप एक चर्चा | २०४०/७/२७ | २०४१/७/१० |
| ३३. | शान्तिको सबलता र शान्ति क्षेत्र प्रस्तावको बढ्दो समर्थन | २०४०/८/६ | |

## परिशिष्ट-२

## दामोदर पुडासैनी 'किशोर'का विदेश यात्रासाग सम्बन्धित तस्वीरहरू



लेखकको तस्वीर



रसियामा रसियन नागरिक अलेक्सिका साथ लेखक



अमेरिकी बजारमा लेखक



जेनेभा लेक, स्वीजरल्याण्ड अगाडि



म्याडम टुसादका साथ लेखक




डायना दरबार, बेलायतमा लेखक



म्यान्मा रङ्गुनमा लेखक




पेन्टागन सेन्टरमा लेखक



स्टाच्यु अफ लिवर्टी, न्यूयोर्क